अर्ज्यालवंशीय विद्वत्परम्परा



विष्णु प्रभात

अर्ज्यालवंशीय विद्वत्परम्परा

विषु प्रभात

अर्याल सेवा समाज, नेपाल
काठमाडौं

©	:	लेखकमा
कृति	:	अर्ज्यालवंशीय विद्वत्परम्परा
लेखक	:	विष्णु प्रभात (☎ ०१-४४३०३२६)
संस्करण	:	पहिलो- २०६० (एक हजार)
प्रकाशक	:	अर्याल सेवा समाज नेपाल केन्द्रीय कार्यालय, काठमाडौँ
मूल्य	:	१५०।-
ISBN	:	99933-913-0-1

समर्पण !

मानिसले धेरै कुरा बिर्से पनि त्यति हानि हुँदैन,
जति नोक्सानी इतिहास बिर्सनाले हुन्छ ।

त्यसैले म यो पुस्तक, नेपाल राष्ट्रका निर्माताहरू
र मलाई श्रमशील जीवनको गोरेटो दिनुहुने
मेरी माता मनकुमारी तथा
पिता पं. ऋषिराम अर्ज्यालका
स्मृतिमा समर्पण गर्दछु ।

–विष्णु प्रभात

प्रकाशकीय

वर्तमान नेपाल बन्नुअघि इस्माली राजघरानाका रूपमा रहेका आत्रेयगोत्री भट्टहरू आफ्नो राज्य त्यागेर ब्रह्मज्ञानको खोजीमा लीन भई अघिबढेका थिए। ज्ञानको प्रचार-प्रसारकै क्रममा यायावरी हुँदै अर्जी पुगेका श्रीपति भट्ट (अर्ज्याल)का माइला छोरा नारायणदास अर्ज्यालले गोरखामा द्रव्यशाहलाई राजा बनाएका थिए। उनकै सन्तान जयभद्र अर्ज्यालले राजा रामशाहलाई शिक्षादीक्षा दिएर स्थिति-बन्देजहरू बनाएका थिए। बडामहाराज पृथ्वीनारायण शाहलाई पढाउने गुरु मोक्षेश्वर अर्ज्याल थिए भने नेपाल एकीकरणलाई दिग्दर्शन गर्ने अर्ज्याल विद्वान्हरूमा भानु जोशी अर्ज्याल, शक्तिवल्लभ अर्ज्याल, ललितावल्लभ अर्ज्याल, चक्रपाणि अर्ज्याल, विश्वेश्वर अर्ज्याल, उदयानन्द अर्ज्यालहरू उल्लेख्य छन्। नेपाली समाजमा साँस्कृतिक ज्योति फैलाउँदै शिक्षा र सदाचारको सन्देश छर्ने महामहोपाध्याय उमानाथ अर्ज्याल, नेपाली भाषाका प्रथम व्याकरणकार वीरेन्द्रकेशरी अर्ज्याल, प्रथम सङ्गीत शिरोमणि यज्ञराज अर्ज्याल, साहित्यकार कृष्णचन्द्र अर्ज्याल तथा भैरव अर्ज्यालसम्मका अनेक अर्ज्याल विद्वान्हरूका बारेमा व्यवस्थित अनुसन्धानको आवश्यकता थियो। यही स्थितिमा अर्ज्याल वंशका उल्लेखित विभिन्न विद्वान्हरूका अतिरिक्त हालसम्मकै शोधखोज गरी यथासक्य तथ्यपूर्ण जानकारी दिँदै विद्वान् ,साहित्यकार विष्णु प्रभातले **अर्ज्यालवंशीय विद्वत्परम्परा** नामक यो पुस्तक तयार गर्नुभएको छ।

नेपाल र नेपालीको प्रगतिका निम्ति आफूलाई समर्पित गर्दै आउनुभएका विद्वान् विष्णु प्रभात वर्तमान समयका राष्ट्रिय प्रतिभा हुनुहुन्छ र उहाँको बहुमुखी व्यक्तित्वसँग हामी परिचित नै छौँ। सिर्जनात्मक लेखनका साथै विश्लेषण र अन्वेषणका क्षेत्रमा पनि उहाँको विशिष्ठता प्रकट भइरहेको छ। सौन्दर्यपूर्ण स्तरीय अभिव्यक्ति, तथ्यपूर्ण मिमांशा र नवीन सोचले गर्दा उहाँको कलम समकालीन नेपाली साहित्यमा निकै पठनीय रहेको छ। यही विशेषताबाट प्रभावित भएर हामी पनि आकर्षित भयौँ। समग्र अर्ज्याल वंशको एकता र समृद्धिका लागि रचनात्मक काम गर्दै अघि बढिरहेको यस संस्थाले उहाँको पुस्तक प्रकाशित गर्ने चाहना व्यक्त गऱ्यो र प्रभातजीले पनि हाम्रो प्रस्ताव स्वीकारेर लेखकस्व नलिईकनै **अर्ज्याल सेवा समाजलाई** यो संस्करण छाप्ने, बिक्री-वितरण गर्ने र त्यसबाट प्राप्त हुने फाइदासमेत संस्थालाई नै हुने गरी सहमति प्रदान गर्नुभयो। यो हामी सबैका लागि खुशीको कुरा हो। यसका लागि **अर्ज्याल सेवा समाज** उहाँमा हार्दिक कृतज्ञता प्रकट गर्दै समस्त अर्ज्याल बन्धुहरूलाई पनि यस पुस्तकबाट फाइदा लिनुहुन अनुरोध गर्दछ। अन्त्यमा छपाइका क्रममा रहन गएका त्रुटी एवं कमजोरीका निमित्त क्षमायाचनाका साथ यसमा छुट्न गएका विद्वान्हरूको बारेमा जानकारी उपलब्ध गराउन अनुरोध गर्दै पुस्तक प्रकाशनमा आर्थिक सहयोग पुऱ्याउनु हुने समस्त बन्धुबान्धवप्रति आभार व्यक्त गर्दछौँ।

२०६०।११।११

–अर्याल सेवा समाज, नेपाल

विषय सूची

मन्तव्य र भूमिका
अर्जेलवंशीय विद्वत्परम्पराको अनुशीलन–ज्ञानमणि नेपाल-१
मन्तव्य–दिनेशराज पन्त-७/ सुभावना–कृष्णराज अर्ज्याल-१०/ पुर्खाको पौरख प्रभाती पढेपछि–विष्णुराज आत्रेय-१३/ दुई शव्द–मुकुन्दराज अर्ज्याल-१७/एक कथन–रामजीप्रसाद अर्ज्याल-२२/ लेखकीय-२५
१. विषय-प्रवेश-२७
२. अर्ज्यालवन्धुहरूको फेंद खोतल्दा-२९
३. नेपाली वाङ्मयमा अर्ज्यालविद्वान्हरूको योगदान-३२
अर्ज्याल वंशका लिपिकर विद्वान्हरू-३२/संस्कृत तथा नेपालीका अर्ज्याल-स्रष्टाहरू-३३/वहुभाषी अर्ज्याल-स्रष्टाहरू-३४
४. श्रीपति भट्ट नेपाली विद्वान् !-३५
५. नारायणदास अर्ज्यालको जन्मथलो र कर्मथलो-४०
६. जयभद्र अर्ज्याल र अन्य लिपिकर विद्वान्हरू-४२
७. अर्ज्याल-स्रष्टाहरूको संक्षिप्त चिनारी–४६-१५८
शक्तिवल्लभ-४६/ राधावल्लभ-५१/ चक्रपाणि-५२/ललितावल्लभ-५३/उदयानन्द-५४/ दैवज्ञकेशरी-६३/देवकीनन्दन-६४/विद्यारण्यकेशरी-६५/वीरेन्द्रकेशरी-६८/ द्विजराज-७२/ भैरवप्रसाद दैवज्ञ-७३/ खड्गपाणि- ७४/ उमानाथ/७५/ श्रुतधर-७७/ घनप्रसाद-७८/ कृष्णचन्द्र-७९/ रश्मिराज-८३/पद्मनाभकेशरी-८४/श्यामजीप्रसाद-८६/ गंगानाथ-८८/ गीतादत्त-८९/केदारनाथ शर्मा-८९/ कुलराज-९०/ यज्ञराज शर्मा-९१/ दण्डपाणि-९३/ गणेशप्रसाद-९४/ देवराज-९५/ धनेश्वर-९६/ रामेश्वरप्रसाद-९७/ इन्द्रनाथ-१००/ ईश्वरराज-१०२/कृष्णराज-१०३/रामजीप्रसाद-१०६/देवेन्द्रराज-१०९/ नारायणप्रसाद-११२/ शुकदेव-११३/ डिल्लीरमण-११४/ हरिप्रसाद-११४/ भेपजराज-११५/केशवराज-११५/ ऋपिराम-११६/ ध्रुवप्रसाद-११६/ भैरव अर्याल-११८/ नारायण उपाध्याय-१२२/ कविराज-१२२/ जीतवहादुर-१२३/ सविता-१२३/ सिद्धिवावु-१२४/ योगेन्द्रनाथ-१२५/ वलराम-१२५/ चक्रवन्धु-१२६/ चन्द्रराज-१२६/ मुकुन्दराज-१२७/ दीपक-१२९/ दीनवन्धु-१३०/निर्मलकुमार-१३१/मदनप्रसाद-१३२/ माधवप्रसाद-१३३/ रामप्रसाद-१३३/ सावित्री अर्याल-१३४/ स्नेहप्रभा-१३५/ विष्णुराज आत्रेय-१३५/ टीकाराम-१३९/ निरञ्जनप्रसाद-१४०/ सरिता-१४०/ विष्णुराज-१४०/ वावुराजा-१४१/ हरिहर-१४१/ हरिहर अरविन्द-१४२/ विष्णु प्रभात-१४३/ दुर्गाप्रसाद-१४६/ हरिराज-१४७/ डिल्लीराज-१४७/ वलराम-१४८/प्रेमनारायण-१४९/रामेश्वरराज-१४९/शिवप्रसाद-१५० धर्मराज-१५१/ विनुवावा-१५१/ अच्युतशरण-१५१/ तिमोथी-१५२/सीता अर्ज्याल-१५३/ पुण्यप्रसाद-१५३/ डोरनाथ-१५४/ गोकर्ण-१५४/ कुन्दन-१५४/ देवेन्द्र आँसु-१५५/ कमलप्रसाद-१५५/ टङ्कराज-१५५/ जीवनाथ-१५६/ रुक्मागत-१५६/ मुरारी-१५६/ प्रेमनाथ-१५६/ विजयकुमार-१५७/ विष्णुप्रसाद-१५७/ भरत-१५७/ कृष्णप्रसाद-१५७/ जीवनारायण-१५७/ पद्मा-१५८/ इन्दिरा-१५८/ वालचन्द्र-१५८/ मुकुन्द-१५८
८. नेपाली पत्रकारितामा अर्ज्यालहरू-१६०
९. विज्ञान तथा प्रविधिमा अर्ज्यालहरूको योगदान-१६४
१०. सैनिक तथा प्रहरीमा अर्ज्यालवन्धु-१६९
११. राज्य प्रशासन र न्याय क्षेत्रमा अर्ज्यालहरू-१७३
अनुसूची तथा सन्दर्भ ग्रन्थहरू-१७९-१९४

अर्जेलवंशीय विद्वत्परम्पराको संक्षिप्त अनुशीलन

✍ ज्ञानमणि नेपाल

नेपाली साहित्यका पाठकहरूको लागि विष्णु प्रभात नाम कुनै अपरिचित नौलो वा नयाँ होइन। विष्णु प्रभात उपनामले चिनिएका विष्णुप्रसाद अर्जेलको कलम नेपाली साहित्यका विभिन्न विधामा चलेको पाइन्छ। विशेष गरेर हास्यव्यङ्ग्य सिर्जनाका विविध विधामा लागी परेका यिनका निबन्ध, समालोचना, दर्शन, संस्कृति, राजनीति आदि विषयमा पनि कलम चलेको देखिन्छ। पत्रकारिता क्षेत्रमा पनि यिनको विशेष योगदान रहेको छ। पहिले शिक्षण पेशामा संलग्न भई जीवनयात्रा शुरू गरेका यिनले दुई दशकसम्म वामपन्थी राजनीतिमा लागी कार्य गरेका भए पनि हाल पूर्णतः साहित्यिक गतिविधिमै लागिपरेका छन्। उनको पछिल्लो कृति **अर्जेलवंशीय विद्वत्परम्परा** नेपाली साहित्यमा केही न केही देन दिएका अर्जेल वंशका दिवङ्गत र वर्तमान साहित्यिक व्यक्तिहरूको कृति र जीवनीमा आधारित छ।

यसमा विक्रमको पन्ध्रौँ शताव्दीदेखि हालसम्म नै कुनै न कुनै सानो ठूलो कृति लेखेका अर्जेलवंशीय कृतिकारको परिचय दिइएको छ भने अन्त्यमा प्राध्यापनमा, न्यायसेवामा, प्रशासनिक क्षेत्रमा लागेका राष्ट्रसेवक अर्जेलवन्धुहरूको परिचय दिने प्रयास गरिएको छ। एक किसिमले यसलाई आफ्नो पुर्ख्यौली वा वंशपरिचय भन्दा पनि हुन्छ। विशेष गरेर अर्जेलवन्धुका अवदानका कथा यसमा कोरिएका छन्।

गोरखा राज्य स्थापनादेखि नै छर्थरिमा समाविष्ट भएर राष्ट्रसेवा गर्दै आएका अर्जेल वाह्मणकुलमा धेरै विद्वान् साहित्यकारहरू पैदा भए। अध्ययनकालदेखि नै मैले शक्तिवल्लभ, ललितावल्लभ, उदयानन्द अर्जेलहरूले लेखेका संस्कृत नेपाली ग्रन्थ पढ्ने, प्रकाशित गराउने काम गर्दै आएको हुनाले नै मलाई अहिले विष्णु प्रभातले अर्जेलको अवदान कहिएको यस पुस्तकको प्रकाशोन्मुख पाण्डुलिपि हेर्न दिएर केही लेखिदिन अनुरोध गरेको हुनुपर्छ। नामले परिचित भए पनि भौतिक रूपले प्रत्यक्ष परिचय उनीसँग धेरै पुरानो होइन। हालका वर्षमा भने उनीसँग मेरो राम्रै सम्बन्ध रहिआएको छ। यस पुस्तकको पाण्डुलिपि सरसर्ती हेर्दा मेरा मनमा लागेका एक-दुई कुरा म यहाँ पाठकसमक्ष भन्न लागिरहेछु।

सर्वप्रथम अर्जेल थरका विषयमै केही कुरा भन्न उचित ठान्दछु। यस पुस्तकमा कतै अर्ज्याल कतै अर्याल कतै अर्जेल लेखेको पाइन्छ। व्यवहारमा

त्यस्तै विविधता छ। अर्जी भन्ने स्थान-अभिजन भएवाट अर्जी+आल अर्ज्याल भएको र त्यसैवाट अर्जेल वनेको भन्ने कुरा वुझिने छ। तर अर्याल भन्ने शव्दको चाहिँ अर्थ व्युत्पत्ति मैले वुझेको छैन।

साधारणतः हाम्रो देशमा पूर्वीया, कुमाई, मैथिली, राजोपाध्याय (द्यौभाजु) गरी चारथरि व्राह्मण रहिआएका छन्। प्रायः गरेर पूर्वीया खश वाहुन छेत्रीहरूका थर अभिजनस्थलवाटै रहँदै आएका छन्। केही चाहिं पेशावाट, पहिले पाएका पदबाट पनि रहेका छन्। विशेष गरेर कश्मीरदेखि पूर्व हिमाली भेकका केदार कूर्माचल नेपालखण्डमा यस्ता वासस्थलवाट थर वन्ने प्रचलन वढी मात्रामा देखिन्छ। जस्तो–

अर्जी+आल=अर्जेल भए जस्तै पोखरेल, पौडेल, सिग्देल, डोटेल, नेपाल, वराल, खनाल आदि (यस विषयमा मैले **नेपालनिरुक्त**मा पनि निरूपण गरेको छु।) पहिले नामपछि धेरैजसो थर लेख्ने प्रचलन कम थियो। वाहुनहरू प्रायः उपाध्याय शर्मा लेख्थे भने छेत्रीहरू खत्री वा क्षेत्री नै लेख्थे। जागीरेहरू भने नाम थर वतन खुलाएर लेख्नुपर्ने हुँदा थरमा ध्यान दिन्थे, अरू साधारणमा कमै थियो। त्यसै हुँदा कति आफ्नै वंशजहरू पनि आपसमै अपरिचित रहन्थे।

पछि कतिपय पठित व्यक्ति पनि आफ्नो थर सुध्याएर लेख्नुपर्छ भन्ने भावनाले भए पनि स्थान नामवाट 'आल' जोडिएर थर वन्दै आएको यस प्रचलनलाई नवुझेर हो वा 'आल' पद अपभ्रंश हो भनेर हो आलय जोडेर पौड्यालय सिग्द्यालय आदि लेख्न पनि लागे। यसरी नै संस्कृतीकरण गरी थर लेख्ता अचार्ज आचार्य भए भने गोतामे गौतम वने। यसो गर्दा अचार्जवाट आचार्य वनेकोमा त भाषाको संस्कृतीकरण भएको ठीकै हो, तर गोतामे-गौतम, तिवारी-त्रिपाठी चाहिं मिल्छ मिल्दैन विचारणीय छ। त्यस्तै अर्ज्यालले अर्याल लेख्ता पनि परिभाषा आनको तान फरक पर्ने देखिन्छ। मूल आर्य शव्दलाई मनमा राखेर यस्तो थर लेखिएको हो भने त्यो झन् अनर्थ हुन्छ। अर्को अर्य शव्द संस्कृतमा छ, त्यसमा आल जोड्न अप्ठचारो छ। केही उपवुज्रुकहरू अप्ठचारालाई पनि सप्ठचारो पार्ने उटपटचाङ व्युत्पत्ति नगर्ने होइनन्। जस्तो–

अघि पौराणिक पण्डितहरूले नेपालको अर्थ ने-मुनिले पालना गरेको भन्ने गरे, अर्कोथरीले नय (न्याय) को पालना गर्ने देश नेपाल भएको भनेर लेखे। आधुनिक पण्डितहरू यस्तै स्थानीय भाषावाट यसको नामको अर्थ निकाल्छन्, तीन हजार वर्ष अगाडि स्थानीय भाषा कहाँ कसरी वोलिन्थ्यो भन्ने कुनै लेखाजोखा गर्ने प्रमाण पनि छैन। नेपाली संस्कृति-परम्परालाई हृदयङ्गम गर्न नसकेका हतार-हतारमै अन्वेषक कहलाउन उत्ताउलिएका वैयाकरणी हुँ भन्ने अर्काथरी उपरचोटे पण्डितमानी त 'नेप'मा आ प्रत्यय गरी नेपा र फेरि ल प्रत्यय जोडी नेपाल बनाउँछन् भने अर्याल बनाउनु त तिनको लागि दायाँ

हातको खेल हो। परन्तु यस्तो वराले व्युत्पत्तिले विदेशीलाई वा साधारण जनलाई अलमल्याउन सकिन्छ, तर सत्यान्वेपीलाई सकिन्न। यस्ता वराला अर्थमा पत्यार पर्नु आफैंलाई ढाँट्नु हो।

यस पुस्तकमा मुख्य सन्दर्भमा आएको यो थरको व्युत्पत्तिवारे मैले यो सत्य उद्घाटित मात्र गरेको हुँ। परन्तु आफ्नो परिचयका लागि मान्छेले आफ्नो उपनाम लेख्न स्वातन्त्र्य छ। त्यसमा यसै लेख्नुपर्छ भन्ने मेरो भनाइ होइन।

गोरखा राज्य स्थापना गर्ने उद्योगमा सहयोगीको भूमिका खेल्ने छथरी भारदारमध्ये नारायणदास भट्टाचार्य एक हुन्। यही पुर्खाको भट्टाचार्य थर पछचाएर पछि शक्तिवल्लभले भट्टाचार्य थर लेखे। नारायणका वावु श्रीपति भट्ट थिए। अर्जेलहरूको प्रामाणिक वंशावली यहींबाट शुरू हुन्छ। यसभन्दा चार शय जति वर्ष पहिले ज्योतिष शास्त्रका अत्यन्त प्रकाण्ड विद्वान् श्रीपति भट्ट भएका थिए। श्रीपति भट्टको **सिद्धान्तशेखर** ग्रन्थका ग्रहणविषयक र भूगोलसम्वन्धी रमाइला संस्कृतश्लोक र नारायणदासका अवदानको कथा पनि वालककालमै (२००५) मैले कण्ठ पारेको थिएँ। त्यस वेला यो प्रसङ्ग आएको थिएन। ती महान् ऐतिहासिक विद्वान् पात्रलाई एउटै शाखाका हुन् भन्ने प्रसङ्ग अहिले आयो। यस पुस्तकमा पहिला श्रीपति भट्टकै वंशज दोस्रा श्रीपति भट्ट हुन् अर्थात् अर्जेल वंशका पूर्वपुरुष तिनै ज्योतिषी विद्वान् हुन् भन्ने संभावनालाई अङ्गीकार गर्दै लामो सन्दर्भ जोडिएको छ। यो सन्दर्भ सही भइदेओस्, भइदिए ज्यादै राम्रो ! परन्तु भट्ट थरले मात्र यसमा वहकिन गाह्रो छ।

प्राचीन कालमा व्राह्मणहरूको प्रायः गरेर भट्ट थर लेखिन्थ्यो। धेरै वाहुनका वंशावलीमा पूर्व पुरुषको थर भट्ट लेखिएको देखिन्छ। नेपाल वरालहरूकै थर पनि पहिले भट्ट पण्डित थियो भनिन्छ। पण्डित थर लेख्ने घृतकौशिक गोत्रका व्राह्मण अद्यावधि छँदैछन्। हाम्रो यो परम्परा नेपालदेखि कश्मीरसम्मै पुगेको छ। त्यसकारण यस विषयमा धेरै अनुसन्धानको खाँचो छ। प्राचीन ज्योतिषी श्रीपतिमा जोडिएको वंशावली तथा उनको गोत्र आदि पत्ता लाउन सके मात्र यो मार्ग केही प्रशस्त हुन आउने थियो। वंशावली लेख्ने हाम्रा महाकवि उदयानन्द अर्जेल आफ्नो वंशावली कहाँ हो कहाँ तल मध्यभारततिर लगेर जोडिदिन पुग्छन्। त्यसबाट पनि यो सिद्ध गर्न झन् साह्रो शङ्का बढाइदिएको छ।

अर्जेल वंशमा गोरखामा राम शाहका पालामा भएका जयभद्रको देन पनि ठूलो छ। यिनले राम शाहलाई स्थिति वन्दोवस्त वाँध्न ठूलो मदत गरेका थिए। माणिकवर्धनले नारदस्मृतिको अनुवाद गरिदिएर स्थिति मल्ललाई स्थिति वाँध्न सजिलो पारे जस्तै जयभद्रले पनि धर्मशास्त्रका ग्रन्थसङ्ग्रह गरेर राम शाहलाई स्थिति वाँध्न सहयोग पुऱ्याएका थिए। पछि वडामहाराज पृथ्वीनारायण

शाहले नेपालको एकीकरण अभियान सफल पार्न लागेपछि पृथ्वीनारायणलाई नै नायक बनाई कवि साहित्यकारहरूले एकताकै विषयवस्तुमा आधारित संस्कृत र नेपाली भाषामा कविता काव्य नाटक लेख्न लागे। यसमा शक्तिवल्लभ, ललितावल्लभ, उदायनन्द अर्जेलहरूको नाम उल्लेखनीय छ। यिनमा नेपाली भाषामा **पृथ्वीन्द्रोदय** (महाकाव्य) लेख्ने महाकवि उदायानन्द अर्जेलको नाम सर्वोपरि देखिन्छ। यिनले एकीकरणको सन्देश मात्र होइन, पृथ्वीनारायणका यावत् गतिविधिलाई तथा एकताको भावनालाई स्थिरीकरण गर्ने उद्देश्यले नेपालीमा सामयिक मौलिक महाकाव्य लेखेर नेपाली जनतालाई चेताउने प्रयास गरेका थिए। त्यस शताब्दीमा नेपालको शासनमा पृथ्वीनारायण शाह, वहादुर शाह तथा अनेक भाइ-भारदारहरूको विशिष्टतम देन छ भने नेपाली संस्कृत साहित्यसाधनामा महाकवि उदयानन्द अर्जेल, दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेहरूको विद्वत्ताको देन अविस्मरणीय छ। यी शासकको योगदान र यी विद्वान्हरूको विद्वत्कर्म पनि नेपालीले नेपाल रहुन्जेलसम्म विर्सने छैनन्। विद्वत्पूजा र वीरपूजाले नै देशवासीको आत्मबल वढाउँछ भन्ने कुरा निश्चित छ।

उदयानन्दले त नेपाली वाङ्मयको सेवा मात्र होइन राष्ट्रसेवामा समेत सर्मर्पित भएर कार्य गरेका थिए। यिनले पृथ्वीनारायण शाहका यावत् गतिविधि आफ्ना आँखाले साक्षात्कार गरेका थिए। तीसको दशकमै कवितामा कलम चलाएका थिए। पृथ्वीनारायणलगायत पाँच जना राजाहरूको राज्यकालभरि यिनी कर्म क्षेत्रमा लागिरहेकै थिए। करीब ८२/८३ वर्ष वाँचेर १८९४ तिर यिनी परलोक भएको वुझिन्छ।

यिनी संस्कृत नेपालीका अतिरिक्त उर्दू, फारसी, हिन्दी भाषा पनि जान्दथे। यसले गर्दा विदेशीहरूसँग सम्पर्क गर्ने परराष्ट्रसम्वन्धी काम पनि यी गर्दथे। यिनले लेखेका संस्कृत, नेपाली, फारसी, हिन्दी भाषाका कविता पाइन्छन्।

यिनका वावु खरिदार विश्वेश्वर जोसी पृथ्वीनारायणकै आदेश पाएर चौदण्डी गढी गएर त्यहाँका राजालाई रिझाएर विर्ता पाएर वसेका थिए तापनि गोरखाको पुरानो घरमा उनको आउनुजानु छँदै थियो।

वि.सं. १८२३ मा पृथ्वीनारायण शाहले आफ्नी छोरी विलासकुमारीलाई सल्यानी राजा कृष्ण शाहका छोरा भीमविक्रम शाहलाई दिएर विहे गर्दा विश्वेश्वर पनि उपस्थित भएका देखिन्छन्। छोरीलाई दाइजो विर्ता दिएर गरिदिएको दानपत्रमा साछी वस्नेमा यिनको नाम देखिन्छ। काठमाडौं विजयपछि अरू भाइ भारदार गुरु पुरोहित गोरखा नुवाकोटवाट काठमाडौँ सरे। विश्वेश्वर पनि मधेश पूर्वी पाहाड गर्दै काठमाडौँमा आवतजावत वसोवास गर्न

लागे, यस्तो अवस्थामा उदयानन्दको धेरैजसो वाल्यकाल काठमाडौँमा नै वितेको बुझिन्छ ।

यिनको पहिलो प्राप्त कवितामा आफूलाई चिनाउँदा ढाक्रे उदयानन्द जोसी लेखेको हुँदा वावुले जस्तै पढेर आएपछि जागीर खाएको पछि पजनीमा हो वा केमा हो परेर खोसिएको वेला लेखेको अनुमान हुन्छ । गीर्वाणयुद्धका पालादेखि चाहिं सरकारी सेवामा रही पदोन्नति हुँदै गएर जीवनभर राष्ट्रकै सेवामा समर्पित भइरहे ।

उनका सेखपछि उनका छोरा-नाति-पनातिहरूले त्यस्तो वावु वाजेको जस्तो भाषासेवा कवित्व शक्तिलाई आत्मसात् गर्न सकेनन् । सुगौलीसन्धिपछि नेपाल राज्यको अङ्गभङ्ग भयो, हारेको मनस्थिति लिएर विरक्तिएको नेपालीको जीवनचर्याले वीरपुरुष विद्वज्जनको सेवासत्कार गर्न सकेन, आदर गर्न जानेन । अव वीरत्वको उपयोगिता नै रहेन, विद्वान्हरूको कवि साहित्यकारहरूको वीरकालिक वाङ्मय सेवा पनि समय सुहाउँदो मानिएन ।

अझै पनि हाम्रो देशमा विद्वत्पूजा वीरपूजाको आवश्यक पनि छैन, प्रयोजन परेको पनि छैन । प्रतिदिन प्रतिभापलायन वढ्दो छ, विदेशीको प्रभाव वढ्दो छ । वीरत्व परप्रयोजनका लागि नै सीमित हुँदैछ । यसरी ब्रह्मतेज क्षात्रतेज क्षीण हुँदै गएको हाम्रो देशमा दिनपरदिन दुर्गति निम्तिँदैछ । यसकारण यसवाट देशलाई बचाएर राख्न विशेष आत्मोन्नति आत्मविकास गर्न पनि ब्रह्मतेज क्षात्रतेज वढाउनु अनिवार्य छ । जवसम्म हाम्रो विद्याबुद्धि बलवर्गत वढ्दैन, तवसम्म निश्चित रूपले हाम्रो आत्मबल पनि रहँदैन, देशविकास पनि सम्भव हुँदैन ।

यस्तो अवस्थामा विष्णु प्रभातले देशमा डुलीडुली घरघर चहारी सोधी खोजी अर्जेलबन्धुको जीवनी र कृति कहिएको यो कृति तयार पारे । वाङ्मयसेवी र राष्ट्रसेवीहरूको मात्र यसमा चर्चा छ । एउटा मात्र कृति लेख्नेकोसम्म पनि यसमा नाम छुटेको छैन । मलाई लाग्छ शर्मा वा उपाध्याय उपनाम लेख्नेको र सुदूर स्थानतिर तिरोहित भएर वसेकाहरूको नाम यसमा छुट्न सक्छन् । पछि पछि अर्को संस्करणमा त्यो सुधिन सक्ने नै छ ।

यसभन्दा पहिले ध्रुवप्रसाद अर्जेलले **अर्जेल वंशवृक्ष** छपाएका थिए । त्यसपछि विष्णुराज आत्रेयले **अर्जेल वंशावली र कुलवृत्त** अनि रामजीप्रसाद अर्जेलले **नेपालको इतिहास र अर्ज्याल परिवार**नामक पुस्तक प्रकाशमा ल्याएका थिए । अहिले विष्णु प्रभातले **अर्जेलवंशीय विद्वत्परम्परा** नामक यो कृति लेखेर वाङ्मयसेवी अर्जेलवन्धुको परिचय बढाउने प्रयास गरेका छन् ।

अन्त्यमा एउटा कुरा उल्लेख गर्नु परेको छ । यो पाण्डुलिपि पढ्दै जाँदा केही मनमा खड्कने अथवा अड लाग्ने हुन आउँछ, सो के भने यसमा

कृतिकारको परिचयमा क्रमवद्धता मिलाइएको छैन । कि अकारादिक्रम, कि कालक्रम मिलाएर लेखिएको भए धेरै राम्रो हुने थियो । अकारादिक्रमभन्दा पनि साहित्यकारको कालक्रम मिलाएर लेख्नु उचित हुन्छ । यो कुरा यसै संस्करणमा मिलाउन सके अति राम्रो, नसके पनि भविष्यमा अन्य संस्करणमा मिलाउने कुरा सोच्नै पर्छ ।

जे भए पनि यति मिहिनेत गरेर अर्जेलवंशीय विद्वान्हरूको परम्परालाई जानकारीमा ल्याउने यो कृति तयार पारेर साहित्यसेवा गर्न उद्यत साहित्यकार विष्णु प्रभात धेरै धन्यवादका पात्र छन् । यसरी नै अन्यान्य वंशका विद्वान् विदुषीहरूको पनि चरित्र चित्रित गर्दै जाऊन्, उनको साहित्यसेवा भावना बढ्दै जाओस्, उनका नेपाली साहित्यको श्रीवृद्धि गराउने खालका कृति निस्कँदै जाऊन् । यही शुभकामना व्यक्त गर्दै यो सानो अनुशीलन यही समाप्त गर्दछु ।

गुरुपूर्णिमा २०६०

कलङ्कीस्थान–१४
काठमाडौं, नेपाल

मन्तव्य

✍ दिनेशराज पन्त

लमजुङका राजकुमार द्रव्य शाहले गोरखाराज्य स्थापना गर्दा पाँडे, पन्त, अर्ज्याल, खनाल, राना, बोहराले मदत गरेका थिए। त्यसमा पनि गणेश पाँडे र नारायणदास अर्ज्यालको भूमिका बढी रहेको थियो। नारायणदास अर्ज्यालले त राज्य स्थापना गर्ने काममा मात्र मदत गरेका होइनन् कि वि.सं. १६१६ भाद्रमा द्रव्य शाहको राज्याभिषेक पनि उनैले गरेका थिए। द्रव्य शाहले स्थापना गरेको गोरखाराज्य नै क्रमशः बढ्दै गयो र द्रव्य शाहको दसौं पुस्तामा जन्मेका पृथ्वीनारायण शाहले वि.सं. १८०१ देखि नेपालको एकीकरण शुरू गरे। त्यही अभियानले वर्तमान नेपालको संरचना भयो र आजसम्म हामी नेपालीका रूपमा बाँच्न पाइरहेका छौं। नारायणदास अर्ज्यालका सन्तानहरूले नेपालको राजकाजमा मात्र होइन कि विद्यासम्वन्धी कुरामा पनि निकै देन दिएका छन्। यसैले त्यससम्वन्धी अध्ययनको नितान्त आवश्यकता थियो। केही वर्षअघि वि.सं. २०४७ मा श्रीरामजीप्रसाद अर्ज्यालको **नेपालको इतिहास र अर्ज्याल परिवार**नामक पुस्तक प्रकाशित भएपछि अर्ज्यालवंशले नेपालको एकीकरणमा दिएको मदतका विषयमा केही प्रकाश परेको थियो तापनि अर्ज्यालवंशको विद्वत्परम्परासम्वन्धी छुट्टै पुस्तकको पनि खाँचो थियो। यस अवस्थामा विष्णु प्रभातको **अर्ज्यालवंशीय विद्वत्परम्परा**नामक पुस्तक हाम्रो अगाडि आएको छ। यस्तो प्रयासको हामीले सह्राहना गर्नुपर्छ।

विभिन्न पुस्तकका रचयिता विष्णु प्रभात (जन्म वि.सं. २००९) गम्भीर अध्येता हुन्। चाहे साहित्य-शास्त्र होस्, चाहे दर्शन होस् अथवा हास्यव्यङ्ग्य नै किन नहोस् जुनसुकै क्षेत्रमा पनि गम्भीर रूपले काम गर्नुपर्छ भन्ने विद्वान्को गणनामा विष्णु प्रभातको नाम आउँछ। यसै प्रसङ्गमा अनुसन्धानात्मक ढङ्गले **अर्ज्यालवंशीय विद्वत्परम्परा** तयार गरेर आफ्नो लेखनलाई अर्को क्षेत्रमा पनि विष्णु प्रभातले फैलाएको देखिन्छ।

पहिले भनिए जस्तै र स्वयं विष्णु प्रभातजीको पुस्तकमा उल्लेख भए जस्तै अर्ज्यालवंशको विद्वत्परम्परावारे चर्चा गर्दा उनीहरूले पढ्नका लागि परिश्रम गरेको कुरा हामीले विर्सन हुँदैन। दैवज्ञकेशरी अर्ज्याललाई सरकारको तर्फबाट वि.सं. १८४३ मा काशी पठाइएको र पढिसकेपछि वि.सं. १८५१ मा काशीबाट झिकाइएको कुरा यसको राम्रो उदाहरण हो। (वि.सं. २०१२ मा काठमाडौंबाट इतिहासप्रकाशमण्डलद्वारा प्रकाशित **इतिहास-प्रकाश**, अङ्क १, पृ. ८० र १३६) रणबहादुर शाहको राज्यकालको घटना यो हो भने उनका बाबु

प्रतापसिंह शाहले वैयाकरणकेशरीलाई इच्छा भएसम्म काशीमा पढ्नको लागि वि.सं. १८३२ मा छात्रवृत्ति दिएको कुरा अर्को उदाहरण हो। (**इतिहास-प्रकाश**, अङ्क १, पृ. ८१) रणवहादुर शाहका नाति राजेन्द्रविक्रम शाहले कविकुलकेशरी अर्ज्याललाई वि.सं. १८८८ मा लेखेको पत्र यसको अर्को उदाहरण हो। (**इतिहास-प्रकाश**, अङ्क १, पृ. १४७)

यस ग्रन्थमा विद्यारण्यकेशरी अर्ज्यालको जन्म वि.सं. १८६३ मा भयो भनी लेखिएको छ तथा उनी दैवज्ञकेशरीका माहिला छोरा हुन् भनेर पनि त्यहाँ लेखिएको छ। टिप्पनको पुस्तकमा दैवज्ञकेशरीको द्वितीय पुत्रको जन्म वि.सं. १८६१ वैशाखमा भयो भनी लेखिएको छ। (वि.सं. २०४१ मा काठमाडौँवाट संशोधन-मण्डलद्वारा प्रकाशित **पूर्णिमा** ६४ पूर्णाङ्कका १२-३३ पृष्ठमा छापिएको महेशराज पन्तको टिप्पनको पुस्तक भन्ने निवन्ध, त्यस अङ्कको ३३ पृ.)। यस कारण वावुराम आचार्यले उल्लेख गरेको भए पनि विद्यारण्यकेशरीको जन्मसंवत् १८६३ भन्ने कुरा मिलेको देखिँदैन।

यस ग्रन्थमा गोरखावासी दण्डपाणि अर्ज्यालका सम्वन्धमा पनि लेखिएको छ। दण्डपाणि अर्ज्याललाई गोरखासम्वन्धी विश्वकोष भने पनि हुन्छ। वि.सं. २०३७ मा म सर्वप्रथम गोरखा पुगेको हुँ। त्यसवेला त उनी निकै गलिसकेका थिए। त्यसकारण मैले उनीवाट त्यति मदत पाउन सकिनँ तापनि त्यसभन्दा अघि पुगेका अनुसन्धाताहरूले उनवाट निकै मदत पाएको कुरा सुनिन्छ। उदाहरणका लागि तुलसीराम वैद्य र धनवज्र वज्राचार्यको **गोरखाको ऐतिहासिक सामग्री**को भूमिकालाई देखाउन सकिन्छ। दण्डपाणि अर्ज्यालमा आफ्नो वंशगौरव निकै थियो र आफ्ना वावुवाजेले सङ्ग्रह गरेका पुस्तकलाई उनले यथाशक्य रक्षा गरेका थिए। उनको सङ्ग्रहवाट अर्ज्याल वंशको परिचयका साथै गोरखाको इतिहाससम्वन्धी सामग्री पनि निकै वाहिर आएका छन्। दण्डपाणिले **अर्ज्यालहरूको बृहत् वंशावली** तयार गरेका थिए। त्यसको प्रकाशन हुनु वाञ्छनीय छ। उनका भाइ सूर्यनाथ अर्ज्यालको सङ्ग्रहमा पनि पुराना निकै पुस्तक थिए र तिनवाट केहीको प्रयोग मैले गरेको हुँ। सूर्यनाथका छोरा रघुनाथ अर्ज्याल व्युत्पन्न छन् र हाल नारायणहिटीराजदरवारमा धार्मिक कार्यमा संलग्न छन्। उनले द्रव्य शाहको पालाका नारायणदास अर्ज्यालको परम्परालाई थामिरहेका छन्।

अप्पय्यदीक्षितको अलङ्कारशास्त्रसम्वन्धी पुस्तक **कुवलयानन्द**को टीका **कुवलयानन्दपरिशिष्ट** विज्ञानकेशरीले वनाएका छन्। (वि.सं. २०५० मा काठमाडौँवाट पण्डित पव्लिकेशन्सद्वारा प्रकाशित **आदर्श** अङ्क एकका ७७-१२५ पृष्ठमा छापिएको महेशराज पन्तको द **कुवलयानन्दपरिशिष्ट बाइ विज्ञानकेशरिन्** (विज्ञान-केशरीको कुवलयानन्दपरिशिष्ट, भन्ने निवन्ध) यसै गरी उनले

यमुनासङ्कर्षण पनि वनाएका छन् । (ऐजन, ८१ पृ.) विज्ञानकेशरी प्रसिद्ध विद्वान् वीरेन्द्रकेशरीका भाइ हुन् । यिनको चर्चा यस पुस्तकमा देखिएन ।

यस ग्रन्थमा चक्रपाणि अर्ज्यालको विषयमा सामान्य रूपमा चर्चा गरिएको छ । तर चक्रपाणिको योगदान विद्या र प्रशासन दुवै क्षेत्रमा हेर्दा उनको वारेमा विस्तृत रूपमा चर्चा गर्नु आवश्यक ठहरिन्छ । शुरूमा पृथ्वीनारायण शाहसँग मिलेका चक्रपाणि पृथ्वीनारायणको अन्तिम समयतिर उनीसँग रुष्ट भएको उल्लेख पाइन्छ । (**इतिहास-प्रकाश**, १ अङ्का ८०-८१ पृ.)

यस ग्रन्थमा दैवज्ञकेशरी अर्ज्यालको वारेमा लेखिएको छ । दैवज्ञकेशरीले वनाएका निकै ग्रन्थको चर्चा त्यहाँ भएको छ । तर उनैले वनाएका **श्रीकृष्णपादपद्मपुष्पाञ्जलि**को चर्चा भने त्यहाँ छुटेको छ । (**आदर्श**, १ अङ्को ७८ पृ.)

यस पुस्तकमा रहेका कमी-कमजोरीका केही नमूना यी हुन् । खोज्दै जाँदा यस्ता कमी-कमजोरी अरू पनि निकै भेटिन सक्छन् । अनुसन्धाता विष्णु प्रभात यस्तो काम गर्न स्वयं समर्थ हुनुहुन्छ र प्रामाणिक कुरा मात्र लेख्नेतिर उहाँको प्रवृत्ति पनि देखिन्छ । यसकारण यस्ता कुरालाई परिमार्जन गरी आफ्नो पुस्तक प्रकाशन गर्नेतिर उहाँको ध्यान जानेछ भन्ने मैले आशा लिएको छु । यसै प्रसङ्गमा एउटा कुरा पनि भनिहालूँ । यस ग्रन्थमा पादटिप्पणी निकै दिइएका छन् तापनि जति दिनुपर्ने हो, त्यति दिएको देखिँदैन । यो ग्रन्थ अनुसन्धानात्मक हो । त्यसैले यसमा वढी नै पादटिप्पणी दिइएको खण्डमा विवेकी विद्वान्लाई नीरक्षीरविवेक गर्न मदत मिल्नेछ । **सिद्धान्तशेखर**का रचयिता श्रीपति नै अर्ज्यालवंशावलीमा देखिएका श्रीपति हुन् भनेर अरू विद्वान्ले सजिलैसँग मानिदिएकोमा विष्णु प्रभातको अनुसन्धानात्मक दृष्टिले त्यसलाई स्वीकार गरेको छैन । यो अनुसन्धानप्रतिको विष्णु प्रभातजीको निष्ठाको राम्रो उदाहरण हो । यसैले अर्ज्याल वन्धुहरूको फेद खोतल्दा भन्ने परिच्छेदमा **सिद्धान्तशेखर**का रचयिता श्रीपति भट्टको उल्लेख त्यति राम्रो ठहरिँदैन कि ?

अन्त्यमा यस्तो अनुसन्धानात्मक ग्रन्थ लेखेकोमा विष्णु प्रभातजीलाई धन्यवाद दिँदै अनुसन्धानात्मक प्रवृत्ति अझ वढ्दै जाओस् भन्ने कामना गर्दछु ।

वि.सं. २०६०।५।३१ एकान्तकुना, ललितपुर

सुभावना

✍ कृष्णराज अर्ज्याल

विशाल र सर्वोन्नत हिमवत् सभ्यता र संस्कृतिको मूलथलो भएर पनि समयचक्रले गर्दा यसको गति मन्द र विखरिएकाले उपत्यकामै तीन प्रमुख राज्यका साथै कीर्तिपुर, ठिमी जस्ता झन् साना अलग शासन रहेका, पूर्वमा वनेपादेखि नै कतिपय र पश्चिममा वाइसे, चौविसे राज्य कायम भई प्रचुर विभाजनको धारले रेटेर जीर्ण भएको एकता, राष्ट्रियता, प्रशासन, धर्म, कर्म, भक्ति, ज्ञान, संस्कृति, सभ्यताका अनेक पक्षलाई र यस भित्रका निवासी ब्राह्मण, क्षत्री, मगर, गुरुङ्ग, राई, लिम्वु, थारु , नेवार जस्ता विभिन्न नामथर, वर्ण र धार्मिक पक्ष आदि जे जति थिए सवैको विश्वास जिती, सवैको सहयोग लिई, एक नयाँ वंश परम्पराको वीज रोपी, त्यसलाई मलजल, गोडमेलद्वारा स्वतन्त्र र सार्वभौम तथा सुशासित राष्ट्र निर्माण र राष्ट्रिय एकीकरण गराई अत्यन्त सुन्दर र सुवासिलो चार जाति छत्तीस प्रजातिको फूलवारी रचाउने, सिंचन र मलजल गर्ने कार्यमा अर्ज्याल वंशको प्रमुख भूमिका भएको तथ्य इतिहासका पानाहरूले वताउँछन् ।

अहिले आदिकवि भानुभक्तको अलकापुरी, महाकवि लक्ष्मीप्रसाद देवकोटाको सुन्दर-शान्त-विशाल शक्तिवल्लभ अर्ज्यालको धर्म संस्कृति र साहित्यको आस्था, उदयानन्दको राष्ट्रभक्ति, मोतिराम, लेखनाथ पौड्याल र अन्य कवि साहित्यकार कलाकार, संगीतकारहरूको उत्साह र उद्देश्य, राष्ट्रकवि माधवप्रसाद घिमिरेका पाखा-पखेरु र देशभक्तिका रूपमा रहेको माता नेपालको स्थिति, धेरै किसिमले मलिन भएको पहिलेको अवस्थामा पनि अर्ज्याल वंशले नेपाल र नेपालीको उत्थान कार्यमा ठूलो सहयोग पुऱ्याएको छ। यसको अर्थ अन्य थरघरहरूको देन नभएको भन्ने अवश्य होइन, यो सानो चिनारीमा सिङ्गो नेपालमा रहेका सवैको देन वारे लेख्न नसकिने भएर नै हो ।

अर्ज्याल वंशको उल्लेख गर्दा धेरै माथि नगई उदय भट्ट र सुदय भट्टदेखि मात्रै लिन उचित देखिन्छ। केही मतान्तर भएतापनि विद्वान् परम्परामा श्रीपति भट्टलाई औंल्याउनु पनि उचित ठान्दछु, जसका हामी वंशज हौं। गोरखामा शाह वंशको गौरवमय शासनको उदय अगाडि पनि खासगरी विद्वान् परम्पराको विभिन्न तहमा योगदान दिनु अर्ज्याल वंशको राष्ट्रिय संस्कृति र सभ्यताको जगेर्ना-प्रयास मान्न सकिन्छ.। यही वंशको कुलचूडामणि श्री नारायणदास अर्ज्यालले गोरखामा शाहवंशीय राजपरम्पराको स्थापना र सुदृढीकरणका लागि गरेको महान् ऐतिहासिक कार्य पछि अर्ज्याल वंशको देन

राष्ट्रिय उत्थानमा सर्वाङ्गीण तथा सुप्रसिद्ध भई अगाडि बढ्न सफल भयो ।

नारायणदास अर्ज्यालका कर्मठ शिष्य गणेश पाँडेको सहयोगमा द्रव्य शाहलाई लमजुङ्गवाट ल्याई गोरखाको राजगद्दीमा स्थापित गरी क्रमशः पूर्ण शाह, छत्र शाह, राम शाह, डम्वर शाह, कृष्ण शाह, रुद्र शाह, पृथ्वीपति शाह, नरभूपाल शाह र प्रवल प्रतापी वडामहाराजधिराज पृथ्वीनारायण शाहलाई र उनी पछिका राजाहरूलाई पनि धर्म, कर्म, ज्ञान, सेना सञ्चालन, सुशासन, न्याय, रीतिस्थिति परम्पराको महत्व वुझाउँदै हौसला, पौरख आदि गुणका विकास गराउँदै अर्ज्याल वंशले एक सुसंगठित प्रजावत्सल र न्यायपूर्ण राज्यको हर पक्षमा सर-सल्लाह, मन्त्रणा र सहयोग प्रदान गरी नेपाल राज्य र शाह राजाहरूलाई अगाडि वढ्ने हौसला जगाएको छ ।

प्रतापि वडामहाराजधिराज श्री ५ पृथ्वीनारायण शाहको राष्ट्रिय एकीकरणको अभियानमा पनि अर्ज्यालहरूको ठूलो योगदान रहेको छ। शाहवंशको स्थापना, यसको प्रतिष्ठापन, सवलीकरण, प्रवर्द्धन, विकास र उन्नतिमा मात्र नभएर शिक्षा-दीक्षा, साहित्य-संस्कृति, कला, रीतिस्थिति, परिपाटी, परम्परा, कर्म, धर्म, भक्ति, ज्ञान, युक्ति-वुद्धि, कानून-न्याय, कृषि, कौशल, आर्थिक, सामाजिक तथा समयानुकूल अन्य विकास प्रकृया र व्यक्तिगत गुण, सामाजिक सांस्कृतिक समन्वय आदि विविध पक्षका विकासका साथै राष्ट्रिय एकता र अभ्युदयको भावना र यस प्रतिको दृढता, कर्मठताको निरन्तरता अर्ज्यालवंशीयपरम्परा रही आएको छ। राष्ट्रियता र न्यायको पक्षमा जीवनको समर्पण गर्ने जस्तो सर्वोत्तम अठोटको वीजारोपण व्यवहारिक चाल-चलनमा उतारी सर्वाङ्गीण नेपाली चरित्रको निर्माण, उत्थान र विकासको वृक्षारोपण गर्ने श्रेय उनै नारायणदास अर्ज्याल र निजका सन्ततिमा स्वतः जानु स्वाभाविकै हो । राष्ट्रिय एकता र राजधानी काठमाडौंको शुद्धीकरण, रीतिस्थिति, प्रशासन निर्माणका हर पहलमा अर्ज्याल वंशको हात र सरसल्लाहवाट राज्य सञ्चालन हुन थालेपछि अन्य श्रोतवाट सहयोग प्राप्त हुने प्रकृया शुरू भएको थियो र अर्ज्याल वंशको देन अहिले पनि यी यावत् क्षेत्रमा प्राय यथावत नै रहेको पाइन्छ ।

जङ्गवहादुरको शासनसँगै गुरुज्याँई पाण्डे र तिनका सन्तानमा गएपछि अवश्य पनि केही फरक हुँदै गयो। फैलिदै गएको अर्ज्याल वंशका शाखा-प्रशाखाहरू पनि विस्तारित भई देशअनुसार, समयानुकूल र सुविधानुकूल ठाउँमा छरिन थाले। उनीहरूको वस्ती देशका विभिन्न ठाउँमा सर्दै गयो। शाखा-प्रशाखा झन्झन् वढ्दै गए। एक अर्काको सम्पर्क राम्रोसँग हुन सकेन। टाडापनले र यातायात आदिको कठिनाईले गर्दा छरिएका पौरख, कृतिहरू र राष्ट्र प्रतिको देनलाई जान्न, वुझ्न समेट्न र जगेर्ना गर्न नसक्दा यस वंशको

गौरवमय देनमा बेलावखत केही मन्दता देखिए तापनि आजसम्म पनि अर्ज्यालहरूले नेपालको साहित्य, संङ्गीत, कला, संस्कृति, न्याय, इतिहास, राजनीति, कुटनीति, सेना, प्रहरी आदि राष्ट्रिय महत्वका हरेक पक्षमा निरन्तर योगदान दिइरहेकै छन् ।

अर्ज्याल वंशका यिनै योगदानहरूको शोधखोज गर्दै केही समय पहिले श्रीरामजीप्रसाद अर्ज्याल,, श्री विष्णुराज आत्रेय र श्रीध्रुवप्रसाद अर्ज्यालका पुस्तक तथा वंशावली प्रकाशित भएका थिए । ती वाहेक अन्य विषयलाई समेटने श्रोत सहज उपलब्ध नरहेको र यस अघिका लेखनकार्य पनि आफ्नो हाँगामा वढी ढल्किएको अवस्थामा अति सजग र संवेदनशील, विद्वान्भाइ श्रीविष्णु प्रभात अर्ज्यालले यो खाँचोको परिपूर्तिका लागि ठूलो प्रयास गर्नुभएको छ। त्यसै प्रयासको फलस्वरूप **अर्ज्यालवंशीय विद्वत्परम्परा**नामक यो कृति तयार भएको छ। पुस्तकले झण्डै तीनसय वर्षको कालखण्डमा देखापरेका अर्ज्यालवंशीय विद्वान्हरूवारे जानकारी दिएको छ । यसमा जे जति प्रतिभाहरू समेटिएका छन् त्यसले भावी पुस्तालाई हौसला, जाँगर र अध्ययन-अनुसन्धानको मार्ग प्रशस्त गर्ने छ। यसले समेट्न नसकेका बाँकी कुराहरू पनि खोजविन गर्दै पछिल्ला संस्करणमा समेटिने आशा राख्दै, उहाँमा भएका सरलता, सामाजिकता, लगनशीलता र दृढ निश्चय जस्ता गुणहरूले गर्दा अवश्य पनि सफलता प्राप्त गर्नु हुनेछ भन्ने आशा राख्दछु। अन्त्यमा यस प्रकारका पवित्र प्रयासमा कहिल्यै नथाक्ने सल्लाह दिँदै निरन्तर सफलताको सुभावना व्यक्त गर्दछु र यसका लागि राष्ट्रदेव श्रीपशुपतिनाथ तथा माता गुह्येश्वरीसँग हार्दिक प्रार्थना पनि गर्दछु। जय नेपाल !

वि.सं. २०६०।६।२१ गैरीधारा, काठमाडौं

पुर्खाको पौरखप्रभाती पढेपछि

✍ डा. विष्णुराज आत्रेय

अर्ज्यालवंशका नेपाली पौरखी पुर्खाहरूले पुराकालदेखि नै सामाजिक जीवनका विभिन्न क्षेत्रलाई आफ्ना प्रतिभाद्वारा प्रभावित गर्दै आएका छन्। यिनीहरूले आध्यात्मिक ज्ञान र भौतिक विज्ञान, कला-साहित्य र संस्कृति, योग र चिकित्सा-विधि, नीतिज्ञान र कर्म, शासन र प्रशासन, यज्ञ र याग, अध्ययन र अध्यापन, त्याग र तप जस्ता महनीय कर्मले आफूलाई, आफ्नो समाजलाई र समस्त राष्ट्रलाई नै सुकृती र सुकीर्तिमय वनाएको कुरामा दुई मत छैन।

तर आफ्ना प्रातःस्मरणीय पुर्खाका यस्ता पौरखहरूको यथासमय चर्चा, उल्लेख र आवृत्ति नभैरहँदा भने यी सत्य-तथ्यहरू उधेको पाठ जस्तै समय वित्दै जाँदा विर्सिने र विस्तुरिने हुँदो रहेछ। कालान्तरमा यस यथार्थवाट अपरिचित भावी पिंढी आफ्नो गन्तव्य स्थलवाट विचलित र वेखवर हुने पनि निकै सम्भावना हुने रहेछ। मेरा पुर्खाले घिउ खाएथे, मेरो हात सुँघको उदाहरण वन्ने रहेछ। अर्ज्याल वंशको पुरावृत्तलाई लेखन-पुनर्लेखन गर्दै आफ्ना वर्तमान र भावी पिंढीलाई यसको जानकारी गराउने काम गर्न निकै ढिलो भइसकेको थियो। यस वंशका महनीय तथा प्रातः स्मरणीय व्यक्तिहरूको व्यक्तित्व र पौरखको वासा नखोलिंदा त्यसमा धुलो जम्ने र धुल्याहा लाग्ने स्थिति आइसकेको थियो। तर यसै वंशका केही पूर्वज जस्तै उदयानन्द अर्ज्यालको **कुलकाव्य** (नेपाली), दैवज्ञकेशरी अर्ज्यालको **कुलचन्द्रिका** (संस्कृत) विद्वद्वर रश्मिराज अर्ज्यालको **वंशावली टिपोट**का साथै ध्रुवप्रसाद अर्ज्यालको **वंशावली टिपोट**, विष्णुराज आत्रेयको **अर्ज्याल वंशावली र कुलवृत्त** (२०४२), रामजीप्रसाद अर्ज्यालको **नेपालको इतिहास र अर्ज्याल परिवार** (२०४७) जस्ता रचनाहरू यस पङ्क्तिकारले जानेका प्रकाशित सामग्री हुन्। यस वाहेक गोर्खाका पण्डित दण्डपाणि अर्ज्यालसँग वंशावलीसम्वन्धी धेरै सामग्री थिए भन्ने कुरा थाहा भएको छ। यस्ता अरू पनि स्वनामधन्य व्यक्तित्वहरू होलान् जसका अर्ज्याल वंशावलीसम्वन्धी टिपोटहरू अझ प्रकाशमा आएका छैनन्। यसवाहेक दिनेशराज पन्त– **गोर्खाको इतिहास** (भाग १-४), डा. लक्ष्मीकान्त पन्थी– **हाम्रो पुरुषार्थ** (अङ्क ४०, वैशाख २०५७), भरतराज मन्थलीय– **व्यथा-विधा** (समीक्षा), पूर्णप्रकाश नेपाल 'यात्री'– **सिजापतिवाला** आदि पुस्तक र पत्रपत्रिकाहरूमा यस अर्ज्यालवंशवारे फाट्टफुट्ट लेख-लेखांश फेला पर्नु वाहेक अन्य सामग्री खास उल्लेख्य रूपमा यस पङ्क्तिकारले देख्ने-भेट्ने अवसर पाएको छैन। अर्ज्याल वंशजहरूको क्रमवद्ध इतिहासले यथासमय क्रमिकता नपाएका कारणले नै

वाल्यावस्थाको र प्रसिद्धि प्राप्त अवस्थाको नाउँमा फरक पर्न जाँदा कालक्रममा नाउँ दोहोरिने र इतिवृत्त नै सन्देहात्मक हुन जाने हुँदो रहेछ। जस्ताको तस्तै पाण्डुलिपि सार्ने र कर्णपरम्परालाई पनि आधार मानेर लेखिने स्थिति भएका ठाउँमा केही नाउँ उल्टापाल्टा र छुट हुन जाने स्थिति अरूहरूको वंशावलीमा जस्तै हाम्रो वंशावलीमा पनि नभएको होइन, जस्तो श्रीपति भट्टको तिथिमिति बारेमा समस्या पर्न गएको छ। जे भए पनि हाम्रा प्रातःस्मरणीय पूर्वज र समादरणीय अग्रजहरूको आफ्ना पुर्खाप्रतिको आदर-सद्भावको प्रतिफलका रूपमा जे जति सामग्री अहिलेसम्म उपलब्ध भएको छ, त्यसैलाई आधार मानेर हामी अगाडि बढ्नु परेको छ। यसै सन्दर्भमा अर्ज्याल सेवा समाज २०५९ को स्थापना, त्यसको प्रकाशन– **असेस स्मारिका २०५९**, ज्ञानमणि नेपालको नवीनतम कृति **नेपाली साहित्यमा आदिकविको समस्या** (२०५९) ले पनि नेपाली साहित्यका पाठकहरूलाई उदयानन्द अर्ज्यालवारे थप सामग्री पस्किन सफल भएको छ। रुढिर्योगाद् वलीयसी ! भन्ने संस्कृतको नियमअनुसार यथार्थभन्दा चलनचल्ती नै बलवान् हुन्छ भने जस्तै उदयानन्द अर्ज्यालको मौलिक महाकाव्य प्रकाशन र प्रचारको ढिलाइले पछि पर्न जाँदा आदिकवित्वको पगरी भानुभक्तले पाए। जसले गर्दा उदयानन्द र भानुभक्तमध्ये को आदिकवि ? भन्ने प्रश्न सधैँभरि चल्तीको विपय हुने भएको छ। तर जेहोस् ज्ञानमणि नेपालले उदयानन्द वारेको सत्यतथ्य पैल्याएर वडो मिहिनेतसाथ शोधखोज गरेर नेपाली साहित्यको अरूणोदयलाई अझै चम्किलो, अझै सुन्दर पारिदिएका छन्। उनको गुन समस्त नेपाली समाजले अझै त्यसमा पनि अर्ज्यालवंशीले कहिल्यै पनि विर्सिन सक्तैनन्। हामी उदयानन्दलाई आदिकवि नभनी रहौँला तर उनले पहिरेको **आदिमहाकवि**को ताजप्रति भने कसैले औँला ठड्याउन सक्तैन। त्यो निस्कलङ्क र अनालोच्य छ।

अर्ज्याल वंशावलीको चर्चाका यिनै प्रसङ्गमा लुम्विनी अञ्चल, पाल्पा मदन पोखरामा २००९ साल वैशाखमा उदाएका विष्णुप्रसाद अर्ज्यालको नाउँ विर्सिन नहुने भएको छ। नेपाली कलमवाजको जमातमा विष्णु प्रभातका नाउँले सुपरिचित यी अर्ज्याल वंशका लेखक प्रतिभाले पाल्पामण्डलको मदनपोखरालाई मात्र होइन समस्त अर्ज्याल समाजलाई नै आफ्नो प्रभामण्डलद्वारा प्रभावित पारेका छन्। अर्ज्याल सेवा समाजको **असेस स्मारिका २०५९** मा प्रकाशित **अर्ज्याल बन्धुहरूको फँद-टुप्पा खोतल्दा** शीर्पकको खोजपूर्ण लेख पढ्दा यस पङ्क्तिकारलाई यस्तै लागेको थियो। अहिले झन् **अर्ज्यालवंशीय विद्वत्परम्परा** जस्तो कृति तयार पारेर जनसमक्ष आउँदा यो ठम्याइ झन् दरिलो र वलियो भएको छ।

साँच्चै हो, आफ्नो पौरखी पुर्खाको पौरखप्रभाती र हालसम्मका भेटे-

पाइएका वर्तमान अर्ज्याल कुल-पुङ्गवको गौरव गान गरेर आफ्नो वंशऋणवाट उऋण भएका यिनले साउँ र व्याजसमेत समस्त पितृ ऋण चुक्ता गरेका छन्। **खुर्सानी पुराण, खुच्चिङ, खुलैखुला कुरा, खुराक, खुल्दुली, खुसखुस कम्पनी** र **एघारौँ अवतार** जस्ता हास्यव्यङ्ग्य कृति लेखेर भैरव अर्ज्यालले हुर्काएको नेपाली हास्यव्यङ्ग्य विरुवालाई थप मलजल दिने कार्य मात्र गरेको नभई विष्णु प्रभातले समीक्षा, दर्शन, साहित्य र राजनीति विषयक एक दर्जनभन्दा वढी कृति प्रकाशित गरेर नेपाली साहित्यको विभिन्न फाँटमा योगदान पुऱ्याएका छन्। आफ्ना कृतिहरूद्वारा कृतिकार सुकृती भएका छन्। यस वंशकृत्यले त यिनलाई झन् अविस्मरणीय वनाएको छ, चिरञ्जीवी वनाएको छ। यस अर्थमा साधुवाद छ विष्णु प्रभातलाई !

प्रकृतमनुसरायः ! अव लागौं मुख्य विषयतिर। जव व्यक्ति यशस्वी पुरुषार्थी हुनेतर्फ लाग्दछ ऊ आफ्ना पुर्खा, आफ्नो मातृभूमिको सेवा र सम्मानतिर पाइला चाल्दछ। साहित्यकार विष्णु प्रभातले पनि ज्ञान र विज्ञानका विभिन्न विधामा गहकिलो योगदान दिने गरिमामय अर्ज्याल वंशका प्रातःस्मरणीय पुर्खाको महिमामय पौरखको पारख गर्दै, तिनलाई विभिन्न विषयमा वर्गीकरण गर्दै, **अर्ज्यालवंशीय विद्वत्परम्परा** नाउँले एउटा नौलो कृति दिएर यस दिशामा गहकिलो पाइला चालेका छन्। यो पङ्क्तिकार पनि आफ्ना पूज्य पितामह विद्वद्वर रश्मिराज अर्ज्यालको स्नेहिल सान्निध्यवाट प्राप्त प्रेरणाअनुरूप यसतर्फ पहिलेदेखि अभिप्रेरित थियो। हामी दुवै भाइको साइनो वाक्लिएको पनि यसैवाट हो। पितृको प्रभाती गाउने व्यक्ति सुखी हुन्छ, यशस्वी हुन्छ भन्छन्। नभन्दै आज विष्णु प्रभातजी यो कृति प्रकाशनद्वारा अर्ज्याल वंशका अत्यन्त स्नेहास्पद भएका छन्, कहिल्यै नविर्सिने भएका छन्, नविझाउने भएका छन् आँखामा हाल्दा पनि।

इस्माली राजघरानाका आत्रेय गोत्री विद्वान्हरूवाटै प्रारम्भ भएको छ यो अर्ज्याल वंश। यो कृति पनि त्यसै परम्पराका उद्भट विद्वान् श्रीपति भट्टवाट श्रीगणेश हुन्छ। विद्वत्परम्पराको खोजीका क्रममा अर्ज्याल विद्वत्विभूति अमरभूमिदुर्गका संस्थापक श्रीपति भट्टका विषयमा निकै शोधखोज गरिएको छ। नेपाली विद्वत्मनीषी नयराज पन्तदेखि यस आखरकारसम्मका अभिव्यक्तिहरूलाई मीनमेख गरिएको छ। यस पुस्तकले भावी अनुसन्धातालाई थप खुराक पस्केको छ भन्दा कुनै अत्युक्ति हुने लाग्दैन। यसैगरी द्रव्य शाहका अभिभावक एवं गुरु गोर्खा दरवारका प्रथम राजगुरु नारायणदास अर्ज्यालको जन्मक्षेत्र र कर्मक्षेत्रवारे यसमा चर्चा छ। नेपाली वाङ्मयमा कथाको प्रारम्भविन्दु शक्तिवल्लभ अर्ज्यालको **विराट पर्व** भन्ने कुरा र नेपाली साहित्यमा हास्यव्यङ्ग्यको प्रस्थानविन्दु पनि शक्तिवल्लभ अर्ज्यालकै **हास्यकदम्ब** हो भन्ने कुरा पनि यसबाट

जाहेर हुन्छ। नेपालका सुप्रसिद्ध नाटककार यिनै शक्तिवल्लभ अर्ज्यालको जयरत्नाकर संस्कृत नाटकले नेपाली साहित्यमा नाटकको सर्वमानित भासनाटक परम्पराको लिकवाट हटेर नयाँ दिशा दिएको कुरा पनि यसमा छ। यति मात्र होइन उदयानन्द अर्ज्याललाई नेपाली वाङ्मयका आदिकवि भन्नुपर्ने तथ्यप्रति यिनले चर्चा उठाएका छन् र उदयानन्दको अरूणोदयपछि नै भानुभक्त उघ्रेका भए पनि आदिकविको तँछाडमछाडपट्टि नलागेर उदयानन्दलाई नेपाली वाङ्मयका आदिमहाकविको निष्कलङ्क फेटा गुथाइएको कुरामा यिनले दशौँली सहीछाप ठोकेका छन्। काठमाडौँ महानगरीमा वसेर नाम चलाएका विद्वान् लेखकवाहेक मोफसलका लेखक विद्वान् अभियन्ता, चिकित्सक, विधिवेत्ता, पत्रकार एवं राष्ट्रसेवकहरूको पनि अहिलेसम्मकै जाने-सुनेका र नजानेका-नसुनेका नामहरूको समेत खोजीमेलो गरेर अर्ज्यालवंशीय लेखक विद्वान्हरूको यति लामो फेहरिस्त तयार पारेर जनसमक्ष ल्याउँदै आफ्ना पुर्खाको गौरव प्रभाती गाउने विष्णु प्रभातको पनि अर्ज्याल वंशको भावी पिँढीले प्रभाती गाउनेछ ! यसमा सन्देह गर्ने ठाउँ छैन।

नेपाली साहित्यमा यस खालको अनुसन्धानमूलक कृति पहिलो जमर्को हो भन्दा हुन्छ। अर्को कुरा यसलाई अर्ज्याल सेवा समाजको स्मारिका **असेस २०५९** मा लेखका रूपमा प्रकाशित **अर्ज्याल बन्धुहरूको फँद-टुप्पा खोतल्दा** शीर्षक निवन्धको विस्तृततर स्वरूप भन्दा हुन्छ। विष्णु प्रभातले कलम विसाउनु हुँदैन। यसलाई अझ विस्तृतम पारेर यसवारे विद्यावारिधिसम्म गर्ने लामो लक्ष्य लिएर अघि वढ्नुपर्छ भन्ने यस पङ्क्तिकारको शुभेच्छा छ। तँ चिता, म पुऱ्याउँछु, भन्छन् ईश्वर, विष्णु प्रभातजीको कलम नथाकोस् हामी वन्धुहरू होप्टेमा हैँसे गर्न तयार नै छौँ।

यो समीक्षा लेख होइन, उद्‌गार हो मात्र अभिव्यक्ति हो। यसका कमी-कमजोरी वा पुग-नपुग कुराहरू सुध्याएर-सुझाएर अगाडिका लागि एउटा अर्को कञ्चन ग्रन्थ तयार पार्ने कार्यमा प्रभातजीलाई सवै विद्वत्वर्गको सहयोग, आफ्नै वन्धुहरूको स्नेह र सामीप्य आवश्यक छ। प्रभातजीको इमान्दारिता, त्याग, जाँगर र सीपले गर्दा यिनलाई यो सहयोग प्राप्त हुने नै छ भन्ने आशा र भरोसा गर्दै इत्यलम् पल्लवितेन।

वि.सं. २०६०।६।२२ — वत्तिसपुतली, काठमाडौँ

दुई शब्द

✍ मुकुन्दराज अर्ज्याल

आफ्नै अर्ज्याल वन्धु श्रीविष्णु प्रभातले अर्ज्यालवंशीय विद्वत्परम्परा नामक ग्रन्थ देखाउनुभयो। अप्रकाशित सो ग्रन्थको पाण्डुलिपि सरसर्ती हेर्दा एकातिर आफ्ना पूर्वजहरूको कर्मठ व्यक्तित्व, अतुलनीय विद्वत्परम्परा, कृतिहरू र उहाँहरूले देश र समाजलाई विद्याको क्षेत्रमा दिनुभएको देन पढ्न पाउँदा हृदय गद्गद् भयो, नाङ्लोभन्दा ठूलो छाति भयो। यसै कुल परम्परामा आफू पनि परेकोले आनन्दको साथै वंश गौरवको भावना विकसित भयो। विद्वान् साहित्यकार विष्णु प्रभातले के देखेर हो कुन्नि मलाई "दाजु दुई शव्द त तपाइँले लेख्नै पर्छ नि !" भनेर अनुरोध गर्दा मलाई "नखाऊँ त दिनभरिको शिकार, खाऊँ त कान्छा वावुको अनुहार" भन्ने नेपाली उखानको सम्झना भयो, लेखूँ के लेखूँ, नलेखूँ त प्राध्यापक भइटोपलेको कसरी टारूँ ? भन्दै झण्डै तीन-चार महिना झुलाएँ ! भरे भरे भोलि भोलि भनेर। धन्य उहाँको धैर्य ! कुनै पनि दिन मुख नबिगारी हवस् भन्दै पर्खनुभयो। अव त अति नै भयो केही हरफ कोर्नै पर्‍यो भनेर कलम समातेको छु। अर्ज्याल वंशको विद्वत्परम्परा र कीर्तिका विषयमा सोच्दासोच्दै महाकवि कालिदासको एक श्लोकको सम्झना आयो-क्व सूर्यःप्रभवो वंशक्व चाल्पविषयामतिः। तितीर्षुर्दुस्तरं मोहापुहुपेनाऽस्मि सागरम्"। यसै श्लोकलाई मनन गर्दै श्रीगुरु गोरखनाथ, माता शारदा र आफ्ना पूज्य पूर्वजहरूसँग आशिर्वाद माग्दै लेख्ने जमर्को गर्दैछु।

श्रीद्रव्यशाहलाई गोर्खाधीश वनाउने प्रसिद्ध व्यक्तित्व नारायणदास अर्ज्यालको क्रमवाट जोड्दा यस पङ्क्तिको लेखक तेह्रौं पुस्तामा पर्दछ। आफ्ना पूज्य पूर्वजहरूले लेखेका, सारेका केही ग्रन्थहरू कुल परम्परावाट आउँदै मसँग रहेका थिए, तर हतभाग मैले त्यस्को सम्पूर्ण सुरक्षा गर्न सकिन। मेरा अभिन्न मित्र प्राध्यापक श्रीदिनेशराज पन्तज्यूले २०३८।३९ सालतिर "तपाइँ त इतिहासको विद्यार्थी, गोर्खाली अर्ज्याल ! केही कागतपत्र, लालमोहोर, ग्रन्थहरू होलान् हेर्नोस् न ! भनी अनुरोध गर्दा पाउन सकेको न अल्मिएको जति सार्न दिएँ। उहाँले पनि उचित स्थानमा छापी मलाई ठूलो गुण लगाउनुभएको छ। पूज्य पूर्खा नारायणदास र उनका छोरा धवलुको (उद्धवदासको) लेखोट त के हस्ताक्षर नै पाइँन ! जयभद्र, गिरिधर, भवानीशङ्करको जे-जे पाएँ प्रा. श्री दिनेशराज पन्तले छाप्नुभएको छ। मैले मेरा पिताज्यूका मुखवाट सुनेअनुसार गिरिधर अर्ज्यालको नाती भवानीशङ्करको छोरा श्रीनिवास अर्ज्याल काठमाडौँवाट पुनः श्री ५ रणवहादुर शाहको व्रतवन्धमा गायत्रीगुरु भै गोर्खा जानुभएको

थियो। श्री ५ रणवहादुरलाई गायत्री मन्त्रदान पछि गोर्खामै वसेर दरवारको हेरचाह गर्नू" भन्ने श्री ५ राजेन्द्रलक्ष्मी देवीको आज्ञानुसार सुव्वाको दर्जा पाई गोरखामा नाङ्गलेपानीमा ठूलो घर बनाई बस्नुभयो। वगाले अर्ज्यालहरू जहाँ-जहाँ बस्छन् त्यहाँ कि हनूमान् कि कृष्णको मन्दिर वनाउने परम्परा अनुसार आफ्नो घरै नगीच कृष्णमन्दिर वनाउनुभएको थियो र ९ नौ धार्नीको घण्ट चढाई अभिलेख राख्नुभयो। पहिले चोरिएको सो घण्टा हाल गोरखा पोखरीथोकमा रहेको सैनिक ब्यारेकमा सुरक्षित छ। केही वर्षअगाडि मैले आफैँले हेरेर आएको हुँ। त्यस कृष्णमन्दिरमा राखिएका प्रस्तर मूर्तिहरूमध्ये श्री सूर्यको मूर्ति चोरी हुँदा प्रहरीले समाती जिल्ला प्रशासन कार्यालयमा रहेको थियो। हाल गोरखा दरवार जाने सिंढीकै शुरूमा भएको धारामा राखिएको छ। सुब्वा श्रीनिवास अर्ज्यालले वनाउनुभएको हाल भग्नजीर्ण सो मन्दिरको पर्व पर्वका पूजामा गोरखा दरवारवाट वोका सहितको पूजा सर्जामहरू पठाइन्थ्यो।

प्रातःस्मरणीय पूज्य पिताज्यूको मुखवाट सुनेअनुसार श्रीरणवहादुर शाहको व्रतवन्धका समयमा श्रीनिवास अर्ज्याल १८ वर्षको मात्र हुनुहुन्थ्यो। ८० वर्ष नाङ्लेपानीमा वस्नुभई ९८ वर्षमा उहाँको देहान्त भयो। जङ्गवहादुर राणा महामात्य भएपछि आफ्नो केही जग्गा उहाँले दावी गर्नुभएको र सो जङ्गवहादुर राणाबाट स्वीकृत भएको कागतपत्र पाइएकोले उक्त कुरा पुष्टि हुन्छ। श्री निवास अर्ज्यालका पाँच छोराहरूमध्ये जेठा गोपाल र चारौँ छोरा सुदर्शनको मात्र वंशवृक्ष पाइएको छ। राजगुरु सुव्वा श्रीनिवास अर्ज्यालका सन्तानहरू हाल चावेलमा र मच्छे गाउँमा हुनुहुन्छ भने चारौँ छोरा सुदर्शनका सन्तानहरू हामी गैह्रिधारामा वस्छौँ। सुदर्शनका नाति मुरलीधरका छोरा मेरा पूज्य पितामह श्री द्विजराज अर्ज्याल ज्यादै भद्र, विद्वान् र कवि हुनुहुन्थ्यो। उहाँको भद्रता र नम्र मिजास, मिठो वोली-वचनका वारेमा धेरैसँग सोधपुछ गरी श्रीकमलमणिले बुइँगलमा 'पशुपतिको वन' भन्ने कविता छाप्दा परिचयमा छाप्नुभएको छ। उहाँ स्वर्गद्वारी महाप्रभु र रामकृष्ण परमहंसको मठमा समेत पत्राचार गर्नुहुन्थ्यो। मेरो पिताज्यूको शोभाराम भन्ने वोलाउने नाम पनि उहाँले नै दिनुभएको भन्ने तथ्य पनि मैले पिताज्यूवाटै सुनेको हुँ। मेरा पिताज्यू राजदर्वारमा मुख्य हाकिम, लेखा परीक्षण विभागमा प्रमुख भै ०३१ मा उमेरको कारणले अवकाश प्राप्त गरेपछि २०५१ साल वैशाखमा ब्रह्मलिन हुनुभयो। उहाँसँग सम्पूर्ण वंशको पूरा ज्ञान थियो, तर त्यो मैले पाउन वा लिन सकिन। उहाँले सुब्वा श्रीवीरेन्द्रकेशरी अर्ज्याल, पद्मनाभ केशरी अर्ज्याल जस्ता विद्वान्हरूको सान्निध्यमा हुर्कने मौका पाउनुभएको थियो। मेरा पिताजीको व्रतवन्धको एउटा घटना मैले उहाँवाट नै सुनेको थिएँ। व्रतबन्धको दिन तय भएपछि मेरा पितामहले आफ्नो जेठो छोरा मेरो पिताजी एकराजलाई लिई नरदेवीमा सुब्वा वीरेन्द्रकेशरीको कोठामा (उहाँ

त्यस बखतमा त्यहाँ बस्नुहुन्थ्यो रे) लैजानुभयो र व्रतबन्धको निमन्त्रणा पत्रमा एउटा श्लोक लेखिदिनुहुन अनुरोध गर्नुभयो। उहाँले अर्थात् सुब्बा श्री वीरेन्द्रकेशरीले तुरुन्तै लेखेर दिनुभयो र त्यो श्लोक मेरो पिताजी सधैँ गायत्री जप पछि गुनगुनाउनु हुन्थ्यो, जो मलाई पनि आजसम्म कण्ठै छ–

अरुणावरुणालयभङ्गभङ्गुरापाङ्गम्
त्रैलोक्यं प्रसवित्रीं सावित्रीं वेदमातरं वन्दे !

उहाँको व्रतबन्धको निमन्त्रणामा मेरा पिताजीलाई पनि एकराजकेशरी लेखिएको छ। एउटा चिनोको रूपमा सो निमन्त्रणा-पत्र मेरो घरमै थियो, पछि कता अलमलियो पाउन सकेको छैन। तर आफैले हातमा लिएर तपाइँ कसरी केशरी हुनुभयो ? भनी सोद्धा त्यसबखत वीरेन्द्रकेशरी बाजुले नै लेखिदिएको हुँदा मेरो बुवाले काट्न सक्नुभएन। त्यतैबाट त्यही कागज ठहिटी प्रेसमा दियौँ र सोही बमोजिम छापियो भन्ने जवाफ पाएँ। जयभद्रका छोरा तिलक र तिलकका माहिला छोरा विद्यापतिका सात छोराहरूमध्ये माहिला लक्ष्मीधर र तिन्का पनि माहिला छोरा चक्रपाणी अर्ज्यालका छोराहरू क्रमशः वैयाकरणकेशरी, न्यायकेशरी र दैवज्ञकेशरी पाइन्छन्। विद्वान् चक्रपाणिका सन्तानहरूमध्ये कान्छा छोरा दैवज्ञकेशरीका सन्तानहरूबारे मात्र मलाई सीमित ज्ञान छ। उहाँहरू डिल्लीबजार र विराटनगरमा बस्नुहुन्छ। विज्ञानकेशरीका केही लेखहरू र रचनाको चर्चा पिताजी गरिरहनुहुन्थ्यो। कुनै पनि प्रकाशमा आएको नआएको बारे मलाई जानकारी छैन। श्रीचक्रपाणि अर्ज्यालको **गोरक्षस्तुति** भन्ने सानो छापिएको पुस्तिका मलाई प्रसिद्ध जोतिर्विद मणिप्रसाद तिवारीका पुत्र जोतिर्विद् ब्रह्मचारी, सिद्ध श्रीगोपाल प्रेमले दिनुभएको थियो। भैगो अब अर्के प्रसङ्गतिर जाऊँ ! जयभद्र अर्ज्यालदेखि सबै अर्ज्यालहरू ज्योतिषि थिए र त्यस पुस्तामा अब म एउटा मात्र बाँकी छु भन्दै गोर्खा निवासी श्रीदण्डपाणि अर्ज्याल भन्नुहुन्थ्यो।

धर्मशास्त्र, इतिहास, पुराण, ज्योतिषशास्त्रका अधिकारिक विद्वान् अर्ज्यालहरूले बडामहाराजाधिराज पृथ्वीनारायण शाहको एकीकरण अभियानमा गुप्तचरी गर्दै, मल्लराजकुमारहरूलाई पढाउँदै र शस्त्र चलाउँदै युद्धमा समेत भाग लिएका थिए। सबै षाड्गुण्य प्रयोग गर्दा अर्ज्यालहरूसँग रिसाएका सेन राजाहरूले **अर्ज्याललाई प्रोहित्याइँ नफापोस्** ! भनी श्राप दिएका थिए रे ! रणजीत मल्ललाई पढाएबापत् ठिमीमा धेरै बिर्ता पनि पाएका थिए। आजसम्म भादगाउँल्या बिर्ता भन्दै केशरी अर्ज्यालहरूले भोग चलन गरिनै रहनुभएको छ। यस पङ्क्तिका लेखकको प्रपितामहले भादगाउँल्या बिर्ता बेच्नुभएको कुरा पनि सुनेको हुँ। यस प्रकार शस्त्र, शास्त्र, राजनीति सबैमा निपुण अर्ज्यालहरूले नेपाली साहित्य, भाषा, व्याकरणमा नयाँ देनहरू दिनुको साथै संस्कृत भाषामा

लेखेका काव्य, नाटकहरू प्रकाशित भइरहेका छन् । पण्डित उदयानन्द अर्ज्यालले नेपालीमा रामायण लेख्ने काम भानुभक्तभन्दा धेरै अगाडि गरिसकेका थिए। आज **आदिमहाकवि** उदयानन्द अर्ज्याल नै हुनुपर्छ भनी विद्वान्हरूले आवाज उठाइ रहेका छन्। अर्ज्याल विद्वान्हरूको धेरै ग्रन्थ यत्र तत्र छरिएका छन्। अप्रकाशित छन्। प्रकाशित पनि प्राप्य छैनन्। राजगुरु विद्वद्वर चक्रपाणि विरचित **प्रश्नतत्त्वम् सटीकम् उत्तान गणितं च** भन्ने ग्रन्थ छापिए पनि बाहिर ल्याउन दिइएन। भण्डै असी-नब्बे वर्ष अर्ज्यालहरू दवाइए, यिनलाई अपमानित गरियो।

शाह वंशको राज्यस्थापना गर्ने अर्ज्याल, तिनीहरूलाई शिक्षादीक्षा र संस्कार दिने अर्ज्याल, पशुपतिमा पहिलोपल्ट चाँदीको ढोका चढाउने पनि अर्ज्याल, नेपालीमा महाकाव्य लेख्ने पहिलो प्रतिभा पनि अर्ज्याल, नेपाली व्याकरण सर्वप्रथम बनाई नेपाली भाषा नामाकरण गर्ने विद्वान् पनि अर्ज्याल, जङ्गवहादुरको विरुद्ध राजा राजेन्द्रविक्रम शाहलाई साथ लिई अलौ पर्वमा पक्डाउ पर्ने र मारिने राजभक्त पनि अर्ज्यालहरू नै हुन्। आज अर्ज्यालहरू सबै क्षेत्रमा अगाडि बढ्दैछन्। राजभक्ति र राष्ट्रप्रति समर्पित हाम्रा पुर्खाहरूको समग्र इतिहास लेखिएकै छैन, एकदिन लेखिनेछ ! सबै अर्ज्यालहरूको इतिहास पछि पक्कै लेखिनेछ। त्यही यात्राको थालनी बनेर विद्वान् साहित्यकार विष्णु प्रभातको यो पुस्तक आएको छ।

यसै सन्दर्भमा एउटा कुरा याद आयो– ३८/३९ सालतिर श्रीवनवारीलाल मित्तल, प्रसिद्ध व्यापारी र उद्योगपति, स्वामी डा. प्रपन्नाचार्यलाई लिई मेरो कान्छा पितृव्य पूर्व शिक्षा, परराष्ट्र, स्वास्थ्यमन्त्री, श्रीकृष्णराज अर्ज्यालकहाँ कुनै एक विद्वान् अर्ज्यालका वारेमा सोध्न आउनुभएको रहेछ। उहाँलाई त्यस विषयमा केही ज्ञान नहुँदा नगिचै मकहाँ पठाइदिनुभयो। डा. प्रपन्नाचार्यले मसँग सोद्धा जवाफ थिएन, उहाँले अर्ज्याल भएर आज आफ्नै अर्ज्याल वंशका विद्वान्को वारेमा जान्दैनौ भने नेपालमा विद्यापरम्परा कसरी रहला ? भन्दै हपार्नुभयो ! उहाँ अर्थात् डा. प्रपन्नाचार्यकै भनाइअनुसार एक विद्वान् अर्ज्यालले स्व. महोपाध्याय पं. शेषराज रेग्मीलाई पढाउनुभएको रहेछ र मेरो आदरणीय प्रातःस्मरणीय पूज्यगुरु श्रीशेषराज रेग्मीले आफ्नो अर्ज्याल गुरूप्रति श्रद्धा दर्शाउँदै एक श्लोक मङ्गलाचरणमा लेख्नुभएको र श्रीगुरु शेषराज रेग्मीले प्रसङ्गवश सो कुरा डा. साहेवसँग गर्नु हुँदा जिज्ञाषु शोधार्थी स्वामीमा उत्साह वढी हाल्यो। विद्वान् अर्ज्यालहरूका वारेमा सोध्न थाल्नुभयो। त्यसै सन्दर्भमा मेरो उहाँसँग पहिलो भेट भएको हो। यस लेखकले केही समयमात्र भए पनि श्रीशेषराज रेग्मीसँग पढ्ने मौका पाएको हो तर मलाई माथिका कुनै कुरा थाहा थिएन। सोध खोज गर्दै जाँदा पं. प्राध्यापक श्रीविष्णुराज आत्रेयका

भाइ श्रीकेशवराज अर्ज्यालले उहाँबारे मलाई केही जानकारी दिनुभयो त्यही मैले मेरा कान्छा बुवालाई सुनाएँ अरू थाहा भएन।

यस्तै हुन्छ, के लेख्न शुरू गरेको के लेखियो कहाँ पुगियो अत्तो पत्तो नै हरायो– श्रीचिरञ्जीवी भाइ विष्णु प्रभातलाई हजारौँ आशिर्वादसहित यस प्रकाशनको लागि हृदयैदेखिको साधुवाद अर्पण गर्दछु। भगवान् श्री गुरु गोरखनाथको कृपाले यसको अर्को संस्करण आवोस् म पनि फुर्सदमा भएसम्मका सामग्रीहरू पल्टाइ परीक्षण गरी दुई शब्दको ठाउँमा चार शब्द लेख्न पाऊँ। प्रभातजीले यस पुस्तकमा अत्यन्तै परिश्रमपूर्वक अर्ज्याल विद्वान्हरूका बारेमा सूचनाहरू एकत्रित गर्नुभएको छ। यो शुरू हो अन्त होइन सम्पूर्ण अर्ज्यालहरूले यसमा छुटेका अथवा तथ्यहरूमा गल्ती भएका रहेछन् भने त्यसलाई औँल्याइदिनु पर्दछ। त्यसो भएको खण्डमा यसले अझै परिष्कृत बन्ने मौका पाउँछ र यो ग्रन्थ अर्ज्यालहरूको इतिहासमा भविष्यका लागि एक कोशेढुङ्गो सावित हुनेछ। मलाई लाग्छ, त्यसो गर्न सकियो भने यो कृति नेपालको बौद्धिक परम्परा र शैक्षिक इतिहासमा पनि महत्त्वपूर्ण ग्रन्थ हुन पुग्नेछ। यसका लागि सबै माध्यन्दीनीय शाखा शुक्ल यजुर्वेदाध्यायी आत्रेय गोत्रीय आत्रेय अर्चनानस स्यावाश्व प्रवर भएका सबैले एउटै मन्त्र मनन गर्दै प्रयत्न गरौं– संगच्छध्वं संवद्यध्वं ... सहवीर्यंकरवाभेह ! अस्तु।

२०६०, लक्ष्मीपूजा

गैरीधारा, काठमाडौँ

एक कथन

✍ रामजीप्रसाद अर्ज्याल

अर्ज्याल खलकका हामी नेपाली हौँ । गुल्मी जिल्लाको 'अर्जयी' नामको गाउँबाट फैलिएका हुनाले हाम्रो थर अर्ज्याल हुन आएको हो । त्यसैले 'अर्याल' होइन हाम्रो पारिवारिक नाम 'अर्ज्याल' नै हो । हाम्रो जनजिभ्रोले पौडयाललाई पौडेल, सिग्द्याललाई सिग्देल भने जस्तै अर्ज्याललाई पनि अर्जेल भन्ने गरिएको मात्र जस्तो लाग्दछ ।

श्रीपरब्रह्मपरमात्माबाट ब्रह्मा-विष्णु-महेश्वरको प्रादुर्भाव भएपछि र ब्रह्माजीबाट अत्रि ऋषि उत्पन्न भए । अत्रि ऋषिकी पत्नी अनुसूयाका सन्तान आत्रेय हुन् । आत्रेय ऋषिका वंशज भएका हुनाले हाम्रो आत्रेय गोत्र हुँदै आएको हो । आत्रेय वंश परम्परामा अर्चनानस र यिनका छोरा श्यावाश्व ऋग्वेदका कतिपय सूक्तको मन्त्रद्रष्टा ऋषि भएछन् । त्यसैले वंश प्रवर्तक आत्रेय ऋषि र वेदका मन्त्रद्रष्टा अर्चनानस एवं श्यावाश्व ऋषि-व्यक्तित्वहरू गरी आत्रेय, अर्चनानस, श्यावाश्व हाम्रा त्रिप्रवर भएका हुन् । शुक्ल यजुर्वेदका दुई शाखामध्ये माध्यन्दनीय-शाखा हामी अर्ज्यालहरूको साझा वेद हो । हाम्रो देवालीमा कुलदेवताका रूपमा देवी र वराहको पूजा गर्ने प्रचलन छ ।

यस पूजा परम्पराको इतिहास खोतल्दा राजस्थान (भारत)को जोधपुर क्षेत्रका भट्ट ब्राह्मण राजाहरू वराह पूजक हुनुका साथै वराह मूर्ति टक मारिएको सिक्काको जमाना (वि.सं. ८००) तिर पुगिन्छ । भारतका सम्राट हर्षवर्द्धन (वि.सं. ६६३-७०३) को शासनकालदेखि सवुक्तगीनको भारत प्रवेश (वि.सं. १०५० तिर) सम्मको कुनै वखतमा यी भट्ट ब्राह्मणहरूका निकै पुस्ताले त्यस क्षेत्रमा शासन गरेको पाइन्छ । अनि वि.सं. ११०० तिर 'धारानगरी र अवन्तिका (उज्जैन)' आफ्नो वासस्थानबाट मुसल्मानी (वि.सं. १०५८ देखि १०८४ अवधिमा १७ पटक मुहम्मद गजनवीको) हमलाले गर्दा टिक्न नसकी उत्तरतिर लागेर कान्यकुब्ज (लखनौ र मथुरा वीच, हालको कन्नौज) हुँदै पश्चिमी हिमालयको श्रीनगर पुगेका कुशवन्दा भट्ट (उदय भट्ट) यिनै भट्ट राजाहरूका खलक थिए ।

यिनै कुशवन्दा या उदय भट्टका वंशको (क) चौथो पुस्ताका देवदत्तको दुई श्रीमतीमध्ये जेठीपट्टि पोखऱ्याल र कान्छीपट्टि पौडयाल थरका सन्तान भए (ख) सातौं पुस्ताका श्रीवत्सराज जुम्ला आइपुगेका र तिनका सन्तानहरू सिग्द्याल, पौडयाल, समाल ठकुरी र कालू थापा (बगाल्या) भएका तथा कालू थापाको समय वि.सं. १२४६ भएको, (ग) तेह्रौं पुस्ताका चावा (च्यवनराज) भट्ट गुल्मी आइपुगेका र ईश्माका राजा भएका तथा यिनका दुई भार्यामध्ये जेठी

अर्जयी गाउँमा बसेकीले यिनका सन्तान अर्ज्याल तथा कान्छी पौडी गाउँमा वसेकीले यिनका सन्तान पौडयाल भएका एवं यी चावा राजाका छोरा नारसिंह, नाति विष्णुदास र पनाति प्रभाकर (पद्माकर) चार पुस्ता ईश्माका राजा भएका, अनि प्रभाकरले गुल्मीका राजकुमार (ठकुरी) ल्याई राजा गराएर आफू गुरु भएर बसेका, (घ) सत्रौं पुस्तामा प्रभाकरका तीन छोरामध्ये जेठा श्रीपतिले अमरभूमि नामक गाउँ बसाले। (ङ) श्रीपतिका छोरा नारायणदास हुन्। यिनैको परिश्रम र जुक्तिवुद्धिले श्री ५ द्रव्यशाहलाई गोरखाको राजा बनाएपछि नै शाहवंशको उदय भएको कुरा इतिहासले बताएको छ।

यी नारायणदास अर्ज्यालका ६ ओटा छोरामध्ये जेठा उद्धवदास (धवलू)का सन्तान बगाले अर्ज्याल मानिन्छन्। यिनबाट १५ पुस्ता तलसम्म फैलिएका छन्। त्यस्तै साहिंला विष्णुदास (कालू)का सन्तान विहारे अर्ज्याल भनिन्छन्। यिनवाट पनि १४ पुस्ता तलसम्म फैलिएका र कान्छा गदाधरका सन्तान (बीचका केही छुटेर) पनि १० पुस्ता तलसम्म फैलिएका छन्। बाँकी माहिला सूर्यदास, काहिँला जयाकर, ठाहिँला सावनाकर (श्रवणाकर)का सन्तानको विवरण केही पनि पाइएको छैन। यस प्रकार मर्भुङे, बगाले, बिहारे र यिनमा नजोडिएका वौद्धाली, मकवानपुरे, स्याङ्जाली, धादिङ्गे र अन्य धेरै हाम्रा अर्ज्याल भाइहरू नेपाल अधिराज्यभर फैलिएर हाल रहेका छन्। तिनको लेखाजोखा गर्न सकिएको छैन।

बगाले र विहारे अर्ज्याल के हुन्? अर्ज्याल थर कसरी सिर्जना भयो? गोत्र र प्रवर भनेको के हो? जस्ता आफ्नो खलकको अनेक वेलीविस्तार जान्ने इच्छा पैदा हुनु नराम्रो कुरा होइन जस्तो लाग्यो र अर्ज्याल वंशको नालीवेली खोज्ने प्रयास मैले पनि कुनै वेला गरेँ। फलस्वरूप मेरो दिमागमा भरिएको इतिहास करीव ९५० वर्ष र अझ अघि पौराणिक कालसम्म पनि पुगेछ। त्यसको मोटामोटी खाका मैले आफ्नो पुस्तक **नेपालको इतिहास र अर्ज्याल परिवार**मा दिएको छु। त्यो पुस्तक लेख्ने काम पूरा गर्ने अठोट लिएर काम गर्दै जाँदा कतिपय साथीभाइले 'तँ ता विल्कूलै साम्प्रदायिक भएर समाजमा होहल्ला मच्चाउन थालिछस्' भनेर हतोत्साही पनि गराए। आफ्नो दिमागमा त्यस्तो दुराग्रह नभएर देशकै इतिहासमा उज्वल प्रकाश दिने लक्ष्य थियो। परन्तु काम भने एक्लै दुक्लैले गरेर सिध्याउन सकिने होइनछ, जिन्दगीभर गर्दा पनि अधूरै रहने ठहऱ्याएँ र यथाशक्य पुस्तक छपाएँ। अपुग कुरा खोतल्न कोही न कोही भाइभतिजा अवश्य यसमा लाग्नेछन्, यो कामलाई कैय्यन पुस्ताले परिश्रम गर्ने छन् भन्ने ठानेर भविष्यको जिम्मामा छोडेको थिएँ। आज मेरो पुस्तक प्रकाशित भएको तेह्र वर्षपछि हाम्रै अर्ज्याल खलकका श्रीविष्णु प्रभातजीले **अर्ज्यालवंशीय विद्वत्परम्परा** शीर्षकको कृति लिई अघि सर्नुभएको पाउँदा साह्रै नै खुशीले

गद्गद् भएको छु। अर्ज्यालवंशीय विद्वत्परम्परामा लेखकले नेपाली वाङ्मयमा पाइएका लिपिकर विद्वान्, संस्कृत तथा नेपाली भाषाका सिर्जनशील व्यक्तित्व र अन्य भाषाका अर्ज्याल स्रष्टाहरूको सम्बन्धमा शोधखोज गरी कतिपय नयाँ तथ्यसमेत अगाडि ल्याउनुभएको छ। नेपाल अधिराज्यमा पत्रकारिता, विज्ञान तथा प्रविधि, प्रशासनिक, सैनिक र न्याय जस्ता क्षेत्रहरूमा अगाडि आएका अर्ज्याल व्यक्तित्वहरूको समेत परिचय दिने लेखकको प्रयास प्रशंसनीय छ। शक्तिवल्लभ, उदयानन्द, वीरेन्द्रकेशरी, रश्मिराज, श्यामजीप्रसाद, यज्ञराज, (संगीत शिरोमणि), भैरव अर्ज्याल, इन्द्रनाथ जस्ता विशिष्ट प्रतिभाहरूका बारेमा मात्र हैन कैयन् नयाँ-नयाँ प्रतिभाहरूको बारेमा समेत तथ्यपूर्ण एवं रोचक जानकारी दिनुभएको छ। जसले गर्दा प्रस्तुत पुस्तक पछि आउने पुस्ताको लागि स्रोत सामग्री बन्न पुगेको छ। त्यति भएर पनि यस पुस्तकलाई बिल्कुलै परिपूर्ण भन्ने भावना कसैमा नआओस्। भविष्यका भाइ-छोराहरूलाई प्रेरणाको श्रोत बनेर नाति-पनातिलाई पनि थप अनुसन्धान र खोजबिन गर्न घचघच्याओस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

२०६० जनै पूर्णिमा ज्ञानेश्वर, काठमाडौं

लेखकीय

अर्याल सेवा समाजद्वारा प्रकाशित स्मारिका **असेस-२०५९** का निमित्त एउटा लेख लेख्न भनी शुरू गरेको यो रचनाले पुस्तकको रूप लिन पुग्नुमा अग्रज प्रतिभाहरूको रोचक एवं महनीय सिर्जनाको विराटता नै कारक रहेको छ। जति पढ्दै-खोज्दै गयो उति नै वृहद् आयाम र विशेषता फेला पर्नु र अगुवा अन्वेषक एवं समकालीन विद्वान्हरूद्वारा तिनीहरूका बारेमा भनिएका कुराहरूसँग ठहर गरिएका निष्कर्षहरूले **अर्ज्यालवंशीय विद्वत्परम्परा**को अनौठो सार र रूप देखाउने काम गऱ्यो। यस पुस्तकको रेखाङ्कन एवं लेखनका क्रममा इतिहासकार जगदीशचन्द्र रेग्मीले लेखेको **अर्ज्यालवंशको विद्वत्परम्परा** र शरदचन्द्र शर्मा भट्टराईको लेख **नेपाली साहित्यिमा लामिछाने बन्धुको योगदान** जस्ता रचनाले पनि मलाई यो पुस्तक लेख्ने काम अनुचित नहोला भन्ने लाग्यो र अनुसन्धानको यस तरिकालाई अँगाल्न लगायो। फलस्वरूप सूचनात्मक सङ्कलनकै आकृतिमा भए पनि कालक्रमिक, प्रवृत्तिगत र महत्ताको विवेचना विना नै यो पुस्तक तयार हुन पुग्यो।

यस पुस्तकमा कतिपय प्रतिभाहरूको प्रसङ्गमा अनिर्णित अभिव्यक्ति सामेल गरिएको छ र कतिको बारेमा ठोस यकीन गरिएको पनि छ। नाम वा कृतिको समरूपले पनि केही प्रतिभाहरूका बारेमा तथ्यपरक टुङ्गोभन्दा भावनात्मक पक्षले काम गरेको देखिन पनि सक्छ, तर इतिहासका तथ्यहरूमा दया-मायाको अनुरागभन्दा सत्यको अन्वेषण नै सबैका लागि स्वीकार्य हुने हुँदा त्यसरी भूल हुन गएका कुराहरू औँल्याएर सहयोग पुऱ्याउन सबै विद्वान्-विदुषी, बन्धु-बान्धवहरूलाई अनुरोध गर्न चाहन्छु। यसप्रकारको शोधखोज कार्यमा जति समय, साधन र संश्लेषण चाहिने हो, त्यो उपलब्ध नहुँदा पनि कतिपय कमी रहन गएका छन्। व्यक्तित्वहरूकै विवेचन पनि छुटेका छन्। ती सबैलाई पछिल्ला संस्करणमा सच्याउने, बटुल्ने र समावेश गर्ने सङ्कल्प गर्दै अहिले जे जति समेट्न सकियो त्यसैलाई **हुँदै नहुनुभन्दा केही हुनु बेश** भन्ने भावनाका साथ सार्वजनिक गरिएको छ।

पुस्तकको मस्यौदा तयार भएपछि अग्रज विद्वान्हरू-इतिहासकार प्राज्ञ ज्ञानमणि नेपाल, प्राध्यापक दिनेशराज पन्त, पूर्व शिक्षामन्त्री कृष्णराज अर्ज्याल, प्रा.डा. मुकुन्दराज अर्ज्याल, प्रा.डा. विष्णुराज आत्रेय, इतिहासकार रामजीप्रसाद अर्ज्यालज्यूहरूले सरसर्ती हेर्नुभई आफ्ना मन्तव्यसहित दिनुभएका कतिपय सल्लाहअनुरूप केही थपघट-परिष्कार गरेर नै यो अहिले तपाईंको हातमा आइपुगेको छ। यस निमित्त म उहाँहरू सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दछु। पुस्तक लेखनका क्रममा आवश्यक स्रोत-सामग्री पढ्न दिएर सहयोग पुऱ्याउने नेपाल राष्ट्रिय पुस्तकालय, राष्ट्रिय अभिलेखालय, त्रिवि केन्द्रीय पुस्तकालय, मसंवि वाल्मीकि पुस्तकालय, मदन पुरस्कार पुस्तकालयलगायत नीजि सङ्ग्रहकर्ताहरू र तस्वीर संयोजनमा सहयोग पुऱ्याउनुहुने रामेश्वर अर्ज्याल (गङ्गाहिटी) तथा समग्र अर्ज्याल बन्धुवान्धव एवं परिवारप्रति पनि आभार व्यक्त गर्दछु।

अन्त्यमा पुस्तक प्रकाशनको भारवहन गर्ने **अर्याल सेवा समाजलाई** हार्दिक धन्यवाद।

२०६० मंसीर

विष्णु प्रभात
मखमलीगल्ली-१०८
पुतलीसडक, काठमाडौँ

अर्ज्यालवंशीय विद्वत्परम्परा

१. विषय–प्रवेश

नेपाली वाङ्मयको विकासमा अर्ज्यालवन्धुहरूको योगदान महत्त्वपूर्ण छ। प्राप्त तथ्यहरूका आलोकमा ऐतिहासिक प्रतिभाहरूदेखि वर्तमानसम्मको सामान्य परिचयमा यो रचना सीमावद्ध छ। वास्तवमा नेपाल राष्ट्र र नेपाली भावनाको निर्माण तथा विकासमा अर्ज्याल वंशको त्यागपूर्ण योगदान, निष्ठापूर्ण सोच र समयसापेक्ष सिर्जनशीलताले ज्यादै नै महत्त्वपूर्ण स्थान राखेको कुरा इतिहासकारहरूले उल्लेख गरेका छन्। उनीहरूका अनुसार आफ्नो उदारता र समतामुखी सोचलाई, लोकतान्त्रिक व्यवहार र नीतिगत थितिहरूलाई सङ्कीर्णताको घेरा बाहिर राखेर विशालहृदयले इमान्दारी पूर्वक काम गर्ने अर्ज्यालहरू पहिलेदेखि नै समाजव्यवस्था सञ्चालनमा, शिक्षा-संस्कृतिको विकासमा र वीरत्त्वको बखान एवं प्रतिभाहरूको कदर गर्नमा निपूण छन्। अर्ज्यालहरूले नेपालको विशाल अस्तित्वका निम्ति कलम र वन्दुक सँगसँगै चलाइआएका छन्। शाहवंशलाई स्थापित गर्न, उनीहरूलाई शिक्षादीक्षा, राजनीति, आर्थिक व्यवस्था तथा कूटनीतिक ज्ञान दिने काममा शुरूमा मूलतः अर्ज्यालहरूकै अधिक देन छ। नेपालको वर्तमान अस्तित्व जो छ त्यसको निर्धारणमा शुरुदेखि **अर्ज्यालवंश** सहभागी छ। पृथ्वीनारायणको शिक्षादीक्षा, सोचविचार, शौर्यसामर्थ्य र शक्ति विन्यासका प्रमुखहस्ती अर्ज्यालहरू नै थिए। देशभक्तिको भावनाले बेलायती साम्राज्यका विपक्षमा हाम्रो राष्ट्रलाई उभिन हौस्याउने उनीहरू नै थिए। यही विशेषताले गर्दा गोरखा दरबारदेखि वसन्तपुर दरवारको विजययात्रामा, युद्ध र कूटनीतिक परिपञ्चमा, वर्तमान नेपालको विकासमा अर्ज्यालवन्धुहरूको योगदान अविस्मरणीय रहेको हो। नेपाली भावनाको वीजारोपणपछि त्यसै अनुरूपका साहित्य, कला, सङ्गीत र शिक्षाको सुप्रवन्धका निम्ति, नेपाली वाङ्मयका विभिन्न विधाहरूको विकास, विस्तार, विन्यास र विशिष्टताका निम्ति अर्ज्यालवंशका अनेकौं स्रष्टा-द्रष्टाहरू समर्पित भई आएका छन्। **इस्माली राजघराना**को निर्माण पूर्व पनि उनीहरूको प्राचीनतम वंशलहरा भट्टहरूसँग जोडिनु र भट्टहरूको पुर्ख्यौलीमा विद्वता र प्रशासनको समुच्चय वनेका राजा मिहिरभोजको सम्वन्ध रहनु जस्ता कुराहरूले पनि शायद अर्ज्यालहरूमा यस प्रकारको आदर्श स्थापित हुन पुगेको हुनुपर्दछ। तर पनि जातीय दम्भको मार्गमा जानु अनुचित नै हुन्छ भन्ने सोच हाम्रो आदर्श हो र अन्तरजातीय सम्मिलनलाई अँगाल्नु अर्ज्याल वंशीय परम्परा वनेको तथ्य

हामीले हरपल सम्झनु पर्दछ।

नेपाली-वाङ्मय भन्नाले नेपाली भाषाको साहित्यलाई मात्रै बुझ्ने साँगुरो सोच अहिले अनुपयुक्त भइसकेको छ। नेपालीय-संस्कृतले पनि हाम्रो साहित्यमा एउटा बृहद् र छुट्टै आकार निर्माण गरेको छ। लौकिकऽअलौकिक धारामा त्यसले विज्ञान र अज्ञान दुवैलाई समेटेको छ। अन्धविश्वास र अविश्वासका द्वन्द्वमा आस्था र निष्ठा, अतर्क्य र तार्किकताको द्वन्दात्मक पक्षवीच ज्ञान लहराएको छ। नेपालीय-मैथिली, नेपालीय-नेवारी, नेपालीय-मगरी, नेपालीय-भोजपुरी, नेपालीय-तामाङ्गी, नेपालीय लिम्बू, नेपालीय-अङ्ग्रेजी जस्ता पृथक बान्कीमा हाम्रो नेपाली-साहित्य फस्टाएको छ। जब हामी वाङ्मयको कुरा गर्छौं, त्यसको परिधि झन् व्यापक हुन्छ। सामाजिक चेतनाका बहुरूपी अभिव्यक्तिवीच त्यो झाङ्गिएको छ। दर्शनको विराट ज्ञानद्वन्दले मात्र हैन, साहित्यका अनेकौं विधाहरू, कलाका सिपहरू, सङ्गीतका धूनहरू र नृत्यकारिता एवं अभिनयमा पनि नेपाली वाङ्मय फैलिएको छ। शिक्षाशास्त्र, वास्तुकला, प्रविधि-विज्ञान, अर्थशास्त्र, अनुवाद-साहित्य र समाजशास्त्रको सङ्गमस्थल वाङ्मय बन्न पुग्छ। रोचक-रसिकता, घोचकव्यङ्ग्य, विवेचक टिप्पणी र अन्वेषक शोधकार्यमा हाम्रो वाङ्मयका अनेकौं शाखाहरू फैलिएका छन्। तिनीहरूमा अर्ज्यालबन्धुहरूले पनि सामयिक सिर्जना गर्दै आएका छन्। सूचनाको संसारमा भनौं अथवा पत्रकारितामा पनि उनीहरूले यथासम्भव पाइला बढाएकै देखिन्छ। सैनिक-विज्ञान, उड्डयन, प्रशासन र परराष्ट्र सम्बन्धमा कलम चलाएको भेटिन्छ। **आदिमहाकवि** उदयानन्दको यथोचित मुल्याङ्कन गर्ने हो भने, **सङ्गीत शिरोमणि** यज्ञराज अर्ज्याललाई नभुल्ने हो भने र **हास्यव्यङ्ग्यका प्रथम प्रयोक्ता** शक्तिवल्लभलाई संझने हो भने, अथवा **नेपाली व्याकरणका आदिपुरुष** वीरेन्द्रकेशरी अर्ज्याललाई नभुल्ने हो भने, **कूटनीतिज्ञ** देवेन्द्रराज अर्ज्याल, **शिक्षाविद्** कृष्णराज अर्ज्याल र **गणितज्ञ** इन्द्रनाथ अर्ज्यालको यथोचित मुल्याङ्कन गर्ने हो भने **न्यायमूर्ति** त्रैलोक्यराज, मोहनप्रसाद अर्ज्याल, लक्ष्मणप्रसाद अर्ज्याल वा **रथी** दुर्गानाथ अर्ज्यालको देन संझने हो भने **वंशगौरव-गायक** रामजीप्रसाद अर्ज्याल, दण्डपाणि अर्ज्याल हुन् वा **संस्कृतिविद्** डा. मुकुन्दराज अर्ज्यालहरू सवैले नेपालका निम्ति पसिना वगाएका छन्। नेपाली वाङ्मयको श्रीवृद्धिमा आआफ्नो ठाउँबाट पाखुरा चलाएका छन्। धर्मको मर्म निफन्दै कल्याणकारी कर्म गर्ने राधावल्लभ हुन् वा लाटोसाथी, नारायण अर्ज्याल हुन् वा दिनबन्धु अर्ज्याल भैरव अर्ज्याल हुन् वा श्यामजीप्रसाद प्रत्येकले ज्ञानको गच्छेअनुसार निष्ठावान् भएर देशसेवामा, समाजसेवामा, साहित्य सेवामा आफ्नो सिप प्रदर्शन गरेका छन्। यिनीहरूबाट नेपाली वाङ्मयले प्राप्त गरेका निधिहरू ऐतिहासिक कृतिका रूपमा रहेका छन्। राज्यले व्यक्तिको वृत्ति

विकासमा जति ध्यान दिनुपर्ने हो, त्यति नदिएका वेलामा पनि पहिले म नभनी कर्म गर्ने असल परम्पराको सम्वाहक **अर्ज्याल वंश** हो। यस वंशले नेपालको इतिहासमा खेलेको भूमिकालाई लिपिवद्ध गर्ने रामजीप्रसाद अर्ज्यालको पुस्तक **नेपालको इतिहास र अर्ज्याल परिवार**का आधारमा मात्रै होइन, योगी नरहरीनाथदेखि नयराज पन्त, बाबुराम आचार्य, ज्ञानमणि नेपाल, दिनेशराज पन्त, महेशराज पन्त, मोहन खनाल, धनवज्र वज्राचार्य, विष्णुराज आत्रेय, ईश्वर बराल, जगदीशचन्द्र रेग्मी आदि अनेकौं विश्लेषकहरूद्वारा अघि सारिएका तथ्यहरूले समेत यस सत्यलाई सार्वजनिक गरेको छ। (हेर्नुहोस्– अनुसूची-चार) इतिहासका तिनै रोचक एवं गौरवशाली योगदानलाई अर्ज्यालहरूको विद्वत् परम्पराका सन्दर्भमा सरसर्ती नियाल्दाखेरी प्रस्तुत रचना तयार हुन पुगेको हो ! त्यसो हुँदा यसमा विस्तृत शोधकार्य भएको छैन। त्यसका निम्ति समस्त अर्ज्यालवन्धुहरूको सहयोग, सल्लाह, सुझाव र सूचनाको आशा राख्दछु र संक्षेपमा अर्ज्याल वंशको प्रारम्भ, विद्वत् परम्पराका मुख्य प्रतिभाहरू र विषयगत क्षेत्रका योगदान जस्ता विषयमा आवद्ध भएर संक्षिप्त चर्चा गर्न चाहन्छु।

२. अर्ज्यालबन्धुहरूको फेंद खोतल्दा

ईस्मा राज्य नेपाल एकीकरणपूर्वको चौवीसी राज्य हो। ईस्मा राज्यमा ठकुरीहरूको प्रवेश नहुँदै भट्ट पदधारी अर्ज्याल ब्राह्मणहरूले राज्यसञ्चालनको काम गरी आएका थिए।[1] त्यसैले **इस्माली राजघराना** आत्रेयगोत्री अर्ज्यालहरूको वंश हो। अर्ज्याल, अर्जेल, अर्याल एउटै थर हो। यिनीहरू ऐतिहासिक राजा मिहिरभोजको वंश परम्पराका भट्ट ब्राह्मण हुन् र भारतमा मुस्लिम आक्रमण हुँदा मध्यप्रदेश स्थित कन्नौजको जोधपुर–मालवगढवाट वसाइ सरेर गढवाल हुँदै नेपालको डोटी आइपुगेका थिए। अहिलेसम्म प्राप्त जानकारी अनुसार **उदयभट्ट** नै नेपालका आत्रेयगोत्रीहरूका मूल पुरुष हुन्। भट्ट विद्वताको परिचय दिने प्राचीन पद्वी थियो। पछि राजाहरूलाई पनि 'भट्टारक' भन्न थालियो। अहिले भट्ट थर भएका मानिसहरू सवै आत्रेय गोत्री छैनन्। आत्रेय कुनै एक व्यक्तिको नाम होइन भन्नेहरू पनि छन्।[२] उनलाई अत्रि र अनसूयाको एकमात्र सन्तानका रूपमा स्वीकार्नेहरू पनि छन्।[३] अत्रि र आत्रेयलाई एउटै गोत्र मानेर

---

१. राजाराम सुवेदी गुल्मीको ऐतिहासिक झलक (गुल्मीः किरण पुस्तकालय, २०५५), पृष्ठ २८ र ६६
२. राणाप्रसाद शर्मा, पौराणिक कोश, (हिन्दी संस्करण–१९८६, वाराणाशीःज्ञानण्डल लिमिटेड) पृ. ४४ र २१४
३. डा. विष्णुराज आत्रेय, **अर्ज्याल वंशावली र कुलवृत्त** (वाराणशी : अलका प्रकाशन–२०४२) पृ. ३२

हेर्ने र पृथक मानेर विहेवारी गर्नेहरू पनि छन्। आत्रेयको परिचय दिंदा अत्रिपुत्र पुनर्वसु नै आत्रेय हुन् र उनले जनकल्याणमा आफूलाई लगाएको हुँदा त्रिदेवले पूजनीय वन्ने वरदान दिएपछि दत्तात्रय भनिएका हुन् भन्ने कुरा पनि पाइन्छ। दत्तात्रयोपनिषद्मा आत्रेयलाई कल्याण, सत्य र सिर्जनाका पुजारी वताइएको छ र उनैलाई स्वस्ति, समृद्धि र भद्रताका जनक मानिएको छ।[४] 'खराव आचरणले नै मानिसलाई दु:ख दिन्छ' भन्ने आत्रेयलाई नेपाली शब्दकोषमा भने अत्रिका छोरा दत्तात्रय भनिएको छ।[५] ऋग्वेदको पाँचौ मण्डलका सूक्तहरूको रचना गर्ने ऋषि पनि मानिएको छ। उनी आयुर्वेद र नीतिशास्त्रका जन्मदाता घुमन्तु विद्वान् थिए।[६] उनले नै स्थापत्य कलाको पनि आविस्कार गरेका थिए।[७] नेपालका अर्ज्याल, सिग्देल र पौडचालहरू आत्रेयका सन्तान हुन्। यिनीहरूको गोत्र आत्रेयकै नाममा चलेको छ।

आत्रेयी-ज्ञानका तीन मुख्य आयामहरू छन्– आयुर्विज्ञान, आचार-संहिता र निर्माण-कर्म। यसलाई चिकित्सा, नीतिशास्त्र र वास्तुकलाको अर्थमा लिइँदै आएको पाइन्छ। मानव ज्ञानको वैदिक परम्परा यिनै तीन आयामहरूमा रहेको छ र यसैमा खडा भएर नवीन खोजतर्फ अग्रसर रहनु शुक्लयजुर्वेदको माध्यन्दिन शाखाको पनि वैशिष्ट्य मानिन्छ। आधुनिक शिक्षाका आधारहरू– व्याकरण, भाषा, संस्कार र योगाभ्यास यही शाखामा पर्दछन्। कर्मकाण्ड तत्कालीन प्रविधि वनेर पनि देखापर्छ। आत्रेयहरूको कुलविद्या ज्ञानको सामयिक परिशोधनमा अडिएको छ। आफ्नो वंशलाई 'समाज उद्धारक' ठान्ने जोधपुरीया भट्टहरूले वाराह पुराणको मीथकीय पात्र 'वराह'लाई 'पृथ्वीको उद्धारक ठानेर' आफ्नो कुलदेवता मानेका थिए। त्यही परम्पराको प्रभाव लिएर नेपाल आएका भट्टहरूले यहाँको प्रकृतिपुजक परिवेशमा अन्य जातिका तान्त्रिक परम्परालाई समेत स्वीकारेर अघि वढे। किराँतहरूको वराह पूजा (खिमाङ्)मा 'वुचा' चढाउनु अनिवार्य मानिन्छ।[८] शाह राजाहरू पनि गोर्खामा 'मौला पूजा' गर्दा सुँगुर वलिदिने गर्दछन्।[९] यद्यपि कुलपूजाको यो चलन मानव समाजमा

---

४. विश्वनाथप्रसाद वर्मा, वैदिक राजनीति शास्त्र (मध्यप्रदेश : विहार ग्रन्थ एकेडेमी, भारत– प्रथम संस्करण, ई. १९७५)

५. वालकृष्ण पोखरेल समेत, नेपाली वृहद शब्दकोश (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान– २०४०) पृ. १०८

६. डा. विष्णुराज आत्रेय पूर्ववत्– पृ. ३२

७. राणाप्रसाद शर्मा, पौराणिक कोश, पूर्ववत्, पृ. ३९

८. आनन्दसंतोषी राई 'हाम्रो आफ्नै दशैं' नेपाल (संपादक : तीर्थ कोइराला, वर्ष ३ अंक ५, असोज २०५९), पृ. ४६

९. दिनेशराज पन्त, गोर्खाको इतिहास (दोस्रो भाग), (काठमाडौं : स्वयं-२०४३), पृ. ४६२

विश्वव्यापी वनेको पितृपूजासंस्कारकै एउटा रूप मात्र हो। अर्ज्यालहरूमा पनि पितृपूजाको परम्परा संस्कारगत देखिन्छ। राजा प्रभाकर भट्ट (अर्ज्याल)ले राजकाज त्यागेर ज्ञान-ध्यानमा लागेपछि अर्थात् अर्जीमा तप गर्न थाले पछि नै नयाँ ढङ्गले सात्त्विकसंस्कार बढ्न गयो। परम्परागत मांशाहारी संस्कारलाई समन्वय गर्दै कूलपूजामा खीरऽमासुको समन्वय शुरू गरियो। अहिलेका अर्ज्यालहरू सबै नै उनका सन्तान हुन्। त्यसवेलाको ज्ञानपरम्परामा सर्वथा नयाँ र प्रगतिशील सोच अघि सारेर उनका जेठा छोरा श्रीपति भट्ट (द्वितीय)ले कतिपय महत्त्वपूर्ण ग्रन्थ लेखे जसको यथोचित खोजविन भएको छैन। उनैको समयमा घरवाहिरका पूजास्थलमा पनि मौलो गाड्ने र पाञ्चायन पुज्ने परम्परामा 'देवी-माता' थपिएकी थिइन्। शक्तिपूजाको संस्कार भए पनि यो कदम श्रीपतिद्वारा स्थापित भयो र यहींदेखि अर्ज्याल थरले शक्तिको उपासना गर्ने नयाँ परम्परा थालनी गऱ्यो। शुरूमा भट्ट पद्वीधारी यसै व्राह्मण राजघरानावाट आफ्नो आर्यविद्वताको वैदिक चलनलाई स्मरण गर्दै आर्यालय अर्थात् आर्यग्रामको अर्थमा **स्थाननाम थर** शुरू भएको थियो। 'अर्जेइ' त्यसकै अपभ्रंश रूप थियो। आर्य + आलयको सङ्गम आर्यालयको आधारमा रहेको छ। शुक्लयजुर्वेदको माध्यन्दिन शाखीय हुनाले 'य'लाई 'ज्य' भनी उच्चारण गरिने परम्परा अनुसार धेरै लामो समयसम्म 'बूढो जे' भन्दै 'य' अक्षर पढिने गरेको तथ्य हामी धेरैलाई थाहा छ। **"अर्जेइ आलयो येषां ते अर्ज्यालय:"** भन्ने कथनले पनि यही कुरा दर्शाउँछ। यसवाट आर्यालय, अर्जय्यालय, अर्ज्याल, अर्जेल र अर्याल शव्दहरू समान अर्थमा प्रयोग हुँदै आएको वास्तविकता छर्लङ्ग हुन्छ। श्रीपति भट्ट 'आर्य्यालयी' थिए। यिनले अमरभूमि (हालको मर्भूङ-गुल्मी) मा मालिका देवीको मन्दिर पनि वनाए।[१०] श्रीपतिको स्थान कुलपुरुषका रूपमा रहिआएको छ र धुरी खाँवोलाई उनको प्रतीक मान्ने गरिन्छ। धुरी खाँवो नभएका ठूला र आधुनिक घरहरूमा भने घरको माथिल्लो तलामा (उत्तरपूर्वी कुनामा) पूजास्थल मौलो वनाउने गरेको पाइन्छ जसलाई श्रीपतिको मौलो भनिन्छ। त्यसले विष्णु र शिवलाई एकै रूपमा ग्रहण गरेको छ। श्रीपतिको अर्थ विष्णु र लिङ्गको प्रतिक मौलो मानिन्छ। त्यहाँ दूधधार दिइन्छ। वंशवन्धुहरूवाट जम्मा गरिएको दूधवाट खिर पकाएर खाइन्छ। परन्तु आइमाई केटाकेटीलाई भने पूजाप्रसाद दिइँदैन। श्रीपतिका पालामा वसालिएका अन्य रीतहरूमा हतियार शक्तिपीठमा राख्ने, वलि नदिने र पाञ्चायन देवतामा देवीलाई समावेश गर्ने मुख्य हुन्। देवीपूजाको संयोजनपछि भने मौलामा वली दिने चलन पनि सँगसँगै चल्दै आएको छ। त्यति भएर पनि विद्याको प्रचार-प्रसार गर्नु नै अर्ज्यालहरूको मूल कर्म रहिआएको छ।

---

१०. विष्णुराज आत्रेय, अर्ज्याल वंशावली र कुलवृत्त, पूर्ववत्, पृ. ४९

३. नेपाली वाङ्मयमा अर्ज्यालविद्वान्हरूको योगदान

पूर्वीय ज्ञानको परम्परामा दुई विराट शाखा पाइन्छ। एउटा मङ्गोल सभ्यता र संस्कृतिका रूपमा हुर्किएको हिमालदेखि उत्तरतिरको विशाल ज्ञानभण्डार, अर्को हिमालदेखि दक्षिणतिर हुर्किएको आर्यसभ्यता र संस्कृतिका रूपमा परिचित गम्भीर ज्ञानभण्डार। दक्षिण एसियाको यो क्षेत्रमा सबैभन्दा प्राचीन रहेको संस्कृत भाषा, साहित्य र सिद्धान्तको विपुल भण्डारमा अनेकौं नेपाली विद्वान्हरूको महत्त्वपूर्ण योगदान छ। ऋषिमुनिहरूको वैदिक, वेदान्ती र पौराणिक ज्ञानले यस क्षेत्रका प्राय: सबै थरिका मानव जातिलाई प्रभावमा पारेको छ। उनीहरूको चिन्तन परम्परा, संस्कार र कर्मकाण्डमा लोकगाथा, गीत र कथाहरूमा अनेकौं मिल्दाजुल्दा पक्षहरू छन्। भाषा र विश्वासका भेदले त्यो समरूपता मास्न सकेको छैन। देशहरू फरक भए पनि भाषा, संस्कृति, सभ्यता र सदाचारका बान्कीहरू एकै प्रकारका समेत हुन पुगेको स्थितिसमेत यहाँ रहेको छ। यही परम्परामा नेपाल बन्नु र नेपाली भनिनु अघि पनि यस भूखण्डका तत्कालीन नामसँगै विद्वान्हरूको काममा समरूपता पाइने गरेको हो। संस्कृत, पाली, प्राकृत भाषाहरूले मात्र हैन, मैथिली अवधी, किराँती र नेपाली भाषाले समेत सीमा वारपार आफ्नो भाषिक भूगोल बनाएको पाइन्छ। त्यसैले नेपाली विद्वान्हरूले यी भाषामा आफ्ना भावना पोख्नु कुनै अनौठो कुरा भएन। नेपाली विद्वान्हरूले संस्कृत, पाली, मैथिली र नेपालीका अतिरिक्त हिन्दी, नेवारी र किराँती भाषामा समेत कलम चलाएका छन् भन्ने कुरा माथि नै भनिसकिएको छ। इतिहासका अनेक कालखण्डमा अनेकौं थरीका विद्वान्हरू देखापरेका छन्। यहाँ हामी भट्ट ब्राह्मणहरूमध्ये पनि अर्ज्याल थरका विद्वान्हरूको बारेमा नै जानकारी लिन गइरहेका छौं। यस वंशका विद्वान्हरूले पनि विभिन्न भाषामा कलम चलाएका छन्। जसको संक्षिप्त विवरण यसप्रकार फेला पर्दछ।

३.१ अर्ज्याल वंशका लिपिकर विद्वान्हरू

संस्कृतका ग्रन्थहरू सार्ने– लिपिकर व्यक्तित्वका रूपमा पहिले-पहिलेका कतिपय विद्वान्हरूको उपस्थिति पाइन्छ। नेपाली वाङ्मयको इतिहासमा पनि कविता-काव्य, आख्यान र गाथाहरूको मौलिक सिर्जनाअघि संस्कृत साहित्यका अनेकौं ग्रन्थहरू सार्ने, त्यही सरौटलाई पाठ्यपुस्तकका रूपमा पढ्ने, सङ्ग्रह गर्ने चलन थियो। यसक्रममा नै पुराना गुरुहरूले आफूलाई लिपिकरको रूपमा समेत चिनाएका छन्। राजा रामशाहलाई पढाउनका निम्ति उनका गुरु जयभद्र अर्ज्यालले वि.सं. १६७५ मा कालीदास रचित **मेघदूत**को चरित्रवर्धन टीका सारेका थिए। उनले **देवदास प्रकाश** (वि.सं. १६८९) **रूद्रपद्धति** (१६७८) र छोरा

वाचस्पति अर्ज्यालले **आचारदीप** (१६८८) पनि सारेको जानकारी पाइन्छ। डम्मरशाहलाई पाठ गर्नाका निम्ति अनन्तशर्मा अर्ज्यालले गंगा सहस्रनाम (१६९२) र **ईश्वर सहस्रनाम** (१६९२) सारे। काशीनाथले **कालीका पूजाविधि** (१६९२), त्रिलोचन अर्ज्यालले **हितोपदेश** (१७१६) सारे। तिलु भनिने तिलक शर्मा अर्ज्यालले **प्रायश्चित प्रकरण** (१७२४) सारे। विश्वेश्वर अर्ज्यालले बाराहमिहिरको **बृहत्संहिता** (वि.सं. १७३४), धरणिधर अर्ज्यालले **वर्षाफल गणित**, (वि.सं. १७३८) लक्ष्मीनारायणले **गीत गोविन्दम्** (१७८३ मा), सत्यधर अर्ज्यालले **शब्दभेद प्रकाश**, (वि.सं. १७९६) र **अग्निस्थापना विधि** (१७९०), सत्यधरले **कविकर्पटीक** (१७८६), सारङ्गधरले **नरपतिजयचर्या स्वरोदय** (वि.सं. १७९६) र **भास्वती** (वि.सं. १८०८) सारेका थिए भने लक्ष्मीनारायण अर्ज्यालले वि.सं. १७८७ मा **गोरक्षभुजङ्गप्रयाताष्टक** पनि सारेका थिए। यिनी शक्ति वल्लभका पिता थिए। लिपिकर विद्वान्हरूकै बारेमा पनि वृहद् खोजवीन हुनुपर्ने खाँचो छँदैछ।

३.२ संस्कृत तथा नेपालीका अर्ज्याल-स्रष्टाहरू

संस्कृत भाषामा सवासय जति पुस्तकहरू लेख्ने अर्ज्याल् विद्वान्हरूमा सर्वप्रथम श्रीपति भट्ट (द्वितीय) शक्तिवल्लभ, राधावल्लभ, ललितावल्लभ, धरणीधर अर्ज्याल, चक्रपाणी अर्ज्याल, पिताम्वर अर्ज्याल, दैवज्ञकेशरी, विज्ञानकेशरी, विद्यारण्यकेशरी, न्यायकेशरी अर्ज्याल, देवकीनन्दन, रश्मिराज, उमानाथ, गंगानाथ, विष्णुराज आत्रेय, हरिहर शर्मा अर्ज्याल, गणेशप्रसाद, दुर्गाप्रसाद, नारायणप्रसाद, पुण्यप्रसाद अर्ज्यालहरू देखा पर्दछन्। यिनीहरूमध्ये कतिपयले नेपाली भाषामा पनि लेखेका छन्। जसको चर्चा पछिल्ला अध्यायमा गरिएको छ। लक्ष्मीनारायण अर्ज्यालले नेपालीमा **महाज्ञानमुद्राकथाहा** (१८५८) पनि लेखेका थिए भनी शरदचन्द्र भट्टराईले उल्लेख गरेका छन्।[११]

नेपाली भाषामा तीन सयभन्दा वढी पुस्तक लेख्ने अर्ज्यालविद्वान्हरूमा शक्तिवल्लभ अर्ज्याल, राधावल्लभ, ललितावल्लभ, द्वीजराज अर्ज्याल, उदयानन्द अर्ज्याल, वीरेन्द्रकेशरी, दैवज्ञकेशरी, विद्यारण्यकेशरी, भैरवप्रसाद अर्ज्याल दैवज्ञ, नरेन्द्रकेशरी, कृष्णचन्द्र अर्ज्याल, देवेन्द्रराज उपाध्याय अर्जेल, रश्मीराज, देवराज, श्यामजीप्रसाद, इन्द्रनाथ, भैरव अर्ज्याल, सिद्धिवाबु, मुकुन्दराज, रामजीप्रसाद, ईश्वरराज, कृष्णराज, भेषजराजचन्द्र शर्मा, गीतादत्त, विष्णुराज आत्रेय, दुर्गाप्रसाद, नारायणप्रसाद अर्ज्याल, यज्ञराज अर्ज्याल, हरिहर शर्मा अर्ज्याल, ध्रुवप्रसाद, मदनप्रसाद, विष्णु प्रभात, कुन्दन अर्ज्याल, डिल्लीराज, मुरारी,

---

११. शरद्चन्द शर्मा भट्टराई, **माध्यमिक नेपाली गद्याख्यान** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५०), पृ. ५६

दिनवन्धु, गंगानाथ, धर्मराज, अच्युतशरण, जीवनाथ, वलराम, रामेश्वरप्रसाद, निर्मलकुमार, सविता अर्ज्याल, रुक्मागत, देवेन्द्र आँसु, भीमराज, विजय, वावुराजा, गोकर्ण आदि देखा परेका छन्। तिनीहरूका वारेमा संक्षिप्त जानकारी तल प्रस्तुत गरिएका छन्।

३.३ बहुभाषी अर्ज्याल-स्रष्टाहरू

विविध भाषामा कलम चलाउने अर्ज्याल प्रतिभाहरूमध्ये शुरूशुरूमा संस्कृत, नेपाली, हिन्दी र मैथिलीमा कलम चलाउनेहरू देखा पर्दछन्। पछि क्रमशः भोजपुरी, नेवारी, मगरी, हिन्दी, अँग्रेजी भाषामा लेख्नेहरू पनि देखापरेका छन्। यसरी बहुभाषी स्रष्टाका रूपमा देखापरेका अर्ज्यालबन्धुहरूमध्ये उदयानन्द अर्ज्यालको नाम सवैभन्दा अगाडि आउँछ। उनी नेपाली भाषा साहित्यका **आदिकवि, प्रथम महाकवि** मात्र नभै **बहुभाषी कवि** पनि हुन्। उनले नेवारी भाषामा समेत कविता रचेका छन्। संस्कृत, नेपाली, हिन्दी, नेवारी, मैथिली भाषामा उनले राम्रैसँग कलम चलाउँथे। यसपछि विद्यारण्यकेशरी, वीरेन्द्रकेशरी, रामेश्वरप्रसाद अर्ज्यालहरू देखा पर्दछन्। देवेन्द्रराज उपाध्याय अर्जेल अङ्ग्रेजीमा कलम चलाउने प्रतिभा हुन्। त्यसैगरी अङ्ग्रेजी भाषामा लेख्ने- कृष्णराज अर्ज्याल, मुकुन्दराज अर्ज्याल, ईश्वरराज अर्ज्याल, निर्मलकुमार अर्ज्याल, मदनप्रसाद अर्ज्यालहरू देखापर्दछन्। उनीहरूले आ-आफ्ना कृतिहरू अङ्ग्रेजी भाषाका साथै नेपालीमा पनि लेखेको पाइन्छ। बहुभाषी कविकर्ममा अग्रसरित भएका अन्य प्रतिभाहरूमध्ये विष्णुप्रभात मगरी भाषामा समेत कविता लेख्ने व्यक्तित्व हुन्। उनले संस्कृत साहित्यको क्षेत्रमा प्रचलित शास्त्रीय छन्दहरूमा 'मगरी-कविता' लेखेको पाइन्छ। हरिहर शर्मा अर्ज्याल र नारायणप्रसादले संस्कृत, हिन्दी र नेपालीमा लेख्छन्। पछिल्लो चरणका युवाहस्ताक्षरहरूमा वाङ्मयको विषयगत विविधतासँगै साहित्यका विधागत रचना पाइन्छन्। आख्यानमा लघुकथादेखि उपन्याससम्म र कवितामा छोटा गीत-गजलदेखि खण्डकाव्य-महाकाव्यसम्मका सिर्जनाहरू छन्। अनुवाद साहित्यमा सर्वोपरी स्थान देवेन्द्रराज उपाध्यायको छ। राजनीतिशास्त्रका भिन्नभिन्न विचार प्रवृत्तिको विवेचना गर्नेमा कृष्णराज, देवेन्द्रराज, विष्णु प्रभात, दिनवन्धु र जीतवहादुर अर्जेलहरू देखिएका छन्। डा. विष्णुराज आत्रेयले संस्कृत, नेपाली भाषामा पुस्तक लेखेका छन्। यिनले हिन्दी, अङ्ग्रेजी र अवधिमा पनि फुटकर रचना गरेका छन्। दुर्गाप्रसाद पनि बहुभाषी व्यक्तित्व हुन्। फुटकर लेख्ने वा सङ्ग्रह लिएर आउने नारी हस्ताक्षरहरू भने निकै न्युन देखिन्छन्। सविता अर्ज्याल (१९९६-२०५७) को **सविताका कविता** सङ्ग्रह, पद्मा अर्ज्यालको- **मनबहादुर मुखियाको नाट्यशिल्प** (२०५८), सरिता अर्ज्यालको

उद्‌गार (२०४८) सावित्री अर्ज्यालको **कल्पना** (२०२१) र विनुवावा अर्ज्यालको **नेपाल परिचय** (२०५७) भैं अन्य महिलाहरूको सङ्ग्रह देख्न पाइएको छैन। गणित शास्त्रमा सर्वोपरी ईन्द्रनाथ अर्ज्याल छन्। शिक्षा, संस्कृति, कानून र इतिहासको क्षेत्रमा, अर्थशास्त्र र धर्मशास्त्रमा, दर्शन र कलाका अन्य क्षेत्रमा पनि अर्ज्याल प्रतिभाहरूले कलम चलाएका छन् र सङ्ग्रहका रूपमा पुस्तकहरू प्रकाशित छन्। वालसाहित्यमा कलम चलाउनेहरूमा सर्वश्री कृष्णराज अर्ज्याल, भैरव अर्ज्याल, अच्युतशरण अर्ज्याल, विष्णु प्रभात आदि देखा परेका छन्। फुटकर लेख्नेहरूमा भने मनोरञ्जनरमण अर्ज्याल, एकनारायण अर्याल, जनार्दन अर्याल, लक्ष्मीदेवी अर्ज्याल, करुणा अर्ज्याल, प्रेरणा अर्ज्याल, कल्पना अर्ज्याल, पद्मा अर्ज्याल, आशा अर्ज्याल, विन्दुदेवी अर्ज्याल, विमला अर्ज्याल, शुशीला अर्ज्याल, पार्वती अर्ज्याल, सावित्री अर्ज्यालको नाम पढ्न पाइन्छ। यिनीहरूका कृति भने अभै सङ्ग्रहको रूपमा देख्न पाइएको छैन।

४. श्रीपति भट्ट नेपाली विद्वान्!

श्रीपति भट्ट (प्रथम) (जन्म वि.सं.१०५६- मृत्यु वि.सं. ११४८ अनुमानित) नेपाली हुन् र होइनन् वहस जारी छ। श्रीपतिका वारेमा नेपाल र भारत दुवै देशमा शोधखोज भइरहेको छ। डा. आत्रेयका अनुसार उनी इस्माली राजा प्रभाकरका जेठा छोरा हुन्।[१२] तर अन्य वंशावली लेखकहरूले उनको वारेमा उल्लेख गरेको पाइँदैन। सूर्यविक्रम ज्ञवालीले डोटीसम्मको मात्र चर्चा गरेको पाइन्छ।[१३] रश्मीराजले भने श्रीपतिको वारेमा प्रष्ट किटान गरी लेखेका छन्। उनी नारायणदास अर्ज्यालका पिता एवं आफ्नो समयका ठूला विद्वान् थिए। श्रीपति भट्ट नेपालको लुम्विनी अञ्चलमा पर्ने, पुरानो **रोहिणी खण्ड**मा जन्मेका थिए। यिनी ज्योतिपशास्त्रका विद्वान् थिए। श्रीपति भट्ट विद्याध्ययन गरेर मिथिलाको पाटलीपुत्र हुँदै घुम्दै स्वदेश फर्किएको अनुमान गरिन्छ। उनको रचना संस्कृत भाषामा छ। लेखन शैली अत्यन्त सरल र सरस छ। श्रीपतिको वासस्थान भनी नयराज पन्तले लेखेको रचनामा– "ज्योतिष शास्त्रको तीनै स्कन्धमा प्रवीण, राम्रो कविता गर्ने श्रीपति शाके ९५० (वि.सं. १०८५) तिर यही पुण्यभूमि भारतवर्षमा हुनुहुन्थ्यो।" भनी लेखेको पाइन्छ।[१४] पूण्यभूमि भनेको

---

१२. विष्णुराज आत्रेय, **अर्ज्याल वंशावली र कुलवृत्त**, पूर्ववत्, पृ. ४८-४९।

१३ सूर्यविक्रम ज्ञवाली, 'पारिवारिक वंशावली– अर्ज्याल थरको' **रोलम्व** (पत्रिका : वर्ष ३, अंक ३) पृ. ९-११

१४. नयराज पन्त, **गोलवोध– पहिलो भाग**, (काठमाडौं : त्रिवि पाठयक्रम विकास केन्द्र– २०३४) पृ. ९१

आर्यावर्त हो र आर्यावर्त विन्ध्याचल र हिमालयको बीचमा पर्छ।[१५] श्रीपतिका बाबुको नाम नागदेव भट्ट र बाजे केशव भट्ट उल्लेख छ। परन्तु जन्मस्थान भने **रोहिणी खण्ड** नै रहेको छ।[१६]

श्रीपतिका बारेमा बताउँदै सुधाकर द्विवेदी भन्दछन्– "वहुत लोग इन्हे श्रीपति भट्ट कहे हैं। यिनके बनाए गए पाटी गणित, वीज गणित और **सिद्धान्तशेखर** ग्रन्थ नहिं मिलते। जातक में **श्रीपति पद्दति** और मुहुर्त में **रत्नावली, रत्नसार** और **रत्नमाला** ये ग्रन्थ मिले हैं। एक इनका वनाया **धी कोटि** नामक करणग्रन्थ भी मिलता है, जो कि सन् १०३९ में वनाया गया है। इससे जान पडता है कि ये सन् १०३९ में थे।"[१७] यो पुस्तक लेख्दा द्विवेदीले **सिद्धान्तशेखर** नपाइएको कुरा गरेका छन्। परन्तु उनले यसो भनेको बाईस वर्ष पछि, शोध खोजका क्रममा सन् १९३२ मा ववुआजी मिश्रद्वारा सम्पादन गरेर **सिद्धान्तशेखर**को पहिलो भागको पहिलो संस्करण छापियो।[१८] पहिलो भाग छापिएको लगभग पन्ध्र वर्षपछि सन् १९४७ मा दोस्रो भाग पनि छापियो।[१९] श्रीकृष्ण मिश्र अर्थात् बबुआजीले **सिद्धान्तशेखर**को टीका लेखेका छन्। जो **सिद्धान्तशेखर**मै समावेश छ। भाष्करले आफ्नो रचना **सिद्धान्त शिरोमणि**मा श्रीपतिकै पुस्तकवाट प्रशस्त सामग्री लिएका छन् र पछिल्लो अध्याय त दुरुस्तै सारिएको छ। यस शताब्दीको यस रचनाले श्रीपतिलाई संस्कृतका ठूला विद्वान् मात्र हैन आफ्नो समयका दोस्रा विद्वान् बताएको छ। उनीभन्दा अघि आर्य भट्ट थिए। श्रीपति आर्य भट्टका अनुयायी पनि हुन्। आर्य भट्ट पाटली पुत्रका थिए। आर्य भट्टलाई 'ज्योतिष-पिता' पनि भन्ने गरिन्छ। श्रीपतिपछि भाष्कराचार्यको नाम आउँछ।

श्रीपतिले गणितलाई व्यक्त र अव्यक्त गणितको शाखामा बाँडेर हेरेका छन्। यो कुरा आजको मूर्त र अमूर्त गणितसँग मिल्दो छ। श्रीपतिले

---

१५. अमरकोश, 'दक्षिणात्य व्याख्या' द्वितीय काण्ड, भूमिवर्ग श्लोक ८ (मद्राश : अड्यार- पुस्तकालय तथा अनुसन्धान केन्द्र इ.सं. १९७१), पृ. १८९

१६. हेर्नुहोस्– अनुसूची एक

१७. सुधाकर द्विवेदी, **गणितका इतिहास–पहला भाग**, (बनारस : प्रभाकरी प्रेस–वी. नारायणन– १९१०) पृ. १८७

१८. श्रीपति, **सिद्धान्तशेखर** भाग १, (कलकत्ता : कलकत्ता विश्व विद्यालय–१९३२) सं. ववुआजी मिश्र। उनी मिथिलाका थिए र कलकत्ता विश्वविद्यालयको इतिहास तथा संस्कृति विभागमा कर्यरत थिए। हिन्दु गणित शास्त्र र ज्योतिषका प्राध्यापक ववुआजीलाई श्रीकृष्ण मिश्रका नामले पनि जानिन्छ

१९. श्रीपति, **सिद्धान्तशेखर** भाग २, संपादक– ववुआजी मिश्र (कलकत्ता : निशिचन्द्र सेन, कलकत्ता विश्वविद्यालय– १९४७)

सिद्धान्तशेखरको चन्द्राध्यायमा पुराण कथामा रहेको 'चन्द्रमालाई श्राप परेर काला भए तप गरेर कालोपन हटाए' भन्ने जस्ता मिथकको खण्डन गरेका छन् ।

शापाद्यदीन्दो सितवृद्धि हानी
कथंतुजाते गणिताव गम्ये
उर्ध्वं यदीन्दू रवितस्तदाऽर्ध
मर्वाक्तनं हन्त सदैव शुक्लम् ॥१॥ **सिद्धान्तशेखर**– दशमोध्याय, (१०/१)

श्रीपति (प्रथम)का प्रमुख कृतिहरू नौवटा रहेको जानकारी भारतीय स्रोतहरूमा पाइन्छ । **सिद्धान्तशेखर**मा दिइएको ग्रन्थपरिचयमा पनि नौवटा मात्र उल्लेख छन् । विविध स्रोतबाट थाहा लागेअनुसार श्रीपतिका नाममा पाइएका रचनाहरू एघारवटा छन्– १. **जातक पद्दति**, २. **श्रीपति पद्दति**, ३. **ज्योतिष रत्नमाला**:, ४. **रत्नसार**:, ५. **श्रीपति निबन्ध**:, ६. **श्रीपति समुच्चय**:, ७. **धीकोटिदंकरणम्**: (१६१ शकाव्द), ८. **ध्रुवमानसं कारणम्** (९७ शकाव्द), ९. **सिद्धान्तशेखर**:, १०. **गणित तिलकम्** ११. **मुहुर्त कल्पद्रुम** (नेपालको राष्ट्रिय अभिलेखालयमा रहेको) । यी कृतिहरूमा श्रीपति प्रथम र श्रीपति द्वितीयका रचना कुन-कुन हुन् भनी छुट्टचाइनु आवश्यक छ। श्रीपति प्रथमले आफ्ना समयको ज्ञान-परिधि भित्र विभिन्न विषयमा अभिमत प्रकट गरेका छन् । **जातक पद्धति** उनका शिष्यको अनुरोधमा लेखिएको कृति हो । यसले जन्मसंस्कारका वारेमा विवेचना गर्दछ । **रत्नमाला** विवाह, ब्रतवन्ध आदिसहित लग्नपद्धतिको पुस्तक हो । यसैका आधारमा पछि मुहुर्त तत्त्व, मुहुर्त चिन्तामणि आदि ग्रन्थहरू वने । **रत्नसार** विशेष गरेर मिथिलाका ब्राह्मणहरूमा प्रचलित लग्न, मुहुर्त र कर्मकाण्ड हेर्ने गर्ने विधि वर्णन गरिएको रचना हो र यो त्यसक्षेत्रमा प्रसिद्ध पनि छ। **श्रीपति समुच्चय**मा व्यावहारिक ज्योतिषका वारे लेखिएको पाइन्छ। **धिकोटीदंकरणम्** शकाव्द ९६१ मा लेखिएको थियो । यसले सूर्य-चन्द्र ग्रहणका वारे वर्णन गर्दछ। यो पुस्तक लेख्दा श्रीपतिको उमेर चालीस वर्षको थियो भनिएको हुँदा प्राय यसै रचनालाई उनको उमेर खुट्ट्याउने प्रमाणस्वरूप अघि सारिने गर्दछ। भारतीय संस्कृत साहित्यका अध्येता एवं अन्वेषक सुधाकर द्विवेदीका अनुसार श्रीपति (प्रथम)को जन्म समय ९२१ शकाव्द हो भन्ने अड्कल गरिएको छ।[२०] मलाई पनि यो मिल्दोजुल्दो लागेको छ। अहिलेसम्म श्रीपति भट्टका वारेमा अनुमान मात्र प्रचारित छ। उनको कुलवृतका वारेमा अनिर्णित कुरा के छ भने इस्माली राजघराना चारपुस्ता मात्र चलेको नभएर सातपुस्ता चलेको थियो कि ? राजा पद्माकर पछि प्रभाकर भट्ट, नाग भट्ट र केशव भट्टहरूले राज्य नगरेको हुँदा उनीहरूको चर्चा कमै भएको पो हो कि ?

---

२०. ववुआजी मिश्र 'भूमिका' तथा 'ग्रन्थकार परिचय' **सिद्धान्तशेखर** भाग १, पूर्ववत्, पृ.२

कालक्रमिक हिसावमा पनि जुन समयको अन्तर देखिन्छ, त्यस विषयमा थप अनुसन्धान हुनु जरुरी छ ।

श्रीपति (द्वितीय)को सम्वन्ध इस्माली राजघरानासँगै रहेको कुरालाई पूर्णप्रकाश नेपाल 'यात्री' यसरी व्यक्त गर्दछन् :

पाल्पा, गुल्मी, धुरकोट, ईस्माकोट समेतका
खाँचीकोट र अर्घाका आर्यग्राम विशेषता
मुसीकोट र जर्घाका गौरवगाथा गाउँछन्
ईस्मा ब्राह्मणको राज्य इतिहास वताउँछन् ॥
सेन, चन्द र अर्ज्याल राठौर वंश राज्यमा
श्रीपति भट्ट आएथे आसन्न मध्यकालमा
वसालेको तिनीद्वारा अमरभूमि दुर्ग जो
मरभूङ वनेको छ जनमानसमा छ यो ॥
देवकीनन्दना ख्यात अर्ज्याल कुलदीपले
यैभूमिमा वसी लेखें 'आचारादर्श' नामले
पद्यका पदशय्यामा तर्क सङ्ग्रह लेखियो
इतिहास वनेको छ पुर्खाका योगदानको ॥[२१]

श्रीपति (प्रथम)को सवैभन्दा महत्त्वपूर्ण मानिएको रचना **सिद्धान्तशेखर** हो। यो रचना दुई भागमा वाँडिएको छ। जम्मा वीस अध्यायमा प्रवन्धित नौ सय श्लोकहरू रहेको **सिद्धान्तशेखर** सिद्धान्तज्योतिषको क्षेत्रमा एउटा निकै मीठो भाषा शैली, सरल र सरस पदावली भएको झण्डै कालीदासका कविता सरहको मीठास भएको ग्रन्थ मानिन्छ। यस अघिका अप्ठेरा श्लोक आर्याछन्दको नीरसतावाट विद्यार्थीहरूलाई मुक्ति दिएर उत्साहित र खुशी वनाउँदै रमाउँदै पढ्ने रचनाका रूपमा यसको सिर्जना गरिएको थियो। मक्कीभट्टले वि.सं. १४३४ मा **सिद्धान्तशेखर**को **गणित-भूषण** नामक व्याख्या गरेका छन् ।[२२]

भरतराज घिमिरे मन्थलीयले **व्यथाविधा** पुस्तकको भूमिकामा भनेका छन्– पुरा किल नेपालभुवः पश्चिमे प्रविभागे 'इस्मा'ऽऽख्यं राज्यमासीत् । तत्र राज्यधुरं वहतश्च्यवनराजभट्टाचार्यनाम्नो विप्रनृपतेरार्यवंश्यानां सन्ततीनां निवासभूतो ग्राम 'आर्यग्राम' इति विश्रुतश्च । अस्य वंशस्य मूलपूरुषः "श्रौत-स्मार्तकर्मनिष्णातः परमकर्मठः सर्वदा कुशसनाथहस्तः" इति प्रशस्त्या वहुचर्चितः श्रीमदुदयभट्ट आसीदिति पुस्तकेष्वैतिह्यविदश्चोल्लिखन्ति । तमार्यग्रामं निकषाऽ-

२१. पूर्णप्रकाश नेपाल यात्री सिजापतिवाला (विराटनगर : हिमाली सौगात प्रकाशन,– २०५७), पृ. १०६१

२२. श्रीकृष्ण मिश्र 'ग्रन्थपरिचय' **सिद्धान्तशेखर** पूर्ववत् पृ.७-१२

मरभूमिदुर्गं निर्माय तत्रैव निवसतां ज्योतिःशास्त्रे सुप्रसिद्धानां सुधीनां श्रीपति-भट्टानां सन्ततय आर्य ग्रामाऽभिजनत्वेन आर्यालय-आर्याल-अर्ज्याल-अर्जेलसदृशैः स्थलगतोपनामभिः केवलं न नेपाले, देशान्तरेषु च समुपलभ्यन्ते। एषाऽऽर्यालय-वंशपरम्परा स्वकीयायाः कुलविद्यायाः संरक्षिकात्वेनाऽद्यावधि विद्वद्वंशपरम्परेति ख्यातिमावहति। सत्स्वपि बहुषु विद्वत्पूर्वजेषु वहुश्रुतैः श्रीमदुदयभट्ट-प्रभाकरराज-भट्ट-**श्रीपतिभट्ट**-नारायणदास-देवकीनन्दन-जगन्नाथ-रश्मिराज-चेतोनाथहरिप्रसाद-डिल्लीराज-चिरञ्जीवि-देवराजप्रभृतिभिरसंख्यैः संख्यावद्भिः सनाथितमेतत्कुल-मित्युक्तौ नाऽतिशयोक्तिः।[२३]

यसैबीच श्रीपतिका केही रचनाहरू (हस्तलिखित हरिताल लिप्त मड्याएको कागजमा) पुरातत्त्वमा सुरक्षित पाइएका छन्। पं. चिरञ्जीवी अर्ज्यालको सङ्कलनवाट पनि रत्नमालाको एउटा लिखत फेला परेको छ। उक्त लिखतहरू कति पुराना हुन् भन्ने वैज्ञानिक जाँच गरिनुपर्दछ। कुनै लिपिकर विद्वान्ले सारेका सामग्री हुन् वा स्वयं श्रीपतिको हस्ताक्षर हो भन्ने कुराको निर्क्योल गर्दै शोधकार्य अघि बढाइनु जरुरी छ। रत्नमालाको पुछारको पुष्पिका वाक्यमा यस्तो लेखिएको छ– **"श्रीपति भट्ट विरचितायां ज्योतिष रत्नमालायां देव प्रतिष्ठा प्रकरणं विंशतिम् ॥२०॥ समाप्तम्।"** पुरातत्त्वमा रत्नमालाका सैंतीस थान पुस्तकहरू रहेका छन्। डा. विष्णुराज आत्रेयको "आत्रेय गोत्रीहरूको पुरातन नालीवेली र अर्ज्याल वंश" नामक रचनामा श्रीपति (द्वितीय)को समय वि.सं. १५२०-१५९५ उल्लेख गरेको पाइन्छ।[२४] नयराज पन्तले उल्लेख गरेको श्रीपति भट्ट (रोहिणी खण्डका) र आत्रेयले उल्लेख गरेको श्रीपति भट्ट (इस्माका) बीच कालक्रमिक भिन्नता देखा पर्दछ। यसका बारेमा इतिहासविद् एवं वंशावली विश्लेषकहरूको ध्यान जानु जरुरी छ। मैले श्रीपतिको वारेमा खोजी गर्दा अरू थप तथ्यहरू फेला परेका छन्। श्रीपतिलाई कोष्ठकमा वाराहमिहिर भनेर लेखिएको र उनको एउटा रचना **दैवज्ञवल्लभाः** पनि देखापर्दछ। उक्त कृतिको हिन्दी भाषा टीका पं. नारायणले लेखेको देखिन्छ। यो सिद्धान्तशेखरकै त्रिप्रश्नाध्यायलाई आधार वनाएर लेखे जस्तो देखापर्दछ। एउटा रचनामा श्रीपतिलाई बनारस निवासी भनेको पनि पाइन्छ। **तत्त्वप्रदीप**नामक रचनामा यो कुरा देखापर्दछ। त्यसमा जम्बूमार्ग निवासी दुर्गाचार्यले टीका लेखेको उल्लेख गर्दै "काशी निवासी श्रीपति विदुषां विरचितम्" भनिएको छ।[२५] **पद्य पञ्चाशिका**

२३. भरतराज घिमिरे 'मन्थलीय' 'आत्रेयोपाभिधकविवर विष्णुराज विरचितायाः व्यथाविधायाः संस्तवः' **संगम** (पत्रिका), (काठमाडौं : संगम प्रकाशन–२०५९), पृ. १६

२४. **अध्यात्म** मासिक, वर्ष ३, अङ्क ५, वैसाख २०५६, पूर्णाङ्क १०), पृ. ३९-४०

२५. श्रीपति, **तत्त्वप्रदीप** (बनारसवाट प्रकाशित, शा.के १८२०)

(वि.सं. १९८३ मा प्रकाशित) पुस्तक लेख्ने श्रीपतिले आफूलाई शर्मा भनेको पाइन्छ। बम्बईवाट प्रकाशित उक्त पुस्तकमा "कवीन्द्र कुल कलशश्री श्रीपति शर्मा विरचितम्" भनी जनाइएको देखिन्छ। यी श्रीपति (द्वितीय) हुन पनि सक्छन्। एक अर्का श्रीपति द्विवेदी थरका पनि देखिन्छन्। मद्राशको पुस्तकालयमा रहेको हस्तलिखित सिद्धान्त शेखरको लेखकले पनि आफूलाई श्रीपति शर्मा भनी उल्लेख गरेका छन्–

"धन्येऽब्धि देशतोये द्युगणे श्रीपति शर्मणा।
सिद्धान्त शेखर मिदं पुस्तकं लिखितं मया॥[२६] (पृ. ९२१७)

परन्तु मुद्रित सिद्धान्त शेखरमा भने श्रीपति भट्ट मात्र भनिएको पाइन्छ। श्रीपतिका नाममा देखापर्ने अर्को रचना हो– **सुमरादित्य चरित्रम्**। यसको चर्चा भारतीय लेखकहरूले गरेको पाइँदैन। भारतकै वरोडास्थित पुस्तकालयमा रहेका हस्तलिखित कृतिहरूको सूचीमा श्रीपतिका रचना देखापर्दैनन्। परन्तु त्यहाँ नागदेव र केशव भट्टका रचनाहरू रहेका देखिन्छन्। यसरी श्रीपति संस्कृत साहित्य एवं ज्योतिष शास्त्रका विशिष्ठ विद्वान् थिए र ती यायावरी हुँदा विभिन्न ठाउँमा बसेको हुनसक्ने देखिन्छ। विस्तृत र गहन खोज भएपछि नै कुन श्रीपतिका रचना कुन हुन् र ती कहाँका थिए भन्ने बारेमा ठोस निर्णय लिन सकिने हुन्छ। यदि श्रीपति भट्ट (प्रथम)का सम्वन्धमा उठेको यो प्रश्न केलाउँदा उनी श्रीपति भट्ट (द्वितीय)का पुर्खा देखिन्छन् भने, अथवा श्रीपति भट्ट (द्वतीय) पन्ध्रौं सदीका मात्र हैन, श्रीपति भट्ट प्रथम एघारौं सदीका समेत नेपालका विद्वान् ठहरिए भने सिङ्गै विश्व साहित्यमा नेपाली स्रष्टाले दिएको गौरवशाली योगदानको रूपमा उनका रचना र विद्वताको थप अनुसन्धान र मूल्याङ्कन गर्नुपर्ने हुनेछ र यसले सिङ्गो राष्ट्रलाई फाइदा पुग्नेछ। तर श्रीपति भट्ट (द्वितीय) भने नेपाली नै हुन् र ती अर्याल थरका संस्थापक एवं नारायणदास अर्ज्यालका पिता हुन् भन्ने कुरामा कुनै शङ्का छैन।

५. नारायणदास अर्ज्यालको जन्मथलो र कर्मथलो

इस्माली राजा प्रभाकर अर्य्यालयीले चारवर्ष राज्य चलाउँदा प्राप्त गरेको अनुभव ब्रह्मविद्याका साधकहरूलाई नसुहाउँदो ठानेर सत्ता क्षत्रीयलाई सुम्पेर आफू राजगुरु बनेको घटना ज्यादै नै महत्त्वपूर्ण छ। उनको यस घटनापछि नै जेठा छोरा श्रीपति यायावरी बनेर हिंडे। लामो समय विद्या आर्जनमा विताएर ईस्मा फर्केपछि अमरभूमि नामक वस्ती बसालेर ज्ञानको प्रचार-प्रसारमा लागे। श्रीपति नामका यी विद्वान्लाई 'भट्ट', 'ऋषि', 'योगी' र

२६. संस्कृतका हस्तलिखित पुस्तकहरूको सूची (ई.सं. १९१०) मद्रास

'अमरनाथ'समेत भनिन थाल्यो।[२७] उनका छोरा चिन्तामणिलाई 'चिन्तु' नामले पनि जानिन्छ। अर्ज्याल वंशावली र कुलवृत्तमा डा. विष्णुराज आत्रेय भन्दछन्– "श्रीपतिका छोरा चिन्तु र नारायणदास गरी दुई भाइ थिए।" नारायणदासको जन्म र मृत्युको बारेमा अनुमान गर्न सकिन्छ। उनको शिक्षादीक्षा श्रीपतिबाटै भयो। उनी पनि योगसाधनाका निम्ति ईस्माबाटनै तिर्थाटन हिंडेका हुन् र गोसाइँकुण्डमा पुरश्चरण गरेपछि मात्र गृहस्थीसरह जीवन व्यतित गर्न थालेका थिए। अमरभूमिबाट लसर्घाको बाटो हुँदै खिलुङ पुगेका इस्माली अर्ज्यालका सन्तानहरू गण्डकी तट हुँदै पाल्पा-स्याङ्जा-कास्की र लमजुङतर्फ बढेका थिए। त्यही क्रममा गोर्खा, धादिङ काठमाडौं हुँदै पूर्वी नेपालमा छरिएका हुन्। उनीहरूमध्ये केही पृथ्वीनारायण शाहले उपत्यका नजित्दै त्यहाँ पुगेर बसोबास गरिसकेका थिए। गोर्खामा पुगेका प्रथम पुरुष भने नारायणदास अर्ज्याल हुन्। यिनले पनि आफ्ना पिता श्रीपतिले झैं धेरै पछि मात्र घर-गृहस्थी शुरू गरेका थिए। कालीलाई शक्तिरूपा ठानेर उनैको भक्त दर्शाउन 'दास' पदावली पछि मात्र जोडेका हुन्। तिर्थाटनका वेला आफ्ना पुर्खाले संरक्षण दिंदै पूर्वतिर बढाएका आत्रेय गोत्री शाहीहरू, नातागोता र भाइवन्धुहरू भेट्दै हिंडने क्रममा लमजुङ पुग्दा बास वसेको घरका हरिपण्डितले राजा यशोब्रह्म शाहीका बारेमा वताएर चिना हेर्ने कुरा गरेछन्। योगीनरहरी नाथका अनुसार खिलुङबाट लमजुङ हुँदै गोर्खा पुगेका यिनै नारायणदास अर्ज्याल नै द्रव्यशाहको राज्य स्थापना गराउने मुख्य व्यक्ति हुन्।[२८] यिनले नै द्रव्यशाहको राज्याभिषेक पनि गरेका थिए। **शाहवंशको** उदयसँगै **अर्ज्याल वंशले** राजगुरुको दर्जामा रहेर त्यागपूर्ण आदर्श प्रस्तुत गर्दै नेपालको एकीकरण र सांस्कृतिक उन्नतिमा नयाँ वाटो खोल्ने काम अघि बढायो। धनवज्र वज्राचार्यका अनुसार द्रव्यशाहको राज्य स्थापनामा विशेष भारबहन गरेका नारायणदास अर्ज्यालका वंशजहरूले नेपालमा शिक्षाको विकासका निम्ति महत्त्वपूर्ण योगदान दिएका छन्।[२९] विद्याप्रेमी अर्ज्यालहरूले नै त्यसबेलाको **नयाँ राजघराना**लाई शिक्षा-दीक्षा, गणित, वास्तुकला र युद्धनीतिले सुसज्जित गरी नेपाललाई उन्नतिपथमा लम्कन मद्दत गरे। अङ्ग्रेजसँग नझुकेर "नीतिका आधारमा थिति" वाँध्दै सामाजिक एकता कायम गरी नेपाली भावना हुर्काउन सघाएको कुरा थुप्रै इतिहासकारसँगसँगै

---

२७. गुरु होत्रीराज खनालबाट सुनेको। उहाँ सर्वेस्वर खनालका वंशज हुनुहुन्थ्यो

२८. योगी नरहरीनाथ, **इतिहास प्रकाशमा सन्धिपत्रसंग्रह** भाग १ (रोल्पा : वालाराम घर्तिमगर, दोस्रो संस्करण– २०५९), पृ. ६३६-६४०

२९. धनवज्र वज्राचार्य/टेकवहादुर श्रेष्ठ, **शाहकालका अभिलेख**– पहिलो भाग (काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिविवि– २०३७) पृ. ४२-५४

रामजीप्रसाद अर्ज्याल पनि उल्लेख गर्दछन्।[३०]

नारायण दास अर्ज्यालको साहित्यिक कृति अहिलेसम्म प्राप्त भएको जानकारी छैन। तर पनि उनी ज्योतिषका ज्ञाता, संस्कृत साहित्यका मर्मज्ञ, जुक्ति कौशल प्रतिभा थिए।[३१] उनका साथी सर्वेश्वर खनाल, गणेश पाण्डे, गङ्गाराम राना मगर र भगिरथ पन्तहरूको सहयोगमा द्रव्यशाहलाई राजा वनाएपछि आफ्ना पुर्खाको उपासनामा पढिने **श्रीपतिको** मन्त्र सुनाएर नारायणदास अर्ज्याल राजगुरु वने (यहाँ 'श्रीपतिको मन्त्र' भन्ने कुरा द्वैयार्थक देखा पर्छ)। सर्वेस्वर खनाल पुरोहित भए। गणेश पाँडे काजी, भगिरथ पन्त सेनापति, गङ्गाराम राना न्यायाधिश भएको कुरा वावुराम आचार्यले उल्लेख गरेका छन्।[३२] योगी नरहरिनाथले गोरखा राजवंशावलीको चर्चा गर्दा नारायणदास अर्ज्यालका वारेमा प्रशस्त प्रशंसा गरेका छन्, संस्कृतका प्रकाण्ड विद्वान् भनेका छन्।[३३] परन्तु उनका कुनै अनुदित वा मौलिक कृतिहरूका वारेमा भने प्रायसजो लेखक मौन छन्। गोरखामा पाइएको एउटा हस्तलिखित **कालीपूजाविधिः स्तोत्र**मा शाके १४८१ 'नारायणदास अर्ज्यालय विरचितं' उल्लेख छ। नेपालको पुरातत्त्व अभिलेखालयमा पनि **नारायण चिन्तामणि स्तोत्र** (लिखित) **नैषध टीका** (काव्य) र **हितोपदेश** (कथा) देखिन्छ। त्यसमा नारायण भट्ट भनिएको हुँदा ती व्यक्ति 'भट्ट' पद्वीधारक यिनै नारायणदास अर्ज्याल हुन् वा अर्कै हुन् खोजकै विषय रहेको छ। अर्ज्यालवंशावलीमा नारायणदासको छोराका रूपमा देखिने गदाधरका नाममा **पञ्चलक्षणी** नामक पुस्तक देखा पर्दछ। दर्शनसम्वन्धी रचना **व्युत्पत्तिवाद** तथा **शक्तिवाद** लेख्ने गदाधर र यी गदाधर एउटै व्यक्ति होइनन् जस्तो लाग्छ तर यस वारेमा अहिलेसम्म खोज भएको छैन। यद्यपि गदाधरका यी रचनाहरू पनि राष्ट्रिय अभिलेखालयमा हस्तलिपि सुरक्षण गरिएको पाइन्छ। यसप्रकार नारायणदास अर्ज्यालको जन्मथलो ईस्मा राज्यको अमरभूमि भए पनि कर्मथलो गोर्खा वन्न पुग्यो र अर्जीवाटै गोर्खा, काठमाडौं र चौदण्डीका सवै सेरोफेरोमा अर्ज्यालहरू फैलिए।

६. जयभद्र अर्ज्याल र अन्य लिपिकर विद्वान्हरू

श्रीपति भट्ट (द्वितीय) अर्ज्याल हुन् र नारायणदासका पिता थिए। यी

---

३०. रामजीप्रसाद अर्ज्याल, **नेपालको इतिहास र अर्ज्याल परिवार**, (काठमाडौं : श्रीमती विन्दु अर्ज्याल- २०४७), पृ. ७४

३१. राजेश्वर देवकोटा, **हाम्रा पुर्खाहरू** (ललितपुर : साझा प्रकाशन-२०२५), पृ. ३१

३२. वावुराम आचार्य, **मेचीदेखि महाकाली–भाग घ**, (काठमाडौं : सूचना विभाग, २०३१), पृ. ४५२

३३. योगी नरहरीनाथ– **इतिहास प्रकाशमा सन्धीपत्र संग्रह भाग १**, पूर्ववत्, पृ. ६३७-६४६

दुवैलाई समेत गन्दा जयभद्र तेस्रो नम्मरमा पर्छन्। रामशाहलाई पढाउने गुरु वनेका जयभद्र अर्ज्याल संस्कृत साहित्यका ज्ञाता थिए। उनले तत्कालीन परिवेशमा पाठ्यपुस्तक तयार गर्ने क्रममा नै कालीदासको मेघदूत काव्यलाई टीकाकार चरित्रवर्धनले वनाएको लिखत-पत्र १६७५ मा सारेर रामशाहलाई पढाएका थिए।[३४] आफ्ना वावु उद्धवदास अर्ज्याल राजगुरु-पुरोहित तथा ज्योतिष रहेको हुँदा जयभद्रलाई सानैदेखि पठन-पाठनको परिवेश मिलेको थियो। उद्धवदासका साइँला छोरा जयभद्रले वि.सं. १६८९ मा **देवदास-प्रकाश** र १६७९ मा **राघव-पाण्डव विजयकाव्य** नामक पुस्तक सारेका थिए। उनले १६७८ मा **रुद्र-पद्धति** पनि सारेका थिए। रामशाहको प्रशस्ती यिनले नै तयार गरेका थिए। रामशाहका सल्लाहकारमा पनि जयभद्रको नाम लिइन्छ। मौलिक कृति खोजीकै विषय भए पनि अर्ज्यालवंशको विद्वत् परम्परामा जयभद्र अर्ज्याललाई विर्सन सकिँदैन। जयभद्र नारायणदासका नाति पर्दछन्। यिनले **चक्रसम्वतसरतन्त्र** पञ्जिका लेखेको पाइन्छ। लेखकको नाम जयभद्र नै उल्लेख गरिएको र संस्कृतमा लेखिएको उक्त रचना नेवारी लिपिमा पनि रहेको जानकारी पुरातत्त्वको सूचीबाट पाइन्छ। यिनका चार सन्तानमा वाचस्पति, दामोदर, तिलक र परसुराम देखिन्छन्। यस समयमा मौलिक पुस्तक लेख्नेतिरभन्दा भएका ग्रन्थ सार्ने र पढाउने प्रचलन वढी देखिन्छ। जयभद्रका दाजु गोपाल जोशी अर्ज्यालका माइला छोरा त्रिलोचन अर्ज्यालले हितोपदेश सारेको कुरा रामजीले जनाएका छन् तर त्रिलोचन अर्ज्यालले १७९५ असौजमा सारेर सिध्याएको **यजुर्वेद : वाजसयेनसंहित** पनि फेला परेको छ। यो उनले आफ्नो छोरा टीकारामलाई पढाउनका लागि बनाएका थिए। (हेर्नुहोस्–अनुसूची-आठ ख.) पृथ्वीनारायण शाहका गुरु तथा धर्माधिकारी मोक्षश्वर अर्ज्यालले उनलाई पढाउन भनेर लेखेको **शान्ति सारार्णव** पुस्तक (लिखित) पुरातत्त्वमा सुरक्षित रहेको छ। उनको अर्को रचना **निर्णय-प्रबन्धः** रहेको छ। मोक्षश्वरको सम्झनामा उनका नाति नारायणले काठमाडौं वानेश्वरको महादेवस्थाननजिकै शाके १७१४ मा नारायणेश्वर मन्दिर वनाएका थिए। उनका काइँला छोरा महेश्वरले त्यसको गुम्वजमा गजुर राखे र उनैका सन्तान त्रैलोक्यराज अर्ज्यालले वि.सं. २०४४ मा त्यसको जीर्णोद्धार गरेका छन्। हाल त्यस टोलको नाम त्यसैबाट नारायणेश्वर मार्ग रहेको छ। संस्कृतमा लेखिएको **सनत्सुजात प्रकरण** (वि.सं. १७९४) का लेखक मोक्षेस्वर हुन् भनी वावुराम आचार्यले पहिले नै उल्लेख गरेका छन्। गोरखाली कौटिल्य मानिने भानु अर्ज्यालले वि.सं. १८०९ मा नुवाकोट देवीघाटस्थित भैरवस्थानमा एउटा अभिलेख राखेका छन्।

---

३४. दिनेशराज पन्त, **गोरखाको इतिहास– पहिलो भाग** (काठमाडौं : दिनेशराज– २०४१), पृ. ८८

(हेर्नुहोस्–अनुसूची-पाँच) यसै क्रममा जयभद्रका जेठा छोरा वाचस्पति अर्ज्यालले लिपिकभै सारेको **आचार-दीप** (वि.सं. १६८८) नामक ग्रन्थ पाइएको कुरा इतिहासकार दिनेशराज पन्तले उल्लेख गरेका छन्।[३५] यसरी नै विश्वेश्वर अर्ज्यालले वि.सं. १७३४ मा **बृहत्संहिता** सारे। यिनको नाममा **अष्टावक्र गीता, केदार मञ्जरी** (गद्य काव्य), **अलङ्कार कौस्तुभ** (साहित्य), **रसमञ्जरी** (व्याख्या) नामक रचनाहरू देखिन्छन्। **वाक्यंवृत्ति प्रकाशिका** भने नेपाली कागजमा लेखिएको पाइन्छ। त्यसमा गुरुको निर्देशनमा शंकराचार्यको **वाक्यवृत्तिलाई** आधार वनाएर व्याख्या गरिएको कुरा उल्लेख छ। वलभद्रको **वालबोधिनी टीका,** वीरभद्रको **सप्ताहयज्ञ पद्दती,** महेश्वरको **विश्व प्रकाश,** रामभद्रको **प्रशस्तीरत्नम्,** वालकृष्णको **लिलारमणम्** तथा **पाञ्चायनदेवता प्रातःस्तुति** (वि.सं. १९३७) रहेको छ। वालकृष्णको अघिल्लो कृति देख्न पाइएको छैन भने पछिल्लो कृतिमा 'वि.सं. १९३७ भाद्र कष्णाष्टभ्यां शुक्रवासरे लिखितमिदं पुस्तकं श्री वालकृष्ण शर्म्मणा अर्ज्याल पदवाच्चेत् शुभम्' भनिएको छ। यी अघिल्ला वालकृष्ण– जो भानुजोशी अर्ज्यालका जेठा छोरा थिए, होइनन्। यी अर्का वालकृष्ण हुन् र कालक्रमले पनि निकै पछाडिका देखिन्छन् जसको वारेमा खोजी हुनु जरुरी छ। यिनको हस्ताक्षर अनुसूची नौमा दिइएको छ। चतुर्भुजको **विषयतत्त्व निरूपणम्,** टीकारामको **महाराज कुतूहलम्** (१८२६), हरिदत्तको **गणितनाममाला** जस्ता रचनाहरू पनि देखिन्छन्। शाहवंशको वंशावली लेख्ने धरणिधर अर्ज्यालले वि.सं. १७३८ मा **वर्षाफल गणित** सार्ने काम गरे।[३६] गिरिधरले १७८९ मा **खड्गपूजाविधि** र **पार्थिवपूजाविधि** सारे। तिलकले **प्रायश्चित प्रकरण** (१७२४) सारे। लक्ष्मीनारायण अर्ज्यालले **गीत गोविन्द** सारे र **हरिस्चन्द्र विलाप** (वि.सं. १८७३) खण्डकाव्य लेखे।[३७] यिनले **गोरक्ष भुजङ्गप्रयाताष्टक स्तोत्र** (वि.सं. १७८७) सारेको र **महाज्ञानमुद्राकथाहा** (वि.सं. १८५०) लेखेका छन्।[३८] र **अग्निस्थापना विधि,** हितोपदेश र **शब्दभेद प्रकाश** सारेका छन्। सारङ्गधरले **नरपति जयचर्चा-स्वरोदय** तथा शतानन्दले वनाएको **भास्वतिकरण** (वि.सं. १८०८) नामक ज्योतिष ग्रन्थ सारेका थिए। सारङ्गधरको **सारङ्गधर पद्धती, सारङ्गधर संहिता** (वि.सं. १९१७), **त्रिशति विवरण संहिता** नामक रचना देखा पर्दछ। **बृहत्संहिता** सार्ने रामचन्द्रका छोरा विश्वेश्वर अर्ज्याल, संस्कृतका राम्रा विद्वान् मानिन्छन्।

---

३५. दिनेशराज पन्त, गोरखाको इतिहास दोस्रो भाग, पूर्ववत्, पृ. ४१५
३६. रामजीप्रसाद अर्ज्याल, पूर्ववत्, पृ. १५५
३७. ज्ञानमणि नेपाल, 'हरिश्चन्द्र विलाप : एक परिचय', प्रज्ञा (पूर्णाङ्क ४५, २०४०)
३८. शरदचन्द्र शर्मा भट्टराई, 'महाज्ञान मुद्रा कथाहा : नेपालीको एउटा प्राचीन आख्यान' (गरिमा–२९, २०४१)

यिनको **अन्योक्ति शतकम्** र **दशकर्म पद्धती** नामक रचना छन्। उनी गोर्खादरवार वनाउने काममा पनि संलग्न थिए। पोखरीथोकको मन्दिरमा शिलालेख राख्ने काम गरेका विरेश्वर अर्ज्याल जो छन् ती परशुरामका नाति इन्द्रमणिका साइँला छोरा हुन्। यिनले वि.सं. १७३७ मा पृथ्वीपति शाहको प्रशस्ति लेखेका थिए।

गोरखा भोगटेनी गाउँका बासिन्दा रहेका वागभूषण अर्जेलले नेपाली साहित्यको प्रारम्भिक कालमा **बूढा पूराना कुरा** (वि.सं. १९१५) नामक पहिलो उखान सङ्ग्रह बनाएका थिए। गुणानन्दका छोरा वाग्भूषणको बारेमा इतिहासकार ज्ञानमणि नेपाल लेख्छन्– "नेपाली साहित्यको उदयकालमा नेपाली कविहरू काव्य कविताको अनुवादमा जोड लगाइरहेका बेला नेपाली भाषाका उखान बटुलेर सङ्ग्रह गरिनु एउटा नौलो प्रयास थियो।[३९]" भानुभक्तका समकालीन यी वागभूषणका बारेमा वि.सं. १८९९ मा लेखिएको फत्तेजङ्ग शाहको पत्रमा बाहेक अन्यत्र उल्लेख नभएको कुरा पनि नेपालको लेखमा जनाइएको छ। मिलेको खानु परेको वेहोर्नु, खस्रो लाउनु मसिनो खानु र फल खानु बोट नकाट्नु जस्ता अड्तीस उखानहरू त्यस सङ्ग्रहमा समावेश छन्।

फुटकर रचना लेख्ने पुराना कविहरूमा नरेन्द्रकेशरी अर्ज्याल (मूलतः गोरखापत्रका पत्रकार) थिए। यिनी वि.सं. १९७४ पछि काशीमा बसेका थिए। यिनको रचना सङ्ग्रहको रूपमा देख्न पाइएको छैन। गोरखापत्रमा **रामचन्द्राष्टक** नामक रचना छापिएको देखिन्छ र यिनले नरेन्द्रकेशरी शर्माका नाममा पनि रचनाहरू लेखेका छन्। **शुक्तिसिन्धू** काण्डपछि यिनी वनारस निर्वासित भएका थिए र वि.सं. १९७८ मा काशीमै यिनको देहावसान भएको थियो।

यसरी नै पिताम्बर अर्ज्यालले **कार्तिक महत्म्य** (१९४५) नामक कृतिको रचना गरेका छन्। यो पुस्तक मदन पुस्तकालयमा रहेको छ। यसैबाट झिकेर **बुइँगलमा** *कलियुगमा* नामक रचना छापिएको छ। यिनको बारेमा अन्य कुराहरूको एकीन विवरण प्राप्त भएको छैन। तैपनि यिनी न्यौखाका हुन् र पछि ठमेल बसाइँ सरेको कुरा थाहा पाइएको छ।

गंगानाथ अर्ज्याल **अर्पण–गीता**का स्रष्टा हुन्। यिनको जन्म १९५० र मृत्यु २०२० मा भएको कुरा रामजीले उल्लेख गरेका छन्। गंगानाथको बाल्यकाल बनारसमा बितेको र शिक्षादीक्षा पनि काशीमा नै भएको थियो। जीवनको उत्तरार्द्धमा भने योगी बनेर आश्रमतिर गएका थिए।[४०] टंकनाथ

---

३९. ज्ञानमणि नेपाल, 'बागभूषण अर्ज्यालले सङ्ग्रह गरी बनायाको बूढा-पुराना कुराको टिप्पन', **रूपरेखा**, (वर्ष २४, अङ्क १० फागुन २०४०)

४०. रामजीप्रसाद अर्ज्याल, पूर्ववत्, पृ. १९८।

अर्ज्यालको रचना एउटा अर्को बुइँगलमा देखिन्छ भने कालिप्रसाद **भाषा पद्य सङ्ग्रह**मा देखा पर्दछन्। चेतोनाथ शर्मा अर्ज्याल अमरभूमिका थिए। उनले **कार्तवीर्य कवचम्** (गद्यरचना) लेखेका छन्। चौपारी बनाएपछि पूजा गर्ने विधिका रूपमा रहेको उक्त रचना वि.सं. १९८६ मा लेखिएको थियो। यसका केही हस्तलिखित पन्नाहरू प्राप्त भएका छन् र पुछारमा "चेतोनाथ लिखित कार्तवीर्य कवचम् शुभम्" लेखिएको हुँदा उनैको रचना स्वीकारिएको हो। यिनी **चतुश्लोकी भागवत्**का लिपिकर पनि हुन्। राजीवलोचन जोशी अर्ज्याल थरका पनि छन् र ती गोरखा भोगटेनीका बासिन्दा थिए। केही समय मनकामनाको पुरोहित भएका राजीवलोचनको उल्लेख दण्डपाणिले गरेको पाइन्छ।[४१] यिनले केही समय कास्कीमा रहेर पृथ्वीनारायण शाहलाई सहयोग पुऱ्याएका थिए। उनलाई पृथ्वीनारायणले लेखेको पत्र उपलब्ध छ।[४२] यद्यपि नेपाली साहित्यमा अर्का राजीवलोचन जोशी (**केदारकल्प**का लेखक) पनि छन् र ती सेढाइँ थरका हुन्। उनका बारेमा ईश्वर बरालको पुस्तकै छापिएको छ।

७. अर्ज्याल-स्रष्टाहरूको संक्षिप्त चिनारी

नेपाली वाङ्मयमा अर्ज्यालबन्धुहरूको योगदानका बारेमा व्यापक एवं गम्भीर ढङ्गबाट कालक्रमिक अनुसन्धान गरिनुपर्ने थियो। यसतर्फ विद्वान् अध्येताहरूको ध्यान तान्नका निम्त मात्र मैले यी विवरणहरू प्रस्तुत गरेको हुँ। सीमित ज्ञान, ध्यान र प्राप्तिमा आएकाहरूलाई नै मैले यहाँ समावेश गर्न सकेको छु। तथ्यका आधारमा सत्यको निरूपण गर्ने प्रयासले निरन्तरता पायो र कमी औँल्याउँदै सुझाव तथा विवरणहरू आयो भने यसले पनि पछि पूर्णता प्राप्त गर्दै जाने आशा राख्दछु। यही आशामा अब अर्ज्याल विद्वान्हरूको संक्षिप्त जानकारी प्रस्तुत गर्दछु।

७.१ शक्तिवल्लभ अर्ज्याल (जन्म : वि.सं. १७८१ मृत्यु : १८६३)

लक्ष्मीनारायण अर्ज्यालका जेठा छोरा शक्तिवल्लभ अर्ज्याल वि.सं. १७८१ वैशाख २८ गते गोर्खामा जन्मिएका हुन्।[४३] लक्ष्मीनारायणलाई कसैले लक्ष्मीरमण उपाध्या अर्ज्याल भनेको पनि पाइन्छ।[४४] लक्ष्मीनारायणलाई

४१.दण्डपाणि अर्ज्याल, 'चिनारी', **शक्ति स्मारिका–२०५९** (गोरखा : शक्ति मा.वि. पाटेचौर), पृ. ६८-७०

४२.धनवज्र/ज्ञानमणि नेपाल, 'ऐतिहासिक पत्र सङ्ग्रह', (काठमाडौं : नेपाल सांस्कृतिक परिषद्– २०१४), पृ. १९

४३.महेशराज पन्त, 'टिप्पनको पुस्तक', **पूर्णिमा** (पूर्णाङ्क ६४), पृ. १४

४४.ईश्वर बराल, **शुवानन्द दासदेखि शम्भुप्रसादसम्म**, (ललितपुर, जगदम्बा प्रकाशन, २०५५), पृ. ४६

'वाहुननानी' पनि भनिन्थ्यो। सानैदेखि शिक्षाको वातावरण पाएको हुनाले यिनी कुशाग्र बुद्धिका निस्किए। राजपरिवारसँगको सम्पर्क एवं लडाइँको ज्ञानले सुसज्जित भई आफ्नो युवावस्थामा सैनिक भएर काम गरेका शक्तिवल्लभ पछि गएर राजगुरु तथा पुरोहित वनेका थिए। पृथ्वीनारायणको पालादेखि गिर्वाणयुद्धको समयसम्म विभिन्न जिम्मेवारीमा रहेको हुँदा शक्तिवल्लभ साँच्चिनै शक्तिका वल्लभ जस्तै देखिन्छन्। नेपाली साहित्यको आरम्भमा वीरधाराको पङ्ति पक्रेर कलम चलाउने शक्तिवल्लभ कविता, आख्यान र नाटक जस्ता विधाहरूमा सर्वप्रथम प्रवेश गर्ने वहुमुखी प्रतिभायुक्त व्यक्तित्व हुन्। नेपाली साहित्यको कथा (आख्यान) विधामा अनूदित रूपमै भए पनि पहिलो कथात्मक कृति सिर्जना गर्ने श्रेय यिनलाई नै जान्छ। वि.सं. १८२७ मा प्रकाशित **महाभारत विराटपर्व**लाई नै कथा र उपन्यासको आरम्भविन्दु मान्नुपर्ने विचार व्यक्त गर्दै प्रा. दयाराम श्रेष्ठ तथा मोहनराज शर्मा लेख्छन्– 'लिखित सामग्रीको आधारमा सं. १८२७ को शक्तिवल्लभ अर्ज्यालको महाभारत विराटपर्ववाटै नेपाली उपन्यासको इतिहास शुरू गर्नु पर्दछ।'[४५] तारानाथ शर्मा पनि अर्ज्याललाई 'गद्यलेखक' मान्दछन्।[४६] घटराज भट्टराई र शरदचन्द्र भट्टराईले– 'कवि, संस्कृतका विद्वान् थिए' भनेका छन्।[४७] रामकुमार पाँडे– 'शक्तिवल्लभको **हास्यकदम्ब** नै नेपालको हास्यसाहित्यको पहिलो रचना मान्दछन्।[४८] नेपालको एकीकरण अभियानमा कलमसँगै खुँडा-खुकुरी भिरेर लडाइँका मैदानमा पुगेका शक्तिवल्लभ हास्यव्यङ्ग्य साहित्यको पनि आरम्भकर्ता हुन्। संस्कृतमा लेखेको पुस्तक आफैंले नेपालीमा रूपान्तरित गरेका भए पनि मौलिक सिर्जना सरह नै **हास्यकदम्ब**को महत्त्व रहेको छ।

शक्तिवल्लभ अर्ज्याल राजा पृथ्वीनारायण शाहका अत्यन्तै विश्वासपात्र थिए। त्यसैले काशीयात्रामा यी साथै थिए। उनले प्रतापसिंह शाहको राज्याभिषेक मात्र गरेनन्, राजगुरु र पुरोहित भएर पनि लडाइँको प्रवन्ध गर्ने, युद्धाकिल्लाको रखवारी गर्ने, ज्ञानको प्रचार-प्रसारका लागि पुराना ग्रन्थ सार्न लगाउने, नयाँ लेखाउने र ज्योतिषी कर्मसमेत गरे। शक्तिवल्लभ प्रत्युत्पन्न

---

४५. दयाराम श्रेष्ठ/मोहनराज शर्मा– नेपाली साहित्यको संक्षिप्त इतिहास, (ललितपुर : साझा प्रकाशन, चतुर्थ संस्करण– २०४९, पृ. ८० र १०२

४६. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास (काठमाडौं : संकल्प प्रकाशन, दोस्रो संस्करण-२०३९), पृ. १६

४७. घटराज/शरद्चन्द्र भट्टराई प्राचीन नेपाली गद्य (ललितपुर : साझा प्रकाशन, दोश्रो सं.-२०४८), पृ. ७

४८. रामकुमार पाँडे, नेपाल परिचय, (काठमाडौं : आठराइ प्रकाशन, छैठौं संस्करण–२०४५), पृ. ४४२

मतिका कूटनीतिज्ञ पनि थिए ।[४९] नेपाली कवितामा अत्यन्त चर्चित रहेको **तनहूँ भकुण्डोलगायत महाभारत विराटपर्व** (नेपाली), **जयरत्नाकर** (संस्कृत नाटक), **पुरस्चरण चातुरी** (संस्कृत-कर्मकाण्ड), **ललितमाधव** (संस्कृत), **सुधातरङ्गीणी** (संस्कृत-काव्यग्रन्थ), **इन्द्रध्वजोत्सव, दानप्रकाश** (संस्कृत), **यथार्थतत्त्वबोध** जस्ता विभिन्न कृतिहरू यिनले रचेका छन् । पृथ्वीनारायणलाई जुनसुकै विषयमा परामर्श दिनसक्ने खूवीले गर्दा नै उनको स्थान पछिल्ला राजाहरूसँग पनि सुरक्षित र सम्मानित रह्यो । वि.सं. १८४९ मा यी धर्माधिकारी पनि वनेका थिए ।

कृतित्त्व र व्यक्तित्वको विवेचना र मूल्याङ्कन गर्ने क्रममा शक्तिवल्लभ अर्ज्यालका बारेमा नेपाली साहित्यको इतिहास लेखक एवं समीक्षकहरूले विभिन्न मत व्यक्त गरेका छन् । समालोचक तानासर्माले भानुभक्तभन्दा पहिलेका फुटकर गद्य लेखकहरूमा 'शक्तिवल्लभलाई विर्सन' सकिंदैन भनेका छन् ।[५०] प्रा. राजेन्द्र सुवेदी भन्छन्– "अर्ज्यालले वि.सं. १८४९ मा **जयरत्नाकर** र वि.सं. १८५५ मा **हास्यकदम्ब** नाटक संस्कृतमा लेखेर **हास्यकदम्बलाई** नेपालीमा रूपान्तरण समेत गरेका छन् । दुवै नाटकहरू अर्ज्यालका मौलिक कृति हुन् र नाटकका रूपमा लेखिए पनि आख्यान वृत्तमा केन्द्रित छन् ।[५१] प्राध्यापक ठाकुर पराजुलीले शक्तिवल्लभको चर्चा गर्दा– 'कवि र गद्यकारका रूपमा प्रसिद्ध छन्' भन्दै शक्तिवल्लभको "**तनहूँ-भकुण्डो** कवितामा त नेतृत्त्वको अभावमा भाँडिएको वाईसे-चौवीसे राज्यहरूको स्पष्ट तस्वीर झल्किएको पाइन्छ भनेका छन् ।[५२] उता भारतीय विदुषी कमला सांकृत्यायन लेख्छिन्– "शक्तिवल्लभ अर्ज्याल महाराजा पृथ्वीनारायण शाहके दरवारी पण्डित, और संस्कृतके पद्यकार के रूपमें ही नही वल्की उस क्षेत्रके एक वडे नेपाली गद्य-लेखकके रूपमें भी माने जाते हैं ।[५३] पृथ्वीनारायण शाह समेतको उपस्थितिमा भएको **पहिलो अन्तर्राष्ट्रिय कवि सम्मेलन** शक्तिवल्लभकै संयोजनमा भएको थियो

---

४९. रामजीप्रसाद अर्ज्याल– पूर्ववत्, पृ. १५८-१६०

५०. तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास**, (काठमाडौं : सङ्कल्प प्रकाशन, दोश्रो संस्करण- २०३९), पृ. १५

५१. राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, (वाराणशी : भूमिका प्रकाशन– २०५३), पृ. २६

५२. ठाकुर पराजुली, **नेपाली साहित्यको परिक्रमा** (काठमाडौं : नेपाली विद्या प्रकाशन– २०४५), पृ. १०३

५३. कमलासांस्कृत्यायन, **प्रतिवेशी एशियाइ साहित्यः नेपाली साहित्य** (कलकत्ता : भारतीय परिषद्– ई. १९८६), पृ. ९४

भनी आत्रेयले उल्लेख गरेका छन्।[५४] यिनले आफ्नो नाममा भट्टाचार्य पद्वी नै वढी प्रयोग गर्दथे।[५५] यस कुराको पुष्टि पशुपतिनाथमा चढाइएको घण्टामा खोपिएको अभिलेखले पनि गर्दछ।[५६] उनलाई भट्टाचार्यको पद्वी भने रणवहादुर शाहको व्रतवन्धमा प्रदान गरिएको थियो। राजपुरोहित वन्नुअघि उनी सरदार, फौजदार, पाध्या, उपाध्या, पण्डित, जोशी जस्ता अनेक विशेषणका साथ पुकारिन्थे। यिनले नेपाली भाषालाई **लोकभाषा** मान्दथे। यिनी भावुक र लहडी कवि भन्दा लोक जीवन र व्यवहारलाई स्पष्ट बुझेका पण्डित थिए भन्दै केही रसिक, गफाडी र अभिमानी पनि थिए भन्ने कुरा हंसपुरे सुवेदीले लेखेका छन्।[५७] डा. ईश्वर बराल भन्छन्– "नेपालीमा हास्यव्यङ्ग्यको प्रथम प्रयोग शक्तिवल्लभ अर्ज्यालले गरे।"[५८]

शक्तिवल्लभको रचनाधर्मिता रागात्मक रसिकतासँगै धार्मिक कर्मकाण्डवाद रहेको देखिन्छ। उनको **जयरत्नाकर** नाटक होस् वा **हास्यकदम्ब** दुवैले पहिलो प्रवृत्ति दर्शाउँछ। दोस्रो प्रवृत्ति दर्शाउने कृतिहरूमा **पुरश्चरण चातुरी**, **दान प्रकाश** जस्ता रचनाहरू पर्दछन्। **यथार्थतत्त्वबोधले** समकालीन सामाजिक चित्र प्रस्तुत गर्ने प्रयास गर्दछ भने फुटकर कविताहरूले पनि यथार्थकै प्रतिविम्वन गरेको पाइन्छ। व्यङ्ग्यधर्मिता उनको लेखनमा प्रचुरमात्रामा झाँङ्गिएको छ। अनुवादमा उनको विशेषता भावानुवादी देखिन्छ। कसै-कसैले यसलाई छायानुवादी पनि भनेका छन्। **हास्यकदम्बको** नेपाली अनुवाद प्रभावकारी रहेको विचार तारानाथ शर्माको छ।[५९] **जयरत्नाकर** (नाटक) नेपाल सांस्कृतिक परिषद्द्वारा वि.सं. २०१४ मा वल्ल प्रकाशित भयो। त्यसको अनुवाद धनवज्र बज्राचार्य र ज्ञानमणि नेपालद्वारा गरिएको छ भने विवरण विश्लेषण नयराज पन्तले गरेको पाइन्छ। उनी भन्छन्– "शक्तिवल्लभले भाषाको खिचडी नपकाई शुद्ध संस्कृत भाषामा आफ्नो ग्रन्थ लेखेका छन्। उनी छन्द र व्याकरणको मर्यादा तोड्दैनन् र वीरधाराको परम्परालाई यथाशक्य अघि

---

५४. विष्णुराज आत्रेय, **अर्ज्याल वंशावली र कुलवृत**, पूर्ववत्, पृ. ७३

५५. वालकृष्ण पोखरेल, **पाँचसय वर्ष**, (ललितपुर : साझा प्रकाशन, तेस्रो संस्करण– २०५०), पृ. २३२)

५६. गोविन्द टण्डन, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन**, दोस्रो भाग (काठमाडौं : झरेन्द्र समशेर– २०५६), पृ. ४२९

५७. हंसपुरे सुवेदी, **संस्कृत वाङ्मय : संक्षिप्त अध्ययन**, (काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, त्रिविवि– २०३७), पृ. ३४९

५८. ईश्वर बराल, **सयपत्री**, (ललितपुर : साझा प्रकाशन– २०५५), पृ. ७०

५९. तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास**, पूर्ववत्, पृ. १६

वढाउँछन् ।" नयराज पन्त अगाडि भन्दछन्– "शक्तिवल्लभको वास्ता राखेनौं भने उन्नाइसौं सदिको नेपालको इतिहासका धेरै कडी खुस्कन्छन् । त्यसकारण जयरत्नाकरको ऐतिहासिक भागको अत्यन्त सावधानीका साथ परीक्षा गर्नुपरेको छ ।"[६०] पन्तले शक्तिवल्लभको उक्त रचनामा रहेका सवल पक्षसँगसँगै कमजोरीहरू पनि औंल्याएर राम्ररी समीक्षा गरेका छन् । वि.सं. १८४३-१८४८ को गोर्खाली विजयमा आधारित यस नाटकले अर्ज्यालको साहित्यिक सिर्जनशीलता सँगसँगै सैनिक संस्कारको कठोरता र दरवारिया रसिकता प्रकट गर्न पुगेको छ । उनका 'भुसे विद्वान्' कति थिए त्यो भने छर्लङ्ग छैन । नेपालको विद्वत् परम्परामा भने शक्तिवल्लभ हँस्यौली नाटक लेख्ने पहिलो नाटककार बन्न पुगेका छन् ।[६१] ईश्वर वरालका दृष्टिमा भने पृथ्वीनारायणका सामरिक अभियानमा संलग्न हुनेमध्ये अर्ज्यालकुलका भट्टाचार्य पद्वीधारी शक्तिवल्लभ मात्रै थिए ।[६२] किनभने भट्टाचार्य पद्वी पाउने अर्का व्यक्तिमा दैवज्ञकेशरी अर्ज्याल पनि थिए तर उनी सामरिक अभियानमा सामेल थिएनन् ।

सामाजिक कार्यमा शक्तिवल्लभको संलग्नता मठमन्दिर बनाउने, गुठी राख्ने जस्ता काममा मात्र सीमित थिएन, उनी एक तान्त्रिक वैद्य पनि थिए । त्यसैले सर्वसाधारणको उपचार गर्ने काम पनि गर्दथे । सन्धि सनदमा साक्षीवस्ने, शिक्षा प्रचारमा संलग्न रहने र नेपाली भाषाको प्रवर्धनमा देशभाषाको दर्जा दिंदै नेपालीलाई राजकाजमा प्रयोग गर्ने गराउने काम पनि यिनले गरे । "शास्त्रीय छन्दमा चोखो नेपाली कविता उमार्नेमा शक्तिवल्लभ र उदयानन्द अर्जेल नै देखिए ।[६३] पं. शक्तिवल्लभ र पं. दैवज्ञकेशरी अर्ज्यालले वार्णिक छन्दलाई भित्र्याएपछि पं. उदयानन्द अर्ज्याल र पं. यदुनाथ पोखरेलले त्यही वीरकाव्य परम्परालाई अघि वढाएका र त्यसलाई अक्षुण्य राख्ने प्रयत्न गरेका पाइन्छन् ।[६४] यसरी ८३ वर्षको उमेरसम्म लगातार नेपालका निम्ति

---

६०. नयराज पन्त, 'उपोद्घात', **जयरत्नाकर नाटक**, संपादक–धनवज्र/ज्ञानमणि नेपाल (काठमाण्डौ : नेपाल सांस्कृतिक परिषद, वि.सं. २०१४), पृ. २७

६१. भूपिहरी पौडेल, **नेपालको विद्वत् परम्परा** (काठमाडौं : नेपाल साहित्य केन्द्र, संस्करण-२०५१) पृ. ५८९

६२. ईश्वर वराल, **सुवानन्ददेखि सम्भुप्रसाद सम्म** संपादक-शरद्चन्द्र शर्मा भट्टराई, (ललितपुर : जगदम्वा प्रकाशन- २०५५) पृ. १०८)

६३. ज्ञानमणि नेपाल, **नेपाल निरुक्त**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान– २०४०), पृ ३८३

६४. गणेशवहादुर प्रसाईं, **सुवानन्द दासदेखि राजीवलोचनसम्म**, (ललितपुर : साझा प्रकाशन– २०४४), पृ. १२४

खटेर वि सं १८६३ चैत्रमा उनको निधन भयो।[६५]

७.२ राधावल्लभ अर्ज्याल (जन्म वि.सं. १७८५-१८६९)

शक्तिवल्लभका भाई राधावल्लभको जन्म गोर्खामा विक्रम सम्वत् १७८५ मा भएको हो। यिनी पनि शुरूमा सैनिक सेवामा कार्यरत रहेका थिए। सन्तानको लालसामा पाँच जना पत्नीहरू विहे गरेका भए पनि त्यो पूरा हुन सकेन। अयोद्धा, सत्यरूपा, बसुमति, कुलवति र इन्द्रमति नामक पत्नीहरू उनीसँगै सती गएका थिए।[६६] राधावल्लभ बढी नै धार्मिक प्रवृत्तिका थिए। यिनले विभिन्न मठ मन्दिर बनाउने, गुठी, राख्ने काम सँगै पशुपतिनाथको मन्दिरको ढोका चाँदीले मोरेर सुनको जलप लगाउने काम गरेका थिए। सुन चाँदी र नगद प्रदान गरेर सम्पन्न भएको उक्त कार्यको अभिलेख अनुसार त्यसको पर्सी पल्ट उनको निधन भएको हुंदा १८६९ वैसाख शुक्ल एकादशीका दिन आर्यघाटमा अन्तेष्टि भएको थियो। गोविन्द टण्डन भन्छन्– "पशुपतिनाथको मन्दिरलाई सुन्दर वनाउने क्रममा राजपुरोहित राधाबल्लव अर्ज्यालको प्रयास र सदिच्छा उल्लेखनीय छ।"[६७] राधावल्लभको साहित्यिक प्रवृत्तिको पनि आफ्नै महत्त्व छ। उनका कविता तत्कालीन विकृत काव्य-प्रवाहका प्रतिक्रिया र दुस्सह आन्तरिक चापका सृष्टि हुन् भन्दै गणेशवहादुर प्रसाईं अगाडि भन्छन्– "राधावल्लभको जुन विलक्षण काल्पनिकता छ, त्यस प्रकारको कविकल्पना पछिल्लो चरणमा लक्ष्मीप्रसाद देवकोटा, मोहन कोइराला र जगदीश समशेरले वाहेक अन्य कुनै नेपाली कविले प्रदर्शन गर्न सकेका छैनन्। यस परिप्रेक्ष्यबाट हेर्दा उनी नेपाली काव्य इतिहासका अमर विभूति हुन्।[६८] राधावल्लभ निसन्तान भएकाले उनले आफ्नो आस्था अनुसार भीरकोट, पोखरीथोक र काठमाडौंका विभिन्न ठाउँमा गुठी राख्दै मन्दिर, शिवालयहरू वनाएर त्यसमा घण्टार्पण गरेका थिए। (हेर्नुहोस्– अनुसूची दश) यद्यपि ईश्वर वराल भने उनको मृत्यु १८६८ मा भयो भन्दछन्।[६९] तर यो सही होइन। राधावल्लभको साहित्यिक व्यक्तित्व पनि सवल नै देखिन्छ। उनले संस्कृत भाषामा लेख्दा होस् वा नेपालीमा लेख्दा होस् व्रजभाषाको मिसावट गरेको

---

६५. शिवराज आचार्य कौडिन्यायन, **कतिपय नैपालसंस्कृत ग्रन्थकार परिचय**, (काठमाडौं: स्वाद्ध्यायशाला-२०४८) पृ. १९

६६. रामजीप्रसाद अर्ज्याल **नेपालको इतिहास र अर्ज्याल परिवार**, पूर्ववत् पृ. १६२

६७. गोविन्द टण्डन, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन** भाग १, (काठमाडौं : झरेन्द्र समशेर– २०५३), पृ. १२६

६८. गणेशबहादुर प्रसाईं, पूर्ववत्, पृ. ३७

६९. ईश्वर बराल, **सुवानन्ददेखि शंभुप्रसादसम्म** पूर्ववत् पृ. १०९

पाइन्छ। राष्ट्रिय अभिलेखालयमा रहेको **साँढ्याको कवित्त**का लेखक राधावल्लभ हुन्।[७०] एउटै कविता भएको हुँदा पहिलोमा लेखकको नाम लेखिनु र पछिल्लामा नतोकिनु सहज कुरा हो। **माले साँढ्याको कवित्त**का लेखक राधावल्लभ अर्ज्याल हिन्दी भाषामा पनि कविता लेख्दथे। यिनी राजा गिर्वाणयुद्ध वीरविक्रमका पुरोहित पनि थिए। यिनका मुख्य रचनामा **राजराजेश्वरी कवचम्** (संस्कृत) **उद्धवदूतम्** र **संस्कृतमञ्जरी** रहेका छन्। नेपालीमा भने **साँढ्याको कवित्त** नै चर्चित छ।[७१] **माले साँढेको कविता** शीर्षकमा रहेको उनको रचनालाई पुरातत्त्वको सूची रिल नं. A ९८०/२७ मा राधावल्लभ पाँडे गराइएको छ। यद्यपि त्यहाँ साँढेको कविता सात किसिमका उपलब्ध छन्।

७.३ चक्रपाणि अर्ज्याल (जन्म वि.सं. १७९०- मृत्यु वि.सं. १८६७)

चक्रपाणि अर्ज्याल गोर्खा-दरबारबाट भक्तपुर खटाइएका 'दूत' थिए। उनले रणजीत मल्लको गतिविधि पृथ्वीनारायणलाई पठाउँथे। त्यसको नमूना पत्र प्राप्त छ।[७२] चक्रपाणि अर्ज्याल सत्यधरका छोरा थिए। यिनले मौलिक ग्रन्थहरू धेरै नै लेखेका छन्। अर्ज्यालवंशको विद्वत्परम्परावारे चर्चा गर्दै जगदीशचन्द्र रेग्मी लेख्छन्– "चक्रपाणिले लेखेका तीनवटा मौलिक ज्योतिषग्रन्थहरू छन्– **प्रश्नतत्त्वम्, जातकेन्दु** र **ग्रहणतत्त्व**। मौलिक कृति रचना गर्ने व्यक्तित्वका रूपमा यी निकै महत्त्वपूर्ण छन्। यिनको समयसम्म मौलिक कृति लेख्ने अन्य अर्ज्याल देखिंदैनन्। (हेर्नुहोस्–अनुसूची-चार) परन्तु यस अघि नै शक्तिवल्लभ र राधावल्लभका रचनाहरू देखिन्छन्। चक्रपाणि अर्ज्यालको **प्रश्नतत्त्वम् उत्तान गणितं च** (इ.सं १९३४) पुस्तक प्रकाशित छ। यसका अतिरिक्त राजा रणजित मल्लका आज्ञाले वनायाको भनिएको **पाञ्चाङ्गसारिणी** र **सूर्यग्रहणसारिणी** (नेवारी), **विजयकल्पलता** (१६६१), **अशेषतन्त्र संग्रह, ग्रहणतत्त्वम्, ज्योतिष सारङ्ग** (नेवारी), **ग्रहगणित, सारिणीकारिका, सूर्यवल्ली** (लेखसङ्ग्रह), **पर्वद्वय साधनम्, हठयोगप्रदीपिकाः भाष्य, गोरक्षवरः स्तुति** जस्ता रचनाहरू रहेका छन्। नयराज पन्तले उल्लेख गरेअनुसार गणित चूडामणि, जैमिनी सूत्रको टीका र चमत्कारचिन्तामणिको टीका पनि उनैका रचना हुन्। दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको **धूपघडी** भन्ने पुस्तकमा यसको जानकारी

---

७०. घटराज भट्टराई/शरदचन्द्र भट्टराई, **प्राचीन नेपाली पद्य** (ललितपुरः साझा प्रकाशन दोश्रो संस्करण २०४८), पृ. द

७१. गौतमवज्र वज्राचार्य 'राधावल्लभका विपयमा' **इतिहास प्रकाश** भाग २ अङ्क २ (काठमाडौं : इतिहास शंशोधन मण्डल-२०१३) पृ. ३१

७२. हेर्नुहोस्– **संस्कृत सन्देश**, वर्ष १, भाग ८

पाइन्छ। जो मैले प्रा. दिनेशराज पन्तको सौजन्यमा हेर्ने मौका पाएँ। योगी नरहरीनाथका अनुसार यिनले लेखेको कविता संस्कृत भाषामा छ। दश श्लोकको एउटा कवितामा उपत्यका विजयको वर्णनसहित प्रकृति चित्रण रहेको छ।[७३] यिनका माइला छोरा न्यायकेशरी (१८१७) ले **सुदर्शन चरित्र** नामक पुस्तक लेखेका छन्।

७.४ ललिताबल्लभ अर्ज्याल (जन्म वि.सं. १८००- मृत्यु वि.सं. १८५०)

यी लक्ष्मीनारायणका भतिजा एवं शक्तिबल्लभका बडाबाबु अग्निश्वरका एकमात्र छोरा हुन्। साइनोमा यी शक्तिवल्लभ तथा राधाबल्लभ दुवैका भाइ पर्छन्। आफ्नो पुस्तकमा रामजीले दिएको वंशावलीमा नाम छुटेको देखा पर्दछ। तर केही लेखकहरू भने यिनको परिचय दिंदा पृथ्वीनारायणको राज्यकालका राजपुरोहित भनी औंल्याएका छन्। बरालको ठहर छ– **भक्तविजयकाव्यम्** (वि.सं. १८२६) यिनै राजपुरोहित ललितावल्लभको रचना हो।[७४] पुरातत्त्वमा रहेको यस रचनामा कविकै हस्तलिपि भनी जनाइएको छ। यस काव्यमा भक्तपुर विजय गरेपछिको अवस्थासँगै पृथ्वीनारायण शाहको यशोगान गरिएको छ। चौतरिया फत्यजङ्ग पराक्रम शाहले यस काव्यको थाप्लोमा 'नेपालीय कवि ललितावल्लभविरचितम्' भनी नेपालभाषानुवादसहित वि.सं. २००८ सालमा प्रकाशित गरेका थिए। यसमा भनिएको नेपालभाषा नेवारभाषा होइन। ललितावल्लभको नाम वंशावलीमा छुटे पनि उल्लेख्य प्रतिभाको रूपमा चर्चा गर्दा भने रामजीप्रसाद अर्ज्याल र डा. विष्णुराज आत्रेय दुवैले उनलाई उल्लेख गर्दछन्। यद्यपि दुवैको लेखाइमा भिन्नता देखा पर्दछ। ललितावल्लभका अन्य कृतिहरूमा **पृथ्वीन्द्रवर्णोदय** (वि.सं. १८२७) र **शिवस्त्रोतम्** रहेका छन्। यी दुवै संस्कृत भाषामा लेखिएको छ। **भक्तविजय** काव्यमा १०८ श्लोक छन् र विभिन्न छन्दमा अलङ्कारिक प्रस्तुति रहेको देखिन्छ। **पृथ्वीन्द्रवर्णोदय** तीन सर्गमा विभाजित छ। एकसय दुई श्लोकको यो काव्यलाई घटाएर जम्मा ३९ श्लोकको **संक्षिप्त पृथ्वीन्द्रवर्णोदय** काव्य बनाइएको कुरा नयराज पन्तले उल्लेख गरेका छन्।[७५] ललितावल्लभ आफैले लेखेको भनी जनाइएको **पृथ्वीन्द्रवर्णोदय**को प्रति पनि पुरातत्त्वमा सुरक्षित छ। यिनको निधन भने वि.सं. १८५० मा काशीमा भएको हो। यिनले नेपाली भाषामा लेखेको रचना अहिलेसम्म फेला परेको छैन।

ललितावल्लभको चर्चा वंशावलीमा भएन भन्दैमा उनी थिएनन् भन्न

---

७३. योगी नरहरीनाथ (सं.) **इतिहास प्रकाश सन्धिपत्र संग्रह**, पूर्ववत्, पृ. ५७६

७४. ईश्वर बराल, **सुवानन्ददेखि शम्भूप्रसादसम्म**, पूर्ववत्, पृ. १०९

७५. नयराज पन्त, पूर्णिमा (पूर्णाङ्क ५०) पृष्ठ २

मिल्दैन। यिनी पृथ्वीनारायण शाहका दरवारीया कवि थिए भनी दिनेशराज पन्तले लेखेका छन्।[७६] वंशावली कसले कहाँ बसेर कुन प्रयोजनमा लेख्छ, त्यस परिवेशले कहिलेकाहीं व्यक्तित्वहरू छुट्न वा छुटाउन पनि सक्छ। इतिहास र वंशावली फरक कुरा हुन्। जनताको सामूहिक कार्यकलापमा भेटिने वीरहरूको, राजघरानामा हुने अन्तरद्वन्द्ववाट बाहिर लखेटिएका विपक्षीहरूको र विरोधीहरूको समग्र गतिविधि, विचार-मान्यता र सल्लाहलाई न त इतिहासमा ठाउँ दिइन्छ न वंशावलीमैं। त्यसो हुँदा ललितावल्लभको अस्तित्व **गोर्खाविजय तिलकले** उल्लेख गरेका वीरपुरुषको रूपमा पाइएको छ[७७]। यस काव्यले नेपाली साहित्यको प्रारम्भमा वीरधाराको प्रवर्द्धन गर्ने काम गऱ्यो। **भक्तविजयकाव्यम्** (वि.सं. १८२६) काव्य लेखेर ललितावल्लभले आफ्नो नाम इतिहासमा दरेका छन्। **पृथ्वीन्द्रवर्णोदय** (वि.सं. १८२७) काव्यमा कवि ललितावल्लभले अतिरञ्जनात्मक प्रस्तुति समावेश गरेको दर्शाउँदै दिनेशराज पन्त भन्दछन्– "यस काव्यको सर्ग एकमा ललितावल्लभले नरभूपाल शाहको खुट्टाको पानी खाँदा लठ्याङ्ग्रोपन र कोढ निको हुने गफ गरेका छन्।"[७८] शायद यो राजा महाराजालाई दैवी शक्ति देखाउने मोहमा गरिएको अतिरञ्जना हुनसक्छ। ललितावल्लभलाई पनि वाहुननानी भनिन्थ्यो र उनको उपस्थिति विभिन्न स्रेस्ताहरूमा समेत रहेको देखिन्छ। लोहनी थरका ललितावल्लभका वारेमा वि.सं. १८२५ का वरपरि थिए भन्दै देवीदत्त पराजुलीले **कवितागुच्छहार** (२००५) मा 'लोहनी ललितावल्लभ कवि वेस थिए भनी/भन्दछन् दुनियाँ सारा देखिन्छन् कविता पनि' भनेका छन् (श्लोक–३०६, पृ. १७८) यसवाहेक अन्य जानकारी पाइएको छैन। सम्भवतः भूलवश भनिएको पनि हुन सक्छ।

७.५ उदयानन्द अर्ज्याल (जन्म वि.सं. १८१२-मृत्यु वि.सं. १८९४)

नेपाली साहित्यको इतिहासमा सवैभन्दा पहिले मौलिक महाकाव्य लेख्ने **आदिकवि** उदयानन्द अर्ज्याल हुन्।[७९] यिनको जन्म वि.सं. १८१२ मा भएको हो।[८०] आफ्ना वाजे वीरेश्वर अर्ज्याल गोर्खादरवारका पण्डित रहेको र वावु विश्वेश्वर पनि संस्कृत साहित्यका विद्वान् भएकाले उदयानन्दलाई सानैदेखि

---

७६. दिनेशराज पन्त, गोरखाको इतिहास, पहिलो भाग, पूर्ववत्, पृ. २६५
७७. योगी नरहरीनाथ, इतिहास प्रकाशमा सन्धि पत्र संग्रह, पूर्ववत्, पृ. ५०५
७८. दिनेशराज पन्त, गोरखाको इतिहास भाग २ (काठमाडौं : लेखक स्वयं २०४३), पृ. ५१६
७९. ज्ञानमणि नेपाल, 'महाकवि पं. उदयानन्द अर्जेल र उनको काव्य साधना', प्रज्ञा (सं. ढुण्डीराज भण्डारी, पूर्णाङ्क ४१, २०३९), पृ. २८
८०. शिवराज आचार्य : कौडिन्यायन, **कतिपय नैपालसंस्कृतग्रन्थकार परिचय**, (काठमाडौं: स्वाद्ध्यायनशाला– २०४८), पृ. ६३

शिक्षाको अनुकूल वातावरण प्राप्त भएको थियो। प्रतापसिंह शाहलाई पढाउन सारिएको बृहत्संहिताको लिपिक विश्वेश्वर नै थिए। विश्वेश्वरलाई मुकुन्दसेन द्वितीयको चियो गर्न गोर्खाबाट विजयपुर चौदण्डी पठाइएको थियो। चौदण्डी गएपछि उनले त्यहाँका तत्कालीन राजा विक्रमसेनलाई आफ्नो खूबीद्वारा रिझाएर ठूलो बिर्ता पाए। युवराज कर्णसेनको शिक्षादीक्षा पनि विश्वेश्वरले नै गरे। उदयानन्दको पुर्ख्यौली बारे चर्चा गर्दै ज्ञानमणि नेपाल लेख्छन्– **"उदयानन्दको पुर्खा ईस्मा राज्यको अर्ज्यैमा बसेका अर्ज्याल हुन्। नारायणदास अर्ज्याल त्यहींबाट गोर्खा गएका हुन्।"**[८१]

विश्वेश्वरले कुमाऊँ गएर ज्योतिष पढेका थिए र केही समय काशीमा पनि पढेका थिए। उनी तन्त्र विद्याका पनि ज्ञाता थिए। उदयानन्दको जन्मस्थानका सम्बन्धमा भने विद्वान्हरूको मत वाझेको पाइन्छ। उनी सप्तरीको बैरवामा जन्मे भन्ने राय दयाराम श्रेष्ठ र मोहनराज शर्माको छ।[८२] विष्णुराज आत्रेयले पनि– "हालको सप्तरी जिल्लाको बैरवा भन्ने गाउँ विश्वेश्वरले सेन वंशी राजाबाट बिर्ता पाएका थिए र उदयानन्दको उदय त्यहीं भएको हो" भनेका छन्।[८३] पृथ्वीनारायण शाहका छोरा प्रतापसिंह शाहका समकालीन कवि भन्दै रामप्रसाद दाहालले पनि 'उनको जन्म बैरवामा भएको मानिन्छ' भनेका छन्।[८४] त्यसो त जन्ममितिका बारेमा पनि मतभेद देखा परेको छ। उदयानन्द स्मारक गुठीद्वारा प्रकाशित स्मारिकामा वि.सं. १८१२-१५ बीचको समयलाई जन्ममिति र १८९४ लाई मृत्युसम्वत् उल्लेख गरिएको छ। परन्तु उनको योगदान र मृत्युका बारेमा मतभेद छैन। बसोबास र जिम्मेवारी दुवै चौदण्डीमा रहेको हुँदा बैरवालाई नै जन्मस्थान मान्न कर लाग्छ भन्ने विचार रामजीप्रसाद अर्ज्यालको छ।[८५] गोरखालीले चौदण्डी विजय गरिसकेपछि पनि विश्वेश्वरको बिर्ता थमौति गरिनुले मात्र हैन उनका एकमात्र सन्तान भएकाले पनि उदयानन्दको जन्म र बसोबास बैरवामैं हुनु स्वाभाविक लाग्दछ। तर उनको काव्यसाधना देख्दा भने यो कुरामा अड्डी

---

८१. ज्ञानमणि नेपाल, पूर्ववत्, प्रज्ञा, (पूर्णाङ्क ४१, २०३९), पृ. १०

८२. दयाराम/मोहनराज शर्मा, नेपालीसाहित्यको संक्षिप्त इतिहास, पूर्ववत्, पृ. ७३

८३. विष्णुराज आत्रेय, पूर्ववत्, पृ. ७१

८४. रामप्रसाद दाहाल, **सिंगो नेपाली भाषा–साहित्यको इतिहास र साहित्यकारहरूको परिचय** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार–२०५४), पृ. ७८

८५. रामजीप्रसाद अर्ज्याल, पूर्ववत्, पृ. १६९

लिन सकिँदैन । खास गरेर नेवारी भाषामा कविता रच्ने शायद पहिलो अनेवार विद्वान् उदयानन्द अर्ज्यालनै देखा पर्दछन् । आफ्ना समकालीनहरूमा वहुभाषी स्रष्टा देखिने उदयानन्द अर्ज्याल राजधानीमा नबसी नेवारीमा भाषिक क्षमता पक्कै आर्जन गरेनन् । जसरी मैथिलीमा लेख्नका निम्ति उनको वैरवा वसाइले साथ दियो त्यसैगरी काठमाडौं वसाइले नेवारी-भाषा साधनाको अवसर प्राप्त भयो होला भन्ने कुरा सहजै अड्कल्न सकिन्छ । 'यात्री' भने "उनका पिताले विर्ता पाएकै आधारमा सप्तरी वैरवामा जन्मेका थिए भनिहाल्न मिल्दैन" भन्दै गोरखा, काठमाडौं र सप्तरी कहीं पनि जन्मेका हुन सक्दछन् भन्दछन् ।[८६] त्यसो त विश्वेश्वर वैरवा जानुअघि नै उदयानन्दको जन्म भएको भए उनी नुवाकोटमा जन्मेका पनि हुन सक्छन् ।

उदयानन्दको वसोवास भने सप्तरीको वैरवा (बरवा) मा थियो । शुरूमा उनलाई कुनै सरकारी मान-सम्मान वा जिम्मेवारी प्राप्त थिएन । आफ्नै विर्ताको कामकाजमा व्यस्त थिए । तर उनलाई त्यो स्थितिले निकै चिमोट्यो । खासगरी आफ्ना काकाको दरवारी मान-सम्मानका सामु उनी ढाक्रे थिए । त्यही अनुभूतिले गर्दा उदयानन्दले राजा प्रतापसिंह शाहका हजुरमा कवितात्मक विन्तिपत्र हाल्ने हिम्मत गरे । उक्त विन्तिपत्रको पुछारमा "शुभम् ढाक्र्या उदयानन्द जोशी अर्ज्यालको हाजिरी" भनिएको छ । घटराज भट्टराईले त साहित्यिक रचनामा पनि ढाक्रे उपनाम प्रयोग गर्ने गर्दथे भन्ने सङ्केत गरेका छन् ।[८७] तर यो अड्कल मात्र हो । त्यतिखेर उनी जागिरे थिएनन् । मुन्सिफको जागिर पाएपछि क्रमशः मान-सम्मान विर्ता वक्सिस थपिँदै गए । वि.सं. १८३५ मा उनले पाएको लालमोहरले त्यो सङ्केत गर्दछ । उनी कोशी प्रगन्नाको अमीन हुँदा अञ्चलाधिश जस्तो प्रशासन हेर्ने मात्र नभई भन्सार, काठव्यापार, सीमा रक्षा र शिक्षाको प्रवन्ध गर्ने दायित्व समेत थपियो । सरकारी तिरोभरो उठाएर दाखिल गर्ने र भैं-भगडा मिलाउने न्यायधिसको काम समेत उनले गर्नुपर्दथ्यो । वि.सं. १८७१ मा भएको नेपाल-अङ्ग्रेज युद्धमा नेपाली फौजलाई सघाउने उदयानन्द अर्ज्यालप्रति वेलायती साम्राज्यवादीहरू अत्यन्तै क्रुर थिए । त्यही निहुँमा उनको घर लुटियो । हात्ति घोडा-मालसामान, सुनचाँदी जिन्सी नगद लुटिएको घटनापछि उनी पहाडको विर्ता खोटाङ-खुटा गाउँमा, वस्न थाले । सुगौली सन्धिपछि सवै परिवारलाई त्यहीँ राखेर उनी नेपाल-अङ्ग्रेज सीमा निर्धारण टोलीमा सामेल भई

८६.पूर्णप्रकाश नेपाल यात्री, 'कवि उदयानन्द अर्ज्याल', उदयानन्द स्मारिका-२०५३, (काठमाडौं : उदयानन्द स्मारक गुठी, सम्पादक- ज्ञानमणि नेपाल समेत), पृ. ३०

८७.घटराज भट्टराई, 'कविवर उदयानन्दको व्यक्तित्व', उदयानन्द स्मारिका- २०५३, पूर्ववत्, पृ. ३७

काम गरे। वि.सं. १८७४ सालमा उनको काम हेरिसकेर मात्र उनलाई अमीनको दर्जा दिइएको थियो। नारायणी पूर्व मेचीसम्मको क्षेत्र हेर्नुका अतिरिक्त कर्मचारी र फौजमा घुसखोरी रोक्ने, हातहतियार निरिक्षण गरेर दुरुस्त राख्ने विशिष्ट जिम्मेवारी पनि उनले पाएका थिए।[८८] खोटाङ वसाइकै बेला उनले अङ्ग्रेजसँगको युद्धमा नेपालको जित होस् भनेर पिण्डेश्वरमा पुरश्चरण लगाएका थिए र त्यसको साङ्गेका दिन सन्धि भएको थियो। उनी अङ्ग्रेजी साम्राज्यवाद विरोधी राष्ट्रिय कवि थिए र नेपाली राष्ट्रियताका प्रथम उद्घोषक थिए।

उदयानन्दको पारिवारिक जीवनका सम्वन्धमा अनुसन्धान अधुरो छ। अहिलेसम्म प्राप्त जानकारीअनुसार उनका तीन श्रीमती थिए। थुप्रै जायजन्म भए पनि पाँच भाइ छोराहरू मात्र जीवित रहे। जेठीपट्टिका छविलाल अर्ज्याल, र पद्मलाल अर्ज्याल, माहिलीका मदनलाल अर्ज्याल र मित्रलाल अर्ज्याल, कान्छीपट्टिका आनन्द हुन्। पद्मलाललाई पुष्प पनि भनिन्थ्यो। मदनलाल काशीमा पढ्न गएका बखत योगी भई केही समय विश्वेश्वरको मन्दिरमा रहेको भनाइ पाइन्छ र पछि उनी त्यत्तिकै वेपत्ता भए। छविलालको सप्तरीमै गृहस्थी चल्यो।[८९] मित्रलालको पर्सामा गृहस्थी चलेको देखिन्छ। तर पद्मलालको भने वनारसमा अध्ययन गर्दागर्दै असामयिक निधन भएको थियो। उनकी पत्नी श्रीदेवीले वैरवामा रहेको आफ्नो जेथा लक्ष्मीनारायणलाई चढाएर छोरा चतुर्भुजसँगै काशीवास गइन्। पछि चतुर्भुज वनारसवाट पाल्पा गए र त्यहीँ उनको गृहस्थी चल्यो।[९०] उनका सन्तानहरू अहिले पनि त्यहाँ छँदैछन्। पण्डित डा. हरिहर शर्मा जो भारतको कवीरनगरस्थित रामशङ्कर साङ्गवेद विद्यापीठमा प्राचार्य छन् र यस पुस्तकका लेखक पनि पद्मलालका छोरा चतुर्भुजका सन्तति पर्दछन्। वैरवा वस्ने छविलालका पनाती रामेश्वरप्रसाद अर्ज्यालले त सात-आठओटा पुस्तकै लेखेका छन्।

उदयानन्द अर्ज्याल सप्तरीका वासिन्दा हुन्। तर उनको रहन-सहन काठमाडौं र खोटाङमा पनि हुन्थ्यो भन्ने तथ्य ऐतिहासिक सामग्रीहरूले समेत पुष्टि गरिसकेका छन्। त्यसैले उनका रचनामा पनि नेपालको तीन परिवेश प्रकट भएको पाइन्छ। काठमाडौं, मधेश र पहाडमा वस्दा यिनले आफ्ना कृतिहरू रचे। यिनी सात भाषाका ज्ञाता थिए। संस्कृत, उर्दू, फारसी, नेपाली,

---

८८.ज्ञानमणि नेपाल, प्रज्ञा (पूर्णाङ्क ४१, २०३९, पूर्ववत्) पृ. १८-२०

८९.रामेश्वर अर्ज्याल, **दैनन्दिनका केही पृष्ठ** (काठमाडौं : प्रा. डा. प्रकाश अर्ज्यालसमेत–२०४८), पृ. २

९०.गायत्री पं.गुरु होत्रीराज खनालबाट लेखकले पाएको जानकारी

नेवारी, मैथिली र भोजपुरी भाषामा कलम चलाउँथे।[११] आफ्नो समयका अत्यन्तै प्रखर प्रतिभा उदयानन्द अर्ज्याल धनी पनि थिए। तर उनमा धनको अहङ्कार थिएन। छन्द, अनुप्रास, अलङ्कार प्रयोग गरी नेपाली वान्कीमा कविता लेख्ने उनको खूबीका वारे कमला सांकृत्यायन लेख्छिन्– "उदयानन्दकी भाषा अपेक्षाकृत विशुद्ध नेपाली है।"[१२] विभिन्न स्रोतहरूका आधारमा उदयानन्दका कृतिहरू यसप्रकार उल्लेख गर्न सकिन्छ :

१. **सोमेश्वर विजय वर्णन** (पुरानो वातको अर्जी–१८४१)
२. **अर्ज्याल वंशावली** (कूल वर्णन भएको एघार श्लोक, नेपाली– १८९१)
३. **दुःस्वप्नदोषहरण–नवरत्न स्त्रोत** (संस्कृत–१८६२))
४. **बेताल पच्चिसी** (खण्डकाव्य– वि.सं. १८७२, नेपाली)
५. **पृथ्वीन्द्रोदय** (महाकाव्य, नेपाली भाषामा– १८७०)
६. **फुटकर कविताहरू**

यी कृतिहरूमा उनले आफ्ना ज्ञानको प्रयोग राम्ररी गरेका छन्। काव्यात्मक लालित्य, विषयवस्तु र विधाका दृष्टिले हेर्दा लोकाख्यानमा आधारित **बेताल पच्चिसी** र युगनायक टिपेर रचिएको **पृथ्वीन्द्रोदय** महाकाव्य विशेष रचना हुन्। त्यसो त उनले आफ्ना रचनामा इतिहासका अनेकौं सन्दर्भ अङ्कित गरेका छन् र तिनको आफ्नै महत्त्व पनि रहेको छ। वंशावलीका सन्दर्भमा होस् वा वीरत्वको बखानमा होस् उनले एकातर्फ अङ्ग्रेजी साम्राज्यवादको आक्रामक ताडना झेलेका थिए र अर्कोतर्फ देशको विखण्डनवाट मर्माहत बनेका थिए। यो कुरा त्यसकालको सापेक्षतामा मूल्याङ्कन गर्नुपर्ने विषय हो। भीमसेन थापाको उदयले वीरधाराको काव्य परम्परालाई केही बल मिलेको भए पनि निरन्तरता पाउन सकेन। त्यसैले 'नेपाली कविताको प्रारम्भिक कालमा देखापर्ने वीरधाराका विशेष प्रतिभाकै रूपमा उदयानन्दको स्थान निर्धारण गर्न सकिन्छ।' भन्दै भट्टराई बन्धु भन्दछन्– "नेपाली कविता लेखनको प्रारम्भिक चरणमा नै राष्ट्रिय र सांस्कृतिक दृष्टिकोण अँगालेर यतिका पुस्तक संस्कृत तथा नेपालीमा लेख्ने कविमा उदयानन्द पहिलो प्रभावशाली व्यक्तित्व मानिन्छन्। उनका कविता र काव्यवाट तत्कालीन राजनीतिक, सामाजिक र राष्ट्रिय स्थितिको ऐतिहासिक अध्ययन गर्न सघाउ पुग्छ। उनको कवित्त्वशिल्प पनि प्रभावकारी नै देखा पर्दछ।[१३] राष्ट्रियताका उद्घोषक प्रथम शसक्त कविका रूपमा उनको मूल्याङ्कन

---

११. ज्ञानमणि नेपाल, 'महाकवि पं. उदयानन्दको काव्य साधनामा विशिष्टता', **उदयानन्द स्मारिका**– २०५३, पृ. २
१२. कमला सांकृत्यायन– **प्रतिवेशी एशियाई साहित्य नेपाली साहित्य**, पूर्ववत्, पृ. १०८
१३. घटराज/शरद्चन्द्र भट्टराई, **प्राचीन नेपाली पद्य** (ललितपुर : साझा प्रकाशन, द्वितीय संस्करण– २०४८) पृ. त

गरिनु पर्दछ। कहिलेकाहीं झल्याक्झुलुक् वीरत्त्व बखान्ने कवि उदयानन्द होइनन्। अध्यात्मको लौकिक आलम्बनमा नै उनले आफू र आफ्नो रचना अड्याएको भए पनि कल्याणकारी सामाजिक चेतनाले गर्दा उनको उदारता र नैतिकता अत्यन्तै प्रशंसित थियो र सामाजिक दायित्वबोधले गर्दा यथार्थको प्रतिविम्बन पनि साथै रहेको थियो।

नेपाली साहित्यको प्रारम्भमा रहेको राष्ट्रभक्ति र वीरताको जयगान गर्ने असल परम्पराका आदिपुरुष उदयानन्द अर्ज्याल नै हुन्। देशको गौरव वढाउन र अस्मिता जोगाउनका निम्ति लड्ने स्वाभिमानी व्यक्तित्वप्रति समाजले समयमै ध्यान दिन नसक्ने दु:खद कमजोरी हामीकहाँ रहिरहेको छ। **बाँचुन्जेल विपत्ति मरेपछि फूलपाती** ! गर्ने काम देवकोटा, रिमाल, जोशी र मिश्रहरूमा भएको तीतो यथार्थ हामीले भोग्यौं। तर सम्पत्ति र शानसँगै मान सम्मान पाएका व्यक्तित्व भएर पनि उदयानन्द अर्ज्यालको बहुमुखी व्यक्तित्वका वारेमा हामीले किन ध्यान दिन सकेनौं ? गम्भीर प्रश्न छ। खासगरी राणाशासनको पारिवारिक सत्ताका आडमा उभिएका केही व्यक्तिहरूद्वारा हाम्रो नेपाली साहित्यलाई राष्ट्रभक्ति र वीरधाराको परम्पराद्वारा उद्दीप्त पार्दै अघि वढाउनुको सट्टा कृष्णलीला र रामकथाको अलौकिकतातर्फ धकेल्ने काम गरियो। ऐतिहासिक तथ्यलाई लुकाउने प्रयास गरियो। त्यसैको फलस्वरूप उदयानन्दलाई ओझेलमा पारियो। नेपाली विषयवस्तु, नेपाली नायक, नेपाली हावापानी सुहाउँदो, नेपालीको चालचलन, राष्ट्रिय एकताको लहर, नेपालको रीतिस्थिति तथा एकीकरणका लागि गरिएका युद्धविजय र उत्साहलाई अङ्कित गर्दै लेखिएको महाकाव्यका स्रष्टा उदयानन्द अर्ज्याल भानुभक्त जन्मनुभन्दा पहिले नै मौलिक काव्य लेख्ने महाकवि हुन्। नेपाल चिनेर नेपालीलाई जगाउने, देश सोचेर घरवार लुटाउने, नयाँ भावनाका सम्वाहक एवं आदिकवि पनि उदयानन्द अर्ज्याल नै हुन्।[९४] ज्ञानमणि नेपालको यो धारणासँग अव क्रमशः धेरै मानिसहरू सहमत हुन थालेका छन्। उनको दृष्टिमा **पृथ्वीन्द्रोदय** महाकाव्य नेपाली साहित्य जगतकै अनुपम कृति हो र त्यो अद्वितीय एवं अभूतपूर्व छ।[९५] उनी नेपाललाई देश मानेर राष्ट्र मानेर मेची महाकाली सोच्ने कवि थिए।[९६] उदयानन्दको एउटा अर्को रचना **दशकुमार भाष्य** (१८७५) पनि छ। यो दण्डीको पुस्तक **दशकुमार चरित**को भावानुवाद हो। वि.सं. १८७५ को उक्त रचनाका

---

९४. ज्ञानमणि नेपाल, 'महाकवि पं. उदयानन्द अर्जेल र उनको काव्य साधना' (प्रज्ञा, पूर्णाङ्क : ४१, २०३९), पृ. २५-२८

९५. ज्ञानमणि नेपाल, पूर्ववत्, पृ. ४१

९६. केशव उपाध्याय घिमिरे, 'उदयानन्दका कविता एक अनुशिलन' (प्रज्ञा, पूर्णाङ्क १४, २०३२, सं. तुलसी दिवश), पृ. ३२

सम्वन्धमा शरद्चन्द्र शर्मा भट्टराई लेख्छन्– "श्लोकको भाषा-शैली उदयानन्दकै सन्निकट देखिंदा उनकै रचना हुनसक्ने देखिन्छ।[९७] उदयानन्दले लेखेको रामायणका बारेमा केही विद्वान्हरूले उल्लेख गर्ने गरेको भए पनि अहिलेसम्म त्यो रचना प्राप्त हुन सकेको छैन।

वीरधाराका रसिक कवि नेपाली भाषाका अग्रणी साधक थिए। उनका रचनामा तत्कालीन परिवेशको राष्ट्रिय दृष्टिकोण र सामाजिक यथार्थको चित्रण पाइन्छ।[९८] समालोचकहरूले कवि उदयानन्द अर्ज्यालका कवितामा लौकिक पक्षको अभिव्यञ्जना, ऐतिहासिक तथ्य एवं कला पक्षका प्रवलधाराको उद्गम भेटेका छन्। उदयानन्दले ठेट नेपाली शब्दको प्रयोग गरेका छन्।[९९] छन्दको राम्रो प्रयोग गर्ने कविको भाषा झर्रो छ भन्दै तारानाथ शर्माले उदयानन्दको कविता पढ्दा भानुभक्तको सम्झना हुन्छ भनेका छन्।[१००] वीररस प्रधान महाकाव्य पृथ्वीन्द्रोदयको रचना गरेर उदयानन्द अर्ज्याल नेपाली साहित्यका 'प्रथम मौलिक महाकवि भए' भन्दै ईश्वर वरालले ती आफ्ना कालका अप्रतीम कवि थिए' भनेका छन्।[१०१] उदयानन्दको जोड भाव या अर्थमा मिठास भर्नुमा भन्दा पदविन्यासमैं चमक ल्याउनुमा वढी रहेको देखिन्छ भन्दै विशेष गरेर शैलीमा अधिकार प्राप्त गरेका उनका कवितामा भाव र भाषाको सन्तुलन देखिन्छ। यस्ता कविताले भानुभक्तको झझल्को दिन्छन् भन्ने अभिमत ठाकुर पराजुली पनि व्यक्त गर्दछन्।[१०२] उदयानन्द अर्ज्यालले नेपालको इतिहासका वारेमा पनि केही गम्भीर प्रश्नहरू उठाउँदै कविता लेखेका छन्।[१०३] नेपाली भाषामा शुद्धसँग लेख्नु, वोल्नु र प्रवचन गर्नु उनको विशेषता थियो। त्यसो त उनी हिन्दी र नेवारीमा पनि मज्जैले लेखपढ गर्थे, वोल्थे। उनका नेवारी कवितामा तत्कालीन समाजको यथार्थ राम्ररी व्यक्त भएको पाइन्छ। काठमाडौं उपत्यकाभित्रको जनजीवनले भोग्नुपरेका कठिनाई, महँगी र युद्धकालीन नाकावन्दीले पारेको असर टिपेका उदयानन्दले वीरपूजा, सामाजिक न्याय र परिवेश चित्रणलाई आफ्नो काव्य वैशिष्ट्य वनाएका छन्। उनका रचनाको त्रिआयामिक मूल्य छ– पहिलो भाषिक, दोस्रो राष्ट्रियता र तेस्रो काव्यात्मकता।

---

९७. शरद्चन्द्र शर्मा भट्टराई, प्राचीन गद्यआख्यान (ललितपुर : साझा प्रकाशन–२०४२)
९८. पूर्णप्रकाश नेपाल यात्री, 'कवि उदयानन्द अर्ज्याल', उदयानन्द स्मारिका–२०५३, पूर्ववत्, पृ. ३१
९९. विष्णुराज आत्रेय, पूर्ववत्, पृ. ७२
१००. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास, पूर्ववत्, पृ. २०
१०१. ईश्वर वराल, सुवानन्ददेखि शम्भूप्रसादसम्म, पूर्ववत्, पृ. १११
१०२. ठाकुर पराजुली, नेपाली साहित्यको परिक्रमा, पूर्ववत्, पृ. १२०
१०३. ज्ञानमणि नेपाल, 'नेपालको प्राचीन इतिहासमा पं. उदयानन्दको उद्गार', सं. घनश्याम कँडेल, रस्मी वर्ष १, अंक ३१, २०४१), पृ. १२

यी तीनवटै पक्षहरूको संयोजनमा उदयानन्द अर्ज्याल खडा छन्। भाषिक वैशिष्ट्यमा उनी नेपाली भाषाका रखवारे मात्र होइनन् वहुभाषिक समाजको यथार्थता वोध गर्ने विद्वान् पनि हुन्। त्यसैले उनको राष्ट्रियतामा सिंगो नेपाल छ, सवै नेपालीहरू छन् र ब्रिटिस साम्राज्यवाद विरोधी भावना छ। शिक्षाको ज्योति फैलाएर समाजलाई अघि वढाउने काममा जसरी उदयानन्द अर्ज्याल लागे त्यो अन्य समकालीन स्रष्टाका तुलनामा पनि स्तुत्य छ। काव्यात्मक प्रयोग हेर्दा वीरपूजक देखापर्नुलाई संस्कृत साहित्यको प्रभाव मान्न त सकिन्छ तर उनले कुनै पुराकथाका मिथकीय पात्रलाई स्वैरकल्पनाका भरमा गुम्फन गरेनन्, सामाजिक जीवनको साँचो तस्वीर उतार्ने काम गरे। यस अर्थमा उनी सामाजिक यथार्थवादी स्रष्टासमेत देखिन्छन्।

नेपाली साहित्यका आदिकवि र प्रथम-महाकवि पनि उदयानन्द अर्ज्याल नै हुन्। "अहिलेसम्मको अनुसन्धानका आधारमा पं. उदयानन्द अर्ज्याल नै नेपाली साहित्यिक इतिहासका आदिकालीन कविहरूमा अग्रगण्य मानिन्छन्।" भारतीय विश्लेषक डा. दीनानाथ शरण अगाडि भन्दछन्– "पं. उदयानन्द अर्ज्यालका कविता एक दृष्टिवाट हिन्दीका आदिमहाकवि चन्दवरदाईसँग मिल्दोजुल्दो छ। जसरी चन्दवरदाईको काव्य **पृथ्वीराज रासो**मा महाराज पृथ्वीराज चौहानको गौरवगान गरिएको छ, त्यसरी नै पं. उदयानन्द अर्ज्यालको कवितामा गोरखाली राजा पृथ्वीनारायण शाहको प्रशस्ति गाइएको छ।[१०४] वास्तवमा उदयानन्दको कविता नै नेपाली भाषाको पहिलो कविता हो भन्ने अभिमत यज्ञराज सत्यालको पनि छ।[१०५] भाषा-शैलीका दृष्टिले पनि यिनका कवितामा ठेट नेपाली शव्दको प्रयोग अत्यधिक छ। उदयानन्दको व्यक्तित्वका समग्र पक्षको अध्ययनवाट उनी नै नेपाली साहित्यका आदिमहाकवि हुन् भन्ने कुरा क्रमश पुष्टि हुँदै गइहेको छ। नेपाली लेखक कोशमा उनको चर्चा गर्दा घटराज भट्टराईले लेखेका छन्– उदयानन्दका सवै रचना प्रकाशित भएमा उनी नै आदिकविको रूपमा पनि सम्मानित हुन सक्थे।[१०६] तर अव यसका थुप्रै तथ्यहरू प्रकाशनमा आइसकेको छ र उनको कृतित्त्व र व्यक्तित्वका सम्वन्धमा पनि मनग्ये परिचर्चा भएको छ। उदयानन्दले वि.सं. १८७२ मा लेखेको लोककाव्य **वेतालपच्चिसी**को प्रकाशकीयमा भनिएको छ– "१८७१ असार २९ गते जन्मेका भानुभक्त आचार्यलाई आदिकवि मानिन्छ तर भानुभक्त जन्मिएर

---

१०४. दीनानाथ शरण, *नेपाली साहित्यका इतिहास* (पटना : विहार हिन्दी ग्रन्थ एकेडेमी, इ.सं. १९७४), पृ. २२१

१०५. यज्ञराज सत्याल, *नेपाली साहित्यको भूमिका* (काठमाडौं : प्रकाशन विभाग–२०१७), पृ. ८

१०६. घटराज भट्टराई, *नेपाली लेखक कोश*, (काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान–२०५६), पृ. ८५

ताते गर्न नथाल्दै वि.सं. १८७२ मा पं. उदयानन्द अर्जेलले बेताल पच्चिसीलाई पद्यमा उतारिसकेका थिए। यिनले अन्य महाकाव्य, कविताहरूका अतिरिक्त विभिन्न रङ्गको प्रयोग गरेर कैयौं देवीदेवताहरूका चित्रहरू पनि तयार गरेका छन्। उनका हस्तलिखित कविता र चित्रहरूलाई यसै पुस्तकका परिशिष्टमा संलग्न गरिएको छ। यसले नेपाली साहित्यकारहरूमाझ प्रथम कवि वा आदिकवि को हुन् ? के इतिहासलाई सच्याउन आवश्यक छैन ? भन्ने वहस चलाउन सक्ने ढोका खोलेको छ।"[१०७]

वास्तवमा नेपाली साहित्यका आदिकवि, आदिमहाकवि र प्रथम बहुभाषी कविउदयानन्द अर्ज्यालका सम्वन्धमा तथ्यगत ढङ्गले निर्णय लिनु पर्ने समय आइसकेको छ। त्यसो त भानुभक्तलाई आदिकवि मान्नु उचित नहुने तर्क गर्दै उनले उयानन्द अर्ज्याललाई पछ्याएको कुरा तानासर्माले निकै अगाडि उल्लेख गरिसकेको विषय हो।[१०८] तानाले एकातर्फ सुवानन्द दासलाई समेत आदिकवि भन्ने पक्षमा आफ्नो विचार व्यक्त गरेका छन् भने अर्कातर्फ आदिकवि भन्ने सोच नै वेठीक हो भन्ने धारणा अघि सार्दछन्। तर नेपाल र नेपालीत्वका वारेमा चिन्तनशील हुँदा भने उदयानन्द अर्ज्याल नै त्यस्ता अभूतपूर्व राष्ट्रिय व्यक्तित्व देखा पर्दछन् जसले भानुभक्तको समयभन्दा आधा शताव्दी अघि नै नेपालीत्व व्यूँझाएर सिर्जनामा जुटेका थिए। जे भए पनि शक्तिवल्लभ अर्ज्याल र उदयानन्द अर्ज्याललाई हामीले नेपाली साहित्यका पूर्वपुरुष-पुर्खामा दर्नु नै परेको छ। पूर्वपुरुप भने पनि हामी उनीहरूलाई आदिपुरुष त भनिहाल्न सक्दैनौं, किनभने त्यसभन्दा पहिले नै पनि नेपालीमा कवि जन्मिसकेका रहेछन्।[१०९] भानुभक्तले पछ्याएको भाषा उदयानन्दले दिएको भाषा हो भनेर कमलमणिले स्वीकारेका छन्[११०] तर उदयानन्दद्वारा रचित नेपाली भाषाको पहिलो महाकाव्य छपाउने काममा अग्रसरता लिएनन् वरु भानुभक्तलाई आदिकवि भनाएर 'बनाएर' रामभक्तिधाराको कथा प्रचार गर्न तल्लिन देखिन्छन्। जहाँसम्म नेपाली साहित्यको महाकाव्य परम्परामा स्रष्टाहरूलाई दिइने महाकविको पगरी छ त्यो पनि विशेष प्रतिभा जनित भावनात्मक सम्मान मान्ने हो भने उदयानन्द अर्ज्याललाई नै दिन सकिने हुन्छ। त्यसर्थ उदयानन्द आदिमहाकवि हुन्। यसको श्रेय पृथ्वीन्द्रोदय महाकाव्यलाई जान्छ। यस्तै विचार ईश्वर वरालको पनि रहेको छ। उनी भन्छन्– "यस कृतिले ती नेपालीका प्रथम

१०७. वासुदेव ढकाल, प्रकाशकीय उदयानन्दरचित बेताल पच्चिसी : समीक्षक ज्ञानमणि नेपाल, मकालु बुक्स एण्ड स्टेशनर्स : काठमाडौं, पृ. ङ
१०८. तानासर्मा, भानुभक्तदेखि तेस्रो आयामसम्म (ललितपुर : साझा प्रकाशन, पाँचौ संस्करण-२०४१) पृ-४
१०९. कमल दीक्षित, भन्नेकुरा (ललितपुर : जगदम्वा प्रकाशन–२०३१) पृ. ३६
११० कमल दीक्षित, 'सम्पादकीय', बुइँगल (ललितपुर : जगदम्वा प्रकाशन–२०१८), पृ. ४२१

महाकवि भए।" राष्ट्रियताको उद्‌वोधन गरेर अङ्ग्रेजका विरुद्धमा जुधेका उदयानन्दले आफ्नै मुलुकका वीर नायकलाई लिएर **पृथ्वीन्द्रोदय** महाकाव्य लेखेको घटना समयको सापेक्षतामा हेर्दा अत्यन्तै महत्वपूर्ण कार्य हो। एकीकरण अभियानका नेता राजा पृथ्वीनारायण शाहलाई वस्तुगत तथ्यमा अडिएर हेर्दा मात्र सही निष्कर्षमा पुग्न सकिन्छ। उनी एक्लो वीर थिएनन्, उनका साथमा समकालीन नेपाली वीर-विद्वानहरूको ठूलो डफ्फा थियो, जसले एउटा सिंगो नेपाल निर्माणको अभियानमा आफूलाई समर्पित गऱ्यो। त्यही पङ्क्तिभित्रका देशभक्त वुद्धिजीवी थिए उदयानन्द अर्ज्याल-जसले आफ्नो सारा जेथा लुटिंदा र अङ्ग्रेजले प्रलोभन दिंदा पनि शीर झुकाएनन्। यी हाम्रो संस्कृतिका स्वाभिमान र स्वतन्त्रताका पुजारी वनेका राष्ट्रिय व्यक्तित्व हुन् र नेपाली साहित्यका आदिमहाकवि हुन् यसमा अव कुनै शङ्का छैन।

७.६ दैवज्ञकेशरी अर्ज्याल (जन्म वि.सं. १८२५-मृत्यु वि.सं. १८९३)

दैवज्ञकेशरीको जन्म नुवाकोटको सुनाखानीमा विसं. १८२५ मा भएको हो।[१११] पिता चक्रपाणी अर्ज्याल भक्तपुर गएको हुँदा यिनलाई राज्यले काशी पढ्न पठाएको थियो। उनलाई पढाई पूरा नहुँदै फिर्ता वोलाइएको थियो। यद्यपि उनी सिर्जनात्मक प्रतिभा भएका व्यक्ति थिए। यिनले संस्कृतमा **कुलचन्द्रिका** काव्य लेखेका छन् अर्ज्याल वंशावलीका रूपमा रहेको उक्त पुस्तकको प्रथमावृत्ति २०१३ मा गोरक्षग्रन्थमाला अन्तरगत छापिएको छ। एकसय तेत्तीस श्लोक छन्। त्यसमा दैवज्ञले आफूलाई **भट्टाचार्य** भनेका छन्। यसैमा परिशिष्टस्वरूप **भ्रमकरविचारः** पनि प्रकाशित छ। यसलाई कसैकसैले **व्रह्मकार्यविचार** भनी उल्लेख गरेको पनि पाइन्छ। नेपाली भाषामा **गोरक्षतन्त्र** र **अश्वशुभाशुभ परीक्षा** नामक दुई कृति रचेका छन्।[११२] पहिलो **गोरक्षतन्त्र** गद्य रचना हो, यसलाई **गोरक्षयोगशास्त्र** (वि.सं. १८७७) भन्ने पनि लेखिएको छ र त्यो नेपाली भाषाको तत्कालीन स्तर दर्शाउन सफल छ। यसको प्रतिलिपि वि.सं. १९११ को लिखितरूप मदन पुस्तकालयमा छ। यो पुस्तक रणवीर सिंहको आज्ञानुसार लेखिएको थियो। दैवज्ञकेशरीले नेपाली भाषालाई संस्कृतकै हाराहारीमा राखेका छन् र पण्डितहरूले भाषाश्लोक भनेर हेला नगरून् भनेका छन्। त्यसको उद्धरण नयराज पन्तले **गल्लीमा फ्याँकिएका कसिङ्गर** नामक पुस्तकको भूमिकामा पनि गरेको पाइन्छ। पछिल्लो भने घोडासँग सम्वन्धित छ। शास्त्रीय संस्कृत छन्दहरूको प्रयोग गरिएको यस काव्यका वारेमा तारानाथ शर्मा भन्दछन्– "उनको घोडाका लक्षणहरू वयान गर्ने **अश्वशुभाशुभपरीक्षा**

---

१११ महेशराज पन्त 'टिप्पनको पुस्तक' पूर्णिमा पूर्णाङ्क ६४ पृ. २३
११२. विष्णुराज आत्रेय, पूर्ववत् पृ ७८

भन्ने पद्यग्रन्थ पाइएको छ जो निकै रोचक छ। संस्कृतका विद्वान् भए पनि दैवज्ञकेशरी नेपाली भाषाप्रति हुरुक्क हुन्थे। **गोरक्षयोगशास्त्र** भन्ने कृतिमा तिनको नेपाली गद्य निकै खारिएको पाइन्छ।[११३] दैवज्ञ केशरी १८५६ तिरवाट दरवारका राजगुरु वन्न पुगेका थिए र यिनले गिर्वाणयुद्धको राज्याभिषेक गरेका थिए भनी वंशावलीमा पाइन्छ। (गुरूपद्वी दिंदाको लामोहर अनुसूची एघारमा छ) त्यसपछि विभिन्न समयमा यिनलाई पहाड र मधेसमा खेतवारी बिर्ता मिलेको देखिन्छ।[११४] त्यसैले नुवाकोटको सुनाखानी, भक्तपुरको बोडे र वाराको सिसनियाँ र ढोडियामा पनि यिनको जमिन थियो। लभभग ६८ वर्षको उमेरमा यिनको देहान्त वाराणसीमा भएको थियो। जीवनको अन्तिम समयतिर सन्यास आश्रममा वस्ने सोच लिएर यिनी बनारस गएका थिए। यिनका माइँला छोरा विद्यारण्यकेशरी साहित्यिक उत्तराधिकारी वन्न पुगे। बालकृष्ण पोखरेलले यिनको जन्म १८१६ तिर भनेका छन्।[११५] तर घटराज भट्टराईले भने– दैवज्ञकेशरीको समय १८१०-१८६० भनेको देखिन्छ।[११६] तर ती तथ्यपूर्ण लाग्दैनन्। यिनका माइँला छोरा विद्यारण्यकेशरी भानुभक्त आचार्यका भिनाजु थिए। यिनको **गोरक्षसतकम् द्वयम्** नामक अर्को रचना पनि अभिलेखालयमा रहेको छ भने **ग्रहणमाला** (१८५०) नामक ज्योतिष ग्रन्थ पनि यिनले लेखेको कुरा टीकाराम शर्माखनालले **नेपालमा राजपरम्परा र साहित्यिक रूपरेखा** (२०३९) नामक पुस्तकमा उल्लेख गरेका छन्। राजगुरु दैवज्ञकेशरी नै शक्तिवल्लभपछि 'भट्टाचार्य' पद्वी पाउने अर्का अर्ज्याल विद्वान् हुन्। कसैकसैले यिनलाई दैवज्ञदेवकेशरी पनि भनेको पाइन्छ। दैवज्ञको एक टुक्रा रचना बुइँगलमा समावेश छ र त्यसैलाई **प्राग्-भानुभक्तीय नेपाली काव्य**मा पनि साभार गरिएको छ।[११७]

७.७ देवकीनन्दन अर्ज्याल (जन्म वि.सं. १८२५)

पं. देवकीनन्दनको जन्म इस्माको अर्जेइ अमरभूमिमा भएको हो। उनकी पत्नीको नाम सुभद्रा थियो। एक छोरा चक्रपाणी (१८४५-१८७४) र एक छोरीका पिता देवकीनन्दनले पाँचसय पृष्ठको **आचारादर्श** नामक पुस्तक

---

११३. तानासर्मा, नेपाली साहित्यको इतिहास, पूर्ववत्, पृ. २१
११४. धनवज्र वज्राचार्य/टेकवहादुर श्रेष्ठ, शाहकालका अभिलेख (पहिलो भाग), पूर्ववत्, पृ. २७४
११५. वालकृष्ण पोखरेल, पाँच सय वर्ष (ललितपुर : साझा प्रकाशन– २०४३), पृ. ३९१
११६. घटराज भट्टराई, नेपाली लेखक कोश (काठमाडौं : देवकोटा लक्ष्मीप्रसाद प्रतिष्ठान– २०५६), पृ. ३२०
११७. गोपालप्रसाद भण्डारी, प्राग भानुभक्तीय नेपाली काव्य (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान– २०५३), पृ. ४१९

लेखेका छन् । उनको अर्को पुस्तक **तर्क-सङ्ग्रह** हो ।[११८] यिनको आचारादर्शबारे विस्तृत खोजी हुनुपर्ने देखिन्छ। यी देवकीनन्दनका छोरा चक्रपाणी अर्ज्याल गोरखावाट भक्तपुर पठाइएका 'राजदूत' हैनन् । गोरखावाट भक्तपुर पठाइएका अर्का चक्रपाणीले नै संभवत: नेपाली साहित्यमा पहिलोपल्ट दैनिकी लेख्ने कामको थालनी गरे ।[११९] ती गोरखाका थिए र उनको चर्चा माथि भइसकेको छ। परन्तु यी चक्रपाणी इस्माली हुन् । यिनीद्वारा रचित कविताको अध्ययन भइसकेको छैन । आफ्ना पिता देवकीनन्दनको उत्तराधिकारीका रूपमा चक्रपाणीले नेपाली विद्वत् परम्परामा सघाउने काम गरेका थिए । तर यी अल्पायुमै निधन भएको देखिन्छ ।[१२०] अर्का देवकीनन्दन जिल्ला काँगडा हरिपुर निवासी रघुनाथका छोरा हुन् । उनले पनि विभिन्न पुस्तकहरू लेखेको पाइन्छ । **बृहद् मुहुर्त सिन्धू** (ज्योतिष) इ.सं. १८८५ मा प्रकाशित भएको देखिन्छ । देवकीनन्दनकै नाममा **बालबोध प्रकाश** पनि सम्वत् १७५३ को हस्तलिखित प्रति रहेको छ भने वि.सं. १९७९ को **रङ्गाब्दी** नामक महाकाव्य पनि देखा पर्दछ तर यी इस्माली देवकीनन्दन होइनन् ।

७.८ विद्यारण्यकेशरी अर्ज्याल (जन्म वि.सं. १८६१-मृत्यु वि.सं. १९१२)

यिनको जन्म नुवाकोट जिल्लाको सुनाखानी भन्ने गाउँमा वि.सं. १८६१ माघमा भएको हो । तर वावुराम आचार्य संपादित **पुराना कवि र कविता** नामक पुस्तकमा १८६३ दिइएको छ र त्यही परिचयलाई नै अहिलेसम्मको पत्यारिलो वोली भनिएको थियो, किनभने आचार्यले विद्यारण्यकेशरीको परिचय उनका नाति पं. पद्मनाभकेशरी अर्ज्यालवाट सुनेवमोजिम लेखेको कुरा बताएका थिए ।[१२१] परन्तु इतिहास संशोधनमण्डलद्वारा प्रकाशित पूर्णिमा पत्रिका पूर्णाङ्क ६४ मा महेशराज पन्तले उल्लेख गरेवमोजिम विद्यारण्यकेशरीको जन्म १८६१ वैशाख देखा पर्दछ ।[१२२] अर्ज्याल वंशावली अनुसार राजपुरोहित वैयाकरणकेशरी अर्ज्यालका भाइ दैवज्ञकेशरीको माइला छोरा विद्यारण्यकेशरी हुन् । वावु काठमान्डूवाट निकाला भएर नुवाकोट विर्तामा वसेका वेला विद्यारण्यको जन्म भएको थियो । यिनको शिक्षादीक्षा वनारसमा भयो । पिताको देहान्त भएपछि

---

११८. विष्णुराज आत्रेय, **अर्ज्याल वंशावली र कुलवृत्त**, पूर्ववत्, पृ. ५४

११९. योगी नरहरीनाथ (सं.) **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह भाग १**, पूर्ववत्, पृ. २३७

१२०. शरदचन्द्र शर्मा भट्टराई, **ओझेल परेकाहरू**, ललितपुर साझा प्रकाशन २०५६, पृ. ९८-१०२

१२१. वाबुराम आचार्य, **पुराना कवि र कविता** (ललितपुर : साझा प्रकाशन, तेस्रो संस्करण, २०३५), पृ. १७

१२२. महेशराज पन्त, **टिप्पनको पुस्तक**, *पूर्णिमा*, पूर्णाङ्क- ६४ (काठमाडौं : इतिहास संशोधनमण्डल), पृ. ३३

१८९४ तिर यिनलाई काठमाण्डू पस्ने-वस्ने अनुमति मिल्यो। काठमान्डू आएर पठनपाठनमा जीवन व्यतित गरेका विद्यारण्य १९०२ मा वितेको कुरा वावुराम आचार्यले दिएका छन्। तर नेपाली साहित्यको इतिहासमा तारानाथ शर्माले १९१२ मा निधन भएको कुरा लेखेका छन्।[१२३] वालचन्द्र शर्माले पनि १९१२ मा नै दिवंगत भए भनेका छन्।[१२४] दयाराम श्रेष्ठ र मोहनराज शर्माले भने आचार्यकै सरह "यिनको मृत्यु काठमाडौंमा १९०२ मा भएको हो" भनेका छन्।[१२५] तर ईश्वर वरालले वि.सं. १९१२ मा काशीमा निधन भएको वताउँछन्।[१२६] वास्तवमा विद्यारण्यकेशरीको जन्म १८६१ मा भएको हो भनी महेशराज पन्तले टिप्पनको पुस्तकमा दिएको व्यहोरा नै साँचो हो। विद्यारण्यकेशरीको जन्म शाके १७२६ मा भएको र त्यसैको उपलक्ष्यमा उनका पिता दैवज्ञकेशरीले वर्ष दिनपछि शाके १७२७ मा डिल्लीवजारस्थित कृष्णमन्दिरमा घण्ट चढाएका थिए। जुन घण्ट अहिले पनि मन्दिरमा देख्न सकिन्छ। यसरी पुत्रलाभपछि उसको प्रथम वार्षिकीमा घण्ट चढाउने पारिवारिक चलन थियो। यिनी भानुभक्त आचार्यका साख्खै भिनाजु हुन्। संस्कृत, नेपाली, हिन्दी भाषामा कलम चलाउने खूवी भएको हुँदा १८९८ देखि राजदरवारको वडागुरुज्यू वन्न पुगे। वि.सं. १९०४ मा राजा राजेन्द्र विक्रम शाहले गौचर राख्दा गरिएको लालमोहरमा संकल्प पढ्ने पुरेत यिनै देखिन्छन्।[१२७] त्यसैले १९०२ मा वितेको भन्ने कुरा मिल्दैन। वि.सं. १९१२ नै यिनको निधन सम्वत् ठहर्छ। वि.सं. १८९२ को कुरा झनै मिल्दैन।

नेपालमा जङ्गवहादुरको चकचकीसँगै देशभक्तहरू माथि हमला वढेको थियो। राजा सुरेन्द्रको राज्यारोहणसँगै उनको पनि अर्थात् विद्यारण्यकेशरी अर्ज्यालको, मान-पद्वी दर्जा-जिम्मेवारी सवै खोसियो। विद्यारण्य वनारस प्रवासमा गए। काशीवास गएपछि त्यहाँ उनले आफूलाई साहित्य साधनामा लगाए। त्यहीँ नै उनले **बेणुगीत** नामक तेस्रो खण्डकाव्यको रचना गरे। यो रचना श्रीमद्भागवत्मा आधारित छ। राजगुरुको दर्जा खोसिएर प्रताडित भइवसेका वेलामा पनि उनको व्यवहार निकै शालीन र सद्भावपूर्ण रहेको कुरा

---

१२३. तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास** (काठमाडौं: संकल्प प्रकाशन, दोश्रो सं., २०३९), पृ. २१

१२४. वालचन्द्र शर्मा, **नेपाली साहित्यको इतिहास** (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३९), पृ. ४१

१२५. दयाराम श्रेष्ठ/मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास** (ललितपुर : साझा प्रकाशन चतुर्थ संस्करण– २०४९), पृ. ३७

१२६. ईश्वर वराल, 'विष्णुभक्त कवि विद्यारण्यकेशरी अर्ज्याल', **प्रज्ञा**, (पूर्णाङ्क ५०), पृ. २४

१२७. रामजीप्रसाद अर्ज्याल, पूर्ववत्, पृ. ११३

सुन्दरप्रसाद शाह दु:खीले गरेका छन् ।[१२८] उनले विद्यारण्यकेशरीलाई 'धुरन्धर तन्त्रविद्' भन्दै प्रशंसा गरेका छन् र अन्य निर्वासित व्यक्तित्वहरूलाई समेत विद्यारण्यले सान्त्वना दिएको कुरा वताएका छन् । हिन्दी भाषामा अर्ज्यालले **वंशी चरित्र** नामक खण्डकाव्य लेखे । त्यसका वारेमा ईश्वर वराल भन्छन्– "जसरी यिनले समसामयिक नेपाली साहित्यमा दह्रोसँग आफूलाई उभ्याउन सफल भएका छन् । त्यसरी नै हिन्दी साहित्यकारका सामुन्ने सगर्व उभिन यिनी समर्थ भएका छन् ।[१२९] भानुभक्त पहिलेको नेपाली साहित्यमा विद्यारण्यकेशरीको नाम अविस्मरणीय रहेको छ । यद्यपि उनको लेखनलाई तानाशर्माले **वर्णशङ्कर भाषाका लोतिखरे पद्यहरू**को दर्जा दिएका छन् ।[१३०] दयाराम श्रेष्ठ र मोहनराज शर्माले भने विद्यारण्यको **द्रौपतीस्तुति**लाई 'अन्त्यानुप्रासको ओइरो लागेको' र 'विषयवस्तुको स्वतन्त्र प्रस्तुतीकरणले गर्दा मौलिकता छैन भन्नु उचित देखिन्न' भन्दै झन्नैझन्नै चोखो नेपाली भाषामा लेखिएको रचना भनेका छन् ।[१३१] मौलिकतापट्टि ढल्कने पहिलो लिस्नो लगाएको ठहर उनीहरूको छ । रामप्रसाद दहाल भने कृष्णभक्ति धारामा उनको योगदान महत्त्वपूर्ण रहेको ठान्छन् ।[१३२] वालचन्द्र शर्माले **द्रौपदीस्तुति** काव्यमा अङ्ग्रेज विरोधी भावनाको प्रतिकात्मक अभिव्यञ्जना राम्रोसँग देख्छन् र त्यस समयको प्रतिनिधि काव्य ठहर गर्दछन् ।[१३३]

विद्यारण्यकेशरी अर्ज्यालका प्रमुख कृतिहरूमा **युगल गीत, द्रौपदीस्तुति, वंशी चरित्र**को उल्लेख गरिएको पाइन्छ ।[१३४] **वेणु गीत**का वारेमा 'हिन्दीमा रचिएको वंशीचरित्रकै नेपाली रूप' भनिए पनि तुलनात्मक अध्ययन भएको छैन । **युगल गीत** र **द्रौपदीस्तुति** भागवतवाट लिइएको भाव-वस्तुमा आश्रित छन् । पहिलो नेपाली भाषामा छ र दोस्रोमा हिन्दीको मिसावट छ । ज्ञानु ढुंगेल भन्दछन्– "पं. विद्यारण्यकेशरीको **द्रौपदीस्तुति** नेपाली कविता भए पनि यसमा हिन्दी शव्दको अधिक मिश्रण पाइन्छ ।[१३५] तत्कालीन परिवेश हेर्दा भोजपुरी, अवधि र वज्रभाषाको चलनचल्ति वीच, संस्कृतका पण्डितहरूले नेपाली भाषामा

---

१२८. सुन्दरप्रसाद शाह दु:खी, **त्रिफट** (सुकसंक प्रकाशन, २०४२), पृ. २८

१२९. ईश्वर वराल, **सुवानन्ददेखि शम्भुप्रसादसम्म**, पूर्ववत्, पृ. २५

१३०. तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास**, पूर्ववत्, पृ. २१

१३१. दयाराम श्रेष्ठ/मोहनराज शर्मा, पूर्ववत्, पृ. ३६

१३२. रामप्रसाद दहाल, पूर्ववत्, पृ. ८२

१३३. वालचन्द्र शर्मा, **नेपाल साहित्यको इतिहास**, पूर्ववत्, पृ. ४१/४२

१३४. ईश्वर वराल, पूर्ववत्, पृ. ११९

१३५. ज्ञानु ढुङ्गेल, **मुख्तियार भीमसेन थापा र तत्कालीन नेपाली साहित्य** (काठमाडौं चित्रकुमारी थापा– २०५६), पृ. १००

साहित्य सिर्जना गर्दा पनि तिनीहरूको प्रभाव परिहाल्दथ्यो । त्यसैले विद्यारण्यका कवितामा हिन्दुस्थानी भाषाहरूको प्रभाव पर्नु स्वाभाविक थियो ।[१३६] **वेणुगीत भाषासप्तरत्न** द्वितीयभागमा सङ्कलित छ। विद्यारण्यकेशरी अर्ज्याल अनुवादक पनि हुन् यसमा शङ्का छैन, तर तिनले मूल कृति अनुसार अनुवाद नगरी छायानुवाद-भाव पक्रेर गरिने अनुवादमा आफ्नो सिपलाई विशेष किसिमले प्रस्तुत गरेका छन् । त्यसो हुँदा उनको मौलिक कवित्वको कदर हुनुपर्छ भन्दै डा. ईश्वर बराल भन्दछन्– "प्राथमिक नेपाली साहित्यका भक्तिमार्गी कविमध्ये विद्यारण्यकेशरी अर्ज्याल सबभन्दा बढी तेजस्वी एवम् प्रतिभाशाली देखिन्छन् ।[१३७] यिनले उर्दू, फारसी र मैथिली बोल्ने-लेख्ने गर्दथे । भाव सम्पन्नता, भाषाको सचेतन प्रयोगले सग्लो नेपालीलाई जोड दिनु र रसात्मक काव्यकला अँगाल्नु विद्यारण्यकेशरीका मुख्य विशेषता हुन् । सामाजिक जीवनका समस्यालाई निराकरण गर्ने विद्रोही चेत, वीरत्वको बखान र लौकिकताबाट विमुख भए पनि उनका रचनाले त्यस समयमा निकै प्रभाव पारेको थियो र नेपाली भाषा-साहित्यको विकासमा सापेक्ष योगदान गरेको छ । विद्यारण्यकेशरीको कवितामा अन्त्यानुप्रास नमिलेको र भाषिक दृष्टिले हेर्दा हिन्दी तथा व्रज भाषा मिश्रित देखिए पनि त्यसवेलाको पृष्ठभूमिमा उनका कविताको महत्त्व छँदैछ भन्ने विचार घटराज भट्टराईले पनि उल्लेख गरेका छन् ।[१३८] विद्यारण्यका नाममा **पञ्चदशी** (वेदान्ती रचना) **आत्मबोध** (दृष्यादृष्य विवेक), **गृहसूत्रस्यः गदाधर भाष्यम्** र मैथिली भाषामा **गोकर्ण महात्म्यम्** नामक रचनाहरू अभिलेखालयमा देखिन्छ । यी रचना विद्यारण्यकेशरी अर्ज्यालका हुन् वा अर्का कुनै विद्यारण्यका हुन् खोजविन विश्लेषण हुनुपर्ने देखिन्छ । विद्यारण्य अर्ज्यालले कुल पूजामा बोका काट्ने चलनको सट्टा घण्ट बाँधेर छाड्ने चलन शुरू गरेका थिए ।

७.९ वीरेन्द्रकेशरी अर्ज्याल (जन्म वि.सं. १९०९-मृत्यु १९८८)

नेपाली भाषामा व्याकरणको थालनी गर्ने आदिपुरुष वीरेन्द्रकेशरी अर्ज्याल हुन् । यिनी नै नेपाली भाषाको व्याकरण लेख्ने पहिला स्वदेशी विद्वान् हुन् । यिनको जन्म विसं. १९०९ कार्तिकमा भएको हो । आफ्ना पिता कुलचक्रकेशरीका जेठा छोरा वीरेन्द्रकेशरी काठमाडौं प्युखा निवासी थिए । कुलचक्रकेशरीलाई बराल र प्रेरणाले कुलचन्द्र भनेका छन् भने आत्रेय र

---

१३६. बाबुराम आचार्य, **पुराना कवि र कविता** (ललितपुर साझा प्रकाशन तेस्रो संस्करण २०३५), पृ २९ ।

१३७. ईश्वर बराल, 'विष्णुभक्तकवि विद्यारण्यकेशरी अर्ज्याल', **प्रज्ञा–पूर्णाङ्क ५०**, (संपादक प्रा.ढुण्डिराज भण्डारी), पृ. २२

१३८. घटराज भट्टराई, **लेखक परिचय कोश**, पूर्ववत्, पृ. ६०२-६०३

अर्ज्यालले कुलचक्र नै उल्लेख गरेका छन् । वीरेन्द्रकेशरीको जन्मका बारेमा पनि खोजकर्ताहरू वीच मत भिन्नता पाइन्छ। तारानाथ शर्माले वि. सं. १९०८ दिएका छन् ।[१३९] उनकै सिको लिएर घटराजले पनि नेपाली लेखककोशमा वि.सं. १९०८-उल्लेख गरेका छन्। रामजीप्रसाद अर्ज्यालले विसं. १९०६ दिएका छन् ।[१४०] प्रेरणा खरेल केसीले १९०९ कार्तिक कृष्ण तृतीया दिएकी छिन् ।[१४१] उनले विसं. १९८८ फागुन २५ गतेको गोरखा पत्रमा दिइएको समाचार "प्रसिद्ध विद्वान्को देहावसान" लाई आधार बनाएकी छन्। अन्यले कुनै ठोस आधार उल्लेख गरेको पाइँदैन। ईश्वर बरालले वीरेन्द्रकेशरीको जन्म १९०९ लाई नै मानेको देखिन्छ र चन्द्रसमशेरका पालामा सुव्वासम्म भएका वीरेन्द्रकेशरी अर्ज्याल नेपाली भाषाका प्रथम स्वदेशी वैयाकरण मात्र नभई काव्यशास्त्रका सिद्धान्तकार औं कवि पनि थिए भनेका छन् ।[१४२] वीरेन्द्रकेशरीको जन्म नक्सालमा भएपनि त्यसपछि नरदेवी र मैतीदेवीमा वसाइँ सरेको कुरा प्रेरणा खरेलले उल्लेख गरेकी छिन् । मैतिदेवीमा पनि लामो वसाईं रहेन उनी क्षेत्रपाटी सरे। जीवनको अन्त्यकालतिर उनी प्युखामा वस्दथे। प्युखा-वीर अस्पताल पछाडी रहँदा गोरखापत्र जाइऽआइ गर्न पनि सजिलो भएको थियो। उनकी पत्नीको नाम शिवप्रियादेवी हो। वीरेन्द्रकेशरी र शिवप्रीयाबाट दुई छोराहरू जन्मिएका थिए-उपेन्द्रकेशरी र नरेन्द्रकेशरी। नरेन्द्रकेशरी पनि गोरखापत्रका "करेक्शन पण्डित" थिए। यिनलाई त्यतिखेर "कान्छा पण्डित्" पनि भनिन्थ्यो। वि.सं. १९६० आश्विन २३ को सनदवाट उनी भर्ना भएका थिए र १९७३ पुस २३ मा खोसुवामा परे ।[१४३] खोसुवामा पर्नुको कारण भने इतिहासकारहरूले उल्लेख गरेको पाइँदैन। वीरेन्द्रकेशरी स्वयं पनि गोरखापत्रमा संलग्न थिए। उनी र चिरञ्जीवी पौड्याल संगी साथी थिए। वीरेन्द्रकेशरी जयपृथ्वीवहादुरका दाहिने हात भइ काम गर्दथे। चन्द्रसमशेरले वभाङ्गी राजा जयपृथ्वीलाई गोरखापत्रको मुख्तियारी दिए पछि आफ्ना गुरु एवं गोर्खापत्रका सुव्वा वीरेन्द्रकेशरीकै मुख्य परामर्शमा उनले कामगर्न थाले। नेपाली भाषा-साहित्यको प्रवर्धन गर्ने, शिक्षाको प्रचारप्रसार गर्ने योजना लिएर पाठ्यपुस्तकहरू लेख्ने छाप्ने काम समेत थालियो। परन्तु यो काम पूरा हुन पाएन। यस सन्दर्भमा डा.

१३९. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास, पूर्ववत् पृ १९४

१४०. रामजीप्रसाद अर्ज्याल, पूर्ववत् पृ.७६

१४१. प्रेरणा खरेल केसी, वीरेन्द्र केशरी अर्ज्यालका व्याकरणको परिचय (काठमाडौं : लक्ष्मण खराल-२०५८ माघ) पृ.११

१४२. ईश्वर बराल, सुवानन्ददेखि शम्भुप्रसादसम्म पूर्ववत् पृ. १११

१४३. ग्रीष्मबहादुर देवकोटा, नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास (ललितपुर : साझा प्रकाशन–२०५१), पृ. ९०

ईस्वर बराल लेख्दछन्– नेपाली भाषाका माध्यमले सम्पूर्ण नेपालमा पच्छिमा प्रणाली समन्वीत वैज्ञानिक प्राथमिक शिक्षाको प्रचार-प्रसार गर्न कटिवद्ध जयपृथ्वी वहादुर सिंह, वीरेन्द्रकेशरी अर्ज्याल र वावुराम आचार्यहरूले काम शुरु गरेका थिए।[१४४] जयपृथ्वीको **शिक्षा दर्पण** वीरेन्द्रकेशरीको **भाषाव्याकरण** र वावुराम आचार्यको **अङ्क गणित** प्रकाशित गर्ने काम अघि वढ्यो। यही पाठ्यक्रम अनुसार शिक्षालय चलाउन वभ्काङ्मा विद्यालय खोलियो। तर यसबाट चन्द्रसमशेर पुरै चिढिए। तत्काल ती पुस्तकहरू वटुलेर उनकै सामुन्नेमा जलाइयो। त्यसवाट पनि उनको रीस मरेन, फलस्वरूप जयपृथ्वीवहादुरलाई वङ्लोर निर्वासित गरियो। वीरेन्द्रकेशरी अर्ज्याललाई गोर्खापत्रवाट टक्सार सरुवा गरियो। केही समयपछि उनलाई आर्थिक हिनामीना गरेको भ्कुटा आरोप लगाए नुवाकोट सुनाखानीतिर खेदियो। उनले नेपाली शव्दावली, प्रत्ययहरूको योजना र वाक्य रचनाका नियम आदिको अध्ययन गरी नेपाली व्याकरण तयार गरेर त्यसै व्याकरणका नियमलाई सामाती कविता लेख्न स्रष्टाहरूलाई प्रेरित गरे। पण्डित लेखनाथ पौड्यालले पनि सो व्याकरणलाई अनादर नगरी त्यसका नियम भित्र रहेर आफ्ना रसिला कविता लेख्न शुरु गरे। यो नियम अरूले पनि समाते।[१४५] वीरेन्द्रकेशरी अर्ज्यालको शिक्षादीक्षा काशीमा भएको थियो र उनी वि.सं. १९३३ सम्म काशीमै थिए। उनले त्यतिखेरै मम्मटको **काव्य प्रकाशमाथि** संस्कृतमैं टीका लेखेका थिए। वीरेन्द्रकेशरीले भ्कण्डै दुईदशक गोर्खापत्रमा जागिर खाए। भाषा प्रकाशिनी समितिका पनि उनी सदस्य रहे। उनको वौद्धिकताले व्यापक प्रभाव पार्दै गएको र त्यसको असर दरवारमा समेत पर्न थालेको हुंदा विरोधीले पाँडेकुरा गरी टक्सारमा आर्थिक हिनामिना गरेको फरेव लगाएर उनको सर्वस्वहरण गराएपछि ज्ञानेश्वरका चौतरिया मोहनविक्रम शाहले उनलाई आश्रय दिएर आफ्नो आँगनको सानोघरमा राखे। त्यहीँ नै पछि उनको निधन भएको थियो। उनी वसेको त्यस घरलाई पछिसम्म 'गुर्जूघर' भनिन्थ्यो। उनका पितामह दैवज्ञकेशरी राजा रणवहादुर शाहका पुरोहित थिए।[१४६] दैवज्ञकेशरी अर्ज्यालले नै गीर्वाणयुद्धको राज्याभिषेक गरेका थिए।[१४७] परन्तु जंगवहादुरको शासनसँगै उनको राजगुरु पद खोसिएको थियो। राजघरना भित्र हुने अन्तरद्वन्द, हानाहानी र चाकरी प्रथाले वीरेन्द्रकेशरीको विद्वतालाई पन्छाएर माइला गुरुज्यूलाई अघि सार्न पुग्यो।

---

१४४. शरद्चन्द्र शर्मा भट्टराई, **नेपाली वाङ्मय केही खोजी केही व्याख्या**, पूर्ववत् पृ. १८३

१४५. वराल, **सुवानन्ददासदेखि शम्भूप्रसादसम्म** पूर्ववत् पृ.

१४६. वावुराम आचार्य, **पुराना कवि र कविता**, पूर्ववत्, पृ ख

१४७. वालकृष्ण पोखरेल, **पाँचसय वर्ष**, (ललितपुर : साभ्का प्रकाशन तेस्रोसंस्करण-२०५०) पृ. ३६१

वीरेन्द्रकेशरी स्वाभिमानी थिए, चाकडी चापलुसी रुचाउँदैनथे। जयपृथ्वीवहादुर सिंहका गुरु वीरेन्द्रकेशरी अर्ज्याल चौतारिया राजेन्द्रप्रसाद शाह र धनसमशेरका पनि गुरु थिए। उनले धनसमशेरको लेखनलाई पनि केही सघाएका थिए र इतिहासशिरोमणि वावुराम आचार्यलाई नेपाली भाषा पढाएका थिए।[१४८]



वीरेन्द्रकेशरीका मुख्य रचनाहरूमा **नेपाली व्याकरण** नै सवैभन्दा महत्वपूर्ण रहेको छ। शुरूमा **भाषा व्याकरण** भनिएको भएपनि वावुराम आचार्यले त्यसलाई **नेपाली व्याकरण** भनेर विवेचना गरेका छन्। **शब्दानुशासन** भनेर आरम्भगरिएको उनको सो व्याकरण नै नेपाली भाषाको पहिलो व्याकरण हो। त्यसर्थ प्रेरणा खरेल ठीकै भन्छिन् -वीरेन्द्रकेशरीको सर्वाधिक उर्वर व्यक्तित्व व्याकरणकार व्यक्तित्व हो र उनी नै **पहिलो नेपाली व्याकरणकार** पनि हुन्।[१४९] ध्वनिसिद्धान्तका आधारमा व्याकरणको चर्चा गर्ने प्रथम व्यक्ति वीरेन्द्रकेशरी अर्ज्याल नै देखिएका छन्।[१५०] दयाराम श्रेष्ठ र मोहनराज शर्माले पनि नेपाली व्याकरण लेख्ने स्वदेशी विद्वानहरूमा वीरेन्द्रकेशरी अर्ज्याल नै पहिलो भएको कुरा उल्लेख गरेका छन्।[१५१] जयराज आचार्यले सर्वप्रथम उनको व्याकरणमा शोधकार्य गरेका थिए।[१५२] वीरेन्द्रकेशरीको कवि व्यक्तित्वको चर्चा गर्दै प्रा. राजेन्द्र सुवेदीले उनलाई 'माध्यमिककालीन शृङ्गारिक कवि' मानेका छन्, खासगरी **सुक्तिसिन्धु** र **सुन्दरीमा** प्रकाशित उनका कविताले यसो भन्ने ठाउँ दिएको छ।[१५३] परन्तु शरद्चन्द्र शर्मा भट्टराईले उनलाई 'महाकवि' समेत भनिएको कुरा उल्लेख गर्दछन्।[१५४] यसले उनको रचनामा 'महाकाव्य' हुनसक्ने संभावना औंल्याएको छ। नाट्यलेखनमा उनको राम्रो सहभागिता देखिन्छ। उनले लेखेको नाटक **अशोकसुन्दरी** प्रकाशित छ र त्यो आफ्नो समयमा अत्यन्तै चर्चित थियो। यद्यपि

---

१४८. घटराज भट्टराई, **नेपाली लेखक कोश**, पूर्ववत्, पृ. ४१४
१४९. प्रेरणा खरेल केसी, **वीरेन्द्रकेशरी अर्ज्यालका व्याकर०को परिचय**, पूर्ववत् पृ. १६
१५०. ईश्वर वराल, **सयपत्री** (ललितपुर : साझा प्रकाशन–२०५५), पृ. ९१
१५१. दयाराम श्रेष्ठ/मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**- पूर्ववत् पृ. २०६
१५२. जयराज आचार्य, **ट्रेडिशनल ग्रामर इङ्लिस एण्ड नेपाल ए स्टडी**- १०३७, (स्नातकोत्तर शोधपत्र)
१५३. राजेन्द्र सुवेदी **सुक्तिसिन्धु (फेरी)** (पाठ्य सामाग्री प्रकाशन- २०५५) पृ. ग
१५४. शरद्चन्द्र शर्मा भट्टराई, **ओझेलमा परेकाहरू** (ललितपुर : साझा प्रकाशन- २०५६) पृ. ३१

यो नाटकका लेखक शम्भुप्रसाद ढुंग्याल हुन् भनी शरदचन्द्र भट्टराईले उल्लेख गरेको पाइन्छ।[१५५] वीरेन्द्रकेशरीले आचार्य मम्मटको कृति **काव्यप्रकाशको** टीकाको रूपमा **बेसरी** नामक लक्षणग्रन्थ वा काव्यशास्त्र लेखेर समीक्षक व्यक्तित्व पनि प्रदर्शन गरेका छन्। वीरेन्द्रकेशरी अर्ज्यालद्वारा रचना गरिएको **तारातन्त्र** नामक रचना (हस्तलिखित) अप्रकाशित अवस्थामै रहेको छ। उनको पुस्तकालय भीमसमशेरको आदेशमा जफत गरिएको थियो। जफत गरिएका पुस्तकहरू सत्र जना पिपाले बोकेर लगेका थिए। त्यस घटनामा उनको विद्वताप्रति ईर्ष्या गर्नेहरूको चुक्लिले काम गरेको थियो। किताप फिर्ता पाउन अनुरोध गर्दा ती सबै पुस्तकहरू वीर पुस्तकालयमा पठाइएको जवाफ दिइएको थियो। यस्ता प्रतिभाको निधन वि. सं. १९८८ साल फागुन १३ गते बुधवारका दिन पुजामा बसेको बेला हृदयघातबाट हुन पुग्यो। कतिपय व्यक्तिले भने तान्त्रिक साधनाद्वारा समाधि लिएको कुरा बताउँछन्।

७.१० द्विजराज अर्ज्याल (जन्म वि.सं. १९४१-मृत्यु वि.सं. २००३)

पं. द्विजराज अर्ज्यालको **भजनसङ्ग्रह** (वि.सं. २००३) र **प्रार्थना** नामक

कृति २००४ सालतिर प्रकाशित भएको छ। उनको निधनपछि छोराहरूले प्रथम वार्षिकीमा उक्त **प्रार्थना** छापेका थिए। वि.सं. १९६३ मा **सुन्दरी** लीला ९/१० मा दिइएको सूचना अनुसार यिनको **ज्ञानसागर** नामक ६५१ पृष्ठको अर्को कृति तथा **षड्चक्रसाधना** नामक योग विषयको पुस्तक पनि प्रकाशित छ। तर त्यो पूरै देख्न पाइएको छैन। **सुन्दरी** पत्रिकामा प्रकाशित पशुपतिवर्णन (तेह्र श्लोक) र ज्ञानसागर (चवालीस श्लोक) हेर्दा ती रचनाहरू आंशिक मात्र हुन् जस्ता देखिन्छन्। यिनी कोत भण्डारमा डिठ्ठा थिए। वि.सं. १९४१ मा जन्मेर २००३ श्रावणमा दिवंगत भएका द्विजराज मुरलीधरका छोरा हुन्। उनका दुई श्रीमती थिए। जेठी मीनकुमारीबाट सन्तान भएन भनेर कान्छी देवकुमारी विवाह गरे तर पछि जेठीबाटै चार सन्तान भए। ती हुन्– राजदरबारका मुख्य लेखापरीक्षक एकराज अर्ज्याल, प्रसिद्ध इतिहासकार ईश्वरराज अर्ज्याल तथा

१५५. शरद्चन्द्र शर्मा भट्टराइ, खोजी अनि व्याख्या (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-परिषद–२०५६), पृ. ५७

शिक्षाविद् एवं पूर्वमन्त्री कृष्णराज अर्ज्याल र छोरी नूतनकुमारी। **सुन्दरी** पत्रिकामा द्विजराजका रचनाहरू देख्न पाइन्छ। समस्यापूर्ति-६ मा 'कलिका विलासी' पदपूर्ति गर्दै उनले लेखेका छन् :

आशा नराखी परधन् वनिताहरूमा
खासा हरी भजनमै लयदी मनैमा
पापादिमा नडुवी वुद्धि सवै ननासी
श्रीरामलाई भज हे ! कलिका विलासी ॥१८॥[१५६]

द्विजराजका कवितामा प्रकृतिप्रेम र वर्णन पाइन्छ भन्दै वुइँगलमा उल्लेख गरिएको छ। त्यसमा **पशुपतिको वन**नामक रचना सङ्ग्रहीत छ। द्विजराजका केही भजनहरू भक्तराज आचार्यको सङ्गीतमा रेडियो नेपालमा वज्दछन्। यिनी हिंसाविरोधी थिए। एकपटक जुद्धसमशेरसँगै सवारीमा जाँदा गैंडाको शिकार गरी पितृ तार्न तर्पण दिएको घटनावाट निकै विह्वल भई रगतको तर्पण गरेर पितृ नतर्ने कुरा गर्दै घर फर्के। पछि उनले आफ्ना छोराहरूलाई 'मेरो श्राद्धमा खगौतोले तर्पण नदिनू' भन्ने निर्देशन नै दिएका थिए। मृदुभाषी द्विजराज जहाँकहीँको अर्ज्याल मरे पनि छाक छाड्थे।

७.११ भैरवप्रसाद अर्ज्याल 'दैवज्ञ' (जन्म वि.सं. १९१३- मृत्यु १९९६)

यिनी काठमाडौंको न्हौखाटोल निवासी शम्भूदत्तका छोरा हुन्। यिनलाई कसैले भैरवदत्त पनि भनेका छन्। तर भाइहरूको नाममा प्रसाद रहेको हुँदा भैरवप्रसाद भनिनुमा कुनै अनौठो लाग्दैन भन्ने विचार आत्रेयले व्यक्त गरेका छन्।[१५७] महाभारतको मुसल पर्व, महाप्रस्थानिक र स्वर्गारोहण पर्वलाई एउटै किताव वनाएर वि.सं. १९६२ मा वनारसवाट प्रकाशित गरिएको छ। यिनमा गीताको पद्यात्मक अनुवाद मुख्य रचना मानिन्छ। **श्रीमद्भागवतगीता** (१९६३), **वंशवृत्तश्लोक** (१९६५) र **भिष्मपर्व** (१९६६) छापिएका रचना हुन्। **वुइँगलमा राहदानी** शीर्षक कविता प्रकाशित छ जुन उनको श्रीमद्भागवत्वाट लिइएको देखिन्छ। परन्तु रामजीको पुस्तकमा अर्का भैरवप्रसादको नाम पनि पाइन्छ जसका पिताको नाम शिवप्रसाद दिइएको छ। भैरवप्रसाद अर्ज्यालले आफ्नो परिचयमा 'प्रोहित घरना' भनी चिनाएका छन्। शरद्चन्द्र शर्मा भट्टराईका अनुसार माध्यमिक कालीन गद्याख्यानमा भैरवप्रसाद दैवज्ञको **सुन्ने कथा** उल्लेख्य रचना हो त्यसको प्रकाशन विसं. १९७१ मा भएको थियो।[१५८] पारसीकथाको

---

१५६. पुष्कर लोहनी (संपादक) **सुन्दरी कालिक ऋतुवर्णन तथा समस्यापूर्ति** (काठमाडौं : प्रजेन्द्र प्रकाशन- २०४७) पृ. ६२।

१५७. विष्णुराज आत्रेय, ऐ.ऐ., पूर्ववत्, पृ. ८४

१५८. शरदचन्द्र शर्मा भट्टराई, **माध्यमिक नेपाली गद्याख्यान** (काठमाडौं : नेराप्रप्र २०५०) पृ. २२५

अनुवाद हुनसक्ने विचार भट्टराईले व्यक्त गरेका छन् र मौलिक कथामा गणना गरेका छैनन् । यिनले आफूलाई 'दैवज्ञ' भनेर उल्लेख गर्ने गर्दथे । वि.सं. १९१३ मा जन्मेका भैरवप्रसादको १९९६ मा निधन भएको थियो ।

७.१२ खड्गपाणि अर्ज्याल (जन्म वि.सं. १९१६-मृत्यु वि.सं. २००२)

काठमाडौं टेंगल टोलका वासिन्दा भनिएका पं. खड्गपाणि अर्ज्यालको जन्म वि.सं. १९१६ फागुन महिनामा वनारसमा भएको हो । यिनी जानकीदत्त र महामायाका सुपुत्र हुन् । यिनको **कृत्यबाटीका** (२०३३) नामक कृतिमा पौराणिक-धार्मिक निवन्धहरू रहेको कुरा शिवराज आचार्यले उल्लेख गरेका छन् ।[१५९] त्यस ग्रन्थमा नेपाल अधिराज्यमा चलेका चाडवाड, जात्रापूजा र श्राद्ध-आसौच आदिको निरूपण गर्नेतर्फ पनि यथाशक्य शास्त्रीय प्रमाणहरूप प्रस्तुत गरेको पाइन्छ ।[१६०] खड्पाणिका पिता वनारसमा वसेको हुँदा उनको शिक्षादीक्षा त्यहीँ भयो । पढाइ सकेपछि खड्गपाणि नेपाल आई काठमाडौंको टेंगलमा वसेका थिए । खड्गपाणिका छोरा हिरण्यपाणि र पितराज दुई भाइ थिए । पितराजका नाति निर्मलकुमारवाट प्राप्त जानकारीअनुसार माइला गुर्ज्यूसँगको द्वन्द्वका कारण खड्गपाणि पछि फेरि वनारसै फर्किए, तर छोराहरू भने काठमाडौंमै रहे ।

पितराज तीनधारा पाठशालामा पढाउँथे । यिनले सर्लाहीको मलङ्गवामा बिर्ता पाएका थिए र त्यहाँवाट सरकारलाई तिरो बुझाउने गर्दथे । एकपटक खडेरी परेर रैतीहरूवाट राजस्व जम्मा नभई सरकारी बक्यौता लागेर उनको सर्वस्वहरण समेत भएको थियो । खड्गपाणिले जीवनको उत्तरार्द्धमा **आतुरसन्यास** ग्रहण गरेका थिए । उनको विद्वताको भने माइला गुरुज्यू प्रशंसा नै गर्दथे र वनारस जाने राणा तथा शाह परिवारका मानिसलाई समेत पूजा-पाठ, धर्म-कर्मका वारेमा निर्णय लिनुपर्दा–'खड्गपाणि मै सरहका छन् तिनैसँग काम गराउनू' भन्ने गर्दथे ।

पं. खड्गपाणि अर्ज्याल मोतिमण्डलीका सदस्य थिए । मोतिरामका **नवरत्न**मध्ये एक रहेका पण्डितको रचनामा **अर्जेलोपाध्या खड्गपाणि विरचिता** भनिएको पाइन्छ । **वाडवानलतन्त्र** अन्तरगत **श्वेतकाली पञ्चाङ्गम्** (वि.सं. १९८६)

---

१५९. शिवराज आचार्य, कौण्डिन्यायन : पूर्ववत्, पृ. ३७
१६०. बुद्धिसागर पराजुली, 'भूमिका', (संपादक) **कृत्यवाटीका** (काठमाडौं : नेपाल राष्ट्रिय अभिलेखालय–२०३३)

उनले लेखेको तन्त्रशास्त्रीय रचना हो। उनले सारेको **दुर्गासप्तसती** पनि पाइन्छ, जो निर्मलको सङ्ग्रहमा रहेको छ। उनका फुटकर रचनाहरू **भाषा पद्य सङ्ग्रह** र **मोतीमण्डलीका समस्यापूर्तिहरूमा** पनि रहेको छ। यिनले आफ्ना तर्फबाट 'देख्याँ मैले नदीमा तप गरिरहंदा चन्द्र चारै भयाका' भन्ने समस्यापूर्तिको विषय अघि सारेका थिए भन्ने जानकारी शिव रेग्मीले दिएका छन्।[१६१] खड्गपाणिको एउटा श्लोक **बुइँगलको एउटा बाकस** (२०५३) मा पनि प्रकाशित छ।[१६२] पं. खड्गपाणि अर्ज्याल वि.सं. १९८८ मा काशिवास गए र त्यहीँ नै उनको वि.सं. २००२ मा निधन भयो।

७.१३ उमानाथ अर्ज्याल (जन्म वि.सं. १९१८-मृत्यु वि.सं. १९९५)

जंगबहादुरको विरुद्धमा राजा राजेन्द्रलाई बलप्रदान गर्न, राणा हैकमको आलोचक तथा निर्वासित व्यक्तिहरूको सहयोग लिएर गरिएको असफल विद्रोह **अलौपर्वमा** लागेको भनी हत्या गरिएका रामनाथ अर्ज्यालका नाति एवं ब्रम्मनाथका छोरा उमानाथ अर्ज्याल निकै गनिएका विद्वान् थिए र महामहोपाध्याय हुने पहिलो नेपाली विद्वान् थिए। घटराजले यिनको जन्म डिल्लीबजारमा भयो भनी लेखेको सही होइन, शेषराज रेग्मीले प्युखामा भएको उल्लेख गरेका छन् र यही कुरा साँचो हो। शिवराज आचार्यले वि.सं. १९२७ मा काठमाण्डौं नगरमा जन्मिएको उल्लेख गरेका छन्।[१६३] यसमा जन्मसाल मिल्दैन। उमानाथको जन्म वि.सं. १९१८ मा प्युखामा भएको हो र यी जीवनको उत्तरार्द्धमा काशीवास गएका थिए। यिनको शिक्षा दिक्षा बनारसमा भएको थियो। आफ्ना पिता ब्रह्मनाथ, –कसैकसैले ब्रह्मदत्त पनि भनेको पाइए पनि ती ब्रह्मनाथकै नाममा परिचित थिए। पिताको प्रेरणाले यिनमा राणाशासन प्रति वैरभाव पैदा भएको थियो। व्याकरण, न्याय, मिमांशा र पुराणका ज्ञाता उमानाथ अर्ज्यालका थुप्रै कृतिहरू पाइन्छन्। उपलब्ध उनका कृतिहरूमा **वामननामकौमुदी** वि.सं. १९३० मा प्रकाशित छ। त्यसमा उनले वामन शब्दको एकसय बयालीसवटा अर्थ प्रस्तुत गरेका छन्। **गोपिगीता** (वि.सं. १९८६), **कौमुदी** टीकासहितको पुस्तक हो। त्यसमा उनले आफ्नो वंश परिचय

---

१६१. शिव रेग्मी, 'मोतीमण्डली' र 'समस्यापूर्ति', (**गरिमा**, वर्ष ४, अङ्क ९, भदौ-२०४३)
१६२. कशघ, **बुइँगलको एउटा बाकस** (ललितपुर : जगदम्वा प्रकाशन-२०५३), पृ. १७
१६३. शिवराज आचार्य **कतिपय नैपाल संस्कृत ग्रन्थकार परिचय**, पूर्ववत् पृ ३६

दिंदा राजपुरोहित यदुनाथ सूरिका सन्तान रामनाथको नाति र ब्रह्मनाथका छोरा काशीमा बस्ने अर्ज्याल थरका पं. उमानाथ शर्मा भनेका छन्।[१६४] **नव्यन्याय टीका**, **शब्देन्दुशेखर** र **अथ प्रजानाम** प्रमुख रहेका छन्। यिनको तार्किकता र शब्दकलाको तारिफ भारतीय विद्वानहरूले समेत गर्दथे भन्दै कवि भारवीको **किरातार्जुनीयम्** महाकाव्यको पहिलो श्लोकलाई सयौं अर्थमा व्याख्या गरी काशीका संस्कृत पण्डितहरूलाई मात्र आश्चर्यमा पारेको नभै विश्वका संस्कृत विद्वान्हरूलाई नै अचम्भित बनाएका थिए।[१६५] **लघु शब्देन्दुशेखर विवृतिकारकान्तालाई** यिनको विशेष कृति मानिन्छ। यिनका पिता ब्रह्मनाथले डिल्लिबजार उकालोमा पिपलबोट सँगै बनाएको धारा र मन्दिरको हालै जिर्णोद्वार गरिएको छ। यिनी प्युखाबाट केही समय डिल्लिबजार डेरा गरी बसेको भए पनि प्युखाबाटै काशीवास गएका थिए। योगीनरहरिनाथ, शेषराज रेग्मी, रामनाथ आचार्य र बदरीनाथ भट्टराईहरू यिनैका शिष्य हुन्।[१६६] आफूलाई पढाउने विद्वान् उमानाथको उल्लेख स्वयं प्रा. शेषराज रेग्मीले नै **पृथ्वीनारायण शाहकालीन संस्कृत साहित्य** नामक पुस्तकमा गरेका छन्। **सुन्दरीको समस्यापूर्तिमा** 'गज राज नाना' भित्र उनको एक श्लोक देखिन्छ।[१६७] डा. भूपहरि पौडेलका अनुसार उमानाथ अर्ज्यालद्वारा लेखिएका रचनामा **मुक्तावली**, **माथुरीपञ्चलक्षणी** (वि.सं. १९८६) र **जगदीशशेखरभाष्य** तथा **नैषधकाव्यको टीका** पनि छन्।[१६८] **माथुरीपञ्चलक्षणी**-नामक पुस्तक बनारसको चौखम्बा प्रकाशनद्वारा इ.सं. १९३० मा प्रकाशित छ। त्यसमा उमानाथोपाध्यालाई अङ्ग्रेजीमा दिंदा Arjyal भनी प्रष्ट लेखिएको छ। पं. हरिहर शास्त्रीद्वारा सङ्कलित सो कृति **व्याप्ती चन्द्रिकाको** व्याख्याका रूपमा देखा पर्दछ। नेपालको राष्ट्रिय पुस्तकालयमा यो पुस्तक सुरक्षित छ। उमानाथद्वारा लिखित अर्को कृति **सिंहब्याघ्रः विवृतिः** पनि देख्न पाइएको छैन। **वामननामकौमुदीको** आवरण पृष्ठमा दिइएका कृतिहरूको खोजी हुन जरुरी छ। (हेर्नूस्– अनुसूची-आठ क.)

उमानाथको एउटा कविता **अमरभारती** डा. विष्णुराज आत्रेयको पुस्तक **अर्ज्याल वंशावली र कुलवृत्तमा** संकलित रहेको छ। उमानाथ अर्ज्यालको **रामगीता सारबाट** निकालिएको रचना *भक्ति गरेस् नभागी* शीर्षक दिएर **एउटा अर्को बुइँगलमा** छापिएको छ। उमानाथको अर्ज्यालको निधन २००२ मा

---

१६४. उमानाथ शर्मा, गोपीगीता (बनारस : एल. मणि एण्ड कम्पनी– वि.सं. १९८६), पृ. १०८
१६५. विष्णुराज आत्रेय, पूर्ववत्, पृ. ७६
१६६. घटराज भट्टराई नेपाली लेखक कोश (काठमाडौं : लप्रदेप्र २०५६) पृ. ८७
१६७. पुष्कर लोहनी, सुन्दरी कालिन ऋतु वर्णन तथा समस्यापूर्ति, (काठमाण्डौं : प्रजेन्द्र प्रकाशन-२०४७) पृ. ७७
१६८. भूपहरि पौडेल, नेपालको विद्वत् परम्परा (काठमाडौं : नेपाल साहित्य केन्द्र, २०५१), पृ. ४७४

वनारसमा भएको थियो । हालसम्म अप्रकाशित उनको एउटा श्लोक यस्तो छ–(उनकै हस्ताक्षरमा) ।


प्राधान्यं यस्य सर्वोपरि भवति भृशं शक्तिमन्तम्विना यं
किञ्चित्कर्त्तुं नकोऽपि प्रभवति सकलं यद्वशेवर्त्ततीति ॥
स्वस्ति स्तान्मान्य शम्भद्भव इति सदा प्रत्यहं मां स्मरन्तं
पान्तु द्वारी भवान् स प्रभवति निखिलं दुःखजातं निहन्तुम् ॥१॥
व्रजपतनयत्नीस्नामानिनीकौमुदीय
नृपतिवरगुरूणां सन्निकृष्टेऽपिताऽस्ति ॥
गिरिशशिरसिबद्धा चन्द्रिकेवाऽभाग्या
सुबुधमनिमनोज्ञा वर्द्धतात्प्रभूणाम् ॥२॥

७.१४ पं. श्रुतधर अर्ज्याल (जन्म वि.सं. १९३०-मृत्यु वि.सं. १९६२)

पं. श्रुतधर अर्ज्यालको जन्म अमरभूमिमा (हालको गुल्मी जिल्लाअन्तर्गत पश्चिमी भाग) वि.सं. १९३० माघमा भएको थियो । यिनका पिता लक्ष्मीनारायण हुन् । रामजीप्रसाद अर्ज्यालका अनुसार श्रुतधरका वाजे कुञ्जरमणि अर्ज्याल सल्यानी राजाका गुरु-पुरोहित थिए । श्रुतधरको न्वारनको नाम डिल्लिराज थियो, तर पछि श्रुतधरनामवाट प्रख्यात भएका हुन् । आफ्नै पितावाट प्रारम्भिक शिक्षा पाएका श्रुतधरले पछि पं. जगन्नाथ अर्ज्यालवाट मध्यकौमुदी र संस्कृतकाव्य पढेका थिए । त्यसपछि उनी काठमाडौंको तीनधारा संस्कृत छात्रावासमा वसी रानीपोखरी संस्कृत पाठशालामा पं. विष्णुहरि रिमालसँग व्याकरण पढे । उनले नै डिल्लिराजलाई 'श्रुतधर' उपाधि दिएका थिए । सुन्नेवित्तिकै धारण गर्न सक्ने खूवी भएको हुँदा उक्त उपनाम दिएर रिमालले सातहाते नैनसूतको फेटा लगाई सम्मान दिएका थिए । यिनको विवाह वागलुङ पौंदीकी कन्यासँग भएको थियो र एक छोरा खेमराज अर्ज्याल तथा दुई नाति योगराज अर्ज्याल, रामप्रसाद अर्ज्याल हुन् ।

श्रुतधर अर्ज्याल अर्थात् डिल्लिराजका कृतिहरूको यथोचित खोजविन भएको छैन । यद्यपि डा. लक्ष्मीकान्त पन्थीले उनको वारेमा खोजीखन्तरी गरेर एउटा लामो व्यक्तित्व-परिचय प्रकाशित गरेका छन् । उनका अनुसार श्रुतधरको असामयिक निधन भएको थियो । उनले १४ वर्षे उमेरदेखि सप्ताह वाचन गर्थे । थुप्रै विद्यार्थीलाई शिक्षा प्रदान गरे । दधिराम मरासिनीले– "श्रुतधर अद्भूत, प्रतिभाशाली, ठूला विद्वान् भएको" कुरा वताएको पाइन्छ । श्रुतधरले

वीरसमसेरबाट प्राप्त हुने सुव्वाङ्गी बौद्धिक स्वाभिमानका कारण छाडेका थिए। परन्तु पछि घरको आर्थिक कठिनाइले गर्दा तौलिहवाको उत्तरीभाग पत्थरकोटको दक्षिण टिक्करमा मौजा लिई बसोवास गरे। त्यहाँ उनलाई औलो लाग्यो। वाँच्ने आशामा पहाड फिरे पनि वि.सं. १९६२ आश्विन कृष्ण पञ्चमीका दिन रुरु क्षेत्रमा उनको देहावसान भयो।[१६९]

७.१५ घनप्रसाद अर्ज्याल (जन्म : वि.सं. १९३४-२०२५)

यिनको उपलब्ध कृतिमा **रासलीला** (काव्य-१९६१) र **भक्त अम्वरीष** (काव्य-२०१३) रहेका छन्।[१७०] घनप्रसाद शर्मा अर्ज्यालको वारेमा परिचय दिँदै



भक्त अम्बरीष (२०१३) पुस्तकमा प्रकाशक लेख्छन्– "ज्ञानेश्वर महादेवको अगाडि मोटर जान सक्ने सडक दौडिएको छ। त्यसको प्रायः पुछारमा दक्षिण उत्तर तेर्सिएको घर छ, जहाँ हाम्रा आदिकवि र कविशिरोमणिका वीच सरस्वतीको वरदपुत्र पं. घनप्रसाद शर्मा वस्नुहुन्छ। उहाँको जन्म वि.सं. १९३४ मार्ग कृष्ण द्वितीयामा भएको हो। वालककालदेखि उहाँमा साहित्यस्फुरण भए तापनि परिस्थितिले गर्दा साहित्यको पुजारी मात्र वन्न सक्नुभएन अपितु उहाँका कविताहरू एवं १९६३ मा प्रकाशित **रासलीला** स्तुत्य छन्। यो पुस्तकले पनि धार्मिक नजरका अतिरिक्त साहित्यको ऐतिहासिक नजरलाई पनि एउटा देन दिनेछ।"[१७१] पद्यमय कथाका रूपमा रहेको **भक्त अम्बरीष**मा एक सय एक श्लोक छन्।

त्यस्तै घनप्रसादको अर्को रचना **रासलीला** (वि.सं. १९६१) हो। वनारसको प्रभाकरी कम्पनीद्वारा १९६१ चैत्रमा प्रकाशित उक्त पुस्तकमा राममणि आदीले भूमिका लेखेको पाइन्छ। त्यसमा कवि स्वयंले आफ्नो परिचय दिंदा यसो भन्दछन्– विन्ति गर्दछु सज्जनैहरू विषे यो नाम मेरो भनी

मान् प्रोहित् घनप्रसाद भनिनाम् अर्ज्याल थर्को पनी।

---

१६९. लक्ष्मीकान्त पन्थी, 'पण्डित श्रुतधर', हाम्रो पुरुषार्थ, सम्पादक– शशि पन्थी (गुल्मी : किरण पुस्तकालय, वर्ष २७, सम्पूर्णाङ्क ४०, वैशाख २०५७), पृ. ५१-६०।

१७०. मदन पौरख– २०४० वाट प्राप्त जानकारी।

१७१. सुन्दरप्रसाद शाह 'दुःखी' 'प्रकाशकीय', भक्त अम्वरीष (लेखक : घनप्रसाद शर्मा–२०१३) विजयादशमी)

श्रीमत् पूर्णप्रसाद बुभ्नु सबले पिताजीको नाम् भनी
घर ज्ञानेश्वरमा छ वूभ्रुनु हवस् छोरो म जेठो पनी ॥[१७२]

पं. घनप्रसाद पूर्णप्रसादका छोरा हुन् र पूर्णप्रसादका दुई श्रीमती थिए। जेठी खुरप्रियादेवी र कान्छी मणिकुमारी नेपाल। जेठीपट्टि तीन छोरा– केन्द्रप्रसाद, कृष्णप्रसाद र बुद्धिप्रसाद भए भने कान्छीपट्टि छ जना छोराहरू– खिलप्रसाद, डम्मरप्रसाद, चेतप्रसाद, नित्यप्रसाद, वेदप्रसाद र तुल्यप्रसाद भए। घनप्रसादका कान्छा छोरा तुल्यप्रसादबाट प्राप्त जानकारीअनुसार उनको अर्को पुस्तक– **दुखीको उद्धार सिद्धको चमत्कार** (कथा– २०११) रहेको छ। एउटै कथाको सानो पुस्तिकास्वरूप प्रकाशित यस रचनामा एउटी सेन राजकुमारीसँग गरीव दुःखी मदनकुमारको अनुराग अङ्कित छ। सिद्धको सहयोगमा विवाहसम्पन्न गराएर प्रेमकथालाई सुखान्त वनाइएको यस पुस्तिकाको· प्रकाशक पनि सुन्दरप्रसाद शाह दुःखी नै रहेका छन्। घनप्रसादले लेखेको **षष्टिका पूजाविधि** नामक संस्कृत भाषाको रचना पनि छ। त्यसको पुछारमा 'अयं पोस्तकं घनप्रसाद नामोपाध्या अर्ज्याल् लिखित्वा' भनिएको छ। घनप्रसादको निधन २०२५ मा भयो।

७.१६ कृष्णचन्द्र अर्ज्याल (जन्म वि.सं. १९३५-मृत्यु २००३)

फणिन्द्र अर्ज्यालका नाति इन्द्रमणिका जेठा छोरा कृष्णचन्द्र अर्ज्यालको जन्म काठमाडौं कमलपोखरीमा वि.सं. १९३५ मा भएको हो। यद्यपि घटराजले उनको जीवनकाल वि.सं. १९३९-२००२ र जन्मस्थल सिफल भनी उल्लेख गरेका छन्।[१७३] तर रघु घिमिरेले भने कृष्णचन्द्रको जन्म वि.सं. १९३९ र मृत्यु २००३ उल्लेख गरेको पाइन्छ। सानैदेखि शिक्षाको उचित वातावरण प्राप्त गरेका कृष्णचन्द्रले नेपाली साहित्यको गद्य फाँटमा महत्वपूर्ण योगदान दिएका छन्। कृष्णचन्द्र अर्ज्यालद्वारा लेखिएका मुख्य कृतिमा-**गर्व भञ्जन** (१९७४) **हाँसो** (१९९६) र **लौकिक न्यायमणिमाला** (२०१६) रहेका छन्।[१७४] डा. आत्रेयका अनुसार उनको एउटा कृति **मूल रामायण प्रेमराज**

---

१७२. घनप्रसाद अर्ज्याल, रासलीला, (बनारस : प्रभाकरी प्रेस, प्रथम संस्करण–१९६१), पृ. ३९-४०
१७३. घटराज भट्टराई, नेपाली लेखक कोश, पूर्ववत्, पृ. १३०
१७४. शरदचन्द्र शर्मा भट्टराई- पूर्ववत् पृ. २२७

पौडचाल मार्फत आफ्ना कुनै मित्रलाई छाप्न दिएकोमा त्यत्तिकै हराएको थियो।[१७५] कृष्णचन्द्र अर्ज्यालले आफ्ना मित्र बैजनाथ सेढाईंसँग मिलेर **गोर्खा भाषा** (१९७४) नामक निवन्ध लेखेका थिए। त्यसमा उनले मातृभाषाको महत्त्व दर्शाएका छन्। त्यसरी नै कृष्णचन्द्रले सेढाईंसँगै मिलेर **विवाह शतक** (१९७६) काव्य लेखेका छन्। उनलाई वंशावली लेखकका रूपमा पनि चिनिन्छ। यिनले अर्ज्याल वंशावलीको वारेमा **बगाले अर्ज्यालका सन्तान** भन्ने टिपोट प्रकाशित गरेका छन्।[१७६] त्यसैगरी सुब्वा कृष्णलाल अधिकारीको चर्चित **मकैको खेति** नामक पुस्तक प्रकाशन गर्ने काममा मद्दत गरेका कृष्णचन्द्रले नै त्यसको संपादन र छपाई शुद्धि पनि हेरेका थिए। त्यही अभियोगमा राणशासनले उनलाई कार्वाही गरेर वि.सं. १९७७ मा गोरखापत्रका कामु सम्पादक कृष्णचन्द्र अर्ज्यालको जागिर खोसिदियो। पछि यिनको अभावमा गोर्खापत्र निकाल्न कठिनाई भएको अवस्था जानकारी गराएर बैजनाथ सेढाईंको सहयोगमा उनको जागिर थमौति भएको थियो। कृष्णचन्द्र अर्ज्यालको परिचय दिंदा **लौकिक न्याय मणिमाला** पुस्तकमा प्रेमराज लेख्छन्– "दुब्लो पातलो र अत्यन्त शान्तमूर्ति भए तापनि उहाँ एउटा साहित्यिक फिलिङ्गो हुनुहुन्थ्यो। उहाँको भाषा पक्का नेपाली हुन्थ्यो। आफ्नो समयमा उहाँ एउटा राम्रो नेपाली जान्ने पण्डितमा गनिनुभएको थियो। उहाँले आजीवन गोर्खापत्रको सेवा गर्नुभयो। **मकैको खेतीको** प्रुफ हेरे वापत जागिर खोसिएपछि चावेलमा एउटा सानो मकैवारीमा खेती गरेर कृष्णचन्द्रको परिवार दिन विताउन थाल्यो। आर्थिक सङ्कटकै कारण एकमात्र छोरा र बूढी धर्मपत्नी असमयमा नै गए। पछि गोर्खापत्र छापाखानामा उहाँजत्तिको योग्य मानिस कुनै नपाइएकाले श्री वैजनाथ सेढाइँले त्यसवेलाका भाग्यविधाताहरूका पाउमा विन्तिभाउ गरी फेरि उहाँको नियुक्ति गराए।" निवन्ध-कथाको शैलीमा सत्ताइसवटा उखानहरूको वारेमा विवेचन गरिएको उक्त पुस्तकमा विभिन्न चित्रहरू पनि समावेश छन्। मकैपर्वमा प्रताडित भएकै वेला यिनले **फलविज्ञान** (१९९२) भन्ने वागवानी सम्वन्धी पुस्तक निकाले। यो पुस्तक १९९४ मा छापियो। कृष्णचन्द्र अर्ज्याल गोरखापत्रमा विसं. १९६७ मा नौसिन्दा पण्डितमा जागिरे भएका थिए र १९७१ मा 'करेक्शन पण्डित' अर्थात अहिलेको सम्पादक सरह भएका थिए। १९७१ कै **चन्द्र** पत्रिकाको अङ्क ७ मा प्रकाशित उनको लेख- **गोरखा भाषा कि उन्नति विवेचना** भन्नेमा कृष्णचन्द्र अर्ज्यालको परिचय दिंदा गोरखापत्रका एकजना सम्पादक भनिएको छ। त्यतिखेर उनीभन्दा माथि नरेन्द्रकेशरी अर्ज्याल थिए र मुख्य संपादक प्रेमराज

---

१७५. विष्णुराज आत्रेय, **अर्ज्याल वंशावली र कुलवृत**, पूर्ववत् पृ. ८७
१७६. रामजीप्रसाद अर्ज्याल, पूर्ववत् पृ. १७७

पौड्याल थिए ।[१७७] उनको त्यो लेख डा. सूर्यमणि अधिकारीले आफ्नो पुस्तक **नेपाली भाषाको इतिहास** (२०५६) मा सन्दर्भकृति वनाई समावेश गरेका छन् । जुन सर्वप्रथम डा. ईश्वर वरालद्वारा सयपत्रीमा सङ्कलित गरिएको थियो । वि.सं. १९७५ मा छापिएको **शैलभ कामाञ्चल महात्म्य** र **भिमेश्वर महात्म्यका** रचयिता यिनै कृष्णचन्द्र अर्ज्याल हुन् ।[१७८] यिनका पिता इन्द्रमणि अर्ज्यालको पनि शोक-**प्रार्थना** कविता 'सुन्दरी'मा छापिएको छ । त्यस्तै कृष्णचन्द्रका फुटकर रचनामा **चन्द्रिका** अङ्क ६ र १० मा छापिएको **महाकवि कालिदास र विद्या** पनि आफ्ना समयको चर्चित रचना थियो ।

कृष्णचन्द्रका पिता इन्द्रमणिको छद्मनाम भागिरथ थियो । इन्द्रमणिका दुई छोरामा कान्छा वावुराम थिए । कृष्ण चन्द्रकी एकमात्र पत्नी ललितामञ्जरीवाट ४ छोरा र एक छोरी जन्मिए । तीमध्ये जीवित रामहरि अर्ज्याल मात्र हुन् र तिनी पनि अल्पायुमै वितेको वताइन्छ । पत्नी तथा पुत्र शोकको मारसँगै सामाजिक जीवनमा समेत ताडित भएका कृष्णचन्द्रको निधन २००३ सालमा भयो । शरदचन्द्र शर्माद्वारा सम्पादित **जोगमण्डलीका कवि र कविता** (२०५२) नामक पुस्तकमा सर्वप्रथम कृष्णचन्द्रको रेखाचित्र छापिएको देखिन्छ ।

उनको रचनात्मक वैशिष्ठ्य प्रयोगात्मक रहेको छ । खास गरी **लौकिक न्यायमणिमाला** नेपाली उखानहरूको कथात्मक प्रस्तुति वनेर आएको कुराले यसको साक्षी वक्दछ । १९९२ तिरको यो रचना २०१६ मा जगदम्वा प्रकाशनवाट छापिएको छ । गोर्खापत्रद्वारा २०५८ मा प्रकाशित २०१ कविताको सङ्कलन **सयवर्षका कवितामा** उनको रचना देखिँदैन तर **सयवर्षका १०१ कथामा** भने **खाने पिउने रामे चोट पाउने चामे** शीर्षकको कथा छापिएको छ ।[१७९] कृष्णचन्द्रका सहकर्मीमा त्यसवेला वीरेन्द्रकेशरी अर्ज्याल, जयपृथ्वीवहादुर सिंह, चिरञ्जीवि पौड्याल आदि थिए । पं चिरञ्जीवी शर्मा पौड्याल लिखित आफ्ना कुरामा प्रेमराजशर्माको सानो विन्तिसमेत समावेश छ र त्यसमा "पं. कृष्णचन्द्रलाई महिनावारी रु. १५।- मा भर्ना गराएपछि अलि सुविस्ता पाएँ"

---

१७७. ग्रिष्मवहादुर देवकोटा, **नेपालको छापाखाना र पत्र-पत्रिकाको इतिहास** (ललितपुर : साझा प्रकाशन–२०५१) पृ. ७०

१७८. शरद्चन्द्र शर्मा भट्टराई, **नेपाली वाङ्मय केही खोज केही व्याख्या** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान– २०४४), पृ. १८३

१७९. कमल दीक्षित (संपादक) **सयवर्षका १०१ कथा**– २०५८ (काठमाडौं : गोर्खापत्र संस्थान धर्मपथ), पृ. १५८

भन्ने कुरा उल्लेख छ।[१८०] गोरखापत्रका सम्पादक भइसकेका कृष्णचन्द्र प्रवुद्ध व्यक्ति तथा नेपाली साहित्यका स्थापित लेखक थिए। उनी प्रगतिशील लेखक श्यामप्रसादलाई 'मकैको खेती' जस्ता ऐतिहासिक पर्वका थरीथरीका घटनाविवरण सुनाउँथे। यस्ता विभिन्न सन्दर्भले श्यामप्रसादको चेतनाको दीयोलाई उकास्दै लगेको कुरा पराजुली वताउँछन्।[१८१]

कृष्णचन्द्र अर्ज्यालको हाँसो (१९९६) आनन्द रामायणका आधारमा रचिएको छ भने गर्वभञ्जन (१९७४) हनुमानको पुच्छर पन्छाउन असफल महाभारतका भीमसेनको कथामा आधारित छ। यी दुवै कृतिहरूले तत्कालीन आख्यान साहित्यमा आफ्नो स्थान वनाएका छन्। मकै पर्वमा सताइएका कृष्णचन्द्रका रचनाहरू सुन्दरी र सुक्तिसिन्धूमा पनि छापिएका छन्।[१८२] समस्यापूर्ति-७ मा उनको एक श्लोक प्रकाशित छ। उनलाई "माध्यमिक कालका नामी प्रतिभा" भनेर प्रशंसा पनि गरिएको पाइन्छ।[१८३] यिनको कथा खाने पिउने रामे चोट पाउने चामेले एउटा गुप्त वास्तविकतातर्फ सङ्केत गरे जस्तो लाग्छ– जुन घटना मकै पर्वसँग सम्वन्धित छ। नेपाली भाषाको उन्नतिका निम्ति सचेत ढङ्गले लाग्नेमा कृष्णचन्द्र अर्ज्याल पनि एक हुन्। उनको समयमा नेपाली भाषाको सेवामा समर्पित व्यक्तिहरू अति नै थोरै थिए। त्यसमाथि मकै पर्वले तत्कालीन स्रष्टा शम्भुप्रसाद ढुङ्गेललगायत नौजनालाई जागिर खोस्दा पोलाहा भोजराज काफ्ले र रामहरि अधिकारीलाई खरदार र विचारीको जागिरसँगै एक एक हजार नगद वक्सिससमेत दिइएको थियो। सोमनाथ सिग्द्यालको भने पचास रुपियाँ जरिमाना तिरेपछि जागिर थामिएको थियो।[१८४] त्यसप्रकारको कठिनाईका वीच कृष्णचन्द्र अर्ज्यालले आफ्नो सिर्जनशीलता अघि वढाएका थिए। उनले पद्यमा भन्दा गद्यमा कलम दौडाए। रघु घिमिरेले अर्ज्यालको कृति हास्यमुक्ति नभएर उनको लघु रचना हाँसो (१९९६) भएको तथ्य औंल्याएर त्यसको विश्लेषण गरेका छन्। अर्ज्यालले सरल

---

१८०. ग्रिष्मवहादुर देवकोटा, नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास, (ललितपुर : साझा प्रकाशन– २०५१), पृ. ७१

१८१. कृष्णप्रसाद पराजुली, 'तँ, तिमी, तपाईं, हजुरका स्रष्टा र सिर्जना' (भूमिका) तँ, तिमी, तपाईं, हजुर लेखक–श्यामप्रसाद (काठमाडौं : शृङ्खला प्रकाशन, दोस्रो संस्करण २०४६)

१८२. घटराज भट्टराई, माध्यमिककालीन कवि र कविता (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान-२०४५), पृ. ६७

१८३. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास, पूर्ववत्, पृ. ८३

१८४. रघु घिमिरे, 'पं. कृष्णचन्द्र अर्ज्याल र उनको हाँसो लघुकृति, मधुपर्क (हास्यव्यङ्ग्य, अङ्क २०५४)

एवं प्रभावकारी, सुन्दर भाषा शैली प्रयोग गरेको ठहर घिमिरेको रहेको छ। नाम हाँसो राखेर पनि भित्रपट्टि भूमिकामा 'हास्यमुक्ति' उल्लेख गरिएको हुँदा धेरैले सोही नाममा चर्चा गर्दै आएको पाइन्छ। धार्मिक कथाको आड लिएर भए पनि कृष्णचन्द्र अर्ज्यालले हाँसो लेखेर, छपाएर, फिंजाएर हास्यव्यङ्ग्यलाई महत्त्व दिएको यस कदमको आफ्नै विशिष्ठ स्थान रहेको छ। यसलाई सार्थक योगदान मान्नुपर्दछ भन्ने रघु घिमिरेको विचारलाई हार्दिकतासाथ समर्थन गर्नुपर्दछ। शक्तिवल्लभ अर्ज्यालपछि हास्य-व्यङ्ग्यकारमा यिनकै नाम आउँछ।

७.१७ रश्मीराज अर्ज्याल (जन्म : वि.सं. १९४३-मृत्यु २०१५)

इस्माली राजघरानाका रूपमा परिचित अर्ज्यालहरूको पुख्यौली थलो अमरभूमि (अर्जेइ वा अर्जी) छाडेर कपिलवस्तुको तौलिहवामा वसोवास गर्न पुगेका रस्मीराजको जन्म वि.सं. १९४३ भाद्र शुक्ल पञ्चमीमा गुल्मीको मर्भूङमा भएको हो।[१८५] पिता जगन्नाथ र माता दमयन्तीको जेठो छोरा रस्मीराजलाई प्रारम्भिक शिक्षादीक्षा पितावाटै प्राप्त भएको हो। पछि उनी काठमाण्डौंमा पं. विष्णुहरिवाट र काशी गएर पं. कुलचन्द्र गौतमसँग वसी पढाई पूरा गरेका थिए। पढाइसके पछि तौलिहवाको सरकारी पाठशालामा शिक्षक भएर काम गरे। यिनकी पत्नीको नाम केशकुमारी हो र उनी असमयमै वितेकी हुँदा रश्मीराजले विधुर जीवन विताए। पं. रश्मिराजले आफ्नो थर 'अर्जय्यालय' पनि लेख्ने गर्दथे। उनीद्वारा रचिएका पुस्तकहरू निम्न लिखित रहेकाछन्। यी पुस्तकहरू मध्ये कतिपय भावानुवाद र टीकाको रूपमा छन्।

१. अष्टाध्यायीटीका (संक्षिप्त संस्कृत वृत्त सहित–२००८)
२. अमरकोष टीका (नेपाली अर्थसहित–२००५)
३. सप्तशती (प्रतिलिप्य–२००२)
४. वृक्षारोपण विचार (सामयिकी)
५. सत्यनारायण पूजाविधि (कर्मकाण्ड–२००२)
६. ऋषिपञ्चमी पूजाविधि (कर्मकाण्ड–२००२)
७. मध्यसिद्धान्त कौमुदी (हस्तलिखित प्राप्त)
८. रघुवंश टीका (साहित्य)
९. नाना संहितोत्ता चिकित्सा प्रयोग
(काठमाण्डू डिल्लिवजारमा लेखेको २००१)

यिनी वंशावली तथा पाञ्चाङ्ग निर्माणकर्ताका रूपमा पनि परिचित छन्। पण्डित रश्मीराजका धेरै जसो कृतिहरू उनका नाती डा. विष्णुराज आत्रेयसँग

१८५. विष्णुराज आत्रेय, अर्ज्याल वंशावली र कुलवृत्त पूर्ववत् पृ. ५७-६२

रहेको छ। पण्डित रश्मीराजको स्मरणशक्ति अत्यन्तै सबल थियो। एकपटक सुनेका कुरा उनलाई मुखाग्रै रहन्थ्यो। यही गुणले गर्दा विभिन्न भाषाको ज्ञान उनले बटुलेका थिए। आफ्ना सहपाठी सोमनाथ सिग्देल, लेखनाथ पौडेल र माइला गुरुज्यूले राणाहरूको चाकडी गरेको देख्दा यिनलाई चित्तबुझ्दैनथ्यो। बरु यिनी धरणीधरलाई मन पराउँथे।[१८६] यिनका तीनभाई छोराहरू थिए र जेठा छोरा देवराज अर्ज्यालले योगविषयक काव्य लोक लयमा र आफ्नो दैनिकी लेखेका छन्।[१८७] रस्मीराज अर्ज्यालका भाई चेतोनाथ अर्ज्यालले (१९५०-२००६) पनि कार्तवीर्य कवचम् नामक पुस्तक सारेका छन्। यिनलाई पछि दाङ बिजौरीको पाठशाला सञ्चालनार्थ लगिएको थियो। चेतोनाथले लक्ष्यवर्ति कथालाई नेपालीमा रूपान्तरण गरेका थिए। रश्मीराजले तौलिहवामा संस्कृत पाठशाला मात्र सञ्चालन गरेको नभई वि.सं. १९९२ मा मथुराप्रसाद गुप्तासँग मिली उनकै घरमा श्रीराम पुस्तकालय खोले र तत्कालिन बडाहाकीम किशोर नरसिंह राणाबाट उद्घाटन गराएका थिए। यद्यपि त्यो पुस्तकालय धेरै समय चलेन र पछि फेरी पशुपति प्रताप पुस्तकालय स्थापना गराएका थिए। वि.सं. १९९३ आस्वीन १२ मा स्थापित त्यस पुस्तकालयको प्रवन्ध समितिका उनी पनि सदस्य रहेका थिए। नेपालका पुराना पुस्तकालयहरूमध्ये यो पनि एउटा हो। रश्मिराजमा पिता जगन्नाथका बारेमा डा. भूपहरिले भनेका छन्-जगन्नाथको विद्वताबाट प्रभावित भएर कैयौं मानिसले संस्कृत विद्याको अध्ययन र अध्यापन परम्परालाई कायम राखेका छन्।[१८८] रश्मीराज अर्ज्यालको निधन २०१५ सालमा भयो।

७.१८ पद्मनाभकेशरी अर्ज्याल (जन्म वि.सं. १९४५-मृत्यु २०१४)

विद्यारण्यकेशरीका नाती एवं आफ्नो समयका चर्चित विद्वान् पद्मनाभकेशरी अर्ज्यालको जन्म वि.सं. १९४५ मा काठमाडौंको डिल्लीबजारमा भएको थियो। उनका पिता गिरीराजकेशरी तथा माता दीपकुमारी अधिकारी हुन्। गिरीराजको एकमात्र सन्तान पद्मनाभकेशरी जन्मेको वर्ष दिनपछि उनीहरूले वि.सं. १९४६ कार्तिक शुक्ल द्वादसीका दिन डिल्लीबजारस्थित कृष्णमन्दिरमा छब्बीस धार्नीको घण्टा चढाएका थिए। र त्यो अहिले पनि छँदैछ। पद्मनाभकेशरीको शिक्षा बनारसमा भएको हो। उनले आचार्यसम्मको अध्ययन गरेका थिए, तर परीक्षामा सामेल हुन सकेनन्। खासगरी पुराणवाचक, धार्मिक प्रवचक र शास्त्रार्थमा निपुण पद्मनाभकेशरी अर्ज्याल संस्कृत तथा

---

१८६. रामजीप्रसाद अर्ज्याल, नेपालको इतिहास र अर्ज्यालपरिवार, पूर्ववत् पृ. १४९
१८७. विष्णुराज आत्रेय, वर्णन मासिक, २०५५, वर्ष १ अंक ६, पृ, १३-१४
१८८. हाम्रो पुरुषार्थ-पुस्तकालय विशेषाङ्क किरण पुस्तकालय, गुल्मी, पृ. ६३



नेपाली भाषा साहित्यका अनुरागी पनि थिए। यिनले नै राजगुरु पुरोहित विद्वद्वर चक्रपाणि अर्ज्यालले रचना गरेका **प्रश्नतत्त्वम्** र काशीनाथले रचेको त्यसको टीका **उत्तान गणितलाई** मिलाएर **प्रश्नतत्त्वम् सटीकम् उत्तानगणितं च** नामक पुस्तक वि.सं. १९९२ मा प्रकाशित गरेका थिए। उक्त पुस्तकलाई माइला गुरुज्यूको अनुरोधमा चन्द्रसमशेरले प्रतिवन्ध लगाएका थिए र त्यो पुस्तक कसैले राखेको फेला परेमा मोरु. १५।- जरिवाना गर्ने आदेश भएको थियो। पुस्तकको प्रकाशकीय पद्मनाभकेशरीले लेखेका छन् र भूमिका विष्णुप्रसाद भण्डारीले लेखेको पाइन्छ। **प्रश्नतत्त्वम् सटीकम् उत्तानगणितं च**लाई रोक लगाउनुको कारण भने चक्रपाणि अर्ज्यालले 'राजगुरु चक्रपाणिविरचितम्' लेखेको र हेमराजलाई सो मन नपर्नु रहेको थियो भनिन्छ। पद्मनाभकेशरीकी श्रीमति दमयन्ती रेग्मी थिइन्। यिनका दुई भाइ छोरा– वामनकेशरी र नारायणकेशरी थिए। पद्मनाभकेशरीको कान्छा छोराको छोरा (जेठा नाती) अनन्तकेशरी हुन्। उनका अनुसार पद्मनाभकेशरीको आफ्नो मौलिक रचना फेला परेका छैनन् तर डा. मुकुन्दराज अर्ज्याल भने उनका कृतिहरू छन् भन्दछन्। रामजीप्रसादले पनि उनले पुस्तकहरू लेखेको तर प्रकाशित पुस्तक नपाइएको भनेका छन्। पद्मनाभकेशरीले अरूहरूका कृति सङ्ग्रह गरी प्रकाशनको चाँजोपाँजो मिलाउने गर्दथे भन्ने कुरा उनीद्वारा वि.सं. २०११ मा चौतरिया सुन्दरप्रसाद शाहसँग मिलेर प्रकाशित गरेको कविरत्न रामभद्रकृत **प्रशस्तिरत्नम्** पुस्तकले दर्शाउँछ। उनको लेखनकला पनि त्यसमा भूमिकास्वरूप लेखिएको **श्रीप्राप्तिद्वारा** थाहा पाइन्छ। (हेर्नुहोस्– अनुसूची तीन) अनन्तकेशरीले दिएको जानकारीअनुसार पद्मनाभकेशरीले आफ्ना हजुरवा विद्यारण्यकेशरीका दुई पुस्तक **द्रौपदी स्तुति** र **गोपीगीत** प्रकाशित गरेका थिए। मोतिराम भट्टका समकालीन पद्मनाभकेशरीले यसरी आफूअघिका प्रतिभाको कृति खोजेर प्रकाशित गर्नु समकालीन वौद्धिक दायित्व जस्तै देखा पर्दछ। पद्मनाभ संस्कृतमैं वोलीचाली गर्ने गर्दथे। यिनको विद्वतावाट राजा महेन्द्र निकै प्रभावित भएका थिए र वडाहाकीम वन्ने आग्रह गरेका थिए। तर पद्मनाभकेशरीले राणाकालीन षड्यन्त्रवाट गुमेको **गुरुघराना** कायम गर्ने कुरा गरे। राजा महेन्द्रले तत्काल खाली नभएको अवस्था वताए। त्यसपछि पद्मनाभकेशरी काशीवास जाने विन्ति विसाएर वनारसतिर लागे त्यहीं नै उनको निधन वि.सं. २०१४ मा भयो। पछि एकपल्ट राजा महेन्द्रले उनलाई राजगुरु

वनाउन भनी खोज्दा पद्मनाभकेशरीको निधन भइसकेको थियो । त्यसपछिका राजाहरूले आफ्नो वंशको 'गुरुघराना'लाई यथोचित सम्झना गर्न नसकेको कुरा सम्वन्धित क्षेत्रका जानकार विद्वान्हरूवाट थाहा पाइन्छ । पद्मनाभकेशरी कर्मवीर महामण्डलको अध्यक्ष पनि भएका थिए ।

७.१९ श्यामजीप्रसाद अर्ज्याल (जन्म : वि.सं. १९४७-मृत्यु २०३८)



श्यामजीप्रसाद अर्ज्यालको नाम आउनासाथ नेपाली साहित्यमा अत्यन्तै चर्चित र विवादित शृङ्गारिक कविताहरूको सङ्ग्रह सुक्तिसिन्धुको सम्झना हुन्छ । वि.सं. १९७४ मा प्रकाशित उक्त पुस्तकवारे तानासर्मा लेख्छन्- यस सङ्कलनले रतिराग सम्वन्धी कविताको क्षेत्रमा ठूलो भूइँचालो ल्यायो । त्यसवेलाका वूढापाकाले हेरी नसकेको र सरकारले समेत दवाएको सुक्तिसिन्धु औधि लोकप्रिय र दुर्लभ भयो ।[१८९] उनले त्यसमा युवा कविहरूले प्रेम भावना राम्ररी प्रकट गरेको टिप्पणी गरेका छन् र त्यसको संपादक श्यामजीप्रसाद अर्ज्याल थिए भनेका छन् । संस्कृत साहित्यको प्रभावमा श्यामजीले उक्त पुस्तक प्रकाशित गरेको कुरा दाहालले उल्लेख गरेका छन् ।[१९०] तर उक्त पुस्तकले नेपाली कवितामा श्रृंगारधारालाई चरम उत्कर्षमा पुऱ्याएको मात्र नभै मध्यकालको समापन गरेको विचार डा. दयाराम श्रेष्ठ र मोहनराज शर्माको छ ।[१९१] सुक्तिसिन्धुमा चौवीस जना कविको रचना छ । यसको प्रकाशन श्यामजीले गरेको कुरा गर्ने प्रा.दयाराम संभवले वस्तुतः उहाँ नै यस पुस्तकको सम्पादक पनि हुनुहुन्थ्यो भनेको पाइन्छ ।[१९२] कमलमणि दीक्षितले त मूल सम्पादक मानेर पुस्तकै छपाएका छन् ।[१९३] परन्तु पुष्कर लोहनी भने श्यामजीलाई सम्पादक मान्न तयार देखिँदैनन् । उनको विचारमा रामशमसेरका हजुरिया पशुपतिको आडमा यो पुस्तक छापिएको हो ।[१९४] श्यामजीले भने–

---

१८९. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास, पूर्वववत् पृ. ५३
१९०. रामप्रसाद दाहाल, पूर्ववत् पृ. २३९
१९१. दयाराम श्रेष्ठ/मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास पूर्ववत् पृ. ४९
१९२. दयाराम संभव, 'सुक्तिसिन्धुको भूमिकाको पूर्वांशं' विश्वदूत, पत्रिका–२०३३, चैत्र ७ पृ. ४
१९३. कमलमणि दीक्षित, (सं) सुक्तिसिन्धु (फेरी) २०२४ (ललितपुर जगदम्वा प्रकाशन) पृ ख
१९४. पुष्कर लोहनी, चहकदार मइन्टोल र पिलपिले लाल्टिन, (काठमाण्डौं : प्रजेन्द्र प्रकाशन-२०३७) पृं ७३.

"सुक्तिसिन्धुको जन्मदाता मै हुँ" भनेका छन् ।[१९५] श्यामजीले राम शमशेरलाई रिझाउने अभिप्रायले शुरूमा श्रृङ्गारिक कविता सङ्कलन निकालेको भएपनि उनले नौ रसका नौ सङ्ग्रह निकाल्ने योजना अन्तरगत सुक्तिसिन्धुको प्रकाशन गरेका थिए ।[१९६] तर उनको योजना सफल हुन सकेन । उल्टै सुक्तिसिन्धु जस्तो 'छिल्लिएको रचना' निकाले वापत् श्यामजीप्रसाद अर्ज्याल दण्डित भए । उनका विरुद्ध भीमसमशेरका हजुरमा चुक्लि लगाइयो र हाडीगाऊँ स्थित उनको घरवास लिलाम गरियो । उनको त्यो घरजग्गा लिलामीमा तोरणसमशेरका वावु इन्द्रसमशेरका आठ पहरिया हवल्दारले सकारेका थिए र पछि वि.सं. १९८८ तिर रामजीप्रसाद अर्ज्यालका पिता मुक्तिनाथ अर्ज्यालले एघार सय मोरु तिरेर खरिद गरेका थिए ।[१९७] यद्यपि रामजीप्रसाद अर्ज्यालले आफ्नो पुस्तकमा सुक्तिसिन्धु काण्डमा परेर श्यामजीको घरवास लिलामी भएको व्यहोरा नखुलाई 'के कारणले हो लिलाम भई' भनेका छन् । सुक्तिसिन्धुका सप्पै लेखकलाई जनही एक, एक रुपियाँ मात्र जरिमाना गरिएको थियो तर श्यामजीको घरवास नै लिलाम भएको थियो । यसवाट त्यसको सम्पादन तथा प्रकाशनको मुख्य अभियुक्त श्यामजीप्रसाद अर्ज्याललाई वनाएको देखिन्छ । श्यामजीले स्वीकारेका पनि छन्– "सुक्तिसिन्धुको प्रकाशनले उनको जीवनमा ठूलै धक्का दिएको हो ।"[१९८] नेपाली साहित्यको इतिहास लेखकहरूले यो यथार्थलाई उल्लेख गरेको पाइदैन । श्यामजीप्रसाद अर्ज्यालका मुख्यरचनामा- **त्यो मरेको छैन**, (१९७४), **भाव शवल**, (१९७३) र **विरहणी उपर शखीको प्रश्न**, (१९७३) रहेका छन् । यिनको जन्म काठमाडौं डिल्लिवजारमा भएको थियो ।

कुसुममञ्जरी

श्यामजीप्रसाद अर्ज्याल (वि.सं. १९७५ तिर) कैलालीमा अमीन (लप्टन) रहेका थिए र वि.सं. १९९६ सम्मनै उक्त सरकारी नोकरीमा संलग्न रहे । जागिर छाडेपछि श्यामजीप्रसादले वि.सं. २००० देखि २०२६ सम्म रौतहटमा कानुन व्यवसायीको काम गरे ।[१९९] त्यस अवधिमा उनले गौरमा कलाकुन्ज पुस्तकालय

१९५. श्यामजीप्रसाद अर्ज्याल, सुक्तिसिन्धु र म नेपाली (अङ्क ४२, २०२६) पृ. ५४
१९६. घटराज भट्टराई, माध्यमिककालीन कवि र कविता, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान-२०४५)
१९७. रामजीप्रसाद अर्ज्याल, नेपालको इतिहास र अर्ज्याल परिवार पूर्ववत् पृ. २०१
१९८. श्यामजीप्रसाद अर्ज्याल, सुक्तिसिन्धु र म, नेपाली–४१ संपादक-कमलमणि, ललितपुर : जगदम्वा प्रकाशन, पृ ५८
१९९. कमल दीक्षित वुईगल (ललितपुर : साझा प्रकाशन-२०२८) पृ, ४०९

स्थापना गरे, जसको उद्घाटन महाकवि देवकोटाले गरेका थिए। वि.सं. २०२४ मा सुक्तिसिन्धुको अनधिकृत संस्करण निकालेपछि कमलमणिसँग श्यामजीको चर्को झगडा जस्तै पर्न गएको थियो। उक्त संस्करण श्यामजीलाई थाहै नदिई छापिएको थियो र त्यस सम्बन्धमा छाप्ने र सम्पादन गर्ने व्यक्तिहरूबीच सामान्य विवादसमेत भएको थियो भनिन्छ। परन्तु पछि मेलमिलाप कायम भयो र नेपाली पत्रिकामा श्यामजीको **सुक्तिसिन्धु र म** नामक संस्मरण छापियो। त्यसवापत रु. ५००।- सहयोगी रासी अर्ज्याललाई दिइएको कुरा पारिवारिक सुत्रबाट थाहा पाइन्छ।

श्यामजीप्रसादको जन्म वि.सं. १९४७ भाद्र २२ गते काठमाडौंको डिल्लीवजारमा भएको थियो। उनका पिता देवीप्रसाद हुन्। श्यामजीको पहिलो विवाह रसुवाकी मदनमञ्जरी आचार्यसँग भएको थियो र दोस्रो काठमाडौं धुम्बाराहीकी कुशुममञ्जरी सिंहसँग भएको थियो। कुशुममञ्जरीले **सीता विलाप** (वि.सं. १९९६) नामक खण्डकाव्य लेखेकी छन्। यद्यपि कसैकसैले यसको रचनाकार स्वयं श्यामजी रहेको र कान्छी श्रीमतीको नामबाट शारदामा छपाएको हुनसक्ने सम्भावना पनि औंल्याउँछन्। जे भए पनि **सीता विलापको** स्रष्टा कुशुममञ्जरी हुन पुगेकी छन्। श्यामजीको जेठी श्रीमतिबाट माधवप्रसाद र प्रमोद नामक दुई छोरा र एक छोरी छन्। कान्छी श्रीमतिवाट एक छोरी सरोजदेवी सिंह मात्र पैदा भइन्। माधवप्रसादका छोरा एवं श्यामजीका नाती किरण अर्ज्यालका अनुसार श्यामजीप्रसादले आफ्नो जीवनको अन्तिम दशक (२८ देखि ३८ सम्म) काठमाडौंमै विताएका हुन्। त्यसवखत उनी आफ्नी छोरी ज्वाइँ नारायणवहादुर सिंह, जो गोरखापत्रका संपादक थिए, सँगै लगनटोलमा वस्दथे। श्यामजीको जेठी छोरीको विवाह महाकवि लक्ष्मीप्रसाद देवकोटाका भाइ मधुसूदन देवकोटासँग भएको थियो। कान्छीपट्टिकी छोरी-ज्वाइँ नारायणवहादुर सिंह पनि लेखक एवं कलासमीक्षकका रूपमा प्रतिष्ठित छन्। श्यामजीप्रसादको निधन २०३८ आश्विनमा कामाडौंमा भएको थियो।

७.२० गंगानाथ अर्ज्याल (जन्म वि.सं. १९५०-मृत्यु २०२०)

यिनको वारेमा माथि पनि केही चर्चा गरिएको छ। वुढ्यौली अवस्था भारतको चम्पारण– सिलवटियामा विताएका थिए। यिनको **अर्पण-गीता** नामक पुस्तक प्रकाशित छ। गङ्गानाथद्वारा लेखिएको अर्पणगीता (२०१७) अनौठो एवं रसिलो लागेको कुरा कमलमणिले उल्लेख गरेका छन्।[२००] यिनी लक्ष्मीमणिका भाञ्जा थिए।

---

२००. कमलमणि दीक्षित, भन्ने कुरा (ललितपुर : जगदम्बा प्रकाशन, २०३१) पृ. २७२

७.२१ गीतादत्त अर्ज्याल (जन्म वि.सं. १९५५-मृत्यु २०२७)

गोरखा जिल्लाको वक्राङ गाउँमा वि.सं. १९५५ मा जन्मेका गीतादत्त अर्ज्याल आफ्नो समयका एक ज्योतिप पनि हुन्। उनी मूलत कविका रूपमा देखिन्छन्। माता भद्रकुमारी एवं पिता गणेशदत्त अर्ज्यालका सुपुत्र गीतादत्तका थुप्रै रचनाहरू अप्रकाशित अवस्थामा रहेका छन्। केहीले उनका कविता चोरेको पनि सुन्न पाइन्छ। **नेपालको शृङ्गार** भन्ने ११९ श्लोकको खण्डकाव्य हालै **असेस स्मारिका** (२०५९) मा प्रकाशित भएका छ। शार्दुलविक्रीडित छन्दमा लेखिएको उनको त्यस कवितालाई 'भाषाश्लोक' भनिएको छ। राजा, राणा र प्रजातन्त्रका विषयमा कथिएको उक्त कविताले गीतादत्तको लेखन सरल र सरस रहेको देखाउँछ। निजी लगानीमा विद्यालय, सार्वजनिक वाटो, पुल र कुलो वनाउने जस्ता सामाजिक कामले उनलाई एउटा समाजसेवीको व्यक्तित्वमा पनि चिनाउँछ। उनले महेन्द्र शक्ति विद्यालय स्थापना गरेका थिए र लुदी खोलामा पुल हाल्ने काम गरेका थिए। जीवनको उत्तरार्धतिर गीतादत्त चितवन जिल्लामा वसाइँ सरेर गएका थिए। **नेपालको शृङ्गार**नामक रचना उनले चितवनकै लक्ष्मीपुर गाउँमा लेखेका थिए। उक्त काव्यको पुछारमा 'दैवज्ञ गीतादत्तविरचितं नेपाल शृङ्गार' भनी सिध्याइएको छ।

गीतादत्तको एउटा अधुरो रचना **नयाँ विकास** भने निर्मलवावु अर्ज्यालसँग रहेको छ। गीतादत्तको निधन वि.सं. २०२७ मा गोर्खाको वर्काङमै भयो।

७.२२ केदारनाथ शर्मा अर्ज्याल (जन्म : वि.सं. १९५४-मृत्यु २०१६)



काठमाडौं मालीगाउँका केदारनाथ अर्ज्याल कर्मकाण्डका धुरन्धर पण्डित थिए। यिनका वावुको नाम पिताम्वर हो। पिताम्वर अर्ज्यालले **कार्तिक महात्म्य** लेखेका थिए। उनले नै केदारनाथको प्रारम्भिक शिक्षा-दीक्षा गरेका थिए। केदारको जन्म वि.सं. १९५४ मंसीर कृष्ण पञ्चमीका दिन भएको हो। वनारसवाट वेद-वेदाङ्ग र कर्मकाण्डको अध्ययन गरेपछि उनी काठमाडौं फर्किए। आफ्नो समयका राम्रा पण्डित मानिएका अर्ज्यालले सवै किसिमका पूजा-पाठ, दानकर्म तथा यज्ञ अनुष्ठान विधिपूर्वक गराउने गर्दथे। केदारनाथको शैली देखेर प्रभावित भई जुद्ध समशेरले उनलाई दोसल्ला ओढाएर सम्मान पनि गरेका थिए। केदारको विवाह गुणराजेश्वरी नेपालसँग भयो। उनका एक छोरा मनुजनाथ हुन् र मनुजले पनि **शारदीय नवरात्री तथा यमपञ्चक पूजाविधि** नामक पुस्तक लेखेका छन्। यिनका फुटकर

रचनाहरू बलरामको नामबाट मिर्मिरे तथा समष्टि पत्रिकाहरूमा छापिएका छन् ।

केदारनाथ शर्मा अर्ज्यालले आफ्ना पुर्खा ज्योतिप बालकृष्णले लेखेको सप्तशती चण्डि वि.सं. २०११ मा सारेका थिए । केदारनाथको हस्ताक्षरमा रहेका कर्मकाण्डसम्बन्धी लिखतहरूमा– लक्ष्मीनृसिंह कवच, शिवस्थापना पद्धति, जलाशयोत्सर्ग विधि, हरितालिका पूजाविधि, शरभपूजाविधि एवं सहस्रनामस्तोत्र आदि रहेका छन् । यीमध्ये शरभस्तोत्रका रचयिता दिनानाथ र तन्त्र सिद्धिका निम्ति गरिने आकाशभैरव कल्पोक्तका रचयिता हरिहर हुन् भन्ने कुरा ती लेखौटहरूमा देखिन्छ । कर्मकाण्डका यी लिखतहरूमध्ये कुन-कुन मौलिक र कुन-कुन अमौलिक सरोट हो भन्ने छुट्ट्याइएपछि मात्र केदारनाथको रचनात्मकता नियाल्न सजिलो हुनेछ । केदारनाथको निधन वि.सं. २०१६ साल माघ १६ गते मालीगाउँमै भयो ।

७.२३ कुलराज अर्ज्याल (जन्म : वि.सं. १९६०-मृत्यु २०११)

पं. खगप्रसाद र भवमायाका छोरा कुलराज अर्ज्यालको जन्म वि.सं. १९६० मा काठमाडौंको फसिकेवमा भएको थियो । खगप्रसाद राजा पृथ्वीवीर विक्रम शाहका पुजाकोठीमा पण्डित थिए । कुलराजका दाजु भोजराज श्री ३ पद्मसमशेरका प्रियपात्र थिए । पद्मसमशेर राँची जाँदा उनी पनि साथै गएका थिए । परन्तु कुलराज अर्ज्याल भने सरकारी कर्मचारीका रूपमा काम गर्दै जीवन बिताएका तहरिर खरदार थिए । कुलराज अर्ज्यालको प्रारम्भिक शिक्षादीक्षा आफ्नै पिताद्वारा भएको थियो । पछि उनी बनारस गएर सम्पूर्ण मध्यमासम्मको अध्ययन गरेका थिए । ज्योतिष, व्याकरण र आयुर्वेदको अध्ययन गरी नेपाल फर्केका कुलराजले एघार पास गरी केही समय डोटी मालको हाकीम भएर बिताए भने केही समय नेपालगञ्जमा अडिटर भई काम गरे । पछि दाङ गोश्वारामा काम गर्दा सेवानिवृत भएका थिए ।

यिनको पहिलो विवाह नौ वर्षको उमेरमा दण्डकुमारी भण्डारीसँग भएको थियो । दोस्रो विवाह नन्दनकुमारीसँग भयो । दण्डकुमारीको निधन डोटीमा वि.सं. १९९८ मा भएको थियो । श्रीमतिको निधन पछि उनले आफ्नो रचना भार्या-विरह (वि.सं. १९९८) लेखे । नेपाली भाषामा लेखिएको शोककाव्यका रूपमा यो रहेको छ । सरल भाषा शैलीमा अभिव्यक्त उनको मन कवितामा यसरी पोखिएको छ–

हा ! प्राणप्यारी तिमी थ्यौ गुणी बुद्धिमानी
साध्वी अतीव चतुरी सुशिलाभिमानी ।
प्यारी थियौ छुटिन गो प्रियबद्ध माया
बाँचूँ अभागी कसरी धरी नित्यकाया ॥५॥ (भार्या-विरह)

जेठी श्रीमति दण्डकुमारीको निधन पछि उनले नीशाकुमारीसँग दोस्रो विहे गरे। उनको पनि असमयमै वि.सं. २००४ मा देहान्त भयो। त्यसै स्थितिमा कुलराजले माइली सेर्पीनीसँग पछिल्लो विहे गरे। उनले यो विहे भीमसमशेरको पालामा तिव्वतसँग सम्झौता गर्न गएका वेला भएको सम्वन्धका आधारमा गरेका थिए। माइली सेर्पेनीवाट चट्टुकाजी नामक छोरो जन्मियो। परन्तु उनीहरू नेपालमा लामो समय वसेनन्। कुलराजको निधनपछि दलाई लामासँगै वस्न गए। शायद माइली छोरी झुमा वन्नुपर्ने संस्कारले उसको मनलाई सतायो होला। छोरो चट्टुकाजी पनि हालसम्म नै दलाई लामासँग वस्दछन्। जेठी श्रीमतितर्फका एकमात्र छोरा श्रीदेव अर्ज्याल हुन् भने माइलीवाट पनि एकै छोरा शम्भु छन्। श्रीदेव अर्ज्याल (वि.सं. १९९५ माघ १५)वाट प्राप्त जानकारी अनुसार कुलराजका **शैलेस्वरी स्तुति** (२००२) र **प्राकृतिक चिकित्सा** (२००९) नामक दुईवटा रचना अप्रकाशित अवस्थामै रहेका छन्। कुलराजले डोटयाली भाषामा गीत पनि लेखेको पाइन्छ। श्रीदेवकी पत्नी सुभद्रा हुन् र उनका दुई छोरा प्रमोद र प्रदीप रहेका छन्। श्रीदेवले पनि केही फुटकर रचनाहरू लेखेका छन्। कुलराजका फुटकर कवितामध्ये केही रसिक खालका पनि छन्। यिनको निधन वि.सं. २०११ साल फागुनमा भयो।

७.२४ यज्ञराज अर्ज्याल (जन्म : वि.सं. १९५९-मृत्यु २०४६)

नेपाली संस्कृतिको एउटा आयाम हो-सङ्गीत। कला, साहित्य र सङ्गीतको सिर्जनात्मक साधनामा अर्ज्यालहरू असीम ढङ्गले लाग्दै आएका छन्। यसै शृङ्खलामा सङ्गीत शिरोमणि पं. यज्ञराज शर्मा (अर्ज्याल) देखा पर्दछन्। नेपालको साङ्गीतिक इतिहासका **प्रथम सङ्गीतशिरोमणि हुन् यज्ञराज** अर्ज्याल। उनकै शिक्षादिक्षामा नरराज ढकालले आफ्नो व्यक्तित्व निर्माण गरेका हुन्। यस्ता प्रतिभाको जन्म वि.सं. १९५९ फागुनमा पिता वेदराज तथा माता भुवनेश्वरीको माइला छोराको रूपमा काठमाडौंको ज्ञानेश्वरमा भएको थियो।[२०१] उनको प्रारम्भिक शिक्षा घरमै भयो र पछि दरवार हाईस्कूलवाट माध्यमिक शिक्षा हासिल गरे। त्यहाँ पढ्दापढ्दै उनका पिताको देहान्त भएकाले यज्ञराजको माध्यमिक शिक्षा पुरा हुन पाएन। परन्तु पछि वम्वई पुगेर

---

२०१. रामशरण दर्नाल, नेपाली संगीत साधक (काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान-२०३८) पृ, ४५

सङ्गीतको अध्ययन गरे। वेलायत हुसेनखाँसँग तीनवर्ष पढेर वरोदाका फैयाज खाँ, ग्वालीयरका पं. कृष्णराव शंकरसँग थप अध्ययन गरी स्वदेश फर्किए।

नेपालमा सङ्गीत शिक्षाको आरम्भकर्ता यिनै पं. यज्ञराज शर्मा अर्ज्याल हुन्। राणाशासनकालमा उनीसँग पढ्ने युवाहरूको जमातै थियो। वरिपरि शिष्यहरूको झुण्ड लिएर हिंड्दा भीमसमशेरले हुल्लडवाज ठानेर दुईदिन थुनेछन्। पछि सवैकुरा थाहा पाएपछि छोडिदिएछन्। जुद्धशमशेरले उनको खूवी ठम्याएर सहयोग पनि गरे। सङ्गीत विद्यालय खोल्ने आकाङ्क्षा भने राजा महेन्द्रको सहयोग पाएर २०१२ सालमा मात्रै पूरा हुन सक्यो। उनको सांस्कृतिक योगदानलाई यथोचित मूल्याङ्कन गरी २०१३ असार वीस गते राजा महेन्द्रवाट **सङ्गीतशिरोमणि** पद्वी प्रदान गरियो।[२०२] वि.सं. २०१४ मा अर्ज्याललाई सङ्गीतको क्षेत्रवाट प्राज्ञ वनाइयो र २०२२ सालसम्म नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा कार्यरत रहे। पछि प्रज्ञाको आजीवन सदस्यता प्रदान गरियो। यज्ञराज अर्ज्यालले आविस्कार गरेको **इष्टका तरङ्ग** नामक वाजा र धुन विशेष प्रकारको मौलिक सिर्जना हो।[२०३] ईंटावाट वजाउने जलतरङ्ग जस्तै यो वाद्यधुन सुनेपछि राजा महेन्द्रले तत्काल नगदै दशहजार पुरस्कार दिई हौसला प्रदान गरेका थए। उनले यज्ञराज अर्ज्यालको भावना– 'नेपाली भाषामैं शास्त्रीय गायन गर्ने' कुरालाई समर्थन गरेपछि नेपाली सङ्गीतले नयाँ मोड लियो र शास्त्रीय गायन पनि नेपालीमैं गाउने परम्परा शुरू भयो।

यज्ञराज शर्मा अर्ज्यालले तीनवटा पुस्तक लेखेको र तिनीहरू छापिएर सार्वजनिक भएमा सङ्गीत क्षेत्रलाई ठूलो लाभ हुने थियो भनी रामशरण दर्नालले लेखेका छन्।[२०४] 'अर्ज्यालको अनुयायी वनेर नै नरराज ढकाल **सङ्गीत प्रवीण** वन्न पुगेको यथार्थ हाम्रा सामुन्ने छँदैछ। नेपाली सङ्गीतलाई समृद्ध पार्ने काममा यज्ञराज अर्ज्यालले ठूलो योगदान दिएका छन्। **सङ्गीतशिरोमणि**का ४ छोरा, ३ छोरी र श्रीमति होमकुमारीले उनलाई हरपल सहयोग पुऱ्याउँदै आएका थिए। जेठा छोरा चन्द्रराज सङ्गीतमै साधनारत छन्। यज्ञराजको निधन २०४६ वैशाख २१ गते काठमाडौंमा भयो। यज्ञराज शर्माद्वारा लेखिएका पुस्तकमध्ये **स्वरताल परिचय** (२०३६) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानवाट प्रकाशित छ। त्यस रचनामा प्रकाशकीय लेख्दै उपकुलपति माधव घिमिरे लेख्छन्– "हाम्रो शास्त्रीय सङ्गीतको क्षेत्रमा **सङ्गीत शिरोमणि** श्री यज्ञराज शर्माको विशिष्ठ स्थान छ। उहाँले आफ्नो किन्नर कण्ठवाट आज

---

२०२. रामशरण दर्नाल, नेपाली सङ्गीत साधक, पूर्ववत्, पृ. ४८
२०३. रामजीप्रसाद अर्ज्याल, पूर्ववत्, पृ. १७८
२०४. रामशरण दर्नाल, पूर्ववत्, पृ. ५१

अस्सीसमिपको उमेरमा पनि नेपालीलाई मुग्ध पारिरहनुभएको छ।"[२०५] यज्ञराजले नेपाली सङ्गीतमा गाएका शास्त्रीय गीत रेडियो नेपालवाट वेलावेला वजाइन्छ। उनका छोरा चन्द्रराज अर्ज्याल पनि नेपाल कलाभुषणद्वारा सम्मानित छन्। उनले पनि चारवटा आफ्नै आवाजमा गीत गाएका छन् र अन्य सवासयभन्दा वढी गीतमा सङ्गीत दिएका छन्।

७.२५ दण्डपाणि अर्ज्याल (जन्म : वि.सं. १९६३-मृत्यु २०४५)

गोर्खाको वघुवा गाउँमा वि.सं. १९६३ साल कार्तिक २४ गते शुक्रवार जन्मिएका दण्डपाणि अर्ज्याल तपशर्मा र भवानीदेवीका जेठा छोरा हुन्। वालककालमै आमा वितेको हुँदा यिनको लालन-पालन मावलीमै भएको थियो। दण्डपाणिका वूढा जीवा वाणिविलास र उनका छोरा चन्द्रकान्त पनि नामी ज्योतिष थिए। चन्द्रकान्तका नाति दण्डपाणिलाई प्रारम्भिक शिक्षा दिने काम तपशर्मावाटै भएको थियो। यिनको व्रतवन्ध सातवर्षको उमेरमा गोरखामा भएको हो। प्रारम्भिक शिक्षा हासिल गरेपछि दण्डपाणि वनारस पढ्न गए। काशीमा शास्त्रीसम्मको पढाई गरेपछि उनी गोरखा फर्किए। दण्डपाणिले ज्योतिष र इतिहासको अध्ययन गरेका थिए। उनको रुची समाजशास्त्रमा पनि रहेको थियो। त्यसैले **अर्ज्यालहरूको बृहत् वंशावली** तयार गर्ने काममा उनी लागे। शुरूमा आधारस्कूल गोरखाको प्रधानाध्यापक रहेका पण्डित दण्डपाणि २००७ सालदेखि नै जिल्लाको शैक्षिक जागरणमा संलग्न रहे। उनले पढाएका थुप्रै व्यक्तिहरू आज देशको माथिल्लो ओहोदामा छन्। आधार स्कूल वि.सं. २०१२ पछि शक्ति मा.वि.मा रूपान्तरण भयो। दण्डपाणिले त्यस विद्यालयमा पनि शुरुदेखि नै अध्यापन कार्य गर्दै आए र २०३१ सालमा सेवा निवृत भए।

दण्डपाणिका दुई श्रीमती थिए– जेठी नर्मदा र कान्छी नन्दकुमारी खनाल। नर्मदातिर कुनै सन्तान भएनन्। उनी विहे भएको केही समयपछि नै वितेकी थिइन्। नन्दकुमारीतर्फ भने चार भाइ छोरा र पाँच वैनी छोरीहरू भए। उनका छोराहरूमा– वलराम जेठा, परशुराम माइला, हरिहर साइँला र राजेन्द्रप्रसाद कान्छा हुन्। हरिहरले फ्रेञ्चभाषा पढ्न चाहनेका लागि 'वोंजुर' (

---

२०५. माधवप्रसाद घिमिरे, 'प्रकाशकीय', स्वरताल परिचय, (लेखक– यज्ञराज शर्मा, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान– २०३६), पृ. क।

नमस्ते) नामक पुस्तक लेखेका छन्। यिनको चर्चा अन्यत्रै भएको छ। कान्छा राजेन्द्र त्रिविमा कार्यरत छन् र फुटकर लेख-रचना प्रकाशित छ।

दण्डपाणिका वारेमा धेरै विद्वान् इतिहासकारहरूले चर्चा गर्दै आएको पाइन्छ। उनले गोरखाको इतिहासका वारेमा दिनेशराज पन्त, धनवज्र वज्राचार्य र रामजीप्रसाद अर्ज्यालहरूलाई पनि सहयोग पुऱ्याएका थिए। दण्डपाणिका मौलिक एवं प्रकाशित कृतिहरूको वारेमा भने यथोचित जानकारी पाइँदैन। उनको पारिवारिक स्रोतवाट प्राप्त सूचनाका आधारमा दण्डपाणिका मौलिक रचनाहरू थुप्रै रहेका छन्। अप्रकाशित अवस्थामा रहेको– **अर्ज्यालहरूको बृहत् वंशावलीवारे** धेरैले उल्लेख गरेको पाइन्छ। त्यसवाहेक उनको **दशमहांविद्या** नामक पुस्तक तयार छ। सृष्टिविद्या, श्री विद्या, यन्त्र विद्या, मन्त्रविद्या आदिका बारेमा संस्कृत श्लोकहरू समेत दिंदै नेपाली भाषामा लेखिएको यस पुस्ततकमा महामायाको दशावतार वर्णन एवं चरित्र विश्लेषण गरिएको छ।

दण्डपाणिका फुटकर रचनाहरू त्यत्तिकै रहेका छन्। त्यसरी रहेका लेखहरूमा– पृथ्वीनारायण शाहको जीवनी (वालचरित्र सहित), शाह राजाहरूको वंशावली, परवानीपुरमा सम्पन्न विश्वहिन्दू सम्मेलनलाई पठाएको सन्देश, हिन्दू संस्कृति र इतिहासका प्राचीन एवं आधुनिक चिन्हहरू (२०३१), हाम्रो प्राचीन परम्परागत ऐतिहासिक सभ्यता, गोरखाको संक्षिप्त ऐतिहासिक कृति र नरभूपाल शाह (२०३२), रामशाहको जीवनी, पृथ्वीपति शाहको जीवनी, कालिकाको संक्षिप्त इतिहास, हाम्रा राजा र हामीहरूको संस्कृति, चिना वनाउने लेख आदि अनेक छन्। ती सवैको शोधखोज, संकलन-सम्पादन गरी प्रकाशनमा ल्याइनु जरुरी छ र यस विषयमा सम्वन्धित सवैको ध्यान जानु आवश्यक छ। दण्डपाणिको निधन वि.सं. २०४५ साल माघ ७ गते गोरखामा भयो र उनको दाहसंस्कार दरौंदीमा गरियो। हाल उनका छोराहरूद्वारा **दण्डपाणि-नन्दकुमारी स्मृति छात्रवृत्ति कोष**को व्यवस्था गरिएको छ।

७.२६ गणेशप्रसाद अर्ज्याल (जन्म वि.सं. १९६८-मृत्यु २०२४)

गोरखाका विद्वान् भनी उल्लेख गरिने पं. गणेशप्रसाद अर्ज्याललाई **गायत्री गुरु**का नामवाट पनि जानिन्छ। उनी नेपाली तथा संस्कृत दुवै भाषामा कलम चलाउँथे।[२०६] नरेन्द्रमान सिंहका अनुसार यिनको जन्म १९५८ वि.सं. मा गोरखा जिल्लाको वक्राङ, पुराना गाउँमा र घटराजका अनुसार वि.सं. १९६६ मा भएको थियो। परन्तु निर्मलवावु अर्ज्यालले १९६२ उल्लेख गरेका छन्। (कान्तिपुर दैनिक, ५ असोज २०५८) यी मिल्दैनन्। वास्तवमा गणेश गुरुको

२०६. गणेशप्रसाद अर्जेल, रामभक्तमाला (गोरखा : लेखक स्वयं–२०१५), पृ. ३-६६

जन्म १९६८ वि.सं. माघ सात गते बुधवार भएको थियो। उनी आफ्नी श्रीमती पूर्णकुमारी खनालभन्दा नौ वर्ष जेठा थिए र छपन्न वर्षको उमेरमा २०२४ साल चैत्र सात गते दिवंगत भएका थिए। उनकी श्रीमती पूर्णकुमारी अर्ज्याल र छोरा रामशरण अर्ज्यालसँगको कुराकानी तथा श्राद्ध तिथि एवं पिताजीको कथन भनी उल्लेख गरेका कुराहरू र शैक्षिक प्रमाण-पत्रका आधारमा समेत निर्णय लिंदा अर्ज्यालको जन्ममिति वि.सं. १९६८ नै ठहर्न आउँछ। (हेर्नुस्–अनुसूची-छ.) वनारसबाट वेदान्तमा शास्त्रीसम्मको शिक्षा हासिल गरेर स्वदेश फर्केपछि लमजुङको चिती पाठशालामा दुई वर्ष तथा गोर्खाको खरिबोट र त्यसपछि खोपलाङ पाठशालामा पढाउँदा-पढाउँदै उनको आँखाको ज्योति हरायो तर पनि उनले पढाउने काम छाडेनन् र त्यसपछि पनि लिगलिग बोहोरा गाउँमा पाँच वर्ष पढाए। आफ्नै घरमा ऋषिकुल विद्यालय खोली आजीवन पठनपाठनमा संलग्न रहे। यिनका कृतिमा **रामभक्तमाला** (२०१५), **श्री ५ महेन्द्रको पश्चिमाञ्चल गोरक्ष यात्रा** (२०१५) र **प्रजातन्त्र समाज चित्रण** (२०१८) उल्लेख्य एवं प्रकाशित पुस्तक छन्। वार्णिक छन्दमा कविता लेख्ने गणेशका रचनामा भक्तिभावना र सामाजिक चित्रण राम्रो भएको कुरा घटराजले उल्लेख गरेका छन्।[२०७] गायत्री गणेश अर्ज्यालका नाममा लेख्ने पनि यिनै हुन्।[२०८] यिनले गायत्री पुरश्चरण यज्ञ गरेपछि जनसमुदायले सम्मानस्वरूप गायत्रीगुरु भनी सम्वोधन गर्ने चलन चलेको हो। त्यसैले गायत्री गणेश भने पनि पं. गणेशप्रसाद अर्ज्याल भने पनि एउटै व्यक्ति हुन्। यो तथ्य उनका प्रकाशित पुस्तक तथा अप्रकाशित पाण्डुलिपिद्वारा पनि प्रष्ट हुन्छ। उनका केही फुटकर रचना "जयतु संस्कृतम्" पत्रिकामा प्रकाशित छन्। पूर्णाङ्क २१ मा "गोर्खा मनकामना" र पूर्णाङ्क २३ मा 'गोरक्ष कालिका' शीर्षकमा प्रकाशित ती कविताहरू निकै सरस र सरल देखापर्दछन्।[२०९] छरिएर रहेका समग्र रचनाहरूको सङ्कलन प्रकाशित भएमा उनको संस्कृत र नेपाली भाषाका माध्यमबाट अभिव्यक्त कवित्व विश्लेषण गर्न सहज हुने देखिन्छ।

७.२७ देवराज अर्ज्याल (जन्म : वि.सं. १९६९-मृत्यु २०३२)

यिनको जन्म गुल्मीको अमरभूमिमा वि.सं. १९६९ मा भएको हो। रश्मिराजका जेठा छोरा देवराज अर्ज्यालको प्रारम्भिक शिक्षादीक्षा आफ्ना

२०७. घटराज भट्टराई, नेपाली लेखक कोश, पूर्ववत्, पृ. ६५

२०८. गायत्री गणेश अर्ज्याल, **प्रजातन्त्र समाज चित्रण** (गोरखा : ईश्वरीप्रसाद कँडेल–२०१८), पृ. ४४

२०९. जयतु संस्कृतम्, संपादक– वासुदेव त्रिपाठी (प्रकाशक : संस्कृत छात्र संघ, नेपाल– २०१९ पुस र फागुनको अङ्क), पृ. १० र पृ. ७।

वाबुवाजे– रश्मिराज तथा जगन्नाथ अर्ज्यालवाट र उच्च शिक्षा वनारसको सरकारी संस्कृत कलेजवाट भएको हो। महर्षीरमणवाट पनि उनी प्रशिक्षित भएका थिए। चौवीस वर्षे उमेरमा वालकुमारी घिमिरेसँग पहिलो विवाह गरे। केही समयपछि उनको निधन भयो। देवराज योगी वने। पछि सवैले सम्झाइ-बुझाइ गरेपछि कौशल्यादेवीसँग दोस्रो विहे गरे। यिनै कौशल्यादेवीलाई पछि देवराजले शारदादेवी भनी चिनाउन थाले। जसवाट पाँच छोरा, चार छोरी पैदा भए। गृहस्थी समाल्ने क्रममा देवराज अर्ज्याल पटवारी भए र आयुर्वेदीय चिकित्सक पनि वने। यिनले स्थानीय जनताको स्वास्थोपचार आफ्नै खर्चमा गर्दथे। साहित्यकार भवानी भिक्षुलाई प्रशस्त सहयोग पुऱ्याएका देवराजले कपिलवस्तुको तौलेश्वर संस्कृत पाठशालाका अध्यापक भएर लामो समयसम्म काम गरे। आफूलाई अमरभूमिका विद्वान् रश्मिराज अर्ज्यालको पुत्र वताउने कवि देवराजको **आत्मस्थिति** (२०२४) नामक नेपाली लघुकाव्य प्रकाशित छ। देवराजोपाध्याय अर्ज्यालका नाममा छापिएको उक्त रचनाका आधारमा हेर्दा उनी प्रत्ययवादी दर्शनका अनुयायी एवं अलौकिक मोक्षकामनाका प्रवल समर्थक देखिन्छन्। उनको अर्को रचना **प्रतिवेदकेभ्यइदम्** पनि प्रकाशित छ। योगध्यानका यी ज्ञानी वि.सं. २०३२ असार ८ गते दिवङ्गत भए। सुवसेन ओली भन्दछन्– "महात्मा गान्धीले झुन्ड्याउने गरेको जस्तो कम्मर घडी, चक्कु, रुद्राक्षको जपमाला, एउटा सालिग्राम, कलम र डायरी देवराजसँग जहिले पनि भइरहन्थ्यो।"[२१०] यिनैका छोरा हुन् लाटोसाथी अर्थात् डा. विष्णुराज आत्रेय।



७.२८ धनेश्वर उपाध्याय अर्ज्याल (जन्म : वि.सं. १९७१)

यिनको जन्म गुल्मीको अर्खावाङमा वि.सं. १९७१ मा भएको हो। माता नैनादेवी तथा पिता खगेश्वर (पद्मपाणी सुवदार) का छोरा धनेश्वर अहिले नवलपरासीको गैंडाकोटमा वसोवास गर्दछन्। ज्योतिष एवं कानूनका ज्ञाता अर्ज्यालको **धनेश्वरको आत्मकथा**नामक रचना वि.सं. २०४४ मा प्रकाशित छ। पुस्तक संस्मरणका रूपमा रहेको भए पनि शुरूमा पद्यमय मंगलाचरण समावेश छ। धनेश्वर एक वर्षको हुँदा उनकी आमाको निधन भएको थियो। अर्ज्याल

२१०. सुवसेन ओली, 'हाम्रा आनुवंशिक गुरु देवराज अर्ज्याल', **कल्याण**, सं. नारायण शर्मा (वर्ष ९, अङ्क ७, चैत्र १-१५, वि.सं. २०५६), पृ. १२

सेवा समाजको काठमाडौंमा भएको पहिलो भेला २०६० मा यिनी सहभागी भएका थिए ।

७.२९ रामेश्वरप्रसाद अर्ज्याल (जन्म : वि.सं. १९७७, मृत्यु वि.सं. २०५८)

रामेश्वरप्रसाद अर्ज्यालको जन्म सप्तरी जिल्लाको वैरवामा वि.सं. १९७७ आषाढ शुक्ल चर्तुदशीका दिन भएको हो । उनका पिता कृष्णप्रसाद र माता नर्मदाको जेठो छोराका रूपमा रामेश्वरप्रसादको आगमन भएको थियो । घरानीयाँ विर्तावाल परिवारमा जन्मेको हुँदा उनको वाल्यकाल सुखपूर्वकै वितेको थियो । आफ्ना पिताजीवाट प्रारम्भिक शिक्षा हासिल गर्दै चण्डि सप्तशतीवाट पढाइ अघि वढाएका रामेश्वरको सातवर्षमा व्रतवन्ध भयो । आठकक्षासम्म वैरवाको पाठशालामा पढी विराटनगरस्थित आदर्श विद्यालयमा दाखिल भए । त्यहींवाट माध्यमिक शिक्षा आर्जन गर्दागर्दै उनी गृहस्थी समाल्न पुगे । सोह्रवर्षको उमेरमा वि.सं.१९९३ फागुनमा पर्सा धर्मपुरका तीर्थराज रिजालकी कान्छी छोरी इन्द्रछायाँसँग रामेश्वरप्रसाद अर्ज्यालको विवाह भयो ।

उनीहरूवाट ४ छोरा र २ छोरी जन्मिए । जसमा डा. प्रकाश अर्ज्याल जेठा हुन् । अस्वीनी, सन्तनु र वालचन्द्र अन्य छोराहरू हुन् भने मञ्जु र अञ्जु छोरीहरू हुन् । रामेश्वरप्रसाद अर्ज्यालका कान्छा भाइ ध्रुवप्रसाद अर्ज्याल अर्ज्याल वंशको शोधकर्ता एवं प्रवन्ध लेखकका रूपमा परिचित छन् ।[२११]

रामेश्वरप्रसाद अर्ज्यालले पछि वनारसवाट (?) हिन्दी साहित्यमा विशारद (ई. १९४१) उतीर्ण गरे । त्यसपछि उनी साहित्य सिर्जनातर्फ अग्रसर भए । शाकाहारी वने । वैरवामा विद्यालय स्थापना गरे । सामाजिक कार्यमा अग्रसर वन्दावन्दै रामेश्वरप्रसाद अर्ज्याल राणाशासन विरोधी राजनीतिमा संलग्न हुन पुगे । २००३ सालमा स्थापित नेपाली राष्ट्रिय काङ्ग्रेसको सदस्य वनेर २००४ सालको वैशाख १८ गते सखडा सम्मेलन गर्ने सुरसार गर्दै अघि वढ्दा पक्राउ परे । पछि सम्झाइवुझाइ गरेर छाडिए । परन्तु राणाविरोधी संघर्ष क्रमशः प्रजातन्त्र प्राप्तिको आन्दोलन वन्दै गयो । जागरणको लहरले गाउँवस्ती समेट्दै लग्यो । राष्ट्रिय काङ्ग्रेस र प्रजातन्त्र काङ्ग्रेस मिलेर नेपाली काङ्ग्रेस वन्यो । त्यसैमा रामेश्वरप्रसाद अर्ज्याल पनि संलग्न भएर अघिवढे । तर उनी

---

२११. रामेश्वरप्रसाद अर्ज्याल, दैनन्दिनीका केही पृष्ठ (काठमाडौं: डा.प्रकाश अर्ज्यालसमेत– २०४८)

लामो समय त्यसमा क्रियाशील रहेनन् । समाजसेवातर्फ अग्रसर भए, साहित्य रचनामा अग्रसर भए ।

सामाजिक सुधारको संघर्षमा अघि वढ्दा डेउढा सलामी प्रथा हटाउने अभियानमा जुटे । सँगसँगै क्रान्तिमा पनि संलग्न भएर अघि वढ्दा पुनः पक्राउ परे । पन्ध्रदिन थुनामा राखेर जमानतमा छाडिएपछि गाउँ-गाउँमा भाषण गर्दै जनता व्यूँभ्फाउँदै सातसालको क्रान्तिमा राजविराज कव्जा गरेर जनसरकार गठन गर्ने काम गरे । सप्तरी जिल्ला मुक्तिक्षेत्रको सरकार प्रमुख रामेश्वरप्रसाद अर्ज्याल भए । देशभरीवाट राणाहरू झुके, त्रिभुवन फिर्ता आए । रामेश्वर भने नेपाली भाषाको पक्ष पोषण गर्दै, नेपाली काङ्ग्रेसमा धनीमानीहरूको हैकम वढेको हुँदा त्यसलाई छाड्दै, रचनात्मक कार्यतर्फ अग्रसर भए । तुलसीमेहरको चर्खा अभियानमा गाउँसुधार समिति खोल्दै मातृकाप्रसाद कोइरालाको राष्ट्रिय प्रजापार्टीतर्फ लागे । २०११ सालमा गठन गरिएको सल्लाहकार सभामा उनी पनि मनोनित भए । राजा त्रिभुवनको देहान्तपछि केही समय निस्क्रिय रहेर पुनः नेपाली काङ्ग्रेसमा सक्रिए वनेका रामेश्वरप्रसाद अर्ज्याल आफूले टिकट नपाए पनि २०१६ सालमा आफ्नो दलले वहुमत हासिल गर्दा निकै खुशी भए । तर २०१७ सालले त्यो खुशी चुँड्यो । त्यसपछि उनी केही समय प्रधानपञ्च वने तर पछि राजनीति छाडेर अध्यात्म चिन्तनतिर लागे । २०२१ मा गायत्री पुरस्चरण गरे, तिर्थाटन घुमे, योगाचारी वनेर साहित्य सिर्जनामा लागे । मठ मन्दिर वनाउने काममा मद्दत दिने, विद्यालय भवनहरू वनाउन सघाउने गर्दै हिन्दु धर्माचारी वन्न पुगे । तैपनि २०३६ को जनमत सङ्ग्रहकालमा उनले वहुदलको सपना देखे र त्यसको पक्षमा युवाहरूलाई हौस्याए । राजनैतिक सक्रियता वढाए । वीपी कोइराला, गणेशमानहरूको स्वागतार्थ आफैं हवाइ मैदान पुग्ने, सँगसँगै प्रचारकार्यमा दौडने, कहिले वनारस, कहिले काठमाण्डू गर्दै, कहिले अध्यात्म चिन्तन र कहिले राजनीतिमा झर्दै रामेश्वरले आफ्नो यात्रा अघि वढाए । समाजवादप्रतिको आकर्षणले उनलाई न्याय र समताको पक्षमा जुध्ने हौसला दिएको थियो । परन्तु उनको समाजवाद जयप्रकाश नारायणको भारतीय भावधाराको थियो । वीपीको मान्यताको थियो, त्यसैले अध्यात्म र राजनीतिको मेलमिलाप थियो । सनातन धर्म समितिमा पनि काम गरे । जीवनको उत्तरार्द्धमा रामेश्वर पूर्णतः अध्यात्म चिन्तनमा घोत्लिए । तर उनको त्यो चिन्तनको चुरोमा भने मानव कल्याणकै अभिप्राय वसेको थियो । जसको पुष्टि उनका साहित्यिक रचनाहरूले गर्दछ । यिनले वि.सं. २०४७ मा उदयानन्द पुरस्कार गुठीको स्थापना गरेका छन् । जसमा ज्ञानमणि नेपाल र दैवज्ञराज न्यौपाने जस्ता स्रष्टा व्यक्तित्व पनि सम्मिलित छन् । रामेश्वरले गायत्री संस्कृत विद्यालयको संरक्षक भई सहयोग पुऱ्याएको देखिन्छ र लेखनाथ वाचनालय जस्ता

संघ-संस्थामा पनि रहेर काम गरेको पाइन्छ। यिनका बारेमा लेखक परिचय दिंदा घटराज भट्टराई भन्छन्– "संस्कृतको अध्ययन गरी अध्यात्मिक चिन्तनमा निष्ठा राख्ने अर्ज्याल वार्णिक छन्दका कुशल कवि पनि हुन्। दैनिकी लेखनमा उनले भोगे देखेका सुन्दर तथ्यहरूलाई मार्मिक अनुभूतिमार्फत राम्रो अभिव्यक्ति दिएका छन्।[२१२]

रामेश्वरप्रसाद अर्ज्यालको साहित्यिक व्यक्तित्व नियाल्दा उनका प्रकाशित पुस्तकहरू– **तत्त्व विज्ञानमाला** (२०३५), **विचार दर्शन**, **जनात्मपुकार** (२०३६), **परिवर्तन** (खण्काव्य २०४२), **उद्गार** (कविता सङ्ग्रह-२०४४), **सेवा-सन्देश** (वि.सं. २०४६), **राधिका रोदन** (२०४६), **शिवमधुकेर भाग्यक रेखा** (मैथिली), **दैनन्दिनीका केही पृष्ठ** (दैनिकी-२०४८), **अजातवाद** (२०५४) देखापर्दछन्। यी रचनाहरूमा उनले आफ्नो जीवन दर्शन, सामाजिक अनुभूति र आकांक्षाको अङ्कन गरेका छन्। दैनन्दिनीका केही पृष्ठले रामेश्वरको जीवन वृतान्त, राजनैतिक गतिविधिमा रहेको संलग्नता, रचनात्मकता र अध्यात्म चिन्तनको रूपरेखा राम्ररी चित्राङ्कित गरेको छ। यथार्थप्रतिको निष्ठामा उनले आफ्ना राम्रा र नराम्रा दुवै काम र नकाम उल्लेख गरेका छन्। सत्यको उद्घाटन लेखकको दायित्व हो। यस कुराप्रति इमान्दार रहेर नै रामेश्वरप्रसाद अर्ज्यालले पुस्तक लेखेको देखिन्छ। उनको भापा, सरस, सहज र अर्थवोधले सुसज्जित छन्। गद्यात्मक अभिव्यक्तिमा उनी वर्णनात्मक शैली पक्रन्छन् भने पद्य रचनाहरूमा शास्त्रीय छन्दलाई राम्रोसँग खेलाएका छन्। **परिवर्तन** (खण्डकाव्य) अध्यात्मिक भावधारामा प्रवाहित छ, तर त्यसको विपयवस्तु लौकिक छ। मानव कल्याण र जनसेवा नै जीवनको सर्वोत्तम कार्य हो भन्ने सन्देश दिंदै सम्पति स्वार्थ र भोगविलासको द्वन्दमा दौडेको हाम्रो समाजलाई समन्वय, सद्भाव र सहजीवनको सन्देश दिएर भावनात्मक परिवर्तनतर्फ अभिप्रेरित गर्नु उक्त काव्यको ध्येय देखिन्छ।[२१३] कविता मीठा छन् उद्गार सङ्ग्रहका पनि। ऋपिराम न्यौपानेका शव्दमा भन्दा उद्गार कविता सङ्ग्रहका रचनाहरू राष्ट्रिय भावना, धार्मिक धारणा र युग चेतनाले भरिएका छन् र कविता सरल र सरस छन्।[२१४] रामेश्वरप्रसादको पछिल्लो कृति अजातवाद वशिष्ठको चिन्तनमा आधारित अध्यात्मवादी चिन्तन पद्धतिको परिपोषक

---

२१२. घटराज भट्टराई, लेखक परिचय कोश, पूर्ववत्, पृ. ५५९

२१३. रामेश्वर अर्ज्याल, परिवर्तन (खण्डकाव्य) (विराटनगर : लेखक स्वयं २०४२)

२१४. ऋपिराम न्यौपाने, मेरो विचार (भूमिका) उद्गार (विराटनगर : इन्द्रछाँया देवी २०४४) पृ.ख

प्रत्ययवादी रचना हो । यिनको निधन २०५८ मा भयो ।

७.३० इन्द्रनाथ अर्ज्याल (जन्म : वि.सं. १९७८ माघ)

नेपाली साहित्यमा गणितको प्रयोग गर्ने अनौठा प्रतिभा इन्द्रनाथ

अर्ज्यालको जन्म वि.सं. १९७८ माघमा काठमाण्डूको प्यूखामा भएको हो । वुवा गजनाथ र आमा देवकुमारीका माइला छोरा इन्द्रनाथले गणितमा उच्चशिक्षा हासिल गरेका छन् । त्रिभुवन विश्वविद्यालयमा गणितको प्राध्यापक भई लामो समय सेवा गरेका इन्द्रनाथको एकमात्र छोरा हेमन्त अर्ज्याल सिभिल इन्जिनियर मात्र हैन, नेपालका उड्डयन विशेषज्ञका रूपमा समेत परिचित छन् । नाति अनुप अर्ज्याल र नातिनी एरिना अर्ज्याल पनि इन्जिनियर र डाक्टर छन् । इन्द्रनाथकी पत्नी विना अर्ज्याल केदारमणि आचार्यकी साइँली छोरी एवं सुपरिचित साहित्यकार कमलमणि दीक्षितकी दीदी हुन् । इन्द्रनाथ र विनाको विवाह वि.सं. १९९५ मा भएको थियो । वि.सं. २०११ मा प्यूखावाट झम्सिखेल वसाइसरेका इन्द्रनाथ अर्ज्यालले त्रिभुवन विश्वविद्यालय छाडेपछि स्वतन्त्र अध्ययन-अनुसन्धान गर्दै आफ्नो प्रयोगात्मक-गणितलाई जनस्तरमा लैजाने काम गरेका छन् ।

गणित-साहित्य एउटा नयाँ प्रयोग हो । गणितज्ञ इन्द्रनाथ अर्ज्यालले गणितशास्त्रलाई गुलेलीको वाहाँसरह एकातर्फ नेपाल र अर्कोतर्फ लक्ष्मीप्रसाद देवकोटालाई राखेर आफ्नो प्रयोग अघि वढाएका छन् । गणिता एक, दुई र तीन गरी तीनवटा पुस्तकहरूमा उनले आफ्ना अनौठा प्रयोग पुष्टि गर्ने प्रयत्न गरेका छन् । रामजी अर्ज्याल भन्दछन्– "प्रसिद्ध गणितज्ञ यी इन्द्रनाथ अर्ज्यालले गणित शास्त्रको जटिल विषयलाई सजिलो र रोचक वनाएर नेपाली साहित्य र नेपाली शव्दलाई गणितीय विवेचना गरी प्रस्तुत गरेको अनौठो प्रयोग पाइएको छ । यसप्रकारको गणितीय व्याख्या यसअघि नपाइएकोले नेपाली साहित्यमा नौलो प्रयोग मान्न सकिन्छ ।"[२१५] उनको गणित-साहित्यमा कलाको अनौठो सङ्गम छ । रेखाचित्रसँगै छायाँचित्रको योगफलमा संख्या र साहित्य मिसिएको छ । उनको पुस्तक गणिता स्वयं नै गणित र कविताको सङ्गम हो । विज्ञानले जति नै कठोर

२१५. रामजीप्रसाद अर्ज्याल, नेपालको इतिहास र अर्ज्याल परिवार, पूर्ववत्, पृ. २०१

वस्तुको पनि लोच नाप्न सक्छ। लोचका आधारमा लचकता र तनक हेर्ने गरिन्छ। तनक हेर्ने सजिलो वस्तु रवड भए जस्तै गणितीय कलाको तर्क र तनकमा भाषा र भावको छनक र अर्थ केलाउने विशेषता इन्द्रनाथमा रहेको छ। विज्ञान र साहित्यको सङ्गम गणितामा पाइन्छ। नेपाल, सगरमाथा, देवकोटा र साहित्यमा इन्द्रनाथले आफ्नो तर्क, भावना र लालित्य मिसाएर सिर्जनात्मक वृत्त निर्माण गरेका छन्। उनको सिर्जना-वृत्तमा विन्दुहरूको ललित विस्तार छ, प्रयोजनको परिष्कार छ र एउटा नयाँ अनुभूतिको रोचक संसार छ। कविता, निवन्ध, संवाद र शोधलाई उनी आफ्ना सिर्जना-वृत्तभित्र समेट्छन्। रेखाहरूले जोड्दछन् र अनेकौं आयामहरूमा अभिव्यक्ति दिन्छन्। विमको आयाम ठम्याउनु कठिन कार्य हो, जो उनी गरिरहेछन् र नित्य नवीनताको विकल्प नियाल्दा-नियाल्दै उनी आफैंसमेत विकल्पवादी वन्न पुगेका छन्। उनको निवन्धकारिताभित्र दर्शन, साहित्य र गणित गुम्फित छ। उनको चमत्कारिता-भित्र रेखा, विम्व र वर्तुलको संयोजन छ। जीवन भोगाइको सतहभन्दा माथि उठेको अमूर्त-गणितलाई मूर्त साहित्यको क्षेत्रमा आसन ग्रहण गराएर गणितको

मुटुहरूको योग



गणितीय चित्र

जन्मभूमि मेरो नेपाल कर्मभूमि गणित
एक धर्तो इन्द्रियको अर्को धारणा जगत ।
उपनिवेशीले स्कुल्चेको माटो मेरो शुध्द
अरु ज्ञानको थियो नास्ति गणित मेरो बुद्ध ।।
— इन्द्रनाथ अर्ज्याल

सर्वव्यापकतालाई अघि सार्दै साहित्य पनि एक प्रकारको गणित हो भन्ने निष्कर्ष निकाल्नु उनको मौलिक र अभूतपूर्व विशेषता वन्न पुगेको छ।

इन्द्रनाथ अर्ज्यालले कविता, काव्य र महाकाव्यको गणितीय विश्लेपण गरेका छन्। चित्रकला र कार्टुनको व्याख्या गरेका छन्। गणितको क्षेत्रमा उनले दिएको योगदानलाई कदर गर्दै नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रतिष्ठानले अर्ज्याललाई **रोनाष्ट वैज्ञानिक पुरस्कार–२०५९** द्वारा सम्मानित गऱ्यो। गणितीय दृष्टिमा नेपालको आकार 'सुनौला स्वर्गीय' रहेको साङ्खिक तर्क दिंदै NEPAL लेख्दा पनि त्यसबाट हाम्रो राष्ट्रिय भण्डा, सगरमाथा र तराई वोध

गराउने कुरा उनले सिद्ध गरेका छन् ।[२१६] गणित जहाँ पनि छ भन्ने धारणालाई सिद्ध गर्दै २०५९ भाद्र २९ मा उनले चित्र प्रदर्शनी गरेका थिए । उनको त्यस प्रस्तुतिलाई धेरैले रोचक र मौलिक मानेका थिए ।

भारतीय चित्रकार हुसेनको विवादास्पद व्यङ्ग्यचित्र 'सरस्वती' वारेमा उनको आफ्नै व्याख्या छ र त्यसलाई 'नाङ्गो होइन' भनेर वताएका छन् । रेखाको काम धागोले माला उने जस्तै अक्षरवाट शव्द वनाउने मात्र हैन भावनाको मूर्तिकरण गर्ने पनि हो । रेखागणितले पौराणिक कालदेखि नै चित्र, वस्तु र प्रविधिकला विकास गरेको छ । रेखाको विस्तार-विन्यास नै आकारको आधार वनेको हुन्छ । त्यसकारण 'गणित-सवस्त्र' हुन्छ निर्वस्त्र हुँदैन ।[२१७] उनले नेपालको पचहत्तर जिल्लालाई दुई संस्कृतिको सङ्गमस्थल-मुटुका रूपमा व्याख्या गर्दै रेखाचित्र वनाएका छन् र देवकोटाको एकमा एक घटाउँदा एकै वाँकी रहने कुराको रहस्य उद्घाटन गरेका छन् ।[२१८] उनले आफ्ना चित्रमय रचनाको प्रदर्शनी धेरै पटक गरेका छन् र गणितीय साहित्यका रूपमा आफ्ना थुप्रै रचनाहरू पत्रपत्रिकामा प्रकाशित गरेका छन् । तिनीहरूको खोजी हुनु र सङ्कलन गरी प्रकाशित गरिनु जरुरी छ ।

७.३१ ईश्वरराज अर्ज्याल (जन्म : १९७८-मृत्यु २०४९)

मुरलीधरको नाती द्विजराजको माइला छोरा ईश्वरराज अर्ज्यालको जन्म वि.सं. १९७८ भाद्रमा मीनकुमारीवाट भएको हो । आफ्ना वावु हनुमानढोकामा डिठ्ठा रहेको हुँदा सानैदेखि पठनपाठनको सुअवसर प्राप्त भयो । पटना विश्वविद्यालयवाट वी.ए. उतीर्ण गरेपछि वेलायतवाट टी.इ.एफ.एल. (डिप्लोमा) तालिम हासिल गरेका ईश्वरराज २००३ सालदेखि नै शिक्षा क्षेत्रमा संलग्न रहे । उनले मुक्त कुमारीसँग विहे गरेका थिए र दुई छोराहरू जन्मिएका थिए । जेठाछोरा शङ्करराज अर्ज्याल इन्जिनीयर छन् । उनी लामो समय हिमाल सिमेन्ट कम्पनीमा कार्यरत रहेर महाप्रवन्धकसम्म भए । कान्छा छोरा धनराज अर्ज्याल डाक्टर छन् र वालविशेषज्ञका रूपमा परिचित छन् । जेठी वुहारी निर्मला हुन् भने कान्छी हीना पद्मकन्या स्कूल डिल्लिवजारमा पढाउँछिन् । ईश्वरराज अर्ज्याल नेपालको शिक्षा व्यवस्थामा २००७ सालदेखि निरन्तर लागिपरेका व्यक्तित्व हुन् । घटराजले भने यिनलाई ईश्वरीराज भनेका छन् ।[२१९] जुन सही

---

२१६. गोरखापत्र दैनिक, २९ मंसीर २०५९, पृ. १

२१७. इन्द्रनाथ अर्ज्याल, 'गणित सवस्त्र', मधुपर्क (२०५४, मंसीर) पृ. ५६

२१८. इन्द्रनाथ अर्ज्याल, गणिता भाग १, (ललितपुर : विनादेवी अर्ज्याल–२०५०), पृ. ४९ र भाग ३, पृ. ५७

२१९. घटराज भट्टराई, नेपाली लेखककोश, पूर्ववत् पृ. ८१



छैन ।

ईश्वरराज अर्ज्याल राष्ट्रिय शिक्षा आयोगको सदस्य (२००९) साझा प्रकाशनको सदस्य, पाठ्यपुस्तक समन्वय समितिको सदस्य (२०१७) एस.एल.सी. वोर्डको सदस्य (२०१८-२०४५) काठमाडौं जिल्ला शिक्षा समितिको सदस्य (२०२९-२०३६) युनेस्कोका लागि राष्ट्रिय आयोगको सदस्य (२०३०-२०४०) जनकशिक्षा सामाग्री केन्द्रको सञ्चालक समिति सदस्यसमेत भएर शैक्षिक क्षेत्रमा योगदान दिएका छन्। उनले इतिहासका पाठ्य पुस्तकहरू लेखेका छन्। ईश्वरराजका रचनाहरूमा **नयाँ नेपालको इतिहास, भारतको इतिहास, बेलायतको इतिहास** र **पञ्चायती प्रजातन्त्र** (भाग १ र २) मुख्य मानिन्छ। ती पुस्तकहरूमा विषयगत विवेचना सरल रहेका छन्। यिनको निधन २०४९ पौषमा भएको थियो। उनको निधनपछि पद्मोदय मा.वि.को रजतजयन्तीका अवसरमा छोराहरूले ईश्वरराज स्मृति प्रतिष्ठान खोली शिक्षा क्षेत्रमा राम्रो काम गर्ने प्र.अ.हरूमध्येवाट एक जनालाई वर्षेनी पुरस्कृत गर्ने गरी रु. एक लाखको अक्षयकोष वि.सं. २०५१ मास्थापना गरेका छन्। उक्त कोषले वि.सं. २०५२ सालदेखि हालसम्म आठ जना प्र.अ.हरूलाई सम्मानित गरेको छ।

७.३२ कृष्णराज अर्ज्याल (जन्म : वि.सं.१९८१ पौष)

द्विजराज तथा मीनकुमारीको कान्छा छोरा कृष्णराज अर्ज्यालको जन्म वि.सं. १९८१ पौष शुक्ल तृतीयाका दिन काठमाडौंमा भएको हो। यिनलाई पनि पठनपाठनको राम्रो अवसर प्राप्त भएको हुँदा एम.ए.एम.एड.सम्मको पढाई पूरा गरे। नेपालको पहिलो एम.एड गर्ने व्यक्तिको रूपमा कृष्णराज अर्ज्यालको नाम लिइन्छ। कृष्णराजको विहे भुवनकुमारीसँग २०१३ मा भएको थियो। त्यसपछि उनी शान्ता अर्ज्यालका नामवाट परिचित छिन्। कृष्णराज र शान्ताका एक मात्र छोरा प्रवीणराज अर्ज्याल हुन्। उनी संयुक्तराज्य अमेरिकामा अध्ययनरत छन्। अर्ज्याल थरलाई अर्याल लेख्नेमध्ये यिनी पनि एक अगुवा वनेका थिए।

उदार एवं जनपक्षीय भावना भएका विद्वानको रूपमा परिचित कृष्णराज अर्ज्यालले नै अहिलेको रत्नराज्य क्याम्पस स्थापना गरेका हुन्। उनले

त्यतिखेर कन्या कलेजका रूपमा आफ्नै खर्चले यसको स्थापना गरेका थिए। नेपालमा शिक्षण व्यवसायलाई प्रभावकारी वनाउने उद्देश्यले अमेरिकी सहयोगमा स्थापना गर्न लागिएको कलेज अफ एजुकेशनका निमित्त आवश्यक प्रवन्ध गर्ने मुख्य व्यक्तिहरूमध्ये एक भएर काम गरेपछि उनी त्यहीँ प्राध्यापक तथा प्रकाशन निर्देशक भई कार्यरत रहे। जनक शिक्षा सामाग्री केन्द्रको स्थापनामा पनि योगदान दिएका कृष्णराज अर्ज्याल वि.सं. २०२८ देखि शिक्षा सहायक मन्त्री, शिक्षा राज्यमन्त्री र शिक्षा मन्त्री पनि भए। यसै क्रममा उनी २०३१ सालसम्म शिक्षा मन्त्री रहे। वि.सं. २०३२ देखि २०३५ सम्म परराष्ट्र मन्त्री रहे भने २०३६ सालदेखि फ्रान्सको राजदूत वने। शिक्षा आयोगको अध्यक्ष भएर काम गर्दा तीनमहिनासम्म भत्ता नलिई– स्वयंसेवी भई, कार्यरत रहेको मात्र होइन शिक्षकहरूको तलव वढाइनु पर्छ भन्ने सिफारिस समेत गरे। उनको यो कामवाट तत्कालिन सरकार रुष्ट भएको थियो। २०४२-२०४३ तिर चुनाव सम्पन्न गर्न गठित नगेन्द्रप्रसाद रिजालको मन्त्रीपरिषदमा कृष्णराज अर्ज्याल पुनः पर्यटन, निर्माण यातायात तथा भौतिक योजना मन्त्री भएर काम गरे। चुनावपछि उनी राष्ट्रिय पञ्चायतमा वुद्धिजिवीका तर्फवाट मनोनित पनि भएका थिए। तर २०४६ सालपछि भने राजनीतिवाट पूर्णरूपमा अलग रहेको, राजाले परोक्ष रूपमा प्रधानमन्त्री वन्नभन्दा पनि नमानेको अनौठो व्यक्तित्वका रूपमा समेत कृष्णराज अर्ज्याललाई जानिन्छ।

कृष्णराज अर्ज्यालको साहित्यिक व्यक्तित्व वहुआयामिक छ। उनले लेखेको **रमाइलो कुरा** (भाग १ देखि ३ सम्म) र सम्पादन गरेको **हाम्रो किताप** (भाग १-३) पाठ्यपुस्तकमा समेत समावेश गरिएको थियो। **शिक्षा विज्ञान** (२०१४), अर्को त्यस्तै महत्त्वपूर्ण रचना हो। उनका अन्य कृतिहरूमा **एजुकेशन फर द डेभलपमेन्ट अफ नेपाल** (२०३७), **मोनार्की इन द मेकिङ्ग अफ नेपाल** (२०३१) रहेका छन्।

कृष्णराज अर्ज्यालका कृतिहरूमा उनको अध्ययनशील एवं चिन्तक व्यक्तित्व प्रकट भएको पाइन्छ। विशेपगरी शिक्षाशास्त्रीका रूपमा उनले आफूलाई प्रस्तुत गरेका छन्। नेपाली भापामा लेखिएको **शिक्षा विज्ञान** पुस्तकमा उनले स्वदेशी एवं विदेशी शिक्षा प्रणालीको चर्चासँगै हाम्रो देशको तत्कालीन अवस्था राम्रोसंग प्रकाश पारेका छन्। मनोविज्ञानको चर्चा गर्दै वालमनोविज्ञान, सिकाइका प्रकृति र नयाँ मान्यताको विवेचना गरेका छन्। पाठ्यक्रमसम्वन्धी सोचको विकास, वैयक्तिक भिन्नताका अतिरिक्त मूल्याङ्कन

विधि र विद्यालय प्रवन्धका विषयमा उल्लेख गरेका छन्।[२२०] वि.सं. २०१४ सालमा लेखिएको उक्त पुस्तकको ऐतिहासिक महत्त्व छ। **एजुकेशन फर द डेभेलपमेन्ट अफ नेपाल** अङ्ग्रेजीमा लेखिएको अर्को महत्त्वपूर्ण कृति हो। त्यसका केही अध्यायहरू 'शिक्षा विज्ञान' नामक पुस्तकसँग मिल्दोजुल्दो देखापरे पनि अन्तर्राष्ट्रिय भाषामा लेखिएको हुँदा यस पुस्तकको पनि विशेष महत्त्व रहेको छ। यसलाई लेखकले सम्पादन गरी दोस्रो संस्करण प्रकाशित गर्ने प्रयत्न गरेको भए पनि अहिलेसम्म निस्केको छैन। कृष्णराजको अर्को पुस्तक **मोनार्की इन द मेकिङ अफ नेपाल** रहेको छ। शिक्षादिवशको दिन पारेर प्रकाशित यस पुस्तकले राजा वीरेन्द्रको राज्याभिषेकका सन्दर्भमा शाहवंशीय शैक्षिक योगदानलाई अघि सारेको पाइन्छ। नेपालको राजतन्त्रलाई जनमुखी विशेषतामा प्रस्तुत गर्नु यसको वैशिष्ट्य रहेको छ। वालसाहित्य सिर्जना वनेको **रमाइलो कुरा** (भाग १, २०२३) केटाकेटीको पुस्तक हो। कविधरणीधर शर्माका अनुसार 'यसमा अक्षरपद्दतिदेखि आरम्भ गरेर शव्द वाक्य पद्दतिलाई जानेका शव्दद्वारा वर्णपरिचय गराउने रमाइलो प्रयाश छ।[२२१] "म ईश्वरवादी, राजतन्त्रवादी, देशभक्त र सत्यवादी हुँ। अन्याय, अत्याचार, भ्रष्टाचार, नाताकुटुम्ववाद र साम्प्रदायिकताको विरोधी छु।" भन्दै गाउँफर्क राष्ट्रिय अभियानका सन्दर्भमा नेपाल प्राध्यापक संघद्वारा आयोजित गोष्ठीमा (२०२४) वोल्ने कृष्णराज अर्ज्याल गीताका धेरै कुराहरूमा विश्वास गर्छन् तर **माँ फलेषु कदाचन** भन्ने कुरामा भने उत्तिको विश्वास गर्दैनन्। उनी भन्दछन्– "आँटिको असल लक्ष्य प्राप्त हुनै पर्दछ।" अर्ज्यालले त्यस वखतमै नेपालमा टी.भी. स्टेशन खोलेर शिक्षा प्रचारमा त्यसलाई सदुपयोग गर्नुपर्ने विचार अघि सारेका थिए।[२२२] स्मरणीय छ– नेपाल टेलिभिजनको आरम्भ २०४१ वाट शुरू गरी वि.सं. २०४२ पुस १४ देखि मात्र प्रसारण सार्वजनिक भएको थियो।

प्राध्यापक कृष्णराज अर्ज्यालले नेपाल र नेपालीका निम्ति संयुक्त राष्ट्रसंघको महासभामा प्रमण्डलको नेता एवं असंलग्न आन्दोलनको शिखर सम्मेलनमा परराष्ट्र मन्त्रीका रूपमा सहभागी भएर काम गरे। राजाको विदेश भ्रमणमा सवारी मन्त्री भएर थुप्रै देशहरू घुमेका अर्ज्याल त्रिविमा सहकुलपति समेत रहेका थिए। क्रिकेट संघको सचिव, शंकर आध्यात्मिक केन्द्रको सभापति र विश्वहिन्दु परिषद्को कार्यकारी सदस्यसमेत हुन पुगेका अर्ज्याल राज्याभिषेक पदक (१९७५ ई.), गोर्खा दक्षिणवाहु प्रथम नेपाल (१९७८ ई.), ग्राण्ड कर्डन युगोस्लाव स्टार (युगोस्लाविया), राइजिङ सन् 'प्रथम'– जापान (यो पद्वी

---

२२०. कृष्णराज अर्ज्याल, **शिक्षा विज्ञान** (काठमाडौं : कलेज अफ एजुकेशन, २०१४), पृ. ५-२०५

२२१. कृष्णराज अर्ज्याल, **रमाइलो कुरा** (भाग १-३) (काठमाण्डू : नयाँ नेपाल प्रकाशन) सातौं संस्करण– २०२३

२२२. कृष्णराज अर्ज्याल, **उपहार**, (काठमाडौं : नेपाल प्राध्यापक संघ, २०२४), पृ. ६ र १७

पूर्वप्रधानमन्त्री टंकप्रसाद आचार्यलाई पनि दिइएको थियो) ग्रचाण्ड अफिसर अण्डर नेशनल डच्यू मेरिट –फ्रान्स (१९८३ ई.), अल सिविल मेरिट प्रथम–स्पेन (१९८३ ई.) जस्ता पद्वीद्वारा सम्मानित छन्। कृष्णराज अर्ज्याल राष्ट्रिय स्वाभिमानलाई सर्वोपरी राखेर काम गर्ने नेता, कूटनीतिज्ञ र बुद्धिजीविका रूपमा मात्र हैन एक पैसा भ्रष्टाचार नगर्ने, निष्कलङ्क व्यक्तित्वका रूपमा पनि परिचित छन्। त्यसैले होला उनी राजा वीरेन्द्रका निकै प्रिय एवं विश्वासपात्र थिए। कृष्णराजको एउटा अप्रकाशित कविता उनकै हस्ताक्षरमा प्रस्तुत छ–

खाँचो

उठौं जागौं बढौं भाइ
मातृभूमी बचाउन।
कर्मनै हो महाशक्ति
कर्मनै हो सुपूजन।।

निस्वार्थ कर्मको खाँचो
आज ज्यादै बढीगयो।
सङ्घर्ष गर्नु- बाँच्नुको
बिच देश परिगयो।।

- कृष्णराज अर्ज्याल
२०६०।७।२८

७.३३ रामजीप्रसाद अर्ज्याल (जन्म : वि.सं. १९८१)

काठमहालका तहरिर मुक्तिनाथ र हिमकुमारीका जेष्ठ सुपुत्र रामजीप्रसादको जन्म वि.सं. १९८१ पौष २१ गते वीरगञ्जमा भएको हो। पिताको रेखदेखमा सामान्य शिक्षा 'अमरकोश'वाट घरैमा शुरू गरेका रामजीप्रसाद अर्ज्यालको सातवर्षे उमेरमा वि.सं. १९८८ मा वीरगञ्जमै व्रतवन्ध

भएको थियो। त्यसपछि उनी रुद्रीचण्डी र वेद पढ्दै अघि वढ्ने क्रममा १९९२ फागुनमा काठमाडौंको दरवार हाईस्कूलमा तीनकक्षामा भर्ना भए। उनले शेपराज रेग्मीसँग अङ्ग्रेजी भापा सिके। छैठौं कक्षामा पढ्दा फेमोसिसको विमारीले विद्यालय जान नसक्दा हाजिरी नपुगेर परीक्षा दिन नपाएको हुनाले जुद्धोदय पव्लिक (जेपी हाईस्कूल) विद्यालयमा सरे। त्यहाँ उनका सहपाठी शहीद गंगलालका भाई पुष्पलाल पनि थिए। शहनशीला सुशिला नाटकमा उनीहरू दुनैजना खेलेका थिए। वि.सं. १९९६ मा कोमलनाथको छोरी साहींलीसँग उनको पहिलो विवाह भयो। त्यसैवीच इलाहावाद वोर्डवाट परीक्षा दिने योजनाका साथ लक्ष्मीप्रसाद देवकोटासँग अङ्ग्रेजी पनि पढे। तर पढिसकेर जाँच दिन

जानलाग्दा मोहन समशेमरले रोके। वि.सं. १९९९ मा श्रीमति पनि वितिन्। जेपीमा रामजीलाई पुनः भर्ना लिइएन। फलतः उनी पाटन हाईस्कूलबाट एस.एल.सी. दिने योजनामा जुटे। पुष्पलाल पनि जेपीवाट पाटन पुगेका रहेछन्। दुवै सहपाठीले २००१ सालमा त्यहींवाट परीक्षा दिएर प्रवेशिका उतीर्ण गरे। रामजीप्रसाद अर्ज्याल र पुष्पलाल अत्यन्तै मिल्ने साथी थिए तर पछि ती दुवै जना दुई विपरीत विचारध्रुवका पार्टीमा लाग्नपुगेका थिए। खासगरी वीपीसँगको मतभेदले कांग्रेस छाडेर रामजीप्रसाद स्वतन्त्र वने। पुष्पलालले कम्युनिष्ट विचारधारा 'अँगालेरै अघि वढे। २००३ सालमा त्रिचन्द्र कलेजवाट आइएस्सी ड्रप गरेर २००६ मा पटना विश्वविद्यालयवाट आइ ए उतीर्ण गर्न पुगेका रामजीले २००५ मा दोस्रो विहे गरेका थिए– धनकुमारीसँग। पद्मोदय माविमा स्थापनाकाल (वि.सं. २००३) देखि नै अध्यापन गर्ने काम शुरू गरे, जहाँ ईश्वरराज अर्ज्याल संस्थापक हेडमास्टर थिए। सात सालको संघर्षमा सामेल हुँदै अघि वढेपछि २०१० मा उनले वी.ए.को परीक्षा दिने तयारी गरेका थिए। तर दुर्भाग्य त्यसैवेला-परीक्षाको तीनदिन अघि उनकी दोश्री पत्नी धनकुमारीको पनि निधन भयो। रामजीको धनकुमारीवाट एक छोरी (निर्मला) जन्मेकी थिइन्। तेस्री श्रीमति विन्दुसँग २०१० मंसीरमा विहे भएको थियो र उनीबाट वि.सं. २०१२ मा एक छोरा नीरेन्द्र र तीन छोरी २०१६ मा नीरा, २०१७ मा नीशा र २०१९ मा नीता जन्मिए। छोरा नीरेन्द्र कानून र जनप्रशासन विषयमा स्नातक एवं राजनीतिशास्त्रमा स्नातकोत्तर छन्। उनी नेपाली सेनामा महासेनानी छन्।[२२३] सिर्जनात्मक लेखनको परिचय दिने सङ्कलन तयार हुनेगरी छरिएर रहेका कथा, कविता, निवन्ध र संस्मरणहरू नहेरी उनको लेखन- प्रकृतिको चर्चा गर्न अप्ठेरो छ। तर उनलाई चिनाउने अनुसन्धात्मक कृति– **नेपालको इतिहास र अर्ज्याल परिवार** (२०४७) निकै महत्वपूर्ण, सूचनाप्रद र प्रामाणिक पुस्तक हो। सामान्य कमजोरी तिरनै आफूलाई अल्मल्याउने हो भने कुरा अलग छ, नत्र यो पुस्तकले मात्र पनि रामजीप्रसाद अर्ज्याललाई मनग्य चिनाउँछ। उनले अनेकौं तथ्यहरूका आधारमा राजा पृथ्वीनारायण शाहले कान्तिपुर उपत्यका दखल गर्नुभन्दा झण्डै एकसय वर्ष अघिनै अर्ज्यालहरू उपत्यकामा पसेको-वसेको यथार्थ अघिसारेका छन्। यसले इतिहासका अध्येतालाई मार्ग प्रशस्त गरेको छ। डा. ईश्वर वरालका शव्दमा भन्दा प्रस्तुत ग्रन्थका प्रणेताले भावुकतादेखि आफुलाई सकेसम्म जोगाउनु भएको छ। नेपाल राष्ट्रको उन्नयन औं संवर्द्धनका निम्ति विद्याव्यसनका विषयमा होस, राजकाज एवं कूटनीतिक क्षेत्रमा होस् अथवा लडाइँका वेलाहोस्

२२३. लेखकसँगको कुराकानीका क्रममा प्राप्त जानकारी

यस्ता प्रत्येक प्रसङ्गमा अर्जेलहरूको योगदान गौरवपूर्ण गाथा हो, यो गाथा नेपालीहरूको नै हो।[२२४] रामजीका अन्य रचनाहरूमा धेरैजसो पाठ्य-पुस्तकहरू छन्। प्राथमिक विद्यालयका पुस्तकदेखि माध्यमिक विद्यालय तहसम्मका पुस्तकहरू उनले लेखेका छन्। कुनै एक्लै र कुनै सहलेखनमा तयार गरिएका ती पुस्तकहरूले उनको लेखनधर्मिता चिनाउन मदत गर्दछ। उनका प्रकाशित पुस्तकहरूमा **सामान्य ज्ञान** कक्षा ६ (२००६ साल) **सामान्य भूगोल** कक्षा ७ (२००९ मा पहिलो संस्करण, त्यसपछि २०२४ साल सम्म १६ संस्करण प्रकाशित) नेपाली **ऐन स्रेस्ता** (एस.एल.सी. निम्ति) यो ऐन स्रेस्ता पनि २०२१ मा पहिलो संस्करण निस्कियो। त्यसपछि २०३३ सालसम्म सात संस्करण प्रकाशित भए। महेन्द्रमाला कक्षा ३ (२०४२) महेन्द्रमाला-कक्षा ६ (२०२४) (यो हास्यव्यङ्ग्यकार भैरव अर्ज्याल र कोशकार वसन्तकुमार शर्मा नेपालको संयुक्तलेखनमा तयार गरिएको हो।) महेन्द्रमाला कक्षा ८ मा भने तत्कालीन वडागुरुज्यू अम्बिकाप्रसाद अधिकारीको संयोजनमा सात जनाको संयुक्त लेखन छ। सामाजिक अध्ययन भन्ने कक्षा ६, ७ र ८ कक्षाको पुस्तक २०२४ देखि २०३० सम्म चार-चार संस्करण छापियो। यसरी उनले नेपालको शिक्षा व्यवस्थामा नयाँ पाठ्यक्रम प्रदान गर्ने महत्वपूर्ण कार्यभार वहन गरेको देखिन्छ। ती पुस्तकहरूमा उनले लेखेका विभिन्न विधाका रचनाहरू छन्। वाद-मनोवाद, संवाद, एकाङ्की-नाटक, कथा र निबन्ध, इतिहास, भूगोल र कानुनका अनेकौं कुराहरू हामीलाई दिने वहुमुखी प्रतिभाको व्यक्तित्व र कृत्तित्वका बारेमा गहन अनुसन्धान, अध्ययन र विश्लेषण हुनु जरुरी छ।

रामजीप्रसाद अर्ज्यालले **चतुःश्लोकी भागवत एक अध्ययन** (२०५८) नामक सानो पुस्तिका लेखेर त्यसको सरल व्याख्या समेत गरेका छन्। यो उनको धार्मिक आस्थाको अभिव्यक्ति हो। **अष्टाध्यायी रुद्री एक अध्ययन** (अप्रकाशित) रचना पनि उनले तयार गरेका छन्।[२२५] उनले तीन वर्षमा एस.एल्.सी. गराउने उद्देश्यले नन्दी रात्री हाईस्कूल (नक्साल) स्थापना गरी संस्थापक एवं प्रधानाध्यापक वने। जनकपुर धान चामल निर्यात् कम्पनीका गोदाम प्रमुख, भक्तपुर ईंटा कारखानाका प्रशासन प्रमुख, जनकशिक्षा सामग्री केन्द्र लि.का प्रमुख सम्पादक र प्रशासन विभागका प्रमुख भएर पनि मुलुकलाई सेवा गरेका थिए। अवकाश जीवनमा पुस्तक अध्ययन गरेर, केही लेखेर र आफ्नो सङ्कलनमा रहेका पत्रपत्रिका तथा पुस्तकहरू विभिन्न पुस्तकालयलाई प्रदान गरेर पनि उनले आफ्नो सामाजिक व्यक्तित्वलाई थप चिनाएको पाइन्छ।

---

२२४. ईश्वर बराल, 'मन्तव्य' **नेपालको इतिहास र अर्ज्याल परिवार** पूर्ववत् पृ. उ

२२५. रामजीप्रसाद अर्ज्याल, चतुःश्लोकी भागवत् (देवघाटः महेश सन्यास आश्रम २०५८)

भट्टराईले रामजीप्रसाद अर्ज्यालको व्यक्तित्व चर्चागर्दा उनका रचनाहरूमध्ये नेपालको इतिहास र अर्ज्याल परिवारलाई नै विशेष महत्व राख्ने कृति मानेको पाइन्छ।[२२६] यिनले बहत्तर वर्षको उमेरमा समेत देवघाटमा महेश संस्कृत गुरुकुलको स्थापना गरी पाँच वर्षसम्म अध्यापन कार्य गरेका थिए।

७.३४ देवेन्द्रराज उपाध्याय अर्जेल (जन्म : वि.सं. १९८३–मृत्यु : २०५९)

देवेन्द्रराज उपाध्याय-अर्जेल सप्तरीको सखडा गोविन्दपुर भन्ने गाउँमा वि.सं. १९८३ साल भाद्रमा जन्मेका थिए।[२२७] यिनी पिता महेन्द्रराज अर्ज्याल तथा माता सुभद्रादेवीको एकमात्र सन्तान हुन्। देवेन्द्रराज दुई महिनाको वालक छँदा पिताको देहान्त भएकाले आमाको ममतामा हुर्किए। देवेन्द्रराजकी पत्नी तत्कालीन वडाहाकीम रामेश्वर लम्सालकी छोरी हुन् उनी परासी महलवारीमा जन्मेकी थिइन्। वि.सं.२००८ सालमा देवेन्द्रराजसँग सरलादेवीको विवाह भएको थियो। उनीहरूका तीन छोराहरू र एक छोरी छन्– रेखा थापा। उनी यु. एन. डि.पी.मा काम गर्छिन्। विवाह भएको एक वर्ष पछि देवेन्द्रराजकी माताको पनि निधन भयो। देवेन्द्रराजको प्रारम्भिक शिक्षा नेपालमा नै भएको थियो र उच्चअध्ययन भारतको नयाँदिल्लीबाट भयो। उनले वाणिज्यशास्त्रमा स्नातक गरेका थिए। उपाध्यायका तीन छोराहरूमा अहिले सञ्जय र राजीव मात्र छन्। जेठो छोरा अजय विद्यालयमा पढ्दा-पढ्दै अचानक वेपत्ता भएकोमा अझैसम्म कुनै जानकारी प्राप्त छैन। सञ्जय स्वतन्त्र पत्रकार छन् र राजीव प्राध्यापनमा संलग्न छन्।[२२८] घटराज भट्टराइले दिएको जन्ममिति वि.सं. १९८५ मिल्दैन।[२२९]

देवेन्द्रराज उपाध्याय अर्जेलको व्यक्तित्वका चार आयामहरू छन्– पहिलो साहित्य स्रष्टा, दोस्रो अनुवादक, तेस्रो कूटनीतिज्ञ र चौथो प्राज्ञ। स्रष्टा व्यक्तित्वका देवेन्द्रराज अर्जेललाई नियाल्दा उनको कलम गद्यफाँटवाट अघि वढेको देखिन्छ। ईस्वी सम्वत् १९४४ मा उदय मासिकमा प्रकाशित 'दक्षिणकालीको कुकुर' नामक पहिलो रचना प्रकशित भए देखिनै निरन्तर

---

२२६. घटराज भट्टराई, नेपाली लेखककोश, पूर्ववत् पृ. ५४६
२२७. जयदेव भट्टराई, योगदान धेरै संझना थोरै, गोरखापत्र (९ पुस २०५९) पृ. ५
२२८. पारिवारिक स्रोतवाट प्राप्त जानकारी
२२९. घटराज भट्टराई, नेपाली लेखक कोश पूर्ववत्, पृ. ३१९

साधनारत रहे। अर्ज्यालले नेपालीहरूलाई विश्वसाहित्यको स्वाद र शैली चिन्हाउने र कुटनैतिक सम्बन्धका क्षेत्रमा खोज अनुसन्धान गर्ने काम पनि सँगसँगै गर्दै आए। यही क्रममा उनले आफ्ना मौलिक रचनाहरूको सिर्जना गरे। अनुवाद साहित्यको भण्डारमा **सोफोक्लिज, गोमोरो, एस्किलस, मीर गालीब इकवाल,** र **फैज अहमद फैज**जस्ता नामी लेखकहरूका रचना नेपाली भाषामा रूपान्तरित भएर दाखिल हुन आए। विश्वविख्यात लोककाव्य **गेसर** अनुदित भयो। यद्यपि **गेसर**को नेपाली अनुवाद युनेस्कोद्वारा प्रकाशित हुने तारतम्यमा व्यवधान परी अझैसम्म पनि अप्रकाशित अवस्थामा रहेको छ। **एगामेमनन्** (२०३०) **एन्टीगोनी** (२०१७) **चुयाँ** (२०१८) र **राजा इपिडस** (नेपाली र हिन्दीमा २०१६) जस्ता पुस्तकले नेपाली साहित्यका पाठकलाई नयाँ नयाँ स्वाद दिएको छ।[२३०] गीताको आधारमा रचिएको गद्यरचना **गीता र प्रेरणा** (२०४२) धार्मिक निबन्ध सङ्ग्रह हो। यसको विवेचना गर्दा मदनमणि दीक्षितले-सरल भाषामा मीठो विचार व्यक्त गर्न सफल रहेको विश्लेषण गरेका छन्।[२३१] उनका मौलिक रचनामा-**सभ्यताको दोसाँधमा**(संस्मरण सङ्ग्रह), **भगवान् बुद्धका उपदेश** (जापानको वुको डेन्डो क्योकाइवाट प्रकाशित) **अनेकतामा एकता, पाश्चात्य राजनीतिक दर्शनको इतिहास, पञ्चायत एक सामाजिक आर्थिक आवश्यकता,** (नेपाली र अङ्ग्रेजीमा) **भूपरिवेष्ठित राष्ट्रहरूको पारावहन र व्यापार** (इन्स्टीच्यूट अफ सोसल स्टडीज हल्याण्डवाट प्रकाशित) **नेपाल इन्ट्रेष्टिङ् एमाउण्ट फरेनर्स** (अङ्ग्रेजी) जस्ता पुस्तकहरू पर्दछन्। सिनासवाट शोध गराइएको कृति- **नेपाल इण्डिया चाइना ए ट्रयाङ्गुलर रिलेशनशीप** (अङ्ग्रेजीमा) र सेडावाट शोध गराइएको अर्को कृति पनि उनका उल्लेख्य रचना हुन्। **सम्झना** निबन्ध सङ्ग्रह उनको अर्को मौलिक रचना हो।[२३२] यी कृतिहरूका साथै अनेकौं लेख-रचना विभिन्न पत्र पत्रिकाहरूमा छरिएर रहेका छन् जसको अनुसन्धान सङ्कलन, सम्पादन र प्रकाशन हुनु नितान्त जरुरी छ। साहित्यकार देवेन्द्रराज उपाध्याय-अर्जेलको यही बौद्धिक व्यक्तित्वले उनलाई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सदस्य-प्राज्ञका रूपमा (२०४६-२०४७) दुईवर्षे जिम्मेवारी सँगै आजीवन सदस्यतासमेत प्राप्त भएको थियो। त्यस अवधिमा उनी एकेडेमीबाट प्रकाशित गरिने अनुसन्धानमूलक पत्रिका **प्रज्ञा**को

---

२३०. घटराज भट्टराई, **नेपाली लेखक कोश पूर्ववत्,** पृ. ३१९
२३१. मदनमणि दीक्षित, **मेरोदेश मेरो संसार** (३१७ औं श्रृंखला समीक्षा साप्ताहिक-२०४२
२३२. देवेन्द्रराज उपाध्याय, फैज अहम फैज (काठमाण्डौं : सरला उपाध्याय-२०४३) पृ. १ तथा आवरण पृष्ठ भाग

सम्पादक समेत रहे ।

देवेन्द्रराज उपाध्याय अर्जेलको व्यक्तित्वको अर्को पाटो कूटनीतिज्ञ तथा प्रशासकीय व्यक्तित्व हो। उनले रेडियो नेपालको निर्देशक (२००९-२०१६) भन्सार विभागको हाकीम (२०१८-२०२१) संयुक्तराष्ट्रसंघमा नेपालको नायव स्थायी प्रतिनिधि (२०२२-२०२६) थाइल्याण्डमा कार्यबाहक राजदुत (२०२६-२०३१) यातायात संस्थानको कार्यकारी अध्यक्ष (२०३१-२०३३) भएर विभिन्न जिम्मेवारी सम्हाले।[२३३] त्रिभुवन विश्वविद्यालयको सेडा र सिनासमा वरिष्ठ अनुसन्धान अधिकृत र आगन्तुक प्राध्यापकसमेत भई शैक्षिक शोधकार्य सँगसँगै छिमेकी देशसँगको सम्वन्धका बारेमा महत्वपूर्ण शोधकार्य गरे।[२३४] उनले यस अवधिमा आफ्ना विभिन्न कृतिहरू लेखेका छन्। साहित्यकार देवेन्द्रका अनेकौं रचनाहरू रूपरेखा, मधुपर्क, आस्था, गोरखापत्र, विमर्श आदि पत्रिकाहरूमा छरिएर रहेका छन्। उनको एउटा अधुरो उपन्यास अक्करको बाटो रहेको कुरा छोरा सञ्जयबाट जानकारी पाइन्छ।[२३५]

देवेन्द्रराजको कृति एवं व्यक्तित्वका सम्बन्धमा विद्वानहरूले आ-आफ्ना ढङ्गले चर्चा र मूल्याङ्कन गरेका छन्। नेपाली साहित्यको निवन्ध विधालाई सम्पन्न वनाउने स्रष्टाहरू मध्ये देवेन्द्रराज उपाध्याय पनि पर्दछन्।[२३६] उनको निवन्धकारितामा 'वस्तुपरक विषयहरूको प्रतिपादन गर्दा पनि निजात्मक गुणलाई पछ्याएर सिर्जना गर्ने' मिश्रित कलाको विशेषता रहेको देखिन्छ।[२३७] यात्रावर्णनका रोचक कुराहरू लेख्ने देवेन्द्रराज उपाध्यायको रचनामा प्रवन्धात्मक सूचना वढी पाइन्छ।[२३८] हाम्रो गद्य साहित्यलाई समृद्ध वनाउन देवेन्द्रराज उपाध्यायको महत्वपूर्ण योगदान रहेको तथ्यलाई धेरैले स्वीकारेका छन्। यो पनि उनका सन्दर्भमा गौरव गर्नलायक विषय हो। यिनी आफूलाई शक्तिवल्लभका सन्तान भन्दथे।[२३९] देवेन्द्रराज उपाध्याय अर्ज्यालको साहित्यिक मान्यता लौकिक थियो। उनी भन्दथे– "साहित्यले मानव जीवनलाई प्रतिविम्वित गर्दछ। जीवन स्वयं आकाङ्क्षाको असीमितता एवं उपलव्धिको सापेक्षताका दोसाँधमा अल्मलिइ राख्दछ। यो अल्मलको स्थितिवाट उम्कने वाटो देखाउनु साहित्यकारहरूको

---

२३३. जयदेव भट्टराई, योगदान धेरै संझना थोरै, गोरखापत्र, (९ पुस २०५९) पृ. ५
२३४. रामजीप्रसाद अर्ज्याल, नेपालको इतिहास र अर्ज्याल परिवार, पूर्ववत् पृ. १७७
२३५. सञ्जय उपाध्यायसँगको कुराकानीवाटबाट प्राप्त सूचना
२३६. दयाराम श्रेष्ठ/मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, पूर्ववत् पृ १३५
२३७. राजेन्द्र सुवेदी, स्रष्टा-सृष्टि द्रष्टा-दृष्टि (ललितपुर : साझा प्रकाशन–२०४९, पृ. २०२
२३८. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास, पूर्ववत् पृ. २२८
२३९. देवेन्द्रराज उपाध्यायले अनन्तकेशरीलाई एकेडेमीमा छँदा वताएको

कर्तव्य हो ।" वास्तवमा देवेन्द्रले जर्जलुकाचको **प्रतिविम्बन सिद्धान्त** स्वीकारेको नभनीकन त्यसलाई अँगालेको देखिन्छ। परन्तु दुई स्रष्टा वीच थुप्रै भिन्नता– जीवन दृष्टि, रचना सिद्धान्त र सिर्जन प्रकृयामा समेत प्रशस्त अन्तर रहेको छ। कृतिगत विवेचनका दृष्टिमा उनका रचनाहरूले जीवनको लौकिक विविधता अँगालेर अलौकिक चिन्तनको रहस्यगर्भमा समेत आफूलाई डुवाएका छन्। फरक फरक कृतिमा फरक-फरक विशेषता छन् ।

देवेन्द्रराज उपाध्याय अर्जेलको **जनतन्त्रवाद र जनतन्त्रवादको रूपरेखा** (२००६) नामक पुस्तकको उल्लेख गर्दै घटराजले उनको योगदान महत्वपूर्ण रहेको वताएका छन् ।[२४०] यिनले पच्चीस वर्षसम्म नेपालको निजामती तथा कूटनीतिक सेवा गरे। संयुक्त राष्ट्रसंघ, युनेस्को, अङ्कटाड, इक्याफे, भूपरिवेष्ठित देशहरूको पारवहन सम्मेलन, नेपाल भारत वाणिज्य तथा पारवहन सन्धिवार्ता आदिमा हाम्रो देशको प्रतिनिधि भएर काम गरे। देवेन्द्रराज अर्जेलको देशभक्तिपूर्ण भावना र वौद्धिक तर्कहरू सामु थुप्रै विदेशीहरू नतमस्तक हुन पुग्थे। स्रष्टा देवेन्द्रराजको अनुवाद कलाको प्रशंसा गर्दै इश्वरवल्लभ भन्छन्– स्वयं सक्षम-रचनाकार हुँदा हुँदै पनि अरूका रचनाको अनुवाद गर्ने काम गर्ने व्यक्तिको त्यो प्रलोभन के हो ? ऊ आफू स्वयं रचना नगरेर अरूका लेखनको अनुवाद किन गर्छ ? यसको उत्तर शायद स्वान्तः सुखाय हो, त्यसपछि इतर रचनाहरूको सुन्दरता, ओजस्वीता र मर्मप्रति, आफ्नो प्रिय र अन्तरङ्ग मोह पनि हो। सिर्जनशील रचनाकार यदि अरू भाषाको इतर रचनाहरू पढ्न वुझ्न सक्षम छ भने तिनीहरूमा रहेको सौन्दर्य तथा उत्सताप्रति ऊ समर्पित पनि हुन्छ।"[२४१] यस्ता उद्भट प्रतिभाको निधन २०५९ पुस ३ गते काठमाडौंमा भयो।

७.३५ नारायणप्रसाद अर्ज्याल (जन्म १९८४-मृत्यु २०२८)

माध्यमिककालीन कवित्त्व प्रवृत्तिका भनी घटराज भट्टराईले उल्लेख गरेका नारायणप्रसाद अर्ज्यालको जन्म काभ्रे जिल्लाको वलथलीमा वि.सं. १९८४ पुस १ गतेका दिन भएको थियो र निधन २०२८ मंसीर २३ गते भयो।[२४२] यिनको **महाभारत** (अठार पर्वको सार, २००४) र **गीतासारलाई** झ्याउरेमा लेखिएको लघुकृति (२००४) प्राप्त छ। **लालहीराको कथाश्लोक** उनको तेस्रो रचना हो। काभ्रे जिल्लाले जन्माएका कविहरूको लामो लहरको

---

२४०. घटराज भट्टराई, नेपाली लेखक कोश, पूर्ववत् पृ २०२

२४१. ईश्वरवल्लभ आमुख, देवेन्द्रराज उपाध्याय– फैज अहमद फैज. (काठमाडौं : सरला उपाध्या, २०४३), पृ. २

२४२. घटराज भट्टराई, लेखक परिचय कोश, पूर्ववत्, पृ. ३५३

चर्चा गर्दा पराजुलीले महाभारत-भाषाश्लोक र झ्याउरे-गीता लेख्ने नारायणप्रसाद अर्ज्याल (बलथली) पनि हुन्" भनेको पाइन्छ।[२४३] यिनका माता बालकुमारी तथा पिता गणेशप्रसाद अर्ज्याल हुन् भने छोरा विश्वनाथ अर्ज्याल हुन्। सप्ताहवाचक पण्डितका रूपमा परिचित नारायणप्रसाद अर्ज्याल तुरुन्ता-तुरुन्तै सिलोक भन्ने र कविता रच्ने हुँदा 'आसुकवि' सरह थिए भन्दै शास्त्रीय छन्द-कविताका साथै पौराणिक विषयलाई लोकभाकामा ढाल्ने अहिंसावादी-व्यक्तित्वका रूपमा परिचित छन्। शिव सापकोटा लेख्छन्– 'आध्यात्मिक चिन्तनको प्रचार गरी समाज र राष्ट्रलाई ईश्वरीय सत्ताको महत्त्व बताएर परम्पराप्रति आस्था प्रकट गर्नु नै नारायणप्रसाद अर्ज्यालको काव्य प्रवृत्ति हो।[२४४]

७.३६ शुकदेव अर्ज्याल (जन्म वि.सं. १९८८)

काठमाडौंको गोकर्णमा जन्मेका शुकदेव अर्ज्याल महाकवि लक्ष्मीप्रसाद देवकोटाको संगतबाट साहित्य सिर्जनामा लागेका व्यक्ति हुन्। यिनले लेखेको **श्री ५ त्रिभुवनप्रति** (२०१२) भन्ने शोककाव्य वि.सं. २०१२ सालमा प्रकाशित भएपछि शुकदेवको जीवनमै नयाँ मोड आयो। त्यो काव्य पढेपछि राजा महेन्द्रले असर्फि बक्सिस् दिएका थिए भने अधिराजकुमार हिमालयले पाँचसय मोरु तथा वसुन्धराले चारसय उनान्सय मोरु बक्सिस दिए। त्यसपछि राजा महेन्द्रको सौजन्यमा उनलाई प्रहरीतर्फ इन्सपेक्टरको जागिरसमेत मिलेको थियो। वि.सं. २०१२ मा सरकारी सेवा प्रवेश गरेका सुकदेवले रानीपोखरी पाठशालाबाट मध्यमासम्मको अध्ययन गरेका थिए। प्रहरीको 'होम गार्ड' बाट २०१७ मा उनी सेनातर्फ सरे। सैनिक सेवामा मेजर भई निवृत भएका शुकदेवले शारदामा रचना छपाउँदा शुकदेव शर्मा 'पागल' नाम दिएका थिए भने उनको पहिलो प्रकाशित काव्यमा शुकदेव शर्मा 'समीर' भन्ने नाम दिएका छन्। प्रहरी पत्रिका र सैनिक पत्रिकामा भने शुकदेव शर्मा अर्ज्यालको नामबाट यिनका रचनाहरू प्रकाशित छन्। यिनी भजनलेखकका रूपमा पनि परिचित छन्। शुकदेवले लेखेका भजनहरू मीरा राणा, कृष्णमान, कोइलीदेवी र रत्नमानहरूले गाएका छन्। सातवटा जति रेकर्ड भएका छन् र ती रेडियोहरूबाट बजाइन्छन्। सुकदेवले 'सिपाही' पत्रिकामा सम्पादक भएर पनि काम गरे। यिनका केही रचनाहरू प्रकाशित नै

---

२४३. कृष्णप्रसाद पराजुली, पूर्वएकनम्मर (काभ्रे : साहित्य संगम– २०५५), पृ. १२९
२४४. शिव सापकोटा 'प्रभात', काभ्रेका दश प्रतिभा, (स्नातकोत्तर शोधपत्र, त्रिवि, २०५९)

रहेका छन्। तीन बिहे गरेका शुकदेवले कान्छीसँग पारपाचुके गरेर जीवनको उत्तरार्धमा जेठी श्रीमति वत्सलासँगै बसेका छन्। देवकोटाले शुकदेवसँग भेट हुँदा– 'आयौ सखे तिमी पनि अब स्वागतै छ!" भन्ने गरेको प्रसङ्गलाई उनले समस्यापूर्ति गर्दै पूरा श्लोक लेखेर दिएपछि लक्ष्मीप्रसादले समेत उनको प्रशंसा गरेका थिए। शुकदेव अर्ज्यालका रचनाहरू सङ्कलन एवं प्रकाशन हुनु जरुरी छ।

७.३७ डिल्लीरमण शर्मा अर्ज्याल (जन्म : वि.सं. १९८८)

यिनी धादिङको नलाङ आप्रिछापमा वि.सं. १९८८ चैत्र ७ गते जन्मेका



हुन् र हाल नीलकण्ठमा बस्दछन्। थुप्रै कविता, काव्यहरू र संस्मरण लेखेका डिल्लीरमणको संग्रहित कृतिमा **थोप्पल** (खण्डकाव्य-२०५७) **गंगाजमुना** (कवितासङ्ग्रह- २०५८) **छन्दपरिचय** (२०५७), **व्याकरण परिचय** (२०५२) आफ्ना पिताको निधनमा लेखिएको **वेदनिधि** (शोक काव्य-२०४६) पाइन्छन्। यिनले संस्कृत भाषामा लेखेका **श्री रङ्गस्तुति** (खण्डकाव्य) पनि २०२० मा प्रकाशित भएको देखिन्छ। संस्कृतमा शास्त्री र नेपालीमा बी.एड्. गरेका कवि अर्ज्यालका पिता वेदनिधि ज्योतिष थिए। उनकी माता अयोध्यादेवी हुन्। डिल्लीरमणको **जनआन्दोलन-२०४६** नामक अप्रकाशित महाकाव्य पनि छ।[२४५]

७.३८ हरिप्रसाद अर्जेल (जन्म : वि.सं. १९८८-मृत्यु २०५९)

काठमाडौंको जोरपाटीका शेषरमण अर्ज्याल र माता लीलाकुमारी

सत्यालका छोरा हरीप्रसाद अर्जेलको जन्म १९८८ साउन २४ मा भएको हो। संस्कृतमा शास्त्री तथा नेपालीमा एम.ए. गरेका अर्जेलको विवाह वि.सं. २००१ सालमा भक्तपुरकी सुलोचना सुवेदीसँग भएको थियो। यिनका थुप्रै लेख रचनाहरू पत्रपत्रिकामा छरिएर रहेका छन्। तिनको खोजविन तथा संग्रहण गरी प्रकाशन हुनुपर्ने देखिन्छ। तीन छोरा– सरोज, सञ्जय र शोभनका पिता हरिप्रसाद **सत्यार्थ प्रकाश परिषद**सँग पनि सम्वन्धित थिए। त्यसद्वारा प्रकाशित **परिमार्जन** पत्रिकाको सम्पादकमण्डलमा रहेर सिर्जनात्मक काम गरेका अर्ज्यालको रुची अध्यात्मिक भावधारामा रहेको

---

२४५. डिलिरमण शर्मा अर्ज्याल, गङ्गा जमुना (धादिङ : सुपुत्र रमेश अर्याल, २०५८), पृष्ठभाग

पाइन्छ। यिनको **बालमनोविज्ञान** (२०२६) पुस्तक सहलेखक भएर प्रकाशित भएको छ भने **ससुराली जाँदा** भन्ने हँस्यौली रचना पनि प्रकाशित छ। यिनी एकहत्तर वर्षको उमेरमा २०५९ कार्तिक २० गते दिवंगत भए।

७.३९ भेषजराज शर्मा अर्ज्याल (जन्म : वि.सं. १९८९)

माता टोलकुमारी तथा पिता हरिप्रसादका छोरा भेषजराज अर्ज्यालको जन्म १९८९ कार्तिकमा स्याङ्जा जिल्लाको खिलुङ पेखुमा भएको हो।[२४६] भेषराजगुरुका नामले परिचित यी प्रतिभाको शिक्षादीक्षा बनारसमा भएको थियो। यिनले नव्य व्याकरणमा आचार्य गरेका छन्। भेषराजगुरु केही समय सरकारी सेवामा संलग्न रही धेरैजसो शिक्षण कर्ममा जुटे। यिनका दुईवटा कवितासङ्ग्रह **लालसलाम** र **आत्मप्रकाश** प्रकाशित छन्। मोति साहितय प्रतिष्ठानका संस्थापक सचिव रहेका भेषजराजका थुप्रै रचनाहरु पत्रपत्रिकामा छरिएर रहेका छन्।

७.४० केशवराज अर्ज्याल (जन्म : वि.सं. १९९०)

गोपीराज अर्ज्याल तथा विष्णुमायाँका कान्छा छोरा केशवराज अर्ज्यालको जन्म तौलिहवामा वि.सं. १९९० चैत्रमा भएको हो। यिनले **कौटिल्यको अर्थशास्त्रलाई** नेपालीमा अनुवाद गरेका छन्। बालकृष्ण समले उनको अनुवादको तारिफ गर्दै 'गहन विषयलाई सरल भाषामा प्रस्तुत गर्ने प्रतिभा' मानेका छन्।[२४७] पाली भाषाका समेत ज्ञाता केशवराज अर्ज्यालको शिक्षा-दीक्षा आफ्ना पिता तथा काका रश्मिराजबाट भएको थियो। हरिहर संस्कृत पाठशालाको पढाई सकेपछि यिनी भारतको पुना गएर पाली भाषामा एम.ए. सम्मको उच्चशिक्षा हासिल गरे। संस्कृतमा आचार्य गरेपछि त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा एम.ए. पनि उतीर्ण भएका केशवको मौलिक रचना भने **हिन्दुराष्ट्र नेपाल** (पुस्तिका) रहेको छ। अर्ज्याल परीक्षा नियन्त्रण कार्यालयमा उपनियन्त्रक थिए।[२४८] यिनी पुण्यप्रसाद अर्ज्यालका भाई हुन्। जीवनको उत्तरार्धमा योगी बनेर आध्यात्मिक चिन्तनमा लागे।

---

२४६. फणिन्द्रराज काफ्ले/महेश्वर शर्मा समेत, **स्याङ्जाको साहित्यिक चिन्हारी** (प्रकाशक : स्याङ्जा साहित्य परिपद-२०५१), पृ. ४०

२४७. बालकृष्ण सम, 'प्रकाशकीय', **कौटिल्यको** अर्थशास्त्र, अनुवाद–केशवराज अर्ज्याल, (काठमाडौं : नेराप्रप्र, नेपाली संस्करण–२०२४), पृ. २

२४८. रामजीप्रसाद अर्ज्याल, पूर्ववत् पृ. १५२।

७.४१ ऋषिराम अर्जेल (जन्म वि.सं. १९९०)

डिट्टा गंगाधर अर्ज्याल एवं गंगादेवीका जेठा छोरा ऋषिराम अर्जेलको जन्म १९९० साल भाद्र २१ गते काठमाडौं कमलपोखरीमा भएको हो। वि.सं. २०१८ सालमा विराटनगर झरेका अर्जेल २०२२ देखि उतै बसोवास गर्न पुगेको भए पनि जीवनको उत्तरार्द्धमा पुन:काठमाडौं आई नेपालटारमा बसोवास गर्दछन्। पत्रकारिता, वंशावलीको शोधखोज र साहित्यिक सिर्जनाको क्षेत्रमा लागि परेका ऋषिराम अर्जेलको शिक्षादीक्षा शेषराज रेग्मीद्वारा सम्पूर्ण

मध्यमासम्म भएको थियो। वि.सं. २०११ मा यिनको विवाह आरुबारीकी दुर्गा घिमिरेसँग भयो। ऋषिरामले २०४४ मा **माझ किराँत** नामक पुस्तक प्रकाशन गरेका छन्। उनले **पल्लो किराँत** नामक पुस्तक तयार गरी प्रकाशनार्थ काजीमान कन्दङ्वालाई दिएका थिए। परन्तु प्रकाशित भएको देख्न भने अहिलेसम्म पाइएको छैन। विराटनगरवाट निस्कने **नवज्योति** तथा **धरणी** साप्ताहिकमा उनका फुटकर लेखरचनाहरू प्रकाशित छन्। आर आर नेपाली, झिल्टुङ्गे जेठो र हृषिकेशशरण जस्ता उपनामबाट पत्रिकाहरूमा टिप्पणी लेख्ने ऋषिरामले **अर्ज्याल समाजको संक्षिप्त इतिहास** पनि लेखेका छन्। उनले भारतको अम्वाला छाउनीस्थित कहानी महाविद्यालयबाट कथा लेखनमा प्रविणता पत्र पूरा गरेका छन्। ऋषिरामको अप्रकाशित उपन्यास **एक जोडा कमल** पनि रहेको छ। उनका दुई छोरा– कुमार, किशोर तथा तीन छोरी– रीता, गीता र नीता छन्।

७.४२ ध्रुवप्रसाद अर्ज्याल (१९९३ साउन)

रामेश्वरप्रसाद अर्ज्यालका कान्छा भाई कृष्णप्रसाद अर्ज्याल र नर्मदादेवीका छोरा ध्रुवप्रसाद अर्ज्याल सप्तरीको वैरवामा वि.सं. १९९३ साउनमा जन्मेका हुन्। उनको वाल्यकाल वैरवाकै सेरोफेरोमा वित्यो र त्यहींको प्राथमिक पाठशालामा पिताजीका रेखदेखमा शिक्षा आरम्भ भयो। माध्यमिक शिक्षा भने वनारसको गुर्जर पाठशालामा भयो, जहाँ वीपी कोइरालाले पनि पढेका थिए। २००९ सालमा ध्रुवप्रसादले मैट्रिक परीक्षा पास गरे। त्यस पछि डि.ए.भी. कलेजबाट २०११ मा आइ.कम. पूरा गरे। वी.कम. भने वनारसवाट फर्केपछि काठमाडौंमा वसेर पढ्न थाले। त्रिभुवन विश्वविद्यालयवाट उनले २०२० सालमा एम.कम. पूरा गरे र कानुनमा पनि वी.एल. गरे। अध्ययनकै क्रममा उनले सहकारिताको वारेमा विशेष अध्ययन पनि गरे।

ध्रुवप्रसाद अर्ज्यालको विहे २०२२ साल असारमा मातृकाप्रसाद

कोइरालाको जेठीछोरी सवितासँग भयो। त्यसपछि उनी जागीरको धुनमा लागे। परन्तु त्यो काम सहजै भएन, फलतः अर्ज्यालले गोर्खापत्रमा सहकारिताको बारेमा लेखहरू लेख्न शुरु गरे। त्यहीँ उनको हास्यव्यङ्ग्यकार भैरव अर्ज्यालसँग सम्पर्क भयो। उनीसँगको परिचयले उनलाई लेखहरू छपाउन सुगम पनि भयो। गोपले स्थायी लेखकका रूपमा ध्रुवलाई पनि गोविन्द लोहनी सरहनै आर्थिक विश्लेषक वनायो। सामाजिक प्रभाव बढ्दै गएपछि उनी साझासम्वन्धी कार्य योजनाका विषयविद् भई तत्कालिन मन्त्री विश्ववन्धु थापासँग मिलेर काम गर्न थाले। यही सिलसिलामा **नेपाली भाषा प्रकाशिनी समितिलाई साझा प्रकाशन**को रूपमा २०२१ मा पुनर्गठन गरियो र ध्रुव त्यहाँ प्रमुख अनुसन्धान अधिकृतबाट काम थालेर संचालक समितिको सचिव, मुख्य व्यवस्थापक अर्थात् महाप्रवन्धकसम्म वन्न पुगे। साझा प्रकाशनको पहिलो महाप्रवन्धक यिनै ध्रुवप्रसाद अर्ज्याल हुन्, जसले नेपालमा सहकारिताको आधारशिला राख्दै **साझा स्वास्थ्य सेवा, साझा भण्डार** जस्ता संस्थाहरूको परियोजना तर्जुमा गर्ने र कार्यान्वयन गराउने काम गरे। कामको यसै सिलसिलामा उनले बेलायतबाट **सहकारिता : अन्तर्राष्ट्रिय प्रवन्धन** विषयमा उच्च अध्ययन गरेर प्रथम भई नेपालीको इज्जत बढाए। राजा महेन्द्रले गाउँफर्क राष्ट्रिय अभियान सञ्चालन गर्दा सहकारिताका बारेमा सोच, सिद्धान्त र कार्ययोजना वनाउने तीन जनामा ध्रुवप्रसाद अर्ज्याल एकजना थिए। अन्य दुई जनामा डा. बद्रीप्रसाद श्रेष्ठ (मन्त्री) र डा. भेषवहादुर थापा (राजदूत) थिए। एम.वी.ए. र पीएच्.डी. का निम्ति संयुक्तराज्य अमेरिकाबाट विद्वत्वृत्तिसहितको पत्र पाएर पनि पढ्न गएनन्। आफ्नो काममा निष्ठावान् ध्रुवप्रसाद अर्ज्याल सहकारी आन्दोलनभित्र भएको नीजि स्वार्थवन्दीको होड नरुचाएर नै त्यसबाट अलगिए। त्यसपछि विराटनगर फर्किएर आफ्नो व्यवसाय सञ्चालन गर्न थाले। यद्यपि उनी त्यहाँ नगर सभासद हुँदै जिविससम्म पुगेर जनताको प्रतिनिधित्व गर्ने काम पनि गर्दै रहे। जनमतसङ्ग्रहमा (२०३६) निर्दलको पक्षमा लागेको भए पनि २०४६ पछि उनी **राष्ट्रिय जनता परिषद**मा लागेर केन्द्रीय नेतृत्व समालेका थिए। मातृका-कीर्तिनिधि विष्टको संयोजनमा रहेको उक्त पार्टी श्रीभद्रको प्रपञ्चमा नेपाली काङ्ग्रेससँग मिसिएपछि भने ध्रुवप्रसाद त्यसको विपक्षमा रहे। हाल आफूलाई राजनीतिक वृत्त वाहिर स्वतन्त्र व्यक्तित्वका रूपमा चिनाउने ध्रुवप्रसादका दुई छोरा समीर र शिरिष छन् भने छोरीहरू स्मीता र स्वेता छिन्।

श्रीमती सविता अर्ज्याल भने कवयत्रीका रूपमा जानिन्छिन्। उनको रचना **सविताका कविता** वि.सं. २०५८ मा प्रकाशित भएको छ। यद्यपि ध्रुवकी श्रीमती सविताको आकस्मिक निधन २०५७ साल भदौमा नै भएको थियो।

ध्रुवप्रसाद अर्ज्यालका रचनाहरूमा (१) **अर्ज्याल वंशावली** (२) **नेपालमा सहकारिता** (३) **पं. उदयानन्द अर्ज्याल-जीवनी र कृति**, तथा (४) **कवितासङ्ग्रह** मुख्य छन्। थुप्रै पत्रपत्रिकामा छरिएका उनका रचनाको सङ्कलन गरी पुस्तकाकार रूप दिंदा अरू थुप्रै कृतिहरू बन्न सक्दछन्।[२४९] यिनी अखवारी लेखनका सन्दर्भमा पनि उत्तिकै स्मरणीय रहेका छन्। मोफसलको पत्रकारितालाई नियाल्दा ध्रुवप्रसाद अर्ज्याल विराटनगरवाट प्रकाशित हुने **जनजीवन** पत्रिकाको सम्पादक देखिन्छन्। वि.सं. २०३९ देखि २०४४ सम्म अखबार सञ्चालन गरेको जानकारी प्रेस काउन्सिलका तत्कालीन प्रतिवेदनहरूबाट थाहा पाइन्छ।[२५०] उनको सम्पादन कलाको अवलोकन गर्न भने तत्कालीन **जनजीवन** पत्रिकाको विभिन्न अङ्कहरू नियाल्नु जरुरी हुन्छ। यिनले केही समय **पञ्चशील** दैनिक पनि सञ्चालन गरे जसमा नारद ओझा सम्पादक रहेका थिए। ध्रुवप्रसाद अर्ज्यालले ई.सं. १९६३ मा **नेपालमा जुट उद्योग** विषयमा स्नातकोत्तर शोधपत्र तयार गरेको पनि देखिन्छ।

७.४३ भैरव अर्ज्याल (जन्म : वि.सं. १९९३-मृत्यु २०३३)

भूमिनन्दका नाति होमनाथका जेठा छोरा भैरव अर्ज्याल ललितपुरको कुपन्डोलमा १९९३ असोज ५ गते विहीवार जन्मिएका थिए। तिर्थनाथ अर्ज्याल



नाम भए पनि यिनी नेपाली साहित्य जगत्मा भैरव अर्ज्यालका नामवाट परिचित छन्। पिता होमनाथ पुलिसमा लेखापाल भएपनि यिनको आर्थिक अवस्था सामान्य थियो। कुपण्डोल सर्नुअघि यिनको परिवार शङ्खमुल सत्तलमा बसेको र त्यहीँ नै भैरवको जन्म भएको थियो भनी केही बूढापाका वताउँछन् र त्यसैको स्मृतिमा भैरव भनेर वोलाउने गरिएको भन्दछन्। परन्तु उनका पिताले यो कुरा साँचो होइन, भैरव कुपण्डोलमा नै जन्मेको हो भनी वताएका छन्। कुपन्डोलको वसाईमा खर्चधान्न गाह्रो परेपछि उनीहरू गोकर्ण गएका थिए। शिक्षाको राम्रो अवसर प्राप्त नभए पनि उनले दरवार स्कूलमा

---

२४९. लेखकसँगको कुराकानीका आधारमा तयार गरिएको
२५०. प्रेस काउन्सीलका प्रतिवेदन २०३९ देखि २०४४ सम्मका विभिन्न अङ्कहरू

केही समय पढेका थिए। पछि वनारसबाट एकै चोटी मध्यमा दिए। वाल्मीकि विद्यापीठमा शास्त्री पढ्न भर्ना भए तर बीचैमा छाड्नुपर्‍यो। युवराज महेन्द्रलाई कवितामा विन्तिपत्र लेखेर परीक्षा खर्च जुटाई जाँच दिएका थिए।[२५१] यसै क्रममा उनले नर्मल तालिम लिएर शिक्षक बने। आई.ए. बी.ए. उत्तीर्ण गर्दै अन्त्यमा २०२६ सालमा आएर बल्ल त्रिभुवन विश्वविद्यालयबाट एम.ए (नेपाली) गरे। पत्रकारिता र शिक्षण व्यवसायसँग सम्वन्धित तालिम लिदैं कन्धनीडाँडा पोखरा (कास्की) इन्द्रायणी (काठमाडौं) आदि विभिन्न ठाउँमा पढाउँदै, पढ्दै र अखबारहरूमा काम गर्दै भैरव अर्ज्याल अघि बढे।[२५२] यिनी आफ्ना भाइहरूमा जेठा थिए। घरको अप्ठेरो र इष्ट मित्रको दवाव सामु वाध्यतापूर्वक बाह्रवर्षको कलिलै उमेरमा उनको विहे शोभासित भयो। दाम्पत्यको साक्षी बक्दै तीनभाई छोरा र तीन बहिनी छोरीहरू भए। छोरा दीपक, प्रकाश र शौरभ हुन् भने छोरी रश्मि, शशी र विनु छन्।[२५३] शौरभ वेपत्ता भएको हुँदा हाल दुई छोरा मात्र छन्।

भैरव अर्ज्याललले हालखवर दैनिकमा २०१५ देखिनै काम थालेका हुन्। उनी पछि त्यसको उपसम्पादक हुँदै सम्पादकसम्म भएर सेवा गरे। यही क्रममा उनले आफ्नो साहित्य रचना पनि गर्दै गए। शक्तिवल्लभबाट आरम्भ भएको हास्यशिल्पलाई कृष्णचन्द्रले हाँसो (१९९६) लेख्दै वढाएको हास्यव्यङ्ग्य साहित्यलाई उनले जुरुक्कै उचाले। उनको बारेमा तारानाथ शर्मा लेख्छन्– "झर्रा शव्दहरू प्रशस्त प्रयोग गरेर अर्ज्याललले आफ्ना निवन्धहरूलाई राम्रा वनाएका छन्। सामाजिक कुरीतिहरू तर्फ तीच्छ्ण व्यङ्ग्य गर्दै सुधारात्मक लक्ष्य लिएका उनका निवन्धहरू लोकप्रिय भएका छन्। सामाजिक स्वस्थताको स्थापना तर्फको हुटीहुटी उनका हरेक निवन्धमा पाइन्छ।"[२५४] भैरव अर्ज्यालमा समतावादी सोंच हुर्कदैं गरेको कुरालाई औंल्याउँदै भैरव रिसाल भन्छन्-गोविन्द लोहनीले लेखेका **चीनको इतिहास**, साम्यवादी साहित्य र दर्शनका स-साना पुस्तकहरूबाट उनी निकै प्रभावित भएका थिए।[२५५] यद्यपि उनलाई व्यवस्थित ढङ्गले त्यसको अध्ययन गर्ने अवसर भने प्राप्त भएको थिएन। निश्चयनै भैरव अर्ज्याल अन्याय अत्याचार र अनैतिक कार्यलाई मन पराउँदैनथे। त्यस्ता

---

२५१. रोचक घिमिरे, संझनामा फक्रिएका थुंगाहरू (ललितपुर : साझा प्रकाशन-२०५६) पृ. ३
२५२. रामजीप्रसाद अर्ज्याल, पूर्ववत् पृ. २०४
२५३. ज्योति पाण्डे, साहित्यकार भैरव अर्ज्यालको जीवनी र व्यक्तित्व अध्ययन-२०३६ (त्रिवि स्नाकोत्तर शोधपत्र) पृ. ३
२५४. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास पूर्ववत् पृ. २२४
२५५. भैरव रिसाल, मेरा साथी : भैरव अर्ज्याल **गोरखापत्र** (शनिवारीय परिशिष्ट-२०३३ कार्तिक २८ गते) पृ. ४

कृत्यहरूको आफूले सोभ्कै विरोध गर्न नसक्दा उनले हास्यव्यङ्ग्यको माध्यमद्वारा आफ्ना मानसिक उद्गारहरूलाई व्यक्त गर्न थाले।[२५६] कतिपय कुरा लेख्दा गुमनाम प्रयोग गरेर लेख्ने भैरवको विशेषता थियो। उनले अलवरभैया, आत्रेय, विष्णु शर्मा, भारवी, कुमुदिनीं नामहरूको प्रयोग गरेर थुप्रै रचनाहरू प्रकाशित गरे। भैरव अर्ज्यालका प्रमुख रचनाहरू यी हुन् :

कविता- १. **राष्ट्रिय आह्वान्** (लघुकाव्य-२०१८), २. **उपवन** (२०१८),
३. **विरही राम** (शोककाव्य-२०२०), र **फुटकर कविताहरू**

निवन्ध- १. **काउकुती**, २. **जयभुंडी**, ३. **गलबन्दी** ४. **इतिश्री** (हास्यव्यङ्ग्य)
५. **प्रवेशिका निबन्ध**

सम्पादन-१. **साभ्काकथा**, २. **साभ्का निवन्ध**, ३. **छ्याक्कन** (कवितासङ्ग्रह)

सहलेखन-१. **महेन्द्रमाला** (कक्षा ६), २. **व्यवसायिक शिक्षा** (१,२,३), रहेका छन्।

यी मध्ये कक्षा ६ को **महेन्द्रमाला** संपादन गर्ने अन्य व्यक्तिमा कोशकार वसन्तकुमार शर्मा नेपाल र रामजीप्रसाद अर्ज्याल रहेको जानकारी पाइन्छ।[२५७] त्यसो त भैरवको कलम कज्याएर आफूहरू लेखक वन्न पुगेको कुरा स्वीकार्न ठूलै आँट चाहिन्छ। तर सत्य निर्मम हुन्छ त्यसैले वात्स्यायनका वारेमा भैरव आफैं वोलेका छन् भने रामराज पौडेल र कृष्णवहादुर वर्मा पत्रकारिताको इतिहास र जापान भ्रमणको संस्मरण लेखाउने 'सहयोगी' थिए भन्ने तथ्य समकालीनहरूले अघि सार्दछन्। भैरवको विद्रोही स्वभाव कृतिमा व्यक्त हुन्थ्यो, सामाजिक जीवन त सदै सहनशील ! भन्दै रोचक घिमिरेले भैरवको मूल्याङ्कन गर्दछन्- "आफुले वुई चढाएर टुप्पोमा पुऱ्याएका कैंयौ लाटावुङ्गाहरूले आफैलाई लातहान्दा पनि प्रतिकार नगरेर वरु चोट खप्तै सहिदिनु निको मान्थ्यो ऊ।" उनले भैरवको अन्तरङ्ग कथा ज्यादै मीठोसँग अघि सारेका छन् र हास्यव्यङ्ग्यको शिष्ट संयोजन, राष्ट्रिय अन्तराष्ट्रिय विसङ्गति र विरोधाभासप्रति कठोरप्रहार, आफ्नै उखान टुक्का र उदाहरणको स्वाभाविक तथा चमत्कारिक प्रयोग, आफ्नै वरिपरिका पात्र, सत्यघटना अनि परिवेशको यथार्थ चित्रण र कहिल्यै असङ्गत नठहरिने विषयहरूको सफल चयन नै भैरव अर्ज्यालको हास्यव्यङ्ग्य लेखनका विशेपता हुन् भन्ने निष्कर्ष दिएका छन्।[२५८] समालोचक

---

२५६. दैवज्ञराज न्यौपाने, भैरव अर्ज्याल केही स्मृतिः केही टिपोट संभ्कना भैरवस्मृति अङ्क-२०३७) पृ. ५

२५७. रामजीप्रसाद अर्ज्याल पूर्ववत् पृ. २०४-२०५

२५८. रोचक घिमिरे, संभ्कनामा फक्रिएका थुंगाहरू, पूर्ववत् पृ. २ र १३

वासुदेव त्रिपाठी पनि भैरवको रचनात्मक जादु देखेर छक्क पर्छन्।[२५९] परन्तु भैरव अर्ज्याललाई शोषण गर्नेहरूले अझै पनि भैरवलाई सताइरहेकाछन् र उनको नामवाट आफ्नो पुरेत्याइँ चलाई रहेका छन्। ऊ कम्युनिष्ट थियो र थिएन भन्ने वहस उठाइरहेका छन्।

भैरवका कृतिहरूमा कविता, कथा, निवन्ध र समीक्षाहरू देखिन्छन्। दुई कविता सङ्ग्रहमा उनको अल्मल वोलेको छ, पीडा र छट्पटी वोलेको छ। सोझो र वाङ्गो वोलीमा उनको व्यक्तित्व झल्कन्छ। त्यसैले होला कतिपय व्यक्ति उनका रचना सँगै तर्सिन्थे। गोष्ठीमा पढ्नदिन पनि हिच्किचाउँथे। उनको **कुकुर स्वर्ग भयो** नामक कविता गाइजात्रा महोत्सवमा पढ्न नदिइनु यसको प्रत्यक्ष प्रमाण हो। समीक्षा विधामा हास्यव्यङ्ग्य शैलीको प्रयोग गर्ने व्यक्तिमा भैरव अर्ज्याल पहिला हुन्। उनको **दश अवतार** (२०३३) ले यस कुराको साछी वक्छ। त्यसअघि फुटकर रचनाहरू प्रकाशित भएको तर्फ हेर्दा पनि भैरवकै नाम पहिलोमा दरिन्छ। अन्य अन्वेषणमूलक समीक्षामा पनि उनको कलम दौडेको पाइन्छ। साझा कथा र साझा निवन्धको भूमिकाले यसको पुष्टि गर्दछ।

भैरव अर्ज्याल शक्तिवल्लभका सच्चा उत्तराधिकारी वन्न आइपुगेका छन्। उनलाई नेपाली हास्यव्यङ्ग्यका अग्रणी व्यक्तित्व भनी उल्लेख गरिएको पाइन्छ।[२६०] भैरवअघि कृष्णचन्द्रले हाँसो भन्ने पुस्तक लेखेर यस परम्परालाई अघि वढाएका थिए र अहिले विष्णु प्रभात, लाटोसाथी र डिल्लिराज अर्ज्यालहरू समेतले हास्यव्यङ्ग्यमा कलम दौडाएको पाइन्छ। भैरव अर्ज्यालको निधन २०३३ साल असौज १९ गते गोकर्णेश्वरनिर वाग्मतीको रहमा डुवेर भएको हो।

भैरव अर्ज्यालको स्मृतिमा भैरव पुरस्कार गुठी स्थापना गरिएको छ। वि.सं. २०४६ सालमा स्थापित यस संस्थाको पहलमा जोरपाटीमा **भैरव अर्ज्याल स्मृति भवन** निर्माण गरिएको छ। यस काममा उनकी श्रीमति शोभा तथा छोरा दीपक तथा प्रकाश अर्ज्यालको पनि गच्छे अनुसारको सरसहयोग भएको छ। आरम्भमा भने यस कामका लागि हास्यव्यङ्ग्यकार वासुदेव शर्मा लुइँटेलको टेवा महत्वपूर्ण रह्यो। पछि वसन्त रिजालको पहलमा व्यापक जन-सहयोग परिचालन गरियो। लुइँटेलले त्रिभुवन विश्वविद्यालयमा भैरव विद्वत् वृति समेत राखिदिएका छन्। अर्ज्यालको स्मृतिमा गोकर्णमा भैरवस्मृति पुस्तकालय पनि

---

२५९. वासुदेव त्रिपाठी, अर्ज्यालको इतिश्रीका सम्वन्धमा भूमिका इतिश्री (काठमाण्डौं : कौवा प्रकाशन २०२८) पृ. थ

२६०. घटराज भट्टराई, नेपाली लेखक कोश, पूर्ववत् पृ. ४५५

बनाइएको छ र जोरपाटीमा उनको सम्झनामा पार्क बनाउने योजना रहेको कुरा पनि जानकारीमा आएको छ।[२६१]

७.४४ नारायणप्रसाद उपाध्याय अर्ज्याल (जन्म : वि.सं. १९९३)

मध्य नेपालको पर्वत जिल्ला पाङ-५ मा वि.सं. १९९३ मङ्सिर २७ गते जन्मेका नारायणप्रसाद उपाध्याय अर्ज्याल नव्यव्याकरणका आचार्य हुन्। पिता कलाधर र माता शिवधराको माइला छोरा नारायणको विवाह चन्द्रकला सुवेदीसँग भएको हो। उनका दुई छोरा दिवाकर तथा महेश्वर छन्। भारतको



गोरखपुरस्थित आदर्श संस्कृत महाविद्यालयमा लामो समय प्रधानाध्यापक रहेका नारायणप्रसाद उपाध्यायका कृतिहरूमा **गिरिवरधारणा** (खण्डकाव्य-२०२०), **त्रिजन्मा** (महाकाव्य-२०५६) नेपाली र **वामनावतार** (नाटक-२०२५) संस्कृतमा प्रकाशित छन्। यस अतिरिक्त यिनका हिन्दी तथा नेपाली कविताहरूको अलगअलग सङ्ग्रह एक दर्जनभन्दा बढी देखिन्छन्। अर्ज्यालको पछिल्लो प्रकाशित कृति नेपाली भाषाको **अनमोल** (२०५९) कवितासङ्ग्रह हो। यसमा छैसट्ठी कविताहरू सङ्ग्रहित छन्। प्रत्ययवादी भावधारासँगै लोक जीवनको यथार्थ अङ्कित कविताहरूको सङ्गम बन्न पुगेको प्रस्तुत पुस्तकले उनको रचनाशिल्प शास्त्रीय छन्दकलामा आधारित देखाउँछ। अनमोल सङ्ग्रहका धेरैजसो कविताहरू सरल, सहज र रसिला देखापर्दछन्।

७.४५ कविराज अर्ज्याल (जन्म : वि.सं. १९९५- मृत्यु वि.सं. २०५९)

अर्घाखाँचीको चिदिकामा वि.सं. १९९५ मा जन्मिएका कविराज अर्ज्यालको पछिल्लो व्यक्तित्व उपन्यासकारका रूपमा देखा पर्दछ। यिनको प्रकाशित पहिलो पुस्तक **गुल्मी जिल्लाको भूगोल** (२०१८) रहेको छ। अर्घाखाँचीवाट रूपन्देही बसाइँ सरेका कविराज अर्ज्याल लामो समयसम्म शिक्षा सेवामा संलग्न रहेका थिए। यिनको साहित्यिक कृति **सम्झना** (उपन्यास-२०४७) प्रकाशित भएको छ। सामाजिक उपन्यासका रूपमा रहेको उक्त रचना पाठकहरूका लागि रोचक, मनोरञ्जक, पठनीय र सङ्ग्रहणीय रहेको विचार

२६१. स्मारिका-२०५९ (सं) रोचक घिमिरे (काठमाडौं : भैरव पुरस्कार (गुठी) पृ. २०

डिल्लिराज अर्ज्यालले दिएको लेखक परिचयमा उल्लेख छ।[२६२]

७.४६ जीतबहादुर अर्जेल (जन्म : वि.सं. १९९५)

विद्वत् परिषदसँग सम्वन्धित रहेका जीतवहादुर अर्जेलका पिता बुद्धिनाथ तथा माता लक्ष्मीदेवी हुन्। यिनको जन्म मोरङको विराटनगरमा १९९५ भदौमा भएको हो। अर्ज्यालको साधारण शिक्षा स्थानीय जनता हाईस्कूलमा भएको थियो भने उच्च शिक्षा त्रिभुवन विश्वविद्यालयमा भएको हो। यिनले वि.सं. २०१७ मा प्रवेशिका र २०२६ मा वी.ए. उत्तीर्ण गरेका हुन्। यिनको विवाह सप्तरीकी विमला प्याकुरेलसँग भयो। छ छोरीका पिता जीतवहादुरले **माधुरी मोहन** (झ्याउरे कविता), **भोको मान्छे** (कथासङ्ग्रह, २०२७), **राजनीति**, **निर्दलीय राजनीति तथा राजनैतिक उद्वेग** (२०३२) नामक रचना प्रकाशित गरेका छन्। फुटकर लेख रचनाहरू पत्रपत्रिकामा निरन्तर प्रकाशित भई आएको पाइन्छ।

७.४७ सविता अर्ज्याल (जन्म : वि.सं. १९९६-मृत्यु वि.सं. २०५७)

पूर्वप्रधानमन्त्री मातृकाप्रसाद कोइरालाकी सुपुत्री एवं अनुसन्धाता लेखक ध्रुवप्रसाद अर्ज्यालकी पत्नी सविता अर्ज्याल को जन्म वि.सं. १९९६ फागुन २७ गते विराटनगरमा भएको हो। यिनले नेपाली तथा हिन्दी भाषामा कविता रचेको देखिन्छ। सङ्गीतमा रुचिराख्ने सविता अर्ज्यालको कविता सङ्ग्रह **सविताका कविता** (२०५८) प्रकाशित भएको छ। उनको कवित्वको चर्चा गर्दा समीक्षक नरेन्द्र चापागाईंले सविताको सिर्जनशीलतामा महादेवी वर्माको छाप देखेको टिप्पणी गरेका थिए भने अर्का समालोचक हरिभक्त न्यौपानेले उनका कविता सरस भएर सलल वग्दै पाठक हृदय पगाल्न सक्षम देखिन्छन् भनेका छन्।[२६३] मूलत: अध्यात्मिक भावधारामा प्रणय गीत गाउने विशेषता उनको लेखनमा देखा पर्दछ।

---

२६२. डिल्लिराज अर्ज्याल, **सम्झना**, लेखक : कविराज अर्ज्याल (प्रकाशक : लेखक स्वयं, अर्घाखाँची-२०४७), पृ. आवरण।

२६३. सविता अर्ज्याल, **सविताका कविता** (विराटनगर : ध्रुवप्रसाद अर्ज्याल, २०५१) पृ. क

७.४८ सिद्धिबाबु अर्ज्याल (जन्म : वि.सं. १९९६)

घननाथ उपाध्या र टंकमञ्जरी देवीको जेठा छोरा सिद्धिवावु अर्ज्याल काठमाडौं कमलपोखरीमा वि.सं. १९९६ वैशाख २१ गते जन्मिएका हुन्।



रामप्रसाद दाहालका अनुसार यिनी वि.सं. १९९८ मा जन्मिए।[२६४] घटराज भट्टराई पनि १९९८ नै उल्लेख गर्दछन्।[२६५] तर यो सही होइन। यिनको शिक्षादिक्षा काठमाडौंमा भयो। पद्मोदय मा.वि.वाट २०१२ सालमा एस.एल.सी., त्रिचन्द्र कलेजवाट २०२१ सालमा आई.ए. र सरस्वती कलेजवाट २०२३ मा वी.ए. उत्तीर्ण गरेका छन्। नेपाली साहित्यमा एम्.ए. गरेका अर्ज्यालको विवाह ज्ञानु काफ्लेसँग २०२७ मा भयो। यिनका एक छोरा विनयवावु अर्ज्याल र २ छोरी छन्। केही समय अघिसम्म यी त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयमा कार्यरत थिए। यिनको मुख्य विधा कविता रहेको छ। अहिलेसम्म प्राप्त भएका पुस्तकहरूमा– **कल्पना**(खण्डकाव्य– २०२५), **भावना स्रोत** (कवितासङ्ग्रह– २०२६), **बस्छ्यौ प्रिय किन हरे शिव लाज मानी** (कवितासङ्ग्रह– २०२६), **संघर्ष** (कवितासङ्ग्रह– २०२८), **आँसुको थोपा शान्तिको खोजी** (२०५०) तथा फुटकर कथा र निवन्ध रहेका छन्।[२६६] आफूलाई सौखिन कविको रूपमा हेर्ने सिद्धिवावु अर्ज्यालको पहिलो रचना गोरखापत्रमा छापिएको थियो। उनका रचनाहरूमध्ये **आँसुको थोपा शान्तिको खोजी** आध्यात्मिक भावधाराको कविता हो। सिद्धिवावुका कविताको विश्लेषण गर्दै समीक्षक भट्टराई लेख्छन्– "उनका कवितामा मीठो भनाइ र कलात्मक अभिव्यक्ति भेटिन्छ।"[२६७] सिद्धिवावुको 'शृङ्गार काव्य सङ्ग्रह' भनिएको पुस्तकमा भीमनिधि तिवारीले कवितात्मक मन्तव्य व्यक्त गरेका छन् र 'दुई शब्द' सिद्धिचरणले लेखेका छन्। माझिएको भाषामा जवानीको उमङ्गलाई मनोरञ्जक प्रस्तुति प्रदान गर्न कवि सफल रहेको विचार उनीहरूको छ।[२६८] परन्तु संघर्ष कविता सङ्ग्रहमा भने उनी यौन प्रवृत्तिको ठीक विपरीत समाज

---

२६४. रामप्रसाद दहाल, पूर्ववत्, पृ. ३३३

२६५. घटराज भट्टराई, नेपाली लेखक कोश, पूर्ववत्, पृ. ६७६

२६६. जयदेव भट्टराई, साहित्यकार परिचय र अभिव्यक्ति, पूर्ववत्, पृ. ५२५

२६७. घटराज भट्टराई, नेपाली लेखक कोश (काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान– २०५६), पृ. ६७६

२६८. सिद्धिवावु अर्ज्याल, वस्छ्यौ पिये किनहरे शिवलाज मानी (काठमाडौं : लेखक स्वयं– २०२६), पृ. क-ख

सुधार र देशभक्तिको भावना व्यक्त गर्दछन् । कवि केदारमान व्यथितका शव्दमा 'परम्पराप्रति आशक्ति, कर्तव्यप्रति जागरुक र राजभक्तिमा आधारित भएकाले प्रस्तुत कविता निश्चय नै माटोप्रतिको ममता हो ।"[२६९]

७.४९ योगेन्द्रनाथ अर्ज्याल (जन्म : वि.सं. १९९७)

माता कृष्णकुमारी एवं पिता टीकानाथ अर्ज्यालका छोरा योगेन्द्रले वि.सं. २०१३ सालमा पद्मोदय माविवाट प्रवेशिका पास गरेपछि नेशनल कलेजवाट आई.ए. र त्रिचन्द्र कलेजवाट वीए गरे । यिनले ई.सं. १९६७ मा कानुन कलेजवाट वी.एल. गरे । ईस्वी सन् १९६९ मा त्रिभुवन विश्वविद्यालयवाट राजनीतिशास्त्रमा एम.ए. गरेपछि पत्रकारितामा संलग्न रहेका अर्ज्यालले केही समय राष्ट्रिय पुस्तकालयमा पनि काम गरे । यिनी नेपालको इतिहासमा ज्यादै उथलपुथल भएका वेला अर्थात् १९९७ पुष १३ (ई.सं. १९४० डिसेम्वर २७) गते काठमाडौं डिल्लिवजारमा जन्मेका थिए । योगेन्द्रनाथ अर्ज्यालले वि.सं. २०१७ सालमा साहित्यिक पत्रिका **रूपरेखा**को संस्थापक सम्पादक भई पत्रकारितामा प्रवेश गरेका हुन् । अर्ज्यालले वि.सं. २०२७ सालदेखि **प्रतिध्वनि** पत्रिकाको प्रकाशक एवं संपादक भएर पनि काम गरे । यिनका थुप्रै लेख रचनाहरू पत्र-पत्रिकामा छरिएका छन् । वि.सं. २०४१-०४२ मा प्रेसकाउन्सील नेपालको सदस्य भएर योगदान गरेका योगेन्द्रनाथ अर्ज्याल विषयगत लेखनमा कुशल छन् । यिनका रचनाहरू **समाज दैनिक**, **युगसम्वाद**, **देशान्तर** र **राजधानी**मा छरिएका छन् ।[२७०] योगेन्द्रले साहित्यिक पत्रकार भएर पनि काम गरेको कुरा **रूपरेखा**सँगको सम्वद्धताले दर्शाउँछ । योगेन्द्रको विवाह २०२२ मा विना ज्ञवालीसँग भएको थियो । एक छोरा अभिषेक रूसमा डाक्टरी पढ्दैछन् भने छोरी सिर्जना नेपाल टी.भी.मा समाचारवाचिका छिन् ।

७.५० बलराम अर्ज्याल (जन्म : वि.सं. १९९८)

प्रसिद्ध हास्यव्यङ्ग्यकार भैरव अर्यालका काका वलराम अर्ज्यालको जन्म वि.सं. १९९८ कार्तिक कृष्ण द्वादसीका दिन काठमाडौं– गोकर्णको अर्जेल गाउँमा भएको हो । यिनका पिता भूमिनन्दन तथा माता ठमादेवी हुन् ।

---

२६९. सिद्धिवावु अर्ज्याल (भूमिका) संघर्ष, (काठमाडौं : लेखक स्वयं– २०२८), पृ. क
२७०. प्रेसकाउन्सील नेपालको तेह्रौं वार्षिक प्रतिवेदन, २०४१-२०४२, पृ. १९१ ।

साधारण शिक्षा पशुपति माविवाट गरेपछि तत्कालीन नेशनल कलेज (हालको

शंकरदेव क्याम्पस)वाट वी.ए.सम्मको अध्ययन गरे। वि.सं. २०1४ मा मीनकुमारी मरहट्टासँग विवाह गरेपछि पाँच छोरा र एक छोरीका पिता वनेका वलरामका थुप्रै लेख-रचनाहरू विभिन्न पत्र-पत्रिकाहरूमा छापिएका छन्। **रूपरेखा, सिंहनाद, सम्भना, लता, शृङ्खला, उजेली, साहित्य, स्वास्नीमान्छे, कल्पतरु, अभिनव, गोरखापत्र** र **राजधानी** आदि पत्रिकाहरूमा उनका रचनाहरू छन्। अभिनव साहित्य समाजको उपाध्यक्ष भएर पनि वलराम साहित्यिक गतिविधिमा संलग्न रहेका छन्। यिनका रचनाहरूको सङ्कलन गरी सङ्ग्रह प्रकाशित भएमा ज्यादै वेश हुने थियो र लेखन प्रवृत्तिको विवेचना गर्न सुगम हुने थियो

७.५१ चक्रबन्धु अर्ज्याल (जन्म : वि.सं. १९९८)

स्याङ्जा जैसीडाँडामा माता मानसा र पिता प्रेमनारायणका सुपुत्रका रूपमा वि.सं. १९९८ वैशाख २५ गते जन्मेका चक्रवन्धुले वनारसवाट मैट्रिक गरी त्रिभुवन विश्वविद्यालयवाट आई.ए., वी.ए. र एम.ए. पूरा गरेका छन्। प्रशासनिक क्षेत्रमा ख्याति आर्जन गरेका अर्याल विभिन्न जिल्लामा प्र.जि.अ. र केन्द्रमा रक्षासचिवसमेत भएका थिए। उनको विवाह सितादेवी पौडेलसँग भएको थियो। एउटा छोरा सुभाप युएसएमा वस्छन् भने अर्का छोरा सन्दर्भ अमृत क्याम्पसमा केमेष्ट्रीका प्राध्यापक छन्। चक्रवन्धुका फुटकर रचनाहरू छरिएर रहेका छन्। उनले हाल व्यवसायिक रूपमा निजी विद्यालय सञ्चालन गरी वसेका छन्।

७.५२ चन्द्रराज अर्ज्याल (जन्म वि.सं. २०००)

सङ्गीत शिरोमणि यज्ञराज शर्मा अर्ज्यालका छोरा चन्द्रराज अर्ज्यालको

जन्म काठमाडौंको ज्ञानेश्वरमा भएको हो। यिनलाई सानैदेखि शिक्षा र सङ्गीतको ज्ञान हासिल गर्ने अवसर प्राप्त भएको थियो। पछि यिनले ईलाहावादवाट प्रयाग सङ्गीत समिति अन्तरगत सङ्गीत-शास्त्रमा स्नातक गरे। गायन र नृत्यका विषयविद् भई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा सङ्गीत शिक्षक तथा नेपाल सांस्कृतिक संस्थानमा सङ्गीत प्रवन्धक तथा महाशाखा प्रमुख भएर लामो समय काम गरे।

विभिन्न गीतिनाटक तथा नृत्यनाटीकाहरूमा सङ्गीत भरेका चन्द्रराजले आफ्नो आवाजमा चारवटा गीत गाएका छन्। फुटकर डेढसय जति गीतमा सङ्गीत भरेका छन् जो विभिन्न चलचित्रमा समेत समावेश छ। नेपाल कला भुषणद्वारा सम्मानित चन्द्रराज अर्ज्यालले पनि आफ्ना पिता सङ्गीतशिरोमणि यज्ञराजले झैं शर्मा लेख्ने गर्दछन्। संगीतशिरोमणि पुत्र चन्द्रराज २०४८ को छिन्नलता पुरस्कार, स्वरसम्राट स्मृतिसम्मान-२०५८, राष्ट्रिय प्रतिभा पुरस्कार २०५४ एवं साधना सम्मान-२०५५ द्वारा सम्मानित हुनुहुन्छ। चन्द्रराज शर्मा अर्ज्याललाई रेडियो नेपाल, नेपाल चलचित्र कलाकार राष्ट्रिय संघ, मञ्जुश्री संगीत महाविद्यालय, नेपाल सांस्कृतिक संघ, भानु जन्मस्थल विकास समिति तथा आह्वान समूह र छिमेकी समाजद्वारा विविध सम्मान तथा अभिनन्दन गरिएको पाइन्छ। उनका छोरा सुदेश शर्मा पनि गायक छन्। सुदेशले ताराभित्र र पथिकनामक गीतिचक्काहरू प्रकाशित गरेका छन्।

७.५३ डा. मुकुन्दराज अर्ज्याल (जन्म : वि.सं. २००० पौष)

सुब्बा एकराज अर्ज्याल र होमकुमारी अर्ज्यालका सुपुत्र मुकुन्दराज

सुब्बा एकराज अर्ज्याल

अर्ज्याल वि.सं. २००० पौष ८ गते काठमाडौं गैरीधारामा जन्मिएका हुन्। उनका पिता राजदरवारमा मुख्यअडिटर रहेको हुँदा सानैदेखि शिक्षाको उचित अवसर पाए। त्रिभुवन विश्वविद्यालयवाट एम.ए. गरेका मुकुन्दराज अर्ज्यालले भारतको काशी हिन्दु विश्वविद्यालय वनारसवाट पी.एच.डी. गरेका छन्। उनले **नेपालमा सूर्यपूजा र मूर्तिहरू** विषयमा विद्यावारिधि गरेका हुन्। उनको यो शोध-प्रवन्ध प्रकाशित छैन। पूर्व एस.पी. हरिहरप्रसाद खनालकी छोरी सवितासँग मुकुन्दको विहे भएको थियो। उनका १ छोरा त्रैलोक्य अर्ज्याल (चीनको वेइजिङ विश्वविद्यालयमा अध्ययनरत) र एक छोरी श्री अर्ज्याल छन्। मुकुन्दराज अर्ज्याल संस्कृतिविद्का रूपमा परिचित मात्र हैन, त्रिभुवन विश्वविद्यालयमा २०५८ पुसदेखि केन्द्रीय संस्कृति विभागका प्रमुख भएर सेवारत छन्। उनीद्वारा रचित एवं अनूदित महत्त्वपूर्ण कृतिहरू यसप्रकार छन्–

१. **नेपाल** (तीनभाषामा सहलेखन–अङ्ग्रेजी, फेन्च र जर्मन, इ.सं. १९७४)
२. **ए कल्चरल मोनोग्राफ अफ शंखमूल** (अङ्ग्रेजीमा, इ.सं. १९८९)
३. **सेक्रेट ग्रोभ अफ लुम्बिनी हिस्टोरिकल एण्ड आर्कियोलजिकल सिग्निफिकेन्स** (अङ्ग्रेजीमा, १९८९)

४. ए डिस्क्रिप्टिभ क्याटलक अफ बुद्धिष्ट आर्ट कलेक्सन अफ द नेशनल म्युजियम अफ नेपाल (अङ्ग्रेजीमा, इ.सं. १९९८)
५. सर्भे अफ नेपलिज स्क्लप्चर (सहलेखन– लैनसिंह वाङ्देल र तारानन्दसँग, वि.सं. २०५५)
६. पाटन सङ्ग्रहालय एक चिनारी (नेपालीमा अनुवाद, वि.सं. २०५९)
७. धर्मकोश सङ्ग्रह (अमृतानन्दको अनुवाद– नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानवाट प्रकाशित, वि.सं. २०५९)

उनले संस्कृतिका क्षेत्रमा गरेको योगदानलाई हेरेर फ्रान्सले पाम्स डे एकेडेमीनामक पदक प्रदान गरेको छ र त्रिभुवन विश्वविद्यालयवाट राष्ट्रिय शिक्षा पुरस्कार तथा दीर्घ सेवा पदक पाएका छन्। उनको व्यक्तित्व चर्चा गर्दा 'संस्कृतिका प्रामाणिक विद्वान्' भन्दै घटराज भट्टराईले– "अन्वेषण प्रधानलेख रचनाहरू प्रामाणिक रूपमा प्रस्तुत गर्नु उनको विशेषता हो।" भनेका छन्।[२७१]

प्रा. डा. मुकुन्दराज अर्ज्यालले नेपाली साहित्य कोश तयार गर्ने काममा पनि योगदान दिएका छन्। उक्त कोशका लेखकहरूमा उनको पनि नाम उल्लेख छ।[२७२] त्यसैगरी योगिनरहरिनाथ अभिन्दन ग्रन्थको सम्पादन कार्यमा पनि उनी संलग्न रहेको जानकारी त्यस ग्रन्थको सम्पादक मण्डलको नामावलीवाट थाहा लाग्दछ। पिट्जर कलेज, नारोपा इन्स्टिच्युट, युनिभर्सिटी अफ लाउसान, आइदाहो युनिभर्सिटी, न्यू कलेज अफ सानफ्रान्सिस्को, विस्कन्सीन युनिभर्सिटी जस्ता अमेरिकी एवं युरोपेली शैक्षिक संस्थाहरूका नेपालमा हुने सबैजसो गोष्ठीहरूमा भाग लिएका छन्। अतिथि प्राध्यापक भएर डा. मुकुन्दराज अर्ज्यालले नेपालको नाम राखेका छन् र उनलाई स्वदेश र विदेशका थुप्रै भाषाहरूको पनि ज्ञान छ, जसमा नेपाली, अङ्ग्रेजी, हिन्दी, संस्कृत र नेवारी मुख्य छन्।



मुकुन्दका कृतिहरूको विवेचना गर्ने क्रममा पछिल्ला प्रकाशनको नै अलि वढी चर्चा भएको पाइन्छ। उनले अनुवाद गरेको पं. अमृतानन्द शाक्यको धर्मकोश संग्रहको नेपाली अनुवादका सम्वन्धमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले भनेको छ– "यसको प्रकाशनवाट संस्कृतमा दखल नभएका तर बौद्ध

२७१. घटराज भट्टराई, नेपाली लेखककोश, (काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान– २०५६), पृ. ४८८
२७२. नेपाली साहित्य कोश सम्पादक– ईश्वर वराल, कृष्णचन्द्रसिंह प्रधानसमेत, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान– २०५५), पृ. ३

संस्कृति, मूर्तिविज्ञान र बौद्ध मूर्तिहरूको अध्ययनमा जिज्ञासा राख्ने नेपाली पाठकहरू प्रशस्त लाभान्वित हुने आशा गर्न सकिन्छ। प्रस्तुत पुस्तक धेरै वर्ष अगावै प्रकाशित भइसक्नुपर्नेमा विविध कारणवश अहिले प्रकाशित हुँदैछ।"[२७३] दक्षिण एशियाका सवभन्दा राम्रा संग्रहालयहरूमध्येको एउटा– पाटन संग्रहालयका वारेमा, त्यहाँ रहेका मूर्ति, चित्र, टुँडाल तथा औजारहरूको वारेमा मेरी एस. सल्सरद्वारा लेखिएको अङ्ग्रेजी मूलको पुस्तकलाई नेपालीमा दुरुस्तै अनुवाद गरिएको **पाटन संग्रहालय एक चिनारीले** सर्वसाधारण नेपालीलाई आफ्नै देशको राष्ट्रिय कला चिन्न सजिलो वनाएको छ। उनको अनुवाद सरल, सहज र वस्तुगत देखिन्छ। समग्रतामा भन्दा एउटा संस्कृतिविदको व्यक्तित्वमा परिचित डा. मुकुन्दराज अर्ज्याल हामी सवैले गौरव गर्न लायक प्रतिभा हुन्।[२७४]

७.५४ दीपक अर्ज्याल (जन्म : वि.सं. २००१)

सुप्रसिद्ध विद्वान् पं. उमानाथ अर्ज्यालका नाति एवं गोपालकृष्ण तथा खेमकुमारीका छोरा दीपक अर्ज्यालको जन्म काठमान्डूको नयाँसडक टोलमा वि.सं. २००१ साल वैशाख ७ गते (इ.सं. १९४४ अप्रैल १९) भएको हो। साधारण शिक्षा-दीक्षा जेपी हाईस्कूलवाट आरम्भ गरी पद्मोदय मा.वि. पुतलीसडकवाट एस.एल.सीं. दिएका दीपकले त्रिचन्द्रकलेजवाट आई.ए. तथा वी.ए. गरे र वि.सं. २०२६ मा त्रिविवाटै राजनीतिशास्त्रमा एम.ए. उत्तीर्ण गरे। दीपकको विवाह २०२१ साल असारमा दीपा खनालसँग भयो। पाटन कलेजमा प्राध्यापक भई शिक्षा सेवामा प्रवेश गरेका दीपक अर्ज्यालले पं. रामनाथ आचार्यको अनुरोधमा वाल्मीकि विद्यापीठमा पनि राजनीतिशास्त्र पढाउन थाले। पढाउँदा पढाउँदै उनको ध्यान पत्रकारितातर्फ गयो र स्वस्थ पत्रकारिताको विकासका लागि दक्ष जनशक्ति तयार गर्ने अभिप्रायले वि.सं. २०२८ मा नेपालमै पहिलोपल्ट पत्रकारिता विषयको पठनपाठन गर्ने-गराउने कलेज–स्कूल अफ जर्नालिज्म खोले। पत्रकारिता विषयको पाठ्यक्रम विकास गर्ने समितिमा रहेर काम गर्दागर्दै 'नयाँ शिक्षा' लागू भयो र उनले स्थापना गरेको निजी विद्यालय सञ्चालन गर्न दिइएन। त्यसपछि उनी प्राध्यापन समेत छाडेर अनुसन्धान

---

२७३. अमृतानन्द शाक्य, 'प्रकाशकीय', धर्म कोश सङ्ग्रह अनु. मुकुन्दराज अर्ज्याल (काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५९), पृ. प्रकाशकीय

२७४. मेरी एस. सल्सर, पाटन संग्रहालय एक चिनारी अनु. मुकुन्दराज अर्ज्याल (ललितपुर : पाटन संग्रहालय, २०५९),

कार्यतर्फ अग्रसर भए ।

स्कूल अफ जर्नालिज्मकै प्रकाशकत्त्वमा उनले नेपालको बौद्धिक इतिहासमै पहिलोपल्ट हु इज हु (इ.सं. १९७२) नामक व्यक्तित्ववृत्तको परिचय दिने पुस्तक प्रकाशित गरे । त्यो दुई संस्करण निस्कियो, पछि त्यसको नाम परिमार्जन गरेर **नेपाल : हु इज हु** गरियो । त्यसको परिमार्जित संस्करण पनि दुईपल्ट प्रकाशित भइसकेको छ। अङ्ग्रेजी भाषामा तयार गरिएको यस प्रकारको व्यक्तित्व परिचय-ग्रन्थमा यो पहिलो हो । यसको प्रकाशनपछि नै नेपालमा व्यक्तित्ववृत्त (वायोडाटा) को प्रचलन अघि बढ्यो । दीपकले नै सार्क राष्ट्रहरूमा सर्वप्रथम महिलाहरूको अवस्था र व्यक्तित्व चिनाउने पुस्तक **सार्क उमन नेपाल** पनि तयार गरे । इ.सं. १९९० मा प्रकाशित उक्त पुस्तकले नेपाली नारीहरूको अवस्थासँगै उनीहरूको समताका लागि अग्रसर महिला व्यक्तित्वहरूलाई अगाडि ल्यायो । झण्डै तीनसय महिलाको चिनारी समावेश उक्त पुस्तकमा मूलतः पञ्चायतकालीन परिवेशको झलक पाइन्छ । नेपाल वाहेक अन्य सार्क राष्ट्रले त्यस्तो पुस्तक निकालेको देखिंदैन । त्यसरी नै दीपकले नेपालको विकास दर्शाउने **जिल्ला पार्श्विका** (Profile) अङ्ग्रेजी भाषामा तयार गरी नेशनल रिसर्च एशोसियट्सद्वारा प्रकाशित गरे । उनी त्यस संस्थामा आठ वर्ष अध्यक्ष रहे । यस संस्थाले **स्कूल डिक्सनरी** र **सरल विज्ञान परिचय** जस्ता छात्रोपयोगी पुस्तकहरू पनि प्रकाशित गऱ्यो । यसपछि हालसम्म नै सञ्चार विकास अनुसन्धान केन्द्र (रिकोड–RECOD) का निर्देशक तथा वेदनिधि पुरस्कार प्रवन्ध समितिका सभापति रहेका दीपक अर्ज्याल– जान्नेलाई श्रीखण्ड नजान्नेलाई दाउरा सरहका व्यक्तित्व हुन् । उनले खाईपाई आएको जागिर छाडेर नेपाल तथा नेपालीको पहिचान विश्वसमुदायसामु पुऱ्याउने अथक प्रयत्न जारी राखेका छन् । दीपकले आरम्भ गरेका थुप्रै कामहरू आज धेरै मानिसले व्यवसायिक ढङ्गबाट नाफाका लागि सञ्चालन गरेको देख्न पाइन्छ तर उनको सम्झना र सम्मान गर्ने मानिस भने कमै मात्र भेटिन्छन् । उनका एक छोरा किशोर अर्ज्याल इन्जिनियर छन् ।

७.५५ दीनबन्धु अर्ज्याल (जन्म : वि.सं. २००१)

स्याङ्जा जैसीडाँडाका खेमनारायण अर्ज्यालको काइँली श्रीमती पवित्रादेवीका छोरा दीनवन्धु अर्ज्याल गण्डकी अञ्चलका प्रतिभा हुन् । यिनी मूलतः राजनैतिक व्यक्तित्व देखिन्छन्, तर दीनवन्धु साहित्यिक स्रष्टा पनि हुन् । दीनबन्धु अर्ज्यालको मुख्य रचनामा **तृष्णा** (२०५८) कविता सङ्ग्रह प्रकाशित भएको पाइन्छ । चिन्तनप्रधान लेख लेख्ने, विश्लेषणात्मक शैली अँगाल्ने खूवी यिनमा छ । दीनवन्धु अर्ज्यालको जन्म सन् १९४४ उल्लेख भए पनि, आफैंले

लेखक परिचय दिंदा २००१।८।२३ उल्लेख गरेपनि स्याङ्जा करेन्डाडा- ३ मा वि.सं. १९९७ मंसिर २६ गते जन्मेका हुन्। घटराजका अनुसार यिनको प्रकाशित पुस्तक बाजश्रवस (२०५४) पनि देखिन्छ।[२७५] वी.एच्. यु.वाट वी.ए. गरी त्रिभुवन विश्वविद्यालयवाट एम.ए. (२०३६) विएल (२०३२) सम्मको अध्ययन गरेका अर्ज्यालको राजनैतिक संलग्नता नेपाली काङ्ग्रेससँग रहेको छ। **नेपालमा प्रजातान्त्रिक समाजवाद** (२०४५) उनकै सम्पादनमा प्रकाशित छ। उनी जनआन्दोलनवाट संसदको

पुन:स्थापना भएपछि सहायक मन्त्री (२०४८-०५१) भएका थिए। दीनवन्धु अर्ज्यालले विभिन्न पत्रपत्रिकाहरूमा विषयगत रचना लेखेको पाइन्छ। विशेष गरी धर्म, संस्कृति र राजनीतिका वारेमा उनका निवन्ध तथा प्रवन्धहरू केन्द्रित रहिआएका छन्। **यम** (खण्डकाव्य) र **उडान** (महाकाव्य) अप्रकाशित छन्। यिनको विवाह शिवा खनालसँग २०१२ मा भयो। दीनवन्धुका विनयवावु अर्ज्याल र जयन्ती नामक एक छोरा र एक छोरी छन्।

७.५६ निर्मलकुमार अर्ज्याल (जन्म : वि.सं. २००१)

पुष्पराज शर्मा अर्ज्याल र कैवल्यकुमारीको छोराका रूपमा काठमाडौंको यट्खामा जन्मेका निर्मलकुमार अर्ज्यालको वारेमा विभिन्न ठाउँमा फरक फरक जन्मस्थान उल्लेख गरिएको पाइन्छ। प्रेस काउन्सील प्रतिवेदनमा जन्मस्थान जनकपुर वताइएको भए पनि निर्मलको जन्मस्थान काठमाडौं हो। यिनी इ.सं. १९४३ मार्च ३ मा जन्मेका हुन्। त्यस अघिका सन्तान नरहेको हुँदा उनलाई जनकपुर आफन्त कहाँ राखेर हुर्काइएको थियो। प्रारम्भिक



शिक्षा दीक्षा त्यहीं भयो र जनकपुरकै सरस्वती मा.वि.वाट एस.एल.सी.को परीक्षा पनि उतीर्ण गरे। त्रिचन्द्र कलेजवाट वी.ए. गरेपछि उनले त्रि.वि.वाट एम.ए. र एल.एल.एम. गरे। श्रीमति कान्तासँग विवाह गरे पछि एउटा छोरा नीरज जन्मेका छन्।

निर्मलकुमार अर्ज्याल नेपालको पत्रकारिताका क्षेत्रमा स्थापित नाम हो। यिनले वि.सं. २०२७ देखि **एशियाली आवाज** नामक पत्रिका सञ्चालन गरेका

---

२७५. घटराज भट्टराई, लेखक परिचयकोश, पूर्ववत्, पृ. ३०२

थिए। वि.सं. २०३९-२०४० तिर नेपाल पत्रकार संघको केन्द्रीय सभापति भएर देशभरिका पत्रकारहरूलाई संगठनात्मक नेतृत्व पनि प्रदान गरेका हुन्। छात्र आन्दोलनमा सक्रिय भई स्ववियुको संस्थापक वन्न पुगेका अर्ज्याल त्रिभुवन विश्वविद्यालय युनियनको प्रथम सभापति पनि भएका थिए। यिनी प्रेस काउन्सीलमा दुई कार्यकालसम्म (२०३९ देखि २०४२) सदस्य रहेका थिए।[२७६] राजा वीरेन्द्रको राजकीय युरोप भ्रमण टोलीमा सहभागी भएर गएका थिए। निर्मलकुमार अर्ज्यालको सम्पादनमा **एशिया टुडे** पत्रिका पनि केही समय प्रकाशित भएको देखिन्छ। हाल यिनी नेपाल कानुन क्याम्पसमा प्राध्यापन गर्दछन्। यिनले लेखेका थुप्रै रचनाहरू पत्रपत्रिकामा छरिएर रहेका छन्। पुस्तकका रूपमा भने **बेसिक स्ट्रक्चर अफ द कन्टिच्यूसन अफ दी किङ्डम अफ नेपाल** (अङ्ग्रेजी-ई. १९९०) रहेको छ। **निर्वाचन कानुन : मूल्य र मान्यता**, तथा प्रेस ऐन सम्बन्धी लेखहरू उनका अन्य उल्लेख्य तर छरिएका रचनाहरू हुन्।[२७७] हाल उनी हाडिगाऊँ पञ्चधारा नजिकै रहेको धनगणेश मन्दिर माथिपट्टि वसोवास गर्दछन्।

७.५७ मदनप्रसाद अर्ज्याल (जन्म : वि.सं. २००२ फागुन)

पण्डित तुलसीराम र भक्तकुमारीका छोरा मदनप्रसाद अर्ज्यालको जन्म

काठमाडौंको मनमैंजु वालाजुमा वि.सं. २००२ साल फागुन ९ गते भएको हो।[२७८] प्रारम्भिक शिक्षा घरमै पिताजीका साथ ग्रहण गरेपछि दरवार हाईस्कुल काठमाडौंवाट २०१९ मा एस.एल.सी. उत्तीर्ण गरे। वाराणासेय संस्कृत विश्वविद्यालयवाट २०२३ मा शास्त्री गरेपछि त्रिभुवन विश्वविद्यालयवाट नेपालीमा एम.ए. (२०२७) र चण्डीगढवाट २०३२ मा जनप्रशासनमा पुनः एम्.ए. गरेका मदनप्रसाद अर्ज्यालले २०३२ मैं त्रिभुवन विश्वविद्यालयवाट कानुनमा पनि स्नातक गरेका छन्। २०२० सालमा उनको विवाह मुक्तिनाथ चालिसेकी छोरी रमादेवीसँग भएको थियो। यिनका सन्तानमा दुई छोरा दिनेश तथा प्रवेश एवं एक छोरी रन्जु रहेका छन्।

मदनप्रसाद अर्ज्यालका प्रकाशित पुस्तकमा **सजिलो गीता** (२०५७)

---

२७६. प्रेसकाउन्सीलको प्रतिवेदन, (११औं, १२औं, १३औं अंकहरू (२०३९-२०४२ का आधारमा) पृ. २३४ पृ १८६

२७७. लेखकसँगको कुराकानीमा व्यक्त जानकारी

२७८. मदनप्रसाद अर्ज्याल, एभरेष्ट गीता (काठमाडौं : श्रीमति रमादेवी अर्ज्याल-२०५२), पृ. ४४८

भर्तृहरिका (२०५५) एभरेष्ट गीता (अङ्ग्रेजी भाषामा २०५२) व्यवहार, नीति, सेवा नीति र कूटनीति (२०५५) रहेका छन्। घटराज भट्टराई "मदनले संस्कृत नवुभ्नेका लागि महत्त्वपूर्ण काम गरेको" बताउँदै "श्रीमद्भगवत गीता"लाई नेपाली हिन्दी र अङ्ग्रेजीमा रूपान्तरण गर्नु राम्रो काम मान्दछन्।[२७९] सरकारी सेवामा कार्यरत मदनप्रसाद अर्ज्याल हाल रक्षा सचिव छन्। उनलाई 'त्रिशक्ति पट्ट' र गोदवा (तेस्रो)बाट सम्मानित गरिएको छ। रुद्रीको पुस्तक (२०५९), नेपालीमा अर्थ खुलाएर लेख्ने, मदन अर्ज्यालले चाणक्यको जीवनी र नीति (२०५९) नामक पुस्तक पनि प्रकाशित गरेका छन्। साहित्य साधनामा यिनको जीवन-दर्शन प्रत्ययवादी रहेको छ। विशेषगरी संस्कृत साहित्यको अध्यात्मिक भाव-सागरलाई नेपालीवीच फैलाउन तल्लिन रहेको देखिन्छ। सामाजिक कार्यतर्फ पनि मदन अग्रसर छन्। उनले वरुण क्याम्पस (खाँदवारी), मनकामना वृद्धाश्रम (तुम्लिङटार) र तरुण मा.वि. (वालाजु)को स्थापना गरेका छन्। कवित्त्व कलाको पक्षवाट हेर्दा उनले नेपाली भाषामा गरेको गीतानुवाद सजिलो गीतालाई नै अघि सार्नुपर्ने हुन्छ। यद्यपि त्यसमा केही छन्दोभङ्ग पाइए पनि नेपालीमा पढ्न चाहनेका निम्ति मद्दत नै पुग्दछ। 'एभरेष्ट गीता'ले भने विदेशी पाठकहरूका निम्ति गीताको विषय वोध गर्न सहज वनाएको छ र एउटै पुस्तकलाई चार भाषामा पढ्ने मिठो अवसर दिएको छ। मीठो वोली र मिलनसार व्यवहार अर्ज्यालको विशेषता हो।

७.५८ माधवप्रसाद अर्ज्याल (जन्म वि.सं. २००२)

काठमाडौंको वौद्धमा वि.सं. २००२ श्रावण १७ गते वुधवार जन्मेका माधवप्रसाद अर्ज्याल वाणिज्य शास्त्रका ज्ञाता मानिन्छन्। यिनका पिता गोपीप्रसाद र माता सुभद्रादेवी हुन्। अर्ज्यालले त्रिभुवन विश्वविद्यालयवाट एम.कम. उत्तीर्ण गरेका छन्। यिनले नेपालको बैङ्किङ पद्दति (२०५३) र बैङ्किङ कानुन (२०५६) नामक दुई पुस्तक प्रकाशित गरेका छन्।[२८०] चावहिलको पशुपति हाइस्कूलवाट २०१९ मा एस.एल.सी. दिएका अर्ज्याल उच्च शिक्षा हासिल गरेपछि लामो समयसम्म राष्ट्र वैंकमा कार्यरत रहे र सहायक मुख्य प्रवन्धक छँदा अवकाश लिएका हुन्। माधवको विवाह पण्डित जुननाथकी छोरी मीनासँग भएको थियो र उनका छोरा विभु अर्ज्याल कम्प्युटर इन्जिनियर छन्।

७.५९ रामप्रसाद अर्ज्याल (जन्म : वि.सं. २००२)

काठमाडौंको वालुवाटारमा वि.सं. २००२ माघमा जन्मिएका रामप्रसाद

---

२७९. घटराज भट्टराई, नेपाली लेखक कोश, पूर्ववत्, पृ. ४६४

२८०. पुस्तकहरूको सूचीपत्र (काठमाडौं : पैरवी प्रकाशन) पृ. २

अर्ज्याल डिल्लीनाथ तथा एककुमारी अर्ज्यालका छोरा हुन्। यिनको प्रारम्भिक शिक्षा लैनचौरस्थित शान्तिविद्यागृहमा भएको हो। वि.सं. २०२१ मा प्रवेशिका उत्तीर्ण भएपछि यिनले त्रिविवाट एम.ए. (अपूर्ण) सम्मको उच्च शिक्षा हासिल गरे। रामप्रसादको विवाह मञ्जु रेग्मीसँग भयो। यिनका तीन छोरा लव, सरोज, सतिश र एक छोरी सरिता छन्। प्रत्ययवादी दर्शनमा आवद्ध रहेका उपन्यासकार रामप्रसाद अहिले साइवावाको भक्त वनेका छन्। यिनका तीनवटा उपन्यास प्रकाशित छन्। **चाकरी** (२०३९), **अभिशाप** (२०४०) र **असन्तुलन** (२०४३) नामक यी पुस्तकहरूमध्ये **चाकरी** साझा प्रकाशनवाट निस्केको देखिन्छ। रामप्रसाद अर्ज्यालले **काठमाण्डू शहरको आप्रवासन अवस्थावारे** (इ.सं. १९९६) अध्ययन गरेको देखिन्छ, परन्तु उपन्यासलेखक रामप्रसाद र अनुसन्धाता एउटै व्यक्ति होइनन्। उपन्यासकार रामप्रसाद अर्ज्यालको अप्रकाशित कृतिका रूपमा थप दुई उपन्यास तथा एक कविता सङ्ग्रह रहेको छ। अर्का एकजना रामप्रसाद अर्ज्याल गोरखाका हुन् र उनको नागरिक तथा नैतिक शिक्षा नामक पुस्तक (कक्षा ६ देखि ८ सम्म) सहलेखनमा प्रकाशित छ। ती यी उपन्यासकार होइनन्, अर्कै हुन्।

७.६० सावित्री अर्ज्याल (वि..सं. २००२)

आमा मानकुमारी तथा वावु बसन्तवहादुर सिल्वालकी सुपुत्री सावित्री

सिल्वाल हाल अर्ज्यालको जन्म ई.सं. १९४५ जुलाई १६ का दिन काठमाडौं गोदावरी गाउँमा भएको हो। उनी शुरू-शुरूमा सावित्री सिल्वालका नामवाटै कविताहरू लेख्दथिन्। उनले लेखेको नाटक **कल्पना** (२०२१) को चर्चा तानाशर्माले नेपालीको साहित्यको इतिहासमा पनि गरेका छन्।[२८१] फुटकर कविता लेख्ने सावित्री अर्ज्यालको उल्लेख घटराज तथा जयदेव भट्टराई र रामप्रसाद दाहालहरूले लेखक परिचयमा नगरेको भए पनि उनले अनुवाद गरेको शरद्चन्द्र चट्टोपाध्यायको **देवदास** उपन्यास नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानवाट ई.सं. १९६४ मा प्रकाशित छ। पाटन क्याम्पसमा इतिहास, संस्कृति र पुरातत्त्व पढाउने सावित्री अर्ज्यालले

२८१. तानाशर्मा, नेपाली साहित्यको इतिहास, पूर्ववत्, पृ. २१५।

त्रिभुवन विश्वविद्यालयबाट एम.ए. र बी.एच.यु.बाट २०५८ मा चेपाङ जातिको रीतिरिवाज र संस्कार विषयमा पी.एच्.डी. गरेकी छिन्। नेपाली नारी आन्दोलनमा समेत सक्रिय रहेकी सावित्रीको विवाह इन्जिनीयर भूपेन्द्रबहादुर अर्ज्यालसँग २०२९ मा भएको हो। उनका दुई छोरा र दुई छोरी छन्।

७.६१ स्नेहप्रभा अर्ज्याल (जन्म : वि.सं. २००२)

विभिन्न पत्रपत्रिकामा फुटकर लेख रचनाहरू प्रकाशित भइरहने स्नेहप्रभा अर्ज्याल मुकुन्द ढुंगेलकी बहिनी एवं सहायक रथी– शिवप्रसाद शर्मा अर्ज्यालकी पत्नी हुन्। स्नेहप्रभा अर्ज्यालको **संस्कृति तथा पुरातत्त्व** (२०४५) नामक शोधप्रबन्ध पाइन्छ। पद्मकन्या कलेजमा प्राध्यापन गर्ने अर्ज्यालले संस्कृति विषयमा एम.ए. गरेकी छिन्। सैनिक अधिकृत श्रीमति संघद्वारा प्रकाशित वार्षिक पत्रिका **सेवा सुमन**को संपादक भई वि.सं. २०४० देखि २०५२ सम्म कार्यरत रहेकी स्नेह प्रभाको **सिपाही** तथा **गरिमा** आदि पत्रिकामा प्रशस्त फुटकर रचना छरिएको छ र तिनीहरूलाई बटुलेर पुस्तक बनाउनुपर्ने लेखकीय कर्तव्य बाँकी रहेको देखिन्छ। हाल विद्यावारिधिका निम्ति क्रियाशील स्नेहप्रभा पश्चिम नेपालका कठरिया र दगौरा थारूहरूको तुलनात्मक अध्ययन गरिरहेकी छन्।

७.६२ डा. विष्णुराज आत्रेय (जन्म : वि.सं. २००३)

रश्मिराजका नाति देवराज अर्ज्यालका छोरा विष्णुराज आत्रेय (अर्ज्याल)को जन्म रश्मिनिलय, कपिलवस्तुमा वि.सं. २००३ साल असोज १५ गते मंगलवार (१।१०।१९४६ ई.सं.) माता शारदाबाट भएको हो। यी सानैदेखि मेधावी थिए। पिता तौलेश्वरनाथ संस्कृत पाठशालाका शिक्षक रहेका राम्रा विद्वान् हुनाले विष्णुराजलाई सानैदेखि शिक्षाको सुअवसर प्राप्त भयो। उनको प्रारम्भिक शिक्षादीक्षा पिता देवराज तथा पितामह विद्वत्वर रश्मिराजबाट र खिदिमस्थित हरिहर पाठशालामा भयो। त्यसपछि उनी भारत गएर पढे। बनारसको काशी हिन्दु विश्वविद्यालयबाट सांख्य-योग-पुराण-इतिहासमा शास्त्री गरिसकेपछि बनारसकै सम्पूर्णानन्द विश्वविद्यालयबाट व्याकरणमा आचार्य गरे। त्रिभुवन विश्वविद्यालयबाट नेपाली र राजनीति शास्त्रमा एम.ए. गरे। यिनको बिहे वि.सं. २०३१ सालमा गुणेश्वरी आचार्यसँग भयो। उनी अहिले आर्या आत्रेयको नामबाट परिचित छिन्। आर्या पनि पढेलेखेकी नारी हुन्। उनले पनि संस्कृतमा मध्यमासम्म पढेको हुँदा र परिवार पूरा पण्डितघराना भएकाले

वोलचालको भाषा नै संस्कृत वनेको छ। आफ्ना माता-पिताका पाँच भाइमध्ये विष्णुराज आत्रेय जेठा हुन्। उनका भाइ सोमनाथ अर्ज्याल डाक्टर छन्। छोरा-छोरी पनि अध्ययनशील निस्किएका छन्। जेठी छोरी अलका आत्रेय संस्कृत वाङ्मयकी वालविदुषीका रूपमा परिचित नै छिन् र कान्छी प्रिती पनि महिला ज्योतिर्विदका रूपमा परिचित छिन्। माइली आज्ञा भने आई.ए.मा पढ्दै छिन्।[२८२] सबैको विवाह भइसकेको छ। आत्रेयका दुई छोराहरू आलोक र अलङ्कार हाल अध्यनरत नै रहेका छन्।

डा. विष्णुराज आत्रेय छात्र जीवनदेखि नै साहित्य सिर्जनामा संलग्न रहे। उनले त्यस अवधिमा **छात्रप्रभा** (२०२३) (नेपाली छात्र परिषद वाराणशीको मुखपत्र) **गौतम** (२०१८) र **कपिलवस्तु** (२०१७) पत्रिका सम्पादन गरेका थिए। उनी संस्कृत भाषाका साथै नेपाली र हिन्दीमा पनि लेख्छन्। उनको सिर्जनाभित्र कविता, आख्यान, अनुसन्धान र हास्यव्यङ्ग्यसमेत छन्। लघुसमीक्षादेखि लामा समालोचना पनि उनको लेखनमा देख्न पाइन्छ। अखवारी लेखनका साथै अध्यापकीय लेखनमा उनको कलम सरोवरी दगुर्छ। यिनको साहित्यिक नाम **लाटोसाथी** हो।[२८३] महेन्द्र संस्कृत विश्वविद्यालयका स्थायी प्राध्यापक रहेका आत्रेय केही समय बी.एच.यु. र सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय काशीमा अतिथि प्राध्यापक पनि रहे।[२८४]

आफूलाई लाटोसाथी भने पनि अत्यन्तै वाठाविद्वान् विष्णुराज आत्रेयले नेपाली भाषा साहित्य भण्डारमा दिएका कृतिहरू यसप्रकार रहेका छन्– **कपिलवस्तु** (खण्डकाव्य-२०२४) **ढाक्रे** (खण्डकाव्य-२०२४) **हामी भित्रका म** (उपन्यास-२०३६) **आऊ गाऔं एकसाथ** (अनूदित-कविता सङ्ग्रह-२०३६) **हिमालयो नाम नगाधिराज** (नेपाली पृष्ठभूमिमा कालीदास विषयक अध्ययन अनुसन्धान-२०४२) **भू-भाषिकी** (क्षेत्रीयभाषा-२०४१) **अर्ज्याल वंशावली र कुलवृत्त** (शोध-२०४२) **अथातो जलान जिज्ञासा** (हास्यव्यङ्ग्य-२०५९) **भेटेका पुस्तक टिपेका कुरा** (समीक्षात्मक निवन्ध-२०५९) **कवितामा लाटोसाथी** (कवितासङ्ग्रह-२०५९) जस्ता कृति छन्। संस्कृत भाषा साहित्यको भण्डारमा

---

२८२. पारिवारिक स्रोतवाट प्राप्त जानकारी
२८३. घटराज भट्टराई, नेपाली लेखक कोश, पूर्ववत् पृ. ५७७
२८४. रामजीप्रसाद अर्ज्याल, पूर्ववत् पृ, १५२

उनले थपेका सिर्जना हुन्– किमुपहरामी (कविता सङ्ग्रह-२०३७) सरला (उपन्यास-२०३६) व्यथाविधा (खण्डकाव्य-२०३८)। असंख्य फुटकर रचना पत्र-पत्रिकाहरूमा छरिएर रहेको हुँदा उनको लेखनका बारेमा यथोचित विवेचना र विश्लेषण भएको छैन। तरपनि विष्णुराज आत्रेय, लाटोसाथी जो छन् ती शैलीका दृष्टिले स्तरीय र विषयवस्तुको संयोजनमा पनि कुशल रहेका छन् भन्दै घटराज भट्टराइले मीठो भाषा, प्रवाहपूर्ण शैली र सहज अभिव्यक्ति उनका गद्यमा भेटिन्छ र पद्य पनि निकै रोचक छन् भन्दछन्।[२८५] आत्रेयको समीक्षा प्रभावपरक छ। पुस्तक परिचयका तहमा गरिएको उनको समीक्षात्मक कृति– **भेटेका पुस्तक टिपेका कुरालाई** उनले निवन्धसँग मिलाएर क्वांटी वनाएका छन् र सङ्ग्रहलाई नै समीक्षा-निवन्ध भनेकाछन्। परन्तु उनको त्यस शैलीका वारेमा प्रा. गोपीकृष्ण शर्मा लेख्छन् "यसरी साहित्यिक कृति प्राप्त हुनासाथ त्यसवारे समीक्षात्मक दृष्टिको टिपोट गर्ने प्रवृत्तिले पनि डा. आत्रेयको समीक्षाधर्मी आलेखन त स्पष्ट हुन्छ नै, कृतिमा निहित सौन्दर्यतत्त्वको उद्घाटन पनि हुन पुगेको छ।" शर्माले यसप्रकारको लेखनको आफ्नै महत्व रहेको तथ्य दर्शाएका छन्।[२८६]

उनको कविता-कला विषय र शैलीको विविधतामा समाजका अनेकौं समस्यालाई समेट्ने, व्यङ्यात्मक हास्यले भरिएका छन्। कविको जीवन दृष्टिमा उभिएर तिनीहरू झङ्कृत-अलङ्कृत भएका छन्। कुनै लोकजीवनमा बुर्कुसी मारेका छन् र कुनै अलौकिक विश्वासको रहस्य गर्भमा पुगेका छन्। प्रा. घनश्याम कंडेल उनका कविता वारेमा भन्छन्-लाटोसाथीका अधिकांश कविता सहजवोध्य छन् र प्रथमतः पाठकका मनमा कुत्कुती जगाउन, मनोरञ्जन प्रदान गर्न र पढिसकेपछि समाज र देशका दुर्व्यवस्थावारे घोत्लिन उत्प्रेरित गर्ने खालका छन्।[२८७] अर्का प्राध्यापक माधवप्रसाद पोखरेल भने लाटोसाथीको कवितात्मक शिल्पमा वर्णकौशल देख्छन्। हिन्दी साहित्यका सिद्धहस्त आधुनिक कविहरूले प्रयोग गरेको शैली भेट्छन् श्लेष, अर्थभेद र प्रहेलिका प्रयोगद्वारा उनका कविता विशिष्ट वनेको ठम्याउँछन्।[२८८] परन्तु दैवज्ञराज न्यौपाने उनको कवितामा सुधार सञ्चेतना भरिएको भेटाउँछन्।[२८९]

हास्यव्यङ्ग्यमा उनी जयनेपाल, लाल सलाम र नमस्कारको मेलमिलाप गराउँछन्। संस्कृत साहित्य, नेपाली भाषा र सामाजिक संस्कारको समन्वयमा

---

२८५. घटराज भट्टराई, नेपाली लेखक कोश, पूर्ववत् पृ. ५७८
२८६. गोपीकृष्ण शर्मा, भूमिका, ऐ भेटेका पुस्तक टिपेका कुरा (२०५९) पृ ग
२८७. घनश्याम कंडेल, कवितामा लाटोसाथी (भूमिका) (कपिलवस्तु: क.सा.स.-२०५९), पृ. ग
२८८. माधवप्रसाद पोखरेल, कवितामा लाटो साथी हेर्दा (भूमिका-ऐ) पृ. च-ज
२८९. दैवज्ञराज न्यौपाने, लाटोसाथीको वाठो कविता संग्रह (ऐ भूमिका) पृ. ढ

विषयवस्तु, शिल्प र शब्दको मेलमिलापद्वारा आफ्नो लेखनशैली वनाउँछन्। शक्तिवल्लभका सन्तानहरूको पङ्क्तिमा ठडिँदै उनी हाँस्छन्, अरूलाई, हँसाउँछन् र हाँस्दाहाँस्तै गम्भीर विषयमा हामी सवैलाई फसाउँछन्। त्यसैले चटचाङमास्टर भन्छन्– लाटोसाथीले अपनाउनु भएको हास्यव्यङ्ग्य शैलीलाई विगतका कसैसँग ठ्याम्मै दाँज्न मिल्दैन। उनका रचनाहरूले मान्छेको गिंजा हेर्न मात्र होइन भेजाफेर्न सघाउने खालका छन्। रचनाकारको उच्च अध्ययन, वौद्धिक कुशाग्रता र विहङ्गम दृष्टि प्रतिविम्वित भएका छन् रचनाहरूको उठान र वैठानमा।[२९०] प्राध्यापक मोहनराज शर्मा भने लाटोसाथीमा हास्यभन्दा व्यङ्ग्यको प्रधानता रहेको, भाषा प्रयोगमा विविधता युक्त र विसङ्गतिहरूको यथार्थवादी चिरफारमा इमान्दारिता रहेको वताउँछन्।[२९१]

हिमालयो नाम नगाधिराज नेपाली पृष्ठभूमिमा कालिदास विषयक अध्ययन हो। यसमा उनको संस्कृत साहित्यका क्षेत्रमा रहेको पाण्डित्य प्रदर्शनका साथसाथै राष्ट्रप्रेमी चिन्तन अभिव्यक्त भएको छ। कालिदासका काव्यात्मक सूक्तिहरूमा तर्क उठाएर मात्र हैन, कतिपय तथ्य अघि सार्दै लेखिएको यो पुस्तकले नेपाललाई पनि कालिदास जन्मभूमिको सूचीमा दर्ता गरेको छ। अनुसन्धानको कला उनको आफ्नै छ। नेपाली परिवेशसँग मिसाएर भेटेका कुराहरू निफन्नु उनको विशेपता वनेको छ। यसलाई कालक्रमिक ढङ्गले तुलना गर्दा प्राप्त हुने निष्कर्षसँग हैन संवेदनाद्वारा झङ्कृत मनको मजेरीमा अपनत्ववोध गरेर नाच्दा पाइने आनन्दको अनुभूतिसँग जोड्न सकिन्छ।[२९२]

लाटोसाथी अर्थात् पं. विष्णुराज आत्रेय नेपालीय-संस्कृत साहित्यको ठूला विद्वान् मानिन्छन्। उनी आफ्नो सिर्जना साधना र सन्देशका क्षेत्रमा मात्र होइन नाट्य अभिनयमा पनि संलग्न रहे। भानुभक्त चलचित्रमा उनले गजाधरको भूमिका पूरा गरेका छन् भने मनको बाँध चलचित्रमा प्रोफेसरको। आत्रेयको रुचि चित्रकलामा पनि रहेको छ र उनले केही पुस्तक-पत्रिकाको आवरण पनि वनाएको पाइन्छ। उनलाई विश्व हिन्दू एकता परिषद नेपालले संस्कृत श्री नामक सम्मान सहित दशहजार नगद पुरस्कार २०५७ मा प्रदान गर्‍यो।[२९३] कपिलवस्तु साहित्य समाजले भवानी भिक्षु पुरस्कार (२०५७) भारतको कविभारती परिपद्वारा कविभारती अभिनन्दन (ई.सं. १९८२)

---

२९०. चट्याङमास्टर, 'भन्न पाउँदा' (भूमिका) अथातो जलान जिज्ञासा, (काठमाण्डौ : भगीरथ प्रकाशन, २०५९) पृ. छ

२९१. मोहनराज शर्मा, दुई शब्द (भूमिका) अथातो जलान जिज्ञासा (लेखक-लाटोसाथी, भगिरथ प्रकाशन २०५९)

२९२. विष्णुराज आत्रेय, हिमालयो नाम नगाधिराज : (वनारस : वावू माधवप्रसाद शर्मा, २०३९)

२९३. गोरखापत्र दैनिक, २०५७ असार १९ गते सोमबार

श्रीमदभागवत गीता स्वाध्याय परिषदद्वारा अभिनन्दन तथा कविरत्न कृणप्रसाद घिमिरे स्मृति प्रतिष्ठानबाट **राष्ट्रिय संस्कृत गौरव** (२०५७) जस्ता सम्मानहरूले उनी सुशोभित भएका छन्। आत्रेयको विद्वतालाई कदर गर्दै २०५९ असौजदेखि मदन पुरस्कार गुठीको सदस्यमा पनि मनोनयन गरिएको छ। आत्रेयले संयुक्त राज्य अमेरिकामा गएर संस्कृत साहित्यका वारेमा एक महिनासम्म प्रशिक्षण प्रदान गरेका छन्। उनले छिमेकी भारत, वाङ्गलादेश, सिंगापुर, मलेशिया, इन्डोनेशिया आदि देशको भ्रमण गरेका छन्।

७.६३ टीकाराम अर्ज्याल (जन्म : वि.सं. २००४)

कलाधर उपाध्याय तथा शिवधराका सुपुत्र टीकाराम अर्ज्यालको जन्म पर्वतको पाङमा २००४ साल वैशाख ४ गते भएको हो। सामान्य शिक्षा आफ्ना पितावाट गाउँमै हासिल गरेर उनी इलाहावादवाट मैट्रिक पास गर्छन्। त्यसपछि उच्चशिक्षा आर्जन गर्न टीकाराम वनारस पुग्छन्। वनारसवाट संस्कृत व्याकरणमा शास्त्री गरेपछि उनी नेपाल फर्किए। त्रिभुवन विश्वविद्यालयवाट अङ्ग्रेजी विषय लिई वी.ए. तथा नेपालीमा एम.ए. गरेका अर्ज्याल २०२४ देखि सरकारी सेवा प्रवेश गरे र वि.सं. २०२७ मा अधिकृत भए। हाल उनी प्रमुख जिल्ला अधिकारी छन्। यिनको विवाह २०१८ सालमा कृष्णकुमारी सुवेदीसँग भएको थियो र चार छोराहरू छन्।

टीकारामको लेखन क्षेत्र प्रबन्ध र कविता रहेको छ। यिनका प्रकाशित कृतिमा 'श्री ५ महेन्द्रको वाराणशी शुभागमन र यात्राको अन्तिम चरण पटनाको भव्य विदाइको एक झलक' शीर्षकको रचनासँगै वि.सं. २०३३ मा प्रकाशित **नेपालको इतिहासमा शाहवंशको देन एक ऐतिहासिक विवेचना, संयुक्त राष्ट्रसंघीय शान्तिसेनामा शाही नेपाली सेनाको सक्रिय योगदान** (२०४२) उल्लेखनीय छन्। यिनको पछिल्लो कृति वि.सं. २०५९ मा प्रकाशित **भावनाका तरङ्गहरू** नामक कविता सङ्ग्रह हो। यस कविता सङ्ग्रहमा कविको परिचय दिंदा मुकुन्दशरण उपाध्यायले उनलाई– 'आध्यात्मिक संस्कार र राष्ट्रिय भावनाका धनी साहित्यकार' भन्दै उनमा 'विषयको कुनै वन्धन छैन' भनेका छन्। काव्यकलाको शिल्पसौन्दर्य वनेका छन्द, अलङ्कार र अनुभूतिको स्वाभाविक संयोजन टीकारामका कविताको विशेषता देखापर्दछ। प्रवन्धमा भने उनले आफ्नो सेवा क्षेत्रलाई प्राथमिकता दिएर कलम चलाएको देखिन्छ। वंशावलीको शोधखोजमा पनि टीकारामको रुची रहेको छ।

७.६४ निरञ्जनप्रसाद अर्ज्याल (जन्म वि.सं. २००४)

नेपाली अभिनय कलामा एउटा गंभीर मुद्राको कलाकारका रूपमा परिचित निरञ्जनप्रसाद अर्ज्याल काठमाण्डौको बालाजुमा वि.सं. २००४ सालमा जन्मेका हुन्। माता पद्मकुमारी तथा पिता पं. वनमाली उपाध्याय अर्ज्यालका सुपुत्र निरञ्जनको प्रारम्भिक शिक्षा लैनचौर स्थित शान्तिविद्या गृहमा भएको हो। उनले त्यहींबाट एस.एल.सी. दिए। त्रिभुवन विश्वविद्यालयबाट भुगोल विषयमा एम.ए. गर्नु अघि उनले त्रिचन्द्र कलेजमा पढेका हुन्। अर्ज्यालको

विवाह २०२३ सालमा नीला खतिवडासँग भएको थियो। दुई छोरा अनिल र सुनिलका पिता वनेका निरञ्जन हाल पद्मकन्या क्याम्पस बागबजारको सहायक क्याम्पस प्रमुख पनि छन्। उनले झण्डै पचासवटा जति टी.भि. चलचित्रका शृङ्खलाहरूमा अभिनय गरेका छन्। **हिजो आजका कुरा, दोषीको ? कर्मको खोजी** जस्ता टेलीचलचित्रमा थुप्रै दर्शकको मन जित्न सफल भएका निरन्जनको साहित्यिक रचनाहरू भने फुटकर रूपमा पत्रपत्रिकाहरूसँगै छरिएर रहेका छन्।

७.६५ सरिता अर्ज्याल (जन्म : वि.सं. २००६–२०६०)

काठमाडौंको बानेश्वरमा वि.सं. २००६ मा जन्मिएकी सरिता पन्ध्र वर्षको उमेरमा अपाङ्ग वन्न पुगेकी थिइन् यिनी त्रैलोक्यराज अर्ज्यालकी छोरी हुन्। सामान्य शिक्षा हासिल गरेपछि आफ्ना मनका भावना कवितामा पोख्न सफल सरितामा प्रतिभाका किरणहरू मुस्कुराउँदै गरेको कुरा दैवज्ञराज न्यौपानेले यिनको **उद्गार** कवितासङ्ग्रह (२०४८) को भूमिकामा उल्लेख गरेका छन्। सरिताले कविताकै माध्यमबाट आफूलाई सामाजिकीकरण गर्ने चेष्टा गरेकीछन् भनी शीवप्रसाद सत्याललले जनाएका छन्। यिनका अप्रकाशित रचनाहरूपनि छन्। यिनको निधन २०६० माघमा भयो।

४.६६ विष्णुराज अर्ज्याल (जन्म : वि.सं. २००७)

लुम्बिनी अञ्चलको अर्घाखाँची जिल्लामा वि.सं. २००७ साल चैत ११ गते जन्मिएका विष्णुराज अर्ज्याल कवि प्रतिभा हुन्। यिनको **समर्पण** (२०३३) नामक कविता सङ्कलन प्रकाशित रचनाका रूपमा रहेको छ। माता गंगादेवी र पिता मित्रलालका सुपुत्र विष्णुराजको प्रारम्भिक शिक्षा ज्योति मा.वि. ठाडामा भएको हो। उनले त्यहींबाट २०२४ मा प्रवेशिका परीक्षा उतीर्ण गरे।

उच्चशिक्षा हासिल गर्ने क्रममा मसंविवाट २०३२ मा डी.पी.ए. गरेपछि अर्ज्यालले वि.सं. २०३६मा गोरखपुरवाट समाज शास्त्रमा एम.ए. गरे। अर्ज्यालको पारिवारिक जीवनयात्रा भने दुखदः पनि रह्यो। उनले २०३०मा विहे गरेकी पत्नी इन्दिराको २०३३ मा असामयिक निधन भएको थियो। पछि उनले काठमाडौं डिल्लिवजारकी ज्ञानु जोशीसँग विहे गरे। उनकी जेठी पत्नीवाट एक छोरी पैदा भएकी थिइन् र कान्छीवाट १ छोरा प्रज्वल तथा दुई छोरीहरू छन्।

समर्पण कविता सङ्ग्रहमा छोटा छोटा वत्तीस कविताहरू सङ्कलित छन्। तिनीहरूमा आध्यात्मिक भावधाराका साथै देशभक्तिको भावना अभिव्यक्त भएका छन्। जीवन यथार्थका अनुभूति व्यक्त भएका कविताहरू पनि त्यसमा संग्रहित छन्। धरणिधरले शुभेच्छा व्यक्त गरेको, सूर्यविक्रम ज्ञवालीले भूमिका वाँधेको उक्त सङ्ग्रह पछि उनको सिर्जना फष्टाएर आउनुपर्नेमा शायद पत्नी वियोग पछि त्यो त्यसै ओइलिएर गयो। त्यसैले उनका अन्य रचनाहरू देख्न पाइएको छैन। सहयोगी हरिप्रसाद पौडेलको आशा 'प्राचीन र आधुनिक दुवै पद्दति अँगाल्न सक्ने यी कवि अवश्य पनि कालान्तरमा नेपाली साहित्य भण्डारका एक जना भण्डारे वन्न पुग्ने छन्' भन्ने कुरा पनि अहिले सम्म त्यत्तिकै थाति रहेको छ।[२९४]

७.६७ बाबुराजा अर्ज्याल (जन्म : वि.सं. २००८)

पेशाले इन्जीनियर रहेका वावुराजा २००८ साल भाद्र २७ गते वुधवार वौद्ध जोरपाटीमा जन्मेका हुन्। माता रमा अर्ज्याल र पिता वद्रीप्रसाद अर्ज्यालका छोरा वावुराजाको प्रांरम्भिक शिक्षा पशुपति हाईस्कुलमा भएको थियो। यिनले त्रिचन्द्र कलेजवाट आइ.एस्सीं. गरेपछि भारतको धनवादवाट ई.सं. १९६३ मा वी.टेक.माइनिङ्ग अनर्स गरे। यिनका दुई कृति प्राप्त छन्- **सत्यताको दुस्मन** (२०२६) **रहस्यमय यात्री** (२०२९)। जासुसी उपन्यासका रूपमा रहेका यी दुई उपन्यास पछि अरू कृति देखा परेका छैनन्। वाववुराजाको विवाह २०३५ मा सुमन चालिसेसँग भएको थियो। शुरुशुरुमा नाटकहरूमा पनि खेल्ने गरेका उपन्यासकारले २०३४ तिर **नवयुग** नामक एउटा नाटक लेखेका थिए। यिनका एकछोरा र एकछोरी छन्। वि.सं. २०३३ मा सरकारी सेवा प्रवेश गरेका अर्ज्याल हाल खानी विभागको सुईमा कार्यरत छन्।

७.६८ हरिहर अर्ज्याल (जन्म वि.सं. २००८)

यी गोर्खाका प्रसिद्ध विद्वान् दण्डपाणिका साहिंला छोरा हुन्। हरिहरको

---

२९४. विष्णुराज अर्ज्याल, **समर्पण** (कविता संग्रह) (काठमाण्डौं-लेखकस्वयं-२०३३) आवरण पृष्ठ पछाडी।

जन्म वि.सं. २००८ साल पुस २७ गते शुक्रवार (११ जनवरी १९५२) भएको हो। प्रारम्भिक शिक्षा गोरखा बजारमै सम्पन्न गरी उच्चशिक्षा त्रिविबाट हासिल



गरेका हरिहरले फ्रान्सेली भाषाको राम्रो अध्ययन गरेका छन्। गोरखामा विन्ध्यवासिनी मा.वि.को संस्थापक प्रधानाध्यापक समेत रहेका अर्ज्याल इ.सं. १९८० देखि केही समय फ्रान्सस्थित नेपाली दूतावासमा कार्यरत रहेका थिए। इ.सं. १९८५ देखि भने फ्रान्सको एउटा शहर मोस्थित आवासीय कार्यालयमा कार्यरत छन्। त्यहाँ रहे पनि यिनले गोर्खाका विभिन्न स्कूलहरूलाई आर्थिक सहयोगका साथै 'नेपाल एलुजा संस्था'को माध्यमबाट गरीब असहायका निम्ति छात्रवृत्ति उपलब्ध गराएका छन्। काभ्रेको पनौतीमा कृषि प्राविधिक शिक्षालयको स्थापनामा सहयोग पुऱ्याएका हरिहरको फ्रेञ्च भाषा सिक्ने पुस्तक बोंजुर (नमस्ते-२०५८) प्रकाशित छ।[२९५] फ्रेन्च तथा नेपाली भाषामा उपलब्ध यो पुस्तक फ्रान्सेली भाषा सिक्नेहरूका लागि निकै उपयोगी रहेको छ। हरिहरको विवाह चन्द्रा कट्टेलसँग भयो र यिनका दुई छोरा– निर्मल, उमेश र एक छोरी– उर्मिला छन्।

७.६९ डा. हरिहर शर्मा अर्ज्याल 'अरविन्द' (जन्म : वि.सं. २००८)

हरि अरविन्दको व्यक्तित्वमा चिनिंदै आएका हरिहर शर्मा अर्ज्यालको

जन्म मदनपोखरा-१ पाल्पामा वि.सं. २००८ माघमा भएको हो। पिता झपेन्द्रराज अर्ज्याल तथा माता वेदप्रभाका जेष्ठ सुपुत्र हरिहरको शिक्षा भारतको साङ्गवेद आदर्श महाविद्यालयमा भएको हो। सानैदेखि चित्रकला र साहित्यमा रुचि राख्ने अरविन्दले संस्कृतमा आचार्य एवं विद्यावारिधि (पी.एच.डी.) गरेका छन्। उनको विवाह कुसुम खोलाकी उर्मिला ज्ञवालीसँग सम्पन्न भएको हो। एक छोरा नन्दकुमार अर्ज्याल (ठाकुर) तथा दुई छोरी दुर्गा र गीताका पिता हरिहर शर्मा अर्ज्याल भने उच्चशिक्षा आर्जन गरेपछि पनि भारतकै कवीनगर कोडरा स्थित श्रीरामशङ्कर साङ्गवेद विद्यापीठमा प्राचार्य भई कार्यरत रहेका छन्। उनले नेपालीमा भन्दा बढी संस्कृत भाषामा लेखेका छन्। सबै कृतिहरू मध्ये संस्कृत भाषाका तीनओटा र नेपालीका दुईओटा पुस्तकहरू प्रकाशित छन्। ती हुन्– प्रयाश मञ्जरी (कविता सङ्ग्रह-२०30) धर्म संकट (

---

२९५. पुस्तक सूची (रत्नपुस्तक भण्डार- २०५८/२०५९) पृ. २१

खण्डकाव्य-२०३५) बुहारी (काव्य-२०४३) संस्कृतमा भने– मातलीमहिमाकाव्यम् (२०४८) समयशतकम् (२०४८), तपस्वीकृषिबलम् (२०५७), काव्य त्रिवेणी (२०५९)र झष महिषी (लघुकथा सङ्ग्रह, २०५८) प्रकाशित छन्। उनका अप्रकाशित रचनाहरू हुन्– नेपालीमा सावित्री (काव्य) भगवद्गीता, भगवती गीता, ईश्वर गीता, ब्राह्मण गीता, श्रीभुवनेश्वरी स्त्रोत्र छन्। संस्कृतमा नवग्रहावदानम् (व्यङ्ग्यकाव्य) वृत्त चन्द्रिका (टीका), कौमुदी विलास : (व्याकरणम्) हरिचन्दनम् (निवन्ध), धर्म विजयम् (हिन्दीटीका) कनीयसी (कथा) कविवाग्विलास (साहित्य ग्रन्थ) कृष्ण कुतूहलम् (हिन्दीटीका) रहेका छन्। उनका अन्य कर्मकाण्डीय रचनामा-शतरुद्रीयम्, सिद्धव्रत पद्दति, वास्तुशान्ति पद्दति, शिलान्यास पद्दति, अन्त्यक्रिया पद्दति र श्राद्ध पद्दति रहेका छन्।[२९६] यिनको समग्र कृतिगत विवेचना आवश्यक देखिन्छ। हरिहरको काव्य त्रिवेणीमा तीन विधाका रचना समाविष्ट छन्। घटराजका अनुसार उनी वार्णिक छन्दका वलिया कवि हुन्।

७.७० विष्णु प्रभात (जन्म : वि.सं. २००९)

ऋषिराम अर्ज्याल तथा मनकुमारीका जेष्ठ सुपुत्र विष्णु प्रभातको नागरिक नाम विष्णुप्रसाद अर्ज्याल हो। यिनको जन्म २००९ साल वैशाख १० गते मंगलवार विहान पाल्पाको मदनपोखरा-१ मा भएको हो। पुर्ख्यौली हेर्दा राजघराना र गुरुघरना भए पनि सामान्य किसान परिवारमा जन्मिएका प्रभातको प्रारम्भिक शिक्षादीक्षा गाउँकै विद्यालयमा भयो। माध्यमिक शिक्षा भने मावलीघर तानसेन वजारस्थित जनता मा.वि.मा भएको थियो। उनका मावली हजुरवुवा रुद्रसमशेरका गुरुघराना थिए। परन्तु आफ्नो घरको आर्थिक कठिनाइले गर्दा उनी नवौं कक्षामा पढ्दापढ्दै प्राथमिक शिक्षक तालिमका लागि नर्मल स्कूलमा भर्ना भए। त्यसपछि केही समय शिक्षक बनेर २०२८ सालमा वल्ल प्रवेशिका परीक्षा उत्तीर्ण गरेको भए पनि सानैदेखि मिहिनेती र अध्ययनशील स्वभाव भएको हुँदा प्रभातले पछि क्रमशः दर्शन शास्त्रमा स्नातक, इतिहासमा वी.एड्. र नेपालीमा एम.ए. गर्न पुगे। झण्डै दुई दशकभन्दा लामो समय कम्युनिष्ट पार्टीमा आवद्ध रहेर त्यसको संस्कृति, साहित्य, कला र जातीय मामिलामा अध्ययन, अनुसन्धान

---

२९६. हरिहर शर्मा अर्ज्याल, तपस्विकृषीवलम् (दिल्ली : संस्कृत एकेडेमी सन् २०००) पृष्ठभाग

र सिर्जनात्मक योगदान दिएका प्रभातले २०३१ सालमा सर्देवाका ठूलाघरे नेपालकी छोरी लक्ष्मीसँग विहे गर्न पुगेका थिए। उनीहरूको छोरी विपना छिन्।[२९७] विपनाको विवाह तनहुँका कृष्णराज वाग्लेसँग भयो।

आफ्नो सामाजिक जीवन लेखक, पत्रकार, शिक्षक र राजनीतिक-कार्यकर्ताको हैसियतमा निर्माण गरेका विष्णु प्रभात प्रगतिशील लेखक संघ, नेपाल वुद्धिजीवी परिषद, राष्ट्रिय जनवादी सांस्कृतिक संघ र सिस्नुपानी नेपाल जस्ता संस्थाहरूमा केन्द्रीय नेतृत्वको जिम्मेवारी सम्हाल्दै नेपाली कला, साहित्य, संस्कृति र चिन्तनको विकास र विस्तारमा निरन्तर जुटेको देखिन्छ। पञ्चायती निरङ्कुशताका विरुद्धमा लड्दा उनले जेल नेलको यातना भोगे। भूमिगत भएर राजनीतिक संगठनकर्ता भई हिंडे र पछि खुला रहेर नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय निकाय प्रचार तथा प्रकाशन विभागमा रहेर काम गरे। यही क्रममा वहुदलको पुनर्स्थापनापछि उनी केही समय गोर्खापत्र संस्थानको संचालकसमेत भए।

विष्णु प्रभातको परिचय दिने क्रममा कोशकार घटराज भट्टराई लेख्छन्– "प्रलेससँग सम्वन्धित र स्वतन्त्र पत्रकारका रूपमा ख्यातिप्राप्त प्रभातको योगदान प्रभातझैं स्वच्छ र महत्त्वको देखिन्छ।[२९८] उनका एकदर्जनभन्दा वढी पुस्तकहरू प्रकाशित छन्। तिनमा दर्शन, साहित्य र आलोचनाका सङ्ग्रह विशेषगरी चर्चित छन्। अहिले हास्यव्यङ्ग्य निवन्धका क्षेत्रमा उनको विशेष सिर्जना झाङ्गिन थालेको देखिन्छ। अनुसन्धानमूलक कृतिहरूका साथै सामयिक लेख टिप्पणीहरू पत्रपत्रिकामा वरोवर देख्न पाइने प्रभातका रचनाहरू अहिलेसम्म यसप्रकार रहेका छन्– **चिन्तन र सौन्दर्य** (साहित्य शास्त्र, २०४६), **मार्क्सवादी सिद्धान्त र व्यवहार** (दर्शन, २०४७), **संस्कृतिमा विकल्पवाद** (संस्कृति, २०५२), **मातृत्त्व** (समाजशास्त्र, २०५३), **कम्युनिष्ट पार्टी र प्रजातन्त्र** (राजनीति, २०५५), **कलममाथिको कलम** (समालोचना, २०५९), **एघारौं अवतार** (हास्यव्यङ्ग्य समीक्षा, २०५८), **खुर्सानी पुराण** (२०५१), **खुच्चिङ** (२०५३), **खुलैखुला कुरा** (२०५६), **खुल्दुली** (२०५८), **खुराक** (२०५९), **खुसखुस कम्पनी** (२०५९) जस्ता हास्यव्यङ्ग्य निवन्ध सङ्ग्रहहरू छन्।[२९९] उनले वामपन्थी नेता पुष्पलालका रचनाहरूको पहिलो सङ्ग्रह **पुष्पलालका छानिएका रचनाहरू– भाग १** (२०५३) सम्पादन गरेका छन्।

---

२९७. सुनिता रिजाल, **विष्णु प्रभातको जीवनी व्यक्तित्त्व र कृतित्त्वको अध्ययन**, (त्रिवि-स्नातकोत्तर शोधपत्र, रत्नराज्य क्याम्पस, काठमाडौं– २०५८), पृ. ७-८

२९८. घटराज भट्टराई, **नेपाली लेखक कोश** (काठमाडौं: लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान), पृ.६१६

२९९. विष्णु प्रभात, 'लेखकका कृतिहरू', **एघारौं अवतार** (काठमाडौं : सिस्नुपानी नेपाल– २०५८), पृष्ठ भाग

विभिन्न पत्रिकाहरूमा कार्यकारी सम्पादक तथा प्रधानसम्पादक भएर काम गरेका प्रभातले नेपाल पत्रकार महासंघको केन्द्रीय समितिमा रहँदा **नेपाली पत्रकारहरू- भाग १** नामक 'परिचय ग्रन्थ'को पनि सम्पादन-संयोजन गरेका छन्। **पारिजात र हरिमाया** (निबन्ध २०५७) छोटा रचनाको सङ्ग्रह हो। यिनको पछिल्लो रचना **अर्ज्यालवंशीय विद्वत्परम्परा** (२०६०) रहेको छ।

विष्णु प्रभातका वारेमा टिप्पणी गर्दा गोविन्द भट्टले- 'उनका साहित्यहरूमा समसामयिक विषयवस्तु, मार्क्सवादी सौन्दर्य शास्त्र र जनपक्षीय अडान सवल रूपमा पोखिन्छ' भनेका छन्। भवानी घिमिरेले प्रभातलाई- "विशेषत प्रगतिशील लेखकहरूमा श्यामप्रसाद शर्मा, गोविन्द भट्ट, निनु चापागाई, चैतन्य आदिकै पङ्क्तिमा उनको गणना गर्दा हुन्छ।" भनेको पाइन्छ।[३००]

विष्णु प्रभात नेपाली साहित्यको प्रगतिशील भावधाराका स्रष्टा हुन् भन्दै प्रा. राजेन्द्र सुवेदी लेख्छन्- "प्रगतिशील साहित्य र संस्कृतिको अभ्युत्थानमा वौद्धिक जगतका सजग व्यक्तित्व मानिन्छन्।[३०१] यिनको लेखन सामन्तवाद तथा साम्राज्यवादका विरुद्धमा मात्र लक्षित नभै प्रत्ययवादी दर्शनको भ्रम च्यात्न उद्दत देखिन्छ। प्रगतिवाद यिनको रचनात्मक मीयो वनेको छ। "विष्णु प्रभात- आत्मपरक शैलीका निबन्धकार नहुनाले विषयगत व्याख्या-विश्लेषण, तर्क-वितर्क, निर्दिष्ट विचारको परिपुष्टिमा उनका निवन्धले आकार ग्रहण गर्दछन्" भन्दै कृष्णचन्द्रसिंह प्रधान अगाडि लेख्छन्- "व्यङ्ग्यहरू स्तरीय छन् र मर्यादित। यसले साहित्यिक रसास्वादन गराउँछ। निवन्धकारको मौलिक सोच, कथनहरूका अतिरिक्त कलात्मक प्रस्तुति, शैलीगत व्यङ्ग्यात्मकता र अनुप्रासमय भाषिक प्रयोगले। स्वतन्त्र विचार र साहित्यिक धर्मप्रति उदासिन नरहेका विष्णु प्रभातलाई रङले एकोहोऱ्याएको छैन।"[३०२]

विष्णु प्रभातले सूचना-पत्रकारिता एवं साहित्यिक पत्रकारिता दुवै फाँटमा काम गरेको देखिन्छ। साप्ताहिक समाचार पत्रहरू- छलफल, दृष्टि, प्रकाश र समदृष्टिहरूमा प्रवन्धसम्पादक, कार्यकारी सम्पादक र प्रधानसम्पादक भएर झण्डै एक दशकसम्म काम गरे। साहित्यिक पत्रिकाहरू -कर्मठ, लहर, विकल्प तथा मुक्तिमोर्चामा पनि उनले सम्पादक, प्रवन्ध सम्पादक र प्रधानसम्पादक भई काम गरे। सम्पादन कार्यका सिलसिलामा उनले विभिन्न

३००. सुनिता निरौला, **त्रिवि स्नातकोत्तर शोधपत्र**, पूर्ववत्, पृ. १८
३०१. राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि द्रष्टा दृष्टि** (ललितपुर : साझा प्रकाशन- तेस्रो परिवर्द्धित संस्करण-२०५८), पृ. १८७
३०२. कृष्णचन्द्रसिंह प्रधान, **सामाजिक सजगताको दस्तावेज** (भूमिका) खुराक (काठमाडौं : निरन्तर प्रकाशन, २०५९)

पुस्तकहरू पनि सम्पादन गरेको कुरा माथि नै उल्लेख भइसकेको छ। सरकारले विष्णु प्रभातलाई राष्टिय प्रतिभाको रूपमा २०५४ सालमा सम्मानित गरेको थियो। विष्णु प्रभातको दार्शनिकता मानव केन्द्रित रहेको छ। उनी परलोक र पुनर्जन्मको कथामा भन्दा भूलोक र जनजीवनको व्यथा निको पारेर समस्त मानव समाजको उन्नयनमा समर्पित हुन चाहन्छन्। त्यसैले उनलाई नास्तिक विद्वान् भनी टिप्पणी गर्नेहरू पनि पाइन्छन्।[३०३] यिनले नेपाली साहित्यमा प्रलेसको योगदान नामक स्नातकोत्तर शोधपत्र पनि तयार गरेको देखिन्छ।

७.७१ दुर्गाप्रसाद अर्ज्याल (जन्म : वि.सं. २००९)

पं. चिरञ्जीवी तथा तथा हुमकुमारी अर्ज्यालका छोरा दुर्गाप्रसाद अर्ज्यालको जन्म गुल्मी जिल्लाको मर्भुङ गाउँमा वि.सं. २००९ साल पौषमा

भएको हो। उनको प्रारम्भिक शिक्षादीक्षा आफ्ना पितावाट र तौलेश्वर संस्कृत माविमा भयो। वाल्मीकि विद्यापीठ म.सं.वि.वाट आचार्य गरेपछि त्रिभुवन विश्वविद्यालयवाट नेपालीमा एम.ए. गरे। म.सं.वि.वाटै वि.सं. २०५६ मा उनले विद्यावारिधि पनि गरे। त्यसपछि उनले प्राध्यापन पेशामा आफूलाई लगाई आएका छन्। त्रिचन्द्र कलेज र पाटन क्याम्पस पछि पद्मकन्या कलेजमा पढाउँदै गरेका अर्ज्याल हाल वनारस हिन्दु विश्वविद्यालयमा आगन्तुक प्राध्यापक छन्।

उपप्राध्यापक दुर्गाप्रसादका साहित्यिक कृतिहरूमा– **अभ्यास** (कविता) र **निबन्धकार देवकोटाका दार्शनिक चिन्तन** (समीक्षा– २०५७) देखिन्छन्।[३०४] उनका थुप्रै रचनाहरू **माधुरी, सङ्कल्प, वाङ्मय, समकालीन साहित्य, गरिमा** र **युवामञ्च** पत्रिकाहरूमा छरिएर रहेका छन्। यिनी संस्कृत तथा नेपाली भाषामा कलम चलाउँछन्। हिन्दीमा पनि उनका फुटकर रचना प्रकाशित भएका छन्।

'नेपाली लेखक कोश' तथा 'साहित्यकार परिचय र अभिव्यक्ति' नामक दुवै परिचय ग्रन्थ (प्रथम संस्करण) मा यिनका वारे कुनै विवरण पाइदैन। लेखकको कृतिमा दिइएको परिचयले पनि 'नेपाली साहित्यका एक स्थापित विद्वान्' भन्दै उनका प्रशस्त लेख रचनाहरू विभिन्न पत्रिकामा प्रकाशित भएको कुरा मात्र उल्लेख गर्दछ। परन्तु उपलब्ध उनको कृति **निबन्धकार देवकोटाका**

---

३०३. हरिप्रसाद अर्जेल, नास्तिकले कुरा वुझ्नु परिमार्जन (काठमाडौं : सत्यार्थ प्रकाश परिषद-२०५९) पृ. ३२।

३०४. सूचीपत्र– २०५९, साझा प्रकाशन, ललितपुर

दार्शनिक चिन्तन नामक पुस्तकमा केशवप्रसाद उपाध्यायले दुर्गाको लेखन-प्रवृत्ति र वैशिष्ठ्यको चर्चा गर्दै भनेका छन्– “डा. अर्ज्यालले देवकोटाका निवन्धमा अन्तर्निहित दार्शनिक चिन्तन पहिल्याउन उनका ‘लक्ष्मी निवन्ध सङ्ग्रह’ र ‘दाडिमको रुखनेर’ यी दुई निवन्धसङ्ग्रहहरूमा रहेका पचपन्नवटा निबन्धहरूको अध्ययन-विश्लेषण गर्नुभएको छ। यसअघि देवकोटाका निवन्धहरूको यस्तो व्यापक, सघन, गहन र सूक्ष्म अध्ययन गरेर उनका विविध विषयसित सम्वन्धित चिन्तनहरूलाई एउटै ग्रन्थमा प्रस्तुत गर्ने काम नभएकोले यस शोधमूलक कृतिको निकै महत्त्व छ।”[३०५] वास्तवमा दुर्गाप्रसाद अर्ज्यालको साहित्यिक व्यक्तित्व चिनाउने पहिलो कृति पनि यही नै वन्न पुगेको छ। यद्यपि उनको पहिलो प्रकाशित रचना भने कपिलवस्तुको तौलेश्वर मा.वि.बाट वि.सं. २०२७ मा प्रकाशित **सिद्धार्थ** पत्रिकामा छापिएको **धर्ममा लागौं** भन्ने कविता हो। काठमाडौं नगर पञ्चायतद्वारा २०२९ मा आयोजित कविता महोत्सवमा पुरस्कृत दुर्गाप्रसाद अर्ज्याल संस्कृत छात्रावासद्वारा प्रकाशित **अरूणोदय**को सम्पादकमण्डलमा पनि रहेका थिए। **लिम्बू भाषामा संस्कृत प्रभाव**नामक कृति अर्ज्यालका यतिन्जेलको रचनामा पछिल्लो वन्न पुगेको छ।

७.७२ हरिराज शर्मा अर्ज्याल (जन्म : वि.सं. २००९)

लुम्बिनी अञ्चलको कपिलवस्तुमा जन्मेका हरिराजले **कल्पना** खण्डकाव्य (२०५१), **ज्योत्स्ना** खण्डकाव्य (२०५६), **परिणति** कवितासङ्ग्रह (२०५६) लेखेका छन्। यिनका पिता देवराज अर्ज्याल तथा माता शारदाका साइँला छोरा हरिराजले ‘राही’ उपनाममा पनि रचनाहरू लेख्ने गरेको पाइन्छ। कपिलवस्तु साहित्यिक समाजको संस्थापक अध्यक्ष रहेका हरिराजको विवाह पार्वती पन्थीसँग भएको थियो। पार्वती पनि साहित्यिक रुचि भएकी नारी हुन्। उनले केही फुटकर रचना गरेकी छन्। कपिलवस्तु क्याम्पसमा पढाउने हरिराज मूलतः नेपाली भाषाका लेखक हुन्। यिनका दुई छोरा छन्।

७.७३ डिल्लीराज अर्ज्याल (जन्म : वि.सं. २०१०)

झपेन्द्रराज अर्ज्यालका माइला छोरा डिल्लिराज अर्ज्यालको जन्म २०१० साल पुसमा पाल्पा जिल्लाको मदनपोखरा-१ मा भएको हो यिनी हरि अरविन्दका भाइ पर्छन्। प्रारम्भिक शिक्षा गाउँमा हासिल गरेपछि उनी पनि दाजुसँगै वस्तीगएर संस्कृत शिक्षा आर्जन गरे र आचार्यसम्मको अध्ययन

---

३०५. केशवराज उपाध्याय, ‘मन्तव्य’, **निबन्धकार देवकोटाका दार्शनिक चिन्तन**, लेखक : दुर्गाप्रसाद अर्ज्याल, (काठमाडौं : उदय वुक्स प्रा.लि. २०५७), पृ. ख

गरेपछि त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा एम. ए. गरेका हुन्। उनको विवाह वर्तुङ्की सीता नेपालसँग भएको हो र दुई छोरा दीपक र कपिल छन्। लामो समय विद्यालय शिक्षक भई काम गरेका डिल्लिराज अर्ज्याल तानसेन नगरको मोहनकन्या उच्च माविको प्राचार्यमा कार्यरत छन्।

डिल्लिराज अर्ज्यालको साहित्यिक सिर्जना २०३४ सालदेखि प्रकाशनमा आएको देखिन्छ। उनको **नेपालमै जान्छु म** कविता सङ्ग्रह (२०३४) भारतमा

अध्ययनरत रहँदा देखिनै लेखिएको कृति हो। उनले स्वदेश प्रेम झल्काएर भारतमा नबसेर नेपालमैं जान्छु भन्ने भावना अप्रत्यक्ष रूपमा आफ्ना दाजुलाई भने जस्तो हुन पुगेको देखिन्छ। किनभने हरिहर भारतमै रहेर शिक्षण पेशा अँगालेका छन् तर डिल्लिराज नेपालमा। जेहोस् यो कविता सङ्ग्रह पछि उनको **सरिता** नामक खण्डकाव्य (२०४५) प्रकाशित भयो। २०४७ मा **रहस्य** कथा सङ्ग्रह र २०५७ मा **रातमा सूर्य दिनमा तारा** (व्यङ्ग्य निबन्ध सङ्ग्रह–२०६०), **भन्नैपर्‍यो सुन्नैपर्‍यो, ठूले राई** (खण्डकाव्य–२०६०) प्रकाशित भएको छ। उनका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन्।[३०६] अखवारी लेखनमा पनि यिनी संलग्न छन्। साहित्यिक पत्रकारितामा सहभागी भएका छन्। यिनले **प्रतिभा, कलम, सर्वोदय** जस्ता पत्रिकाको सम्पादन गरेको देखिन्छ र श्रीनगर, निष्पक्ष जस्ता समाचार पत्रमा पनि सम्पादन कार्यमा संलग्न रहे। प्रगतिशील लेखक संघ, पाल्पा शाखा र वाङ्मय प्रज्ञा-प्रतिष्ठानको उपाध्यक्ष भएर साहित्यिक गतिविधि गर्दै आएका छन्। प्राध्यापक घटराज भट्टराईका अनुसार यिनी "वार्णिक छन्दका सफल कवि" हुन्।[३०७] सरलता र गम्भीरताको मिलन यिनको कवितात्मक वैशिष्ट्य हो।

७.७४ डा. बलराम अर्ज्याल (जन्म : वि.सं. २०१०)

माता केककुमारी एवं पिता जयकृष्ण अर्ज्यालका छोरा बलराम अर्ज्यालको जन्म वि.सं. २०१० साल भदौ २९ गते सोमवार गोर्खाको गाइखुरमा भएको हो। प्रवेशिका परीक्षा त्यहींको लक्ष्मी हाईस्कूलबाट २०२८ मा उत्तीर्ण गरेका अर्ज्यालको **नेपाली भाषा** (भाग १ र २) नामक पुस्तक (वि.सं. २०५८) र

---

३०६. डिल्लिराज अर्ज्याल, रातमा सूर्य दिनमा तारा (पाल्पा : वाङ्मय प्रज्ञा-प्रतिष्ठान–२०५७), आवरण पृष्ठभाग

३०७. घटराज भट्टराई, नेपाली लेखक कोश,(काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान–२०५६), पृ. २७०

Maps of Nepal (वि.सं.२०६०) मा प्रकाशित भएका छन्। त्रिचन्द्र कलेज काठमाण्डूमा आई.कम. गरेपछि सोभियत संघ (रुस)बाट भाषाशास्त्रमा उच्चशिक्षा हासिल गरेका वलराम अर्ज्यालले भाषाशास्त्रमा नै पी.एच्.डी. गरेका छन्। डा. वलराम अर्ज्याल हाल त्रिभुवन विश्वविद्यालयअन्तर्गत विश्वभाषा क्याम्पसमा प्राध्यापन गर्दछन्।[३०८] उनले २०४२ सालमा डा. शिलु घिमिरेसँग विवाह गरेका छन्। उनीहरूका दुई छोरा छन्। डा. वलरामको **नेपाली भाषा** नामक पुस्तक विशेष गरी विदेशीहरूलाई नेपाली भाषा सिक्नका निम्ति निकै उपयोगी देखिन्छ।



७.७५ प्रेमनारायण अर्ज्याल (जन्म : वि.सं. २०११)

माता हरिकला तथा पिता टीकाराम अर्ज्यालका छोरा प्रेमको जन्म वि.सं. २०११ वैशाख चौध गते गुल्मीमा भएको थियो। त्यहाँवाट चितवन बसाइँ सरेको हुँदा यिनले चितवनकै वालकुमारी मा.वि.बाट २०२७ मा एस.एल.सी. उतीर्ण गरे। त्रि.वि.बाट एम.ए.सम्मको उच्च शिक्षा हासिल गरेपछि प्रारम्भिक बालशिक्षा विषयमा बनारसवाट पी.एच.डी गरेका छन्। डा. प्रेमनारायण अर्ज्यालले दुई विवाह गरेका छन्। यिनको **शिक्षाको सैद्धान्तिक आधार** (२०५२) नामक पुस्तक प्रकाशित छ। हाल त्रि.वि शिक्षा शास्त्रमा प्राध्यापन गर्ने प्रेमले **शिक्षाको समाजशास्त्रीय आधार** सह-लेखनमा र **अभ्यास शिक्षण प्रयोग एवं निर्देशिका** (२०५४) नामक पुस्तक प्रकाशित छ।

७.७६ रामेश्वरराज अर्ज्याल (जन्म : वि.सं. २०११)

लामो समयदेखि इन्जीनीयरिङ्ग अध्ययन संस्थानमा अङ्ग्रेजी विषयका प्राध्यापक रही सेवा गरेका रामेश्वरराज अर्ज्यालको जन्म वीरगञ्जको श्रीपुरमा इ.सं. १९५४ अप्रिल २ मा भएको हो। पण्डित वलरामप्रसाद उपाध्याय र आमा जगतमाया देवीका छोरा रामेश्वरको प्रारम्भिक शिक्षादीक्षा वीरगञ्जमै भएको हो। उनले नेरावि श्रीपुरवाट माध्यमिक शिक्षा पूरा गरे पछि त्रिभुवन विश्वविद्यालयवाट उच्च शिक्षा हासिल गरे। वि.सं. २०४८ मा एम. ए. गरेपछि

---

३०८. डा. वलराम अर्ज्याल, **नेपाली भाषा-भाग २**, (काठमाडौं : शिक्षा प्रकाशन, २०५९), पृष्ठ भाग।



उनले अङ्ग्रेजी साहित्यको फुटकर अनुवाद पनि गर्न थाले। फ्रेन्च चिनीयाँ साहित्यकारहरूका रचना नेपाली पत्रपत्रिकाहरूमा भाषान्तर गरी आएका रामेश्वरले आफ्नै मौलिक कृति भने २०५७ सालमा आएर मात्रै **विस्मृतिका पानाहरू** प्रकाशित गर्दछन्।[३०९] यिनकी पत्नी उषा अर्ज्याल हुन् र दुई छोरा-अनुप र अनुजका साथै एकछोरी पूजा अध्ययनरत छन्। वि.सं. २०३३ देखिका कविताहरूको सङ्कलन स्वरूप आएको **विस्मृतिका पानाहरू** सङ्ग्रहका आधारमा यिनको कवित्त्व हेर्दा प्रायजसो कविताहरू सामान्य लाग्दछन्। सरल भाषामा सहज प्रस्तुतीले रामेश्वरका– 'विस्मृति'लाई कवितात्मक स्मृतिमा वदल्छन्। लाग्छ यही नै उनको विशेषता पनि वन्न पुगेको छ।

७.७७ शिवप्रसाद अर्ज्याल

नेपालको इतिहासमा अड्तीसाल पर्व भनी चिनिएको घटनामा राजालाई साथ दिए वापत राणाहरूद्वारा चारपाटा मुडिएर काठमाण्डूबाट धपाइएका सरदार यी होइनन् समय र बावुबाजेको नाम दुवै फरक पर्दछ।[३१०] शिवप्रसाद अर्ज्यालका नामबाट **रम्भा शुक नाटक** (२०१६) प्रकाशित छ। उक्त नाटकमा दिइएको परिचय अनुसार यिनी नारायणदासदेखि एघारौंपुस्ताका हुन् र यिनको घर गोरखा वताइएको छ–

लम्जुङका नृपपुत्र ठाकुरकुमार श्री द्रव्यसाहाकन
गोर्खा राज तखत् शुसोभित अटल् दिन्याऽभिषेकैतन।
जुन नारायण आर्यसिद्ध कुलकै एघार पुस्ता छुने
कर्मठ शिव् परसादको सुरचना गोर्खा शहर् घर् हुने॥

'गोर्खा शहर घर हुने' भनिएका यी शिवप्रसादका वावु विष्णुदत्त र आमा तिलोत्तमा देवी हुन्। नीलकण्ठका नाति शङ्करदत्त नै शिवप्रसाद भएको कुरा यिनैले लेखेको अर्को पुस्तक **अर्जेलभाष्य** (२०१६) मा देखिन्छ। उनको **अर्जेलभाष्य** नामक पुस्तकका सम्वन्धमा रामजीप्रसाद अर्ज्यालले शुरुमा **अर्जेलभाषा** भनी चर्चा गरेको पाइन्छ। तर पछि **अर्जेलभाष्य** भन्ने पुस्तक पढेर

---

३०९. रामेश्वरराज अर्ज्याल, **विस्मृतिका पानाहरू** (वीरगञ्ज : श्रीमति उषा अर्ज्याल-२०५९ मंसिर) पृष्ठभाग

३१०. बावुराम आचार्य, **अव यस्तो कहिल्यै नहोस्** (काठमाडौं : श्रीकृष्ण आचार्य २०६०) पृ. १२७.

त्यस धारणामा परिवर्तन आएको उनी उल्लेख गर्दछन्। शिवप्रसादको एउटा पुस्तकको नाम मात्रै **अर्जेलभाष्य** रहेको र त्यसमा मङ्गलाचरणदेखि प्रार्थना, शिवस्तोत्र, दशावतार स्तोत्र, गोरखनाथ स्तुति, गीताभाष्य, मानसिक पूजा आदि रचना समावेश गरिएको कुरा उक्त पुस्तकवाट थाहा पाइन्छ। यिनले आफुलाई कविको रूपमा पनि चिनाएका छन्।

७.७८ धर्मराज अर्ज्याल (जन्म वि.सं. २०१३)

'आत्म सन्तुष्टिका लागि लेख्छु' भन्ने धर्मराजले 'आरन' साहित्यिक पत्रिकाको सम्पादन गरी भरतपुरमा वस्दछन्। **मातृभूमिको** गीत (२०३६) पछि यिनको **सिर्जनाका धुनहरू** (२०५६) नामक पुस्तक प्रकाशित छ।[३११] स्नातकसम्मको अध्ययन गरेको र पत्रकारितामा पनि संलग्न रहेको हुँदा यिनको लेखन सरल र सहज बनेको छ। कविता लेखनमा संलग्न धर्मराजका माता देवमाया तथा पिता टेकप्रसाद हुन्। यिनको जन्म २०१३ सालमा भएको थियो।

७.७९ विनुबाबा अर्ज्याल (जन्म : वि.सं. २०१३)

माता शीला भट्टराई तथा पिता मदनदेव भट्टराईकी कान्छी छोरीका रूपमा काठमाडौं डिल्लिवजारमा जन्मेकी विनुवावा रामशरण अर्ज्यालकी पत्नी हुन्। यिनको **नेपाल परिचय** (२०४०) तथा **नयाँ नेपाल परिचय** (२०४२) नामक पुस्तक प्रकाशित छ। एम.ए. राजनीतिशास्त्र तथा नेपालीमा गरेकी भट्टराई पुत्री विनुबाबा त्रिविमा २०३३ देखि प्राध्यापनरत छिन्। हाल उनी कृष्णराज अर्ज्यालले स्थापना गरेको पुरानो गर्ल्स कलेज अर्थात् अहिलेको रत्नराज्य क्याम्पसमा पढाउँछिन्। उनले संस्कृति विषयमा **मध्यकालीन नेपालमा मन्त्रीहरूको भूमिका** शीर्षक लिएर पि.एच्डी शोधकार्य गरेको कुरा त्रिभुवन विश्वविद्यालयको शोधपत्र सूचीवाट थाहा पाइन्छ। हालै उक्त शोधकार्य पूरा गरेको हुँदा महेन्द्र विद्या भूषण (२०५९) पनि प्राप्त गरेकी छिन्। श्रीमान् रामशरण अर्याल अर्थ मन्त्रालयमा उपसचिव छन् भने यिनका दुई छोरी, एक छोरा छन्।

७.८० अच्युतशरण अर्ज्याल (जन्म : वि.सं. २०१५)

स्याङ्जा जिल्लाको वालिङ वजार भीमटारमा वि.सं. २०१५ मा जन्मिएका अच्युतशरण अर्ज्याल नेपाली साहित्यका स्नातकोत्तर हुन्। उनले

३११. साझा प्रकाशनको सूचीपत्र– २०५९

आफूलाई प्राध्यापन पेशामा लगाएर साहित्य सेवा गर्दैछन्। अर्ज्यालको नेपाली **बाल साहित्यको रूपरेखा** (२०४५), **प्रमाणवाद सिद्धान्त र सिर्जना** (२०४८), **श्रवण कुमार** (बाल खण्डकाव्य २०५४) नामक पुस्तक प्रकाशित छन्। यिनका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएका छन्। केही कविता-काव्य र निबन्धहरू अप्रकाशित रहेका छन्।[३१२] श्रीमती गंगादेवी अर्ज्यालद्वारा आँधिखोला प्रकाशनका लागि भनेर छापिएको **श्रवणकुमार** बालकाव्य लामो कविता जस्तो देखिन्छ।[३१३] **सुर्खेतको नेपाली साहित्य : एक सर्वेक्षण** (२०५०) नामक लघु-अनुसन्धान कृति पनि उनको उपलव्ध छ। त्रिभुवन विश्वविद्यालय अनुसन्धान महाशाखामा उक्त शोध-पत्र रहेको जानकारी केन्द्रीय पुस्तकालयवाट पाइन्छ। यिनले एम.ए.को शोधपत्रका रूपमा **अमेटोका वन्दीहरू** (२०४१) सिर्जना पनि गरेको देखिन्छ। यसैवीच अर्ज्यालले **बाल साहित्यको इतिहासमा** नै पी.एच्.डी. गर्दै रहेको जानकारी पनि प्राप्त भएको छ।

७.८१ तिमोथी अर्ज्याल (जन्म : वि.सं. २०१७)



गुल्मी जिल्लाको सिमलटारीमा वि.सं. २०१७ साल श्रावण १२ गते जन्मिएका रामचन्द्र अर्ज्यालको ईसाइ नाम नै तिमोथी अर्ज्याल हो। उनका माता ठूलीमैयाँ एवं पिता सीमोन अर्ज्याल हुन्। यिनका उपलब्ध कृतिहरूमा– **तपाइँको मनोवैज्ञानिक स्वास्थ्य** (२०५८), **पढ्ने र स्मरण बढाउने मनोवैज्ञानिक तरिका** (२०५१), **रीस चिन्तामाथि कसरी विजयी बन्ने** (२०५२) रहेका छन्। हालै **असल पतिऽपत्नी** (२०५९), नामक अर्को रचना पनि प्रकाशित भएको छ। गुल्मीवाट रूपन्देही वसाइँ झरेपछि रामचन्द्र अर्ज्यालले वुटवल मा.वि.वाट प्रवेशिका उतीर्ण गरे। त्यहीं उनले उच्चशिक्षा पनि अघि वढाए। पछि सानोठिमीवाट वी.एड्. गरेपछि रामचन्द्र तिमोथीले त्रिभुवन विश्वविद्यालयवाटै २०४९ वि.सं. मा मनोविज्ञान विषय लिई एम.ए. गरे। अहिले उनी त्रिचन्द्र कलेजमा प्राध्यापन गर्दछन्। उनको विहे ईमा वस्नेतसँग २०४९ मा भएको हो र उनका एक छोरा एक छोरी छन्।

तिमोथी अर्ज्याल मनोविज्ञानका चिकित्सक नभएर उपप्राध्यापक हुन्। तर उनी चिकित्सा-मनोविज्ञानका परामर्शक पनि हुन्। उनको पुस्तक **मनोविज्ञानका समस्याहरू माथि कसरी विजयी बन्ने ?** पाठ्यपुस्तकका रूपमा पनि लिइएको छ र यसको दोस्रो संस्करण हालै (२०५९ श्रावण) देखा परेको

---

३१२. घटराज भट्टराई, नेपाली लेखक कोश, पूर्ववत् , पृ. ५२।

३१३. सूचीपत्र– २०५९ (ललितपुर : साझा प्रकाशन), पृ.

छ। सरल भाषा, विषयगत गहिराई र सुन्दर तुलनात्मक शैलीले गर्दा विद्यार्थीहरूका लागि सहजबोध सुगम भएको छ। सूत्रात्मक प्रस्तुतिमा बुँदागत व्याख्याहरू, चित्रावली-तालिका र तथ्याङ्ले तिमोथीको लेखन वैशिष्ट्य निर्माण गरेको छ। सामान्य परिभाषादेखि विश्वव्यापी खोज अनुसन्धानबाट प्राप्त नयाँ जानकारीहरूले अर्ज्यालको लेखनलाई रोचक बनाएको छ। मनको व्यथालाई निमन गर्न सघाउने उनको रचनाशिल्प वस्तुगतप्रबन्ध लेखनको फाँटमा पर्दछ।[३१४]

७.८२ सीता अर्ज्याल (जन्म : वि.सं. २०१८)

तनहुँ जिल्लाको बन्दीपुरमा २०१८ साल असौज १४ गते जन्मिएकी सीता भट्टराई गोर्खाका सुप्रसिद्ध इतिहासविद् दण्डपाणि अर्ज्यालका कान्छा छोरा राजेन्द्रप्रसाद अर्ज्यालकी श्रीमति हुन्। गोर्खाबजार घर भएकी सीता अर्ज्यालकी माता लीला भट्टराई एवं पिता हरिराज भट्टराई हुन्। आफ्नो माता-पिताको घर तनहुँ बन्दीपुरकै भानु मा.वि.बाट २०३४ सालमा एस.एल.सी. उत्तीर्ण गरेकी सीताले त्रिविविबाट बी.एड्. गरेपछि केही समयसम्म शिक्षक भएर सेवा गरिन्। तनहुँ र गोर्खामा २०५३ सालसम्म पढाएकी सीताको विवाह २०३८ मा राजेन्द्रसँग भएको हो। कविताभन्दा कथामा साधानारत सीताको पहिलो सङ्ग्रह **मृगतृष्णा** (२०६०) प्रकाशित छ। मनोलाप शैलीमा लेखिएको यस कथा सङ्ग्रहमा पच्चीस रचना सङ्ग्रहित छन्। सुन्दर अभिव्यक्तिमा जीवनको व्यथा पस्कन सफल सीता अर्यालको भाषाशैली सरल र प्रवाहपूर्ण रहेको कुरा रमेश विकलले उल्लेख गरेका छन्।[३१५] सीता र राजेन्द्रका चार छोरी– उपमा, अनुपमा, रासिका र युनिश छन् भने छोरा शरद मात्र छन्।

७.८३ पुण्यप्रसाद अर्ज्याल

तौलेश्वरनाथ संस्कृत माविमा लामो समयसम्म प्रधानाध्यापक रहेका पुण्यप्रसाद अर्ज्यालले **श्रीमद्भागवत् महापुराण कथासार** (वि.सं. २०६०) नामक पुस्तक लेखेका छन्। यिनी गोपिराज उपाध्याय तथा विष्णुमायादेवीका पुत्र हुन्।

---

३१४. तिमोथी अर्ज्याल, **मनोवैज्ञानिक समस्याहरूमाथि कसरी विजय बन्ने ?** (काठमाठौं : डम्मर र रामशरण महर्जन, दोश्रो संस्करण– २०५९), पृ. ११-९८।

३१५. रमेश विकल, 'भूमिका', मृगतृष्णा, लेखक : सीता अर्याल (काठमाडौं : राजेन्द्रप्रसाद अर्याल– २०६०), पृ.ग

व्याकरण र पुराणमा आचार्य गरेका पुण्यप्रसाद कपिलवस्तुको तौलिहवा नगरपालिका-१० मा बसोबास गर्दछन्। पुण्यप्रसादले नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको संस्कृति विभागमा प्राज्ञ सोमनाथ सिग्देलको सहायक भएर काम गरेका थिए। **प्रतिसंस्कृता सिद्धान्त कौमुदी**को संशोधकमा यिनको नाम उल्लेख छ।[३१६] यिनले संस्कृत भाषामा लेखेका कविताहरू फुटकर रचनाका रूपमा रहेका छन्।

७.८४ डोरनाथ अर्ज्याल (जन्म : वि.सं. २०१८)

यिनको **प्रतियोगिता सञ्जीवनी** (२०५६) नामक रचना प्रकाशित छ।

७.८५ गोकर्ण अर्ज्याल (जन्म : वि.सं. २०२०)

यिनी पत्रकारका रूपमा परिचित छन्। वि.सं. २०२० साल भदौमा धादिङको ढोला गाउँमा जन्मेका गोकर्णले काठमाडौं स्थित संस्कृत पाठशालाबाट माध्यमिक तथा वाल्मीकि क्याम्पसबाट मध्यमा उतीर्ण गरेका छन्। यिनले त्रिचन्द्र कलेजबाट बी.ए. पूरा गरे। वि.सं. २०४९ देखि गोरखापत्रको सहसम्पादकमा कार्यरत अर्ज्यालले दुर्गादेवी लम्सालसँग विहे गरी एक छोरा र एक छोरीका पिता बनेका छन्। उनका थुप्रै लेख-रचनाहरू प्रकाशित छन् तर सङ्ग्रहमा भने हालसम्म देख्न पाइएको छैन।

७.८६ कुन्दन अर्ज्याल (जन्म वि.सं. २०२४)



पत्रकार व्यक्तित्वमा परिचित कुन्दन अर्ज्यालको जन्म २०२४ असोज ६ गते राजविराजमा भएको थियो। उनका माता विना अर्ज्याल र पिता केशवप्रसाद अर्ज्यालको छोराका रूपमा उनको जन्म भएको हो। प्रारम्भिक शिक्षादीक्षा काठमाडौंको शहीद स्मृति विद्यालय र विश्व निकेतनमा भए पनि एस.एल.सी. उनले राजविराजबाट दिएका हुन्। सिद्धार्थ वनस्थलीबाट आई.एस्सी गरेपछि पाटन क्याम्पसबाट बी.एस्सी गरे। यिनले **नेपाली प्रेसमा कार्टुन** (२०५८) नामक खोजपूर्ण पुस्तक लेखेका छन्। हालै पत्रकारितामा स्नातकोत्तर अध्ययन पूरा गरेका कुन्दन 'बुधबार' साप्ताहिकमा सम्पादक छन्।

---

३१६. सोमनाथ सिग्द्याल, **प्रतिसंस्कृता सिद्धान्त कौमुदी** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान- २०१५), पृ. ख।

यिनको विवाह २०५२ साल मंसिरमा पवनकुमार ओझाकी छोरी प्रेक्ष्यासँग भएको हो। यिनले पत्रकारिता विषयमा नयाँ दिल्लीवाट एकवर्षे तालिम पनि लिएका छन्। पहिले छलफल, प्रकाश पत्रिकासँग पनि सम्वद्ध थिए। कुन्दन अर्ज्यालद्वारा संपादित अन्य पुस्तकहरूमा– **मानव अधिकार सरल संस्करण, जनताको एक्काइसौं शताब्दी, उनीहरू कहाँ छन् ?** आदि रहेका छन्।[३१७] कुन्दनको अखवारी लेखनसमेत खोजमूलक एवं सूचनात्मक रहेको हुन्छ। यिनको भाषा सरल र भाव सहज-संप्रेष्य हुन्छ।

७.८७ देवेन्द्र अर्ज्याल 'आँसु' (जन्म वि.सं. २०२८)

देवीमाया र शिवप्रसादका छोरा देवेन्द्र अर्ज्याल 'आँसु' वि.सं. २०२८ असारमा जन्मेका हुन्। यिनले स्थानीय नागार्जुन मा.वि.मा प्रारम्भिक शिक्षा प्राप्त गरे। गीत, कविता, कथा र प्रतिवेदन लेखिरहने देवेन्द्र अर्ज्याल 'आँसु' काठमाडौं गोलढुङ्गाका बासिन्दा हुन्। त्रि.वि.बाट एम्.ए. (नेपाली) गरेका 'आँसु' उपनामवाला यी कविले **अमुक प्रेम** (२०५०) नामक कविता सङ्ग्रह संयुक्त रूपमा निकालेको देखिन्छ। विद्यालय स्तरको **सामान्य ज्ञान** (२०५४) को प्रकाशनपछि देवेन्द्रले आफ्ना कविताहरूको सङ्ग्रह **क्रमशः** प्रकाशित गर्दछन्। पत्रपत्रिकामा फुटकर रचना थुप्रै छरिएका कविले सरस्वती ढुङ्गानासँग विहे गरेका छन् र एक छोरी छिन्। हाल यिनी टाइम एफ.एम्. रेडियोसँग पनि सम्वद्ध छन्।

७.८८ कमलप्रसाद अर्ज्याल (जन्म वि.सं. २०३०)

धादिङ अमराईमा २०३० साल साउन १५ गते जन्मेका कमल अर्ज्याललले सम्पूर्णानन्द विश्वविद्यालय, भारतवाट शास्त्रीसम्मको अध्ययन गरेका छन्। पछि त्रि.वि.वि.बाट एम.ए. गर्दा यिनको स्नातकोत्तर शोधपत्र अन्तरगत सिर्जनात्मक लेखनमा रचिएको कृति **आफ्ना कविता** (२०५८) देख्न पाइन्छ। हाल शिक्षण पेशामा संलग्न कमल चितवनको रत्ननगरमा वसोवास गर्दछन्।

७.८९ टंकराज अर्ज्याल

सम्भवतः यी पाल्पा असर्दीका किसान कविका नामले जानिने टंकराज

---

३१७. **नेपाली पत्रकारहरू** भाग १ (सं.) विष्णु प्रभातसमेत (काठमाडौं : नेपाल पत्रकार संघ, २०५१ चैत), पृ. १०।

अर्ज्याल हुनुपर्छ। यिनका प्राप्त रचनामा **नेपाली लोकगीत** (२०२१) तथा **महान् तिर्थ केलादी** (२०२१) प्राप्त छन्।[३१८] **केलादी** असर्दीकै नजिक रामपुर फाँटको एक प्रसिद्ध घाट पनि हो, जसको प्राकृतिक चित्रण यस कवितामा गरिएको छ।

७.९० जीवनाथ अर्ज्याल

यी धादिङका प्रतिभा हुन्। लामो समयसम्म नुवाकोट, धादिङ र भक्तपुरमा शिक्षक रहेका अर्ज्याल पछि प्रशासनतर्फ ना.सु. भई विराटनगर पुगे। त्यतै वसोवास गर्न थाले। यिनको **देवघाट-दर्शन** नामक रचनात्मक कृति प्रकाशित भएको देखिन्छ। उनको पहिलो रचना **कहाँ छ अनुशासन ?** शीर्षकको समस्यापूर्ति रहेको छ।

७.९१ रूक्मागद अर्ज्याल

यिनी गुल्मी आँपचौर-३ निवासी हुन्। रूक्मागतले नेपाली भाषामा **रामगीता** लेखेका छन् र केही फुटकर रचनाहरू प्रकाशित छन्।

७.९२ मुरारी अर्ज्याल

काठमाडौंको चावहिल निवासी कृष्णमणिका छोरा मुरारी अर्ज्यालको लेखन प्रगतिशीलताको सीमा पार गरेर प्रगतिवादसम्म विस्तारित रहेको छ। यी मूलतः गद्य लेखक हुन् र प्रगतिवादी समीक्षकका रूपमा परिचित छन्। यिनको मौलिक कृति **मार्क्सवाद** (२०४७) र अनूदित कृति **जीव-विज्ञान नारी जातिको नियती होइन** (२०४०), **नारी जात वर्ग या उत्पीडित लिंग** (२०४२) प्रकाशित भएको पाइन्छ। प्रगतिशील लेखकका रूपमा परिचित मुरारीको पछिल्लो कृति **मार्क्सवादी सौन्दर्य विधान र आलोचना** (२०४९) हो। थुप्रै फुटकर रचनाहरू पत्रपत्रिकामा छरिएर रहेका मुरारीको समालोचनात्मक रचनाहरू समयसमयमा पत्र-पत्रिकामा प्रकाशित भइरहेका पाइन्छन्।

७.९३ प्रेमनाथ अर्ज्याल

गुल्मी मर्भुङ-२ मा वि.सं. एक सालमा जन्मेका प्रेमनाथका फुटकर रचनाहरू **सिंहनाद**, **अरूणोदय**, **सक्रान्ति** र **विद्या** पत्रिकामा प्रकाशित छन्। यिनका छोरा भीमराज अर्ज्याल (वि.सं. २०२६ भदौ सात) ले पनि फुटकर रचना गरेका छन्। महेन्द्र मा.वि. तम्घासबाट २०४२ मा प्रवेशिका गरी त्रि.वि.वाट २०५० मा इतिहासमा एम.ए. गरेका भीमराज त्रिचन्द्र कलेजमा पढाउँछन्। यिनले स्नातकोत्तर शोधका लागि **मध्यावधी निर्वाचन- २०५०** विषयक शोधपत्र तयार गरेको जानकारी त्रिभुवन विश्वविद्यालय पुस्तकालयमा

---

३१८. यी मदन पौरख,-२०४० मा उल्लेख गरिएका कृतिहरू हुन्।

उपलब्ध सूचीवाट ज्ञात हुन्छ ।

७.९४ विजयकुमार अर्ज्याल

विजयकुमार अर्ज्यालले **त्रिभुवन विश्वविद्यालयको अनुसन्धान नीति तथा कार्यक्रम एक अध्ययन** (२०५३) **नेपालमा गलैंचा उद्योग सम्भावना र चुनौती** (२०५५) तथा **सानोठिमी क्याम्पसको विद्यार्थी चाप तथा पूर्वाधार एक अध्ययन** (२०५४) नामक शोधपत्रहरू तयार गरेको त्रिभुवन विश्वविद्यालय– अनुसन्धान महाशाखाको विवरणमा देखिन्छ । विजयकुमार अर्ज्यालले– **नेपालमा उखुखेतीको अर्थतन्त्र** विषयक स्नातकोत्तर शोधपत्र (ई.सं. १९८६) तयार गरेको पनि त्रिभुवन विश्वविद्यालय पुस्तकालयमा उपलब्ध शोधपत्रसूचीवाट जानकारी पाइन्छ । यसैवीच पृथ्वीनारायण क्याम्पस पोखरामा अध्यापन गर्ने अर्का (?) विजय अर्ज्याल देखा परेका छन् । उनको **जनसंख्या विश्लेषण एक परिचय** (२०५८) नामक पुस्तक प्रकाशित भएको देखिन्छ ।[३१९] समाज शास्त्रीय अध्ययनका निम्ति उपयोगी रहेको उक्त पुस्तक लेख्ने र शोधकर्ता विजय एउटै व्यक्ति हुन् वा फरक हुन् थाहा हुन सकेन ।

७.९५ विष्णुप्रसाद अर्ज्याल

यिनको **नेपाली भाषामा शब्दहरूको आवृत्ति** (२०५५) नामक स्नातकोत्तर शोधपत्र छ र **नेपालमा भुटानी शरणार्थी समस्या एक अध्ययन** (२०५३) नामक अर्को शोधपत्र पनि विष्णुप्रसाद अर्ज्यालकै नाममा देखिन्छ ।

७.९६ भरत अर्ज्याल

यिनी धादिङ्गका हुन् । **परिस्थिति** (२०४०) नामक सामाजिक उपन्यास प्रकाशित छ । भरत अर्ज्याल र भरतकान्त अर्ज्याल एउटै व्यक्ति होइन जस्तो देखिन्छ किनकि भरतकान्त अर्ज्यालले सिराहा जिल्लाको रामनगर मिर्चैयाका मुसहर जातिको आर्थिक अवस्थावारे अध्ययन गरेका छन् ।

७.९७ कृष्णप्रसाद अर्ज्याल

यिनको **दसौडा कुरा** (२०२५) नामक रचना रहेको देखिन्छ ।

७.९८ जीवनारायण अर्ज्याल

यिनको एउटा कृति **हर्षबहादुर बूढा मगर : विगत र वर्तमान** (२०५८) उपलब्ध छ ।

---

३१९. पुस्तक सूची,– २०५८-२०५९, (काठमाडौं, रत्न पुस्तक भण्डार) पृ. २८

७.९९ पद्मा अर्ज्याल (जन्म : वि.सं. २०२४)

काठमाण्डौं जोरपाटीमा जन्मेकी पद्मा अर्यालले नेपालीमा एम.ए. गरेकी छिन् । यिनको **मनबहादुर मुखियाका नाट्यकृतिहरूको अध्ययन** (२०५८) नामक स्नातकोत्तर शोधपत्र **मनबहादुर मुखियाको नाट्यशिल्प** भनी पुस्तकाकारमा वि.सं. २०५९ मा प्रकाशित भएको छ ।

७.१०० इन्दिरा अर्ज्याल

यिनले त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकायअन्तरगत पठनपाठन भइरहेका आई.ए. र बी.ए.स्तरको **गणित पाठ्यक्रम मूल्याङ्कन-शोध** २०५५ वि.सं. मा गरेकी छिन् ।

७.१०१ बालचन्द्र अर्ज्याल

यिनको **अनुशरण-अध्ययन** (२०४०) नामक पुस्तक पञ्चायत प्रशिक्षण केन्द्रद्वारा प्रकाशित छ। बालचन्द्र अर्ज्यालले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गर्ने क्रममा (ई.सं. १९८०) **नेपालमा जुटको बजारसम्वन्धी** अध्ययन गरेको पाइन्छ ।

७.१०२ मुकुन्द अर्ज्याल

स्याङ्जा जैसीडाँडामा जन्मेका मुकुन्द अर्ज्यालको **आँधिखोलाको सुसेली** (२०५३) नामक रचना प्रकाशित छ । दहालका अनुसार यी कविता फाँटका 'नव प्रतिभा' हुन् ।[३२०]

फुटकर लेख्नेहरूमा– सुन्दरीकालीन अर्ज्याल लेखकहरूको सूचीमा दिलराज अर्ज्याल, (समस्यापूर्ति-६ कलिका विलासी) भेषजराजचन्द्र अर्ज्याल (समस्यापूर्ति-७, नमान हारी, ८-धनलीनचेत र ९-गजराज नानामा देखा पर्दछन् ।[३२१] शेषकान्त अर्ज्यालको **आमा म पृथ्वीमा जान पाऊँ** (२०५४), **अर्ज्याल वंशलता**का लेखक ध्रुवप्रसाद अर्ज्यालका अतिरिक्त लक्ष्मीदेवी अर्ज्यालका संस्मरणहरू साप्ताहिक पत्रिकामा स्तम्भका रूपमा केही समय देखापरेको पाइन्छ भने प्रेमनाथ अर्ज्याल (गोर्खा संसारमा समस्या पूर्ति लेख्ने), अनन्तकेशरी अर्ज्याल, वुद्धिनाथ अर्ज्याल, विष्णु गोपाल अर्ज्याल, जनार्दन अर्याल, योगेन्द्रप्रसाद अर्याल, गोमा अर्याल, निर्मलवाबू अर्ज्याल, रमेश अर्ज्याल, चोलाकान्त अर्ज्याल, खिलाशर्मा अर्ज्याल, शालिग्राम अर्ज्याल, धर्मानन्द उपाध्याय अर्जेल, एकनारायण

---

३२०. रामप्रसाद दहाल, पूर्ववत्, पृ. ४१३ ।

३२१. पुष्कर लोहनी, (सं) **सुन्दरी कालिका ऋतुवर्णन तथा समस्यापूर्ति**, (काठमाण्डौं : प्रजेन्द्र प्रकाशन-२०४७) ७६, ७३, ६७, ५८, ४६,

अर्याल, मनोरञ्जनरमण अर्ज्याल आदि देखिन्छन् ।

राणाशाहीका विरुद्धमा राजालाई साथ दिंदा मारिएका अर्ज्यालहरूमा रामनाथ अर्ज्याल, व्रह्मनाथ अर्ज्याल र पं. चन्द्रकान्त अर्ज्यालहरू देखा पर्दछन् । यी अलौ पर्वका निहुँमा मारिएका थिए । रामनाथ र व्रह्मनाथ त बावु-छोरा थिए ।

निश्कर्षमा भन्दा अर्ज्याल स्रष्टाहरूको संक्षिप्त चिनारी दिंदा कतिपयको कृतिविश्लेषण गर्न सकिएको छैन । कतिपय स्रष्टाहरूको वारेमा यथोचित जानकारी प्राप्त हुन सकेको छैन । तर पनि झण्डै दुई शताव्दीका विभिन्न स्रष्टाहरूको वारेमा पाएसम्मका तथ्य सङ्कलन एवं विश्लेषण गर्दा अर्ज्याल वंशको विद्वत्परम्परा गौरव गर्न लायक नै छ । अर्ज्याल विद्वान्हरूका रचनाहरूमध्ये संस्कृत भाषामा लेखिएकालाई वेग्लै अध्ययनको विषय बनाएर गहन अन्वेषण गर्न आवश्यक देखिन्छ भने अन्य भाषाका रचनाको पनि पृथक शोधखोज गरिनुपर्छ र साहित्यिक कृतिहरूसँगै जीवनीपरक ढङ्गले सवै स्रष्टाहरूको अनुसन्धान गरिनुपर्ने खाँचो छ । समयको प्रवाहसँगै यस वंशभित्रका विद्वान्-विदुषीहरूले विषयगत विविधतालाई अँगाल्दै यसतर्फ विशिष्ट साधना गरेको खण्डमा अर्ज्यालहरूले आफ्नो पुर्ख्यौली गौरवलाई पुनर्जीवन दिन सक्नेछन् । यसका लागि सम्पूर्ण अर्ज्याल वन्धुहरू एकढिक्का भई परस्पर हातेमालो गर्दै अघि वढ्नु जरुरी छ ।

८. नेपाली पत्रकारितमा अर्ज्यालहरू

नेपालको पत्रकारितामा अर्ज्यालहरूको संलग्नता आरम्भदेखि नै रहिआएको छ। बझाङ्गी राजा जयपृथ्वीवहादुर सिंहको मुख्तीयारीमा **गोरखापत्र**को सञ्चालन शुरू हुँदादेखि नै त्यसमा संलग्न भएका वीरेन्द्रकेशरी अर्ज्याल सहकारी सम्पादक रहेको कुरा घटराज भट्टराई लेख्दछन्।[३२२] यिनी जयपृथ्वीबहादुर सिंहका गुरु तथा सुव्वा थिए। अहिलेको अर्थमा पत्रकार भन्न नसकिए पनि वीरेन्द्रकेशरी आफ्नो समयका एक अन्वेषक, लेखक, भाषाविद् र **प्रथम व्याकरणकार** मात्र नभएर एक पत्रकार पनि थिए। गोरखापत्रमा उनको जिम्मेवारीले यही कुरा दर्शाउँछ। यद्यपि उनी स्वयं त्यसको मुख्य सम्पादक भने रहेनन्। नेपाली भाषा प्रकाशिनी समितिसँगको सम्वद्धतालाई आजको अर्थमा **साहित्यिक पत्रकारिता** भन्न नमिल्ला, तर त्यसले पुस्तक जाँच्ने, भाषा केलाउने र छाप्न दिने ऽनदिने निर्णय गर्ने सेन्सर वोर्डको काम गर्ने गर्दथ्यो, जहाँ उनी पनि थिए। वीरेन्द्रकेशरी अर्ज्यालको गोर्खापत्रमा भाषासम्पादनको भूमिकावारे चर्चा गर्दा प्रा. चूडामणि वन्धु लेख्छन्– "गोरखापत्रको प्रकाशनपछि वोलचालको भाषालाई नियमित रूपमा र व्यापक क्षेत्रमा छापामा ल्याउँदा हिज्जेका समस्याहरू देखा परे। त्यसलाई समाधान गर्न उच्चारणलाई ध्यानमा राखी हिज्जेका रूपहरूको निर्धारण गर्ने दृष्टिकोणले ठाउँ लियो। वीरेन्द्रकेशरी अर्ज्यालले यस विषयलाई अगाडि बढाए। राजा जयपृथ्वीबहादुर सिंहले त्यसको समर्थन गरे। नेपालीको स्तरीकरणका प्रयाशहरूको चर्चा गर्दा वीरेन्द्रकेशरी अर्ज्यालको हलन्तवाद र राममणि आदीको हलन्त वहिस्कारवादलाई विर्सन सकिन्न। प्रारम्भिक कालमा गोरखापत्रका सम्पादक रहेका जयपृथ्वीवहादुरले पनि अर्ज्यालकै मान्यताहरूको अनुशरण गरे।"[३२३] वि.सं. १९६० को असोजतिर पण्डित नरेन्द्रकेशरी अर्ज्याल पनि गोरखापत्रको पण्डितमा भर्ना भए।[३२४] नरेन्द्रकेशरी अर्ज्यालले गोरखापत्रमा तेह्रवर्ष काम गरे। उनले वि.सं. १९७३ पुसमा अवकाश पाएका थिए। **कान्छा पण्डित** भनिने नरेन्द्रकेशरीका बारेमा रामजीप्रसाद अर्ज्याल लेख्छन्– "नेपालका अर्ज्यालविद्वान्हरूले संस्कृत र नेपाली साहित्यको क्षेत्रमा योगदान गरेजस्तै नरेन्द्रकेशरीले पत्रकारिताको क्षेत्रमा योगदान गरेको पाइन्छ। त्यस वखतमा यी पण्डित भनिनेहरू नै गोरखापत्रका

---

३२२. घटराज भट्टराई, **खोजखाज** (ललितपुर : साझा प्रकाशन– २०५४), पृ. ६३।

३२३. चूडामणि वन्धु, **नेपाली भाषा र गोरखापत्र**, गोरखापत्र (शतवार्षिक स्मारिका– १९५८-२०५७), पृ. ७।

३२४. ग्रीष्मवहादुर देवकोटा, **नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास**, (ललितपुर : साझा प्रकाशन– दोश्रो- २०५१), पृ. ६९।

सम्पादक थिए।[३२५] नरेन्द्रकेशरीका फुटकर कविताहरू **नेपाल गौरव** नामक सङ्ग्रहमा भेटिन्छ। अर्ज्याल पत्रकारहरूमा तेस्रो व्यक्तित्व सम्भवत: कृष्णचन्द्र अर्ज्याल हुन्। यिनी पनि गोरखापत्रसँग नै आवद्ध थिए। साहित्यकार व्यक्तित्ववाट परिचित कृष्णचन्द्र अर्ज्याल **हाँसो** पुस्तक लेख्ने हास्यव्यङ्ग्यकार पनि थिए। यिनले गोर्खापत्रमा अनगिन्ती वेनामी लेखरचनाहरू छपाएको कुरा तानाशर्माले उल्लेख गरेका छन्।[३२६] कृष्णचन्द्र अर्ज्याल गोरखापत्रमा कामु सम्पादक थिए।

यसपछि कृष्णराज अर्ज्याल देखापर्दछन्। उनले ई.सं. १९५६ देखि १९५९ सम्म **शिक्षा** त्रैमासिक र **नवीन शिक्षा** (मासिक) पत्रिका, प्रधान-सम्पादक भएर सञ्चालन गरे। सम्पादक-मण्डलमा कृष्णराजलगायत अन्य व्यक्तिहरू पनि रहेका थिए। कृष्णराज अर्ज्यालपछि शिक्षामन्त्री र परराष्ट्रमन्त्री पनि भएका थिए। साप्ताहिक समाचारपत्रको प्रकाशक तथा सम्पादक भएर यस क्षेत्रमा जनस्तरवाट योगदान दिने व्यक्तित्व भने निर्मलकुमार अर्ज्याल हुन्। यिनले आफ्नै सम्पादन कुशलता प्रस्तुत गर्दै **एशियाली आवाज** नामक पत्रिका प्रकाशन गरेका थिए। अङ्ग्रेजी भाषामा **एशिया टुडे** नामक पत्रिका पनि निर्मलकुमार अर्ज्यालले सम्पादन गरे। नेपाल पत्रकार संघको केन्द्रीय समितिमा सभापति भएर पेशागत संगठनको संस्थागत नेतृत्व दिने अर्ज्यालको कार्यकालसम्म नेपाली पत्रकारहरूको छाता संगठन एउटै थियो। निर्मलकुमार पछि मञ्जुरत्न शाक्यको पालामा यो विभाजित भयो र मूलधारा आजको नेपाल पत्रकार महासंघमा रूपान्तरित हुन पुगेको हो। निर्मलकुमार अर्ज्याल जनपक्षीय अडानका प्रगतिशील व्यक्तित्व हुन्। उनले नेपाली पत्रकारहरूको प्रतिनिधित्व गर्दै दुईपटकसम्म नेपाल प्रेस काउन्सीलमा जिम्मेवारी वहन गरेका थिए। निर्मलकुमारको पत्रकारिता वाहेक अन्य पक्षको चर्चा माथि भइसकेको छ। पछि यिनले पत्रकारिता पेशा छाडेर प्राध्यापन तर्फ आफूलाई लगाए। राजा वीरेन्द्रको राजकीय भ्रमणमा सहभागी भएर युरोप घुम्ने 'अर्ज्याल-पत्रकार' यिनी नै देखिन्छन्। परन्तु अहिले यी पत्रकारिता छाडेर प्राध्यापन गर्दछन्।

योगेन्द्रनाथ अर्ज्याल अर्का नामी पत्रकार हुन्। यिनले **प्रतिध्वनि** नामक साप्ताहिक पत्रिका सञ्चालन गरी प्रख्याति पाए। योगेन्द्र अर्ज्याल पनि नेपाल प्रेस काउन्सीलको सदस्य भएर नेपाली पत्रकारितामा योगदान दिएका छन्। सूचना पत्रकारितासँगै साहित्यिक पत्रकारितामा पनि योगेन्द्रको देन रहेको छ। योगेन्द्रनाथ अर्ज्याल पनि पत्रकारिताको प्रवर्द्धनमा दत्तचित रहेर नै

---

३२५. रामजीप्रसाद अर्ज्याल, **नेपालको इतिहास र अर्ज्याल परिवार**, पूर्ववत्, पृ. १७६।
३२६. तानाशर्मा, **नेपाली साहित्यको इतिहास**, पूर्ववत्, पृ. ७६।

प्रेसकाउन्सीलका सदस्य वन्न पुगेका हुन्। यिनले **देशान्तर, युगसम्वाद, समाज** र **राजधानी**मा पनि कलम चलाए। पुस्तक सम्पादनमा भने श्यामजीसाद अर्ज्यालको नाम अविस्मरणीय रहेको छ र उनले संपादन गरेको **सुक्ति सिन्धु** अहिले पनि चर्चामा रहेको छ। जसवापत् श्यामजीप्रसादको घरबार लिलाम् गरिएको थियो।

बाबुराम अर्ज्याल राजधानी बाहिर बसेर पत्रकारितामा प्रभाव जमाएका प्रतिभाशाली व्यक्तित्व हुन्। लुम्बिनी अंचलको गुल्मी जिल्लाबाट त्यहींको रूपन्देहीमा बसाइँ सरेपछि पत्रकारितातर्फ आकर्षित अर्ज्यालले २०४३-४४ तिर **सिद्धार्थ** (दैनिक) सञ्चालन गरेका थिए। लुम्बिनीमा निकै लोकप्रिय रहेको यस पत्रिकाको कमानी भनेकै बाबुराम अर्ज्याल थिए। उनी प्रेस व्यवसायमा पनि संलग्न थिए। लुम्बिनीलाई विशेष गरी बुटवललाई पत्रकारिताका दृष्टिले राजधानीपछिको दोस्रो स्थानमा पुऱ्याउन यिनको पनि महत्त्वपूर्ण देन छ। मोफसलबाट सञ्चालित पत्रिकामा पूर्वाञ्चलको विराटनगरबाट प्रकाशित **जनजीवन**(२०३९) अर्को महत्त्वपूर्ण प्रकाशन हो। यसका संपादक थिए– धुवप्रसाद अर्ज्याल। यिनले पनि २०४३-४४ तिरसम्म **जनजीवन**लाई सञ्चालन गरे। त्यसपछि भने प्रकाशन स्थगित जस्तै हुन पुगेको छ। धुवप्रसाद अर्ज्यालकै सम्पादनमा **पाञ्चाली** दैनिक पनि केही समय सञ्चालित रह्यो। विराटनगरको पत्रकारितामा उनको योगदान अविस्मरणीय रहेको छ। विराटनगरबाट पत्रकारितामा संलग्न अन्य अर्ज्याल-बन्धुमा **नमस्कार** तथा **नवज्योति**का संपादक सुरेन्द्रकुमार अर्ज्याल देखापर्छन् भने ऋषिराम अर्ज्यालको नाम पनि पत्रकारको रूपमा देखिन्छ।[३२७]

काठमाडौंको पत्रकारितामा देखापरेका अन्य पत्रकारहरूमा **कर्मरेखा** पत्रिकाकी संपादिका ज्ञानु अर्ज्याल (२०३६), **प्यागोडा** (मासिक)का संपादक शशिकुमार अर्ज्याल (२०३७ तिर) राष्ट्रिय वाणिज्य बैंकको पत्रिकाको संपादक नरेश अर्ज्याल, **घोषणा** (पत्रिका-२०४०) का सम्पादक जीवराज अर्ज्याल **कपिलवस्तु** वार्षिक प्रकाशन (२०१७), **गौतम** (वार्षिक प्रकाशन, २०१८) **छात्रप्रभा** (२०२४), **हैमवति** संस्कृत अध्ययन संस्थानको प्रकाशन जस्ता पत्रिकामा डा. विष्णुराज आत्रेयले प्रधान सम्पादक तथा सहसम्पादक भएर काम गरेको पाइन्छ। **छलफल** साप्ताहिकका पत्रकार (केन्द्रीय कार्यालय प्रतिनिधि- २०४१), विष्णुप्रसाद अर्ज्याल, पछि प्रवन्ध-संपादक तथा कार्यकारी-सम्पादक भएर पनि काम गरेको देखिन्छ। विष्णु प्रभात अर्ज्यालले नेपाल पत्रकार महासंघको केन्द्रीय कमिटीमा निर्वाचित भई एक कार्यकाल काम गरेका थिए। यिनले **नेपाली**

---

३२७. प्रेसकाउन्सीलका विभिन्न प्रतिवेदनहरूका आधारमा।

पत्रकारहरू (भाग १) नामक परिचय ग्रन्थ संपादन/संयोजन गरेका थिए। त्यसैगरी स्कूल अफ जर्नालिज्मका अध्यक्ष दीपक अर्ज्याल (२०४० तिर) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित अनुसन्धानमूलक पत्रिका **प्रज्ञा**का सम्पादक देवेन्द्रराज अर्जेल, **प्रलेस**, **विकल्प** र **मुक्तिमोर्चा**का संपादक– विष्णु प्रभात, **बुधवार** साप्ताहिक पत्रिकाका सम्पादक कुन्दन अर्ज्याल, **गोरखापत्र** दैनिकमा कार्यरत पत्रकार– विजय अर्ज्याल, गोकर्णप्रसाद अर्ज्याल, धर्मराज अर्ज्याल, प्रभुराम अर्ज्याल 'प्रतीक्षा', भीमराज अर्ज्याल **विश्व सन्देश** पत्रिकाका प्रतिनिधि गोपालप्रसाद अर्ज्याल **सीमाङ्कन** साप्ताहिकमा कार्यरत चोलाकान्त अर्ज्यालहरू भेटिन्छन्। मोफसलमा कार्यरत अन्य अर्ज्याल-पत्रकारहरूमा तुलाविनोद अर्ज्याल (राजविराज), डिल्लिराज अर्ज्याल र दीपक अर्ज्याल (पाल्पा), चिरञ्जीवी अर्ज्याल (सुर्खेत) प्रमुख व्यक्तित्वका रूपमा परिचित छन्।[३२८] चिरञ्जीवी अर्ज्यालले सुर्खेतको पत्रकारितामा महत्त्वपूर्ण देन दिएका छन्। विदेशी समाचार संस्थाहरूतर्फ हेर्दा विविसी नेपाली सेवामा कार्यरत– नारायण अर्ज्याल मात्र देखिन्छन्।

कान्तिपुर प्रकाशन गृहमा कार्यरत चारजना अर्ज्याल सबै करारमा छन्। कमलराज अर्ज्याल (मार्केटिङ अधिकृत), हरि अर्ज्याल (सहायक), विदुर अर्ज्याल तथा जयश्वर अर्ज्यालहरू सम्वाददातामा कार्यरत छन्। एकजना सम्वाददाता माधव अर्ज्याल (पाल्पा) देखापर्दछन्। स्पेशटाइम दैनिकमा कार्यरतहरू पनि सबै करारमा छन् र त्यसमा पद्मप्रसाद अर्ज्याल (बजार अधिकृत) देवीप्रकाश अर्ज्याल (वरिष्ट सहायक) देखापर्दछन्।

विभिन्न एफ.एम. रेडियो स्टेशनहरूमा कार्यरत अर्ज्याल-पत्रकारहरूको संख्या पनि न्यून नै रहेको देखिन्छ। रेडियो नेपालमा अच्युतराज अर्ज्याल कार्यरत छन्। रेडियो सगरमाथा एफ.एम्.मा सरोज अर्ज्याल तथा श्रीमती इनु अर्ज्याल कार्यरत छन् भने कान्तिपुर एफ.एम्.मा एकजना मदन अर्ज्यालमात्रै यतिखेर कार्यरत रहेको पाइन्छ। च्यानल नेपाल टीभीमा एकजना सुशील अर्ज्याल (वरिप्ठ सम्वाददाता) मात्र रहेका छन् भने नेपाल टेलिभिजनमा यो लेख्दाका वखतसम्म पत्रकार अर्ज्याल कर्मचारी वा प्राविधिक कोही छैनन् भन्ने जानकारी पाइयो। एफ.एम. मदनपोखरामा भने गुणाकर अर्ज्याल, राजेश अर्ज्याल र सोमनाथ अर्ज्यालहरू कार्यरत रहेको देखिन्छ। यसरी पत्रकारिताको छापामाध्यम तथा विद्युतीय दुवै क्षेत्रमा अर्ज्याल पत्रकारहरूले समयसापेक्ष योगदान दिंदै आएको भए पनि व्यवसायिक निरन्तरता भने थोरैले मात्र कायम राख्न सकेका छन्।

---

३२८. नेपाली पत्रकारहरू भाग १ तथा प्रेस काउन्सील प्रतिवेदनहरू।

९. विज्ञान तथा प्रविधिमा अर्ज्यालहरूको योगदान

नेपाल एकीकरणपछि मात्र हैन त्यसअघि नै गोरखा दरवारको निर्माणकार्यमा संलग्न विश्वेश्वर अर्ज्याल र भानुजोशी अर्ज्यालदेखि नै प्राविधिक क्षेत्रमा अर्ज्यालहरूको सुझवुझ प्रकट भई आएको छ। गोरखा दरवारको जुन स्वरूप आज छ त्यसमा उनीहरूकै ज्ञान र सीप प्रकट भएको छ। काठमाडौंको मल्लकालीन निर्माण-प्रविधिसँगै नवीनताको उन्मेष गर्ने अर्ज्यालहरूमा भानु अर्ज्याल पहिलो र हरिवंश अर्ज्यालको नाम दोस्रो उल्लेखनीय एवं महत्त्वपूर्ण मानिछ। भानुजोशी अर्ज्याललाई **गोर्खाली कौटिल्य**का नामले समेत हेरिन्थ्यो। हरिवंश अर्ज्याल काठमाडौं उपत्यका विजयपश्चाद् वसन्तपुर दरवारको संरचना सुधार गरी पूर्वोत्तर कुनामा **लक्ष्मी-विलास** नामको वुर्जा, दक्षिण-पश्चिम कुनामा **वसन्तपुर-कैलास** नामको वुर्जा र पूर्व दक्षिणमा **विलास-मन्दिर** एवं उत्तर-पश्चिममा तामाको छाना भएको वङ्गला निर्माण गर्ने मुख्य प्राविधिक हुन्। सो निर्माण कार्य सम्पन्न गर्ने-गराउने अगुवा विशेषज्ञ हरिवंश उपाध्याय अर्ज्याल थिए भन्ने ऐतिहासिक तथ्य उल्लेख्य छ। हरिवंश अर्ज्याल मोक्षेस्वरका नाती थिए र मोक्षेश्वर अर्ज्याल पृथ्वीनारायण शाहका गुरु (शिक्षक) थिए। त्यसो त विभिन्न ठाउँका लडाइँमा गडी र दुर्ग (किल्ला) वनाउने, रणकौशलताका दृष्टिले नामी शक्तिवल्लभ अर्ज्याल, गोविन्दजोशी अर्ज्याल, रामकृष्ण अर्ज्याल, यज्ञश्वर अर्ज्याल, चक्रपाणि अर्ज्याल, हरिहर अर्याल र नारायण अर्ज्यालहरूको सम्झना पनि समय र सन्दर्भका दृष्टिले स्मरणीय छन्। यिनीहरूमध्ये धेरैजसो नुवाकोट र केही केरुङ्ग र कीर्तिपुरको लडाँइमा पनि सामेल भएका थिए। तैपनि आधुनिक ज्ञान-विज्ञान र प्रविधिको सन्दर्भमा हेर्दा तिनीहरू सवै पृष्ठभूमिका प्रेरकतत्त्व नै वन्न पुगदछन्।

विज्ञान र प्रविधिका निम्ति राष्ट्रिय आयोग (NCST) द्वारा तयार गरिएको **नेपालका वैज्ञानिक तथा प्राविधिकहरूको नामनमेसी** (डाइरेक्टरी-१९९५) मा दिइएको विवरण हेर्दा अर्ज्याल वैज्ञानिक तथा प्राविधिकहरूको अवस्था त्यति सन्तोषजनक देखिंदैन। उक्त ग्रन्थको सूचीअनुसार ई.सं. १९९५ सम्म अर्ज्याल प्रतिभाहरू चिकित्सा क्षेत्रमा नौ जना, विद्युत तथा विद्युतीय सञ्चार क्षेत्रमा ३ जना-कमलराज, किशोरवावु र रामचन्द्र अर्ज्याल, पशुपालन विज्ञमा २ जना इन्द्रकमल अर्ज्याल र इन्द्रकुमार अर्ज्याल, सामान्य कृषिविदमा ३ जना-सुरतवावु, विनोदवावु र विष्णुप्रसाद, खनिज इन्जीनियरिङ १ जना वावुराजा अर्ज्याल (काठमाडौं), वनविज्ञानमा २ जना वालाराम र हेमलाल अर्ज्याल, वनस्पतिशास्त्रमा एक जना कुमुदमणि अर्ज्याल, किटविज्ञानमा एकजना नन्दकुमार अर्ज्याल, रसायन शास्त्रमा पुष्करराज अर्ज्याल, भूगोलविद्मा रमेशकुमार अर्ज्यालको नाम देखा पर्दछ। मेकानिकल प्राविधिज्ञमा रमेशचन्द्र

डा. सोमनाथ अर्ज्याल

अर्ज्याल, दीपेन्द्र अर्ज्याल र शंकरराज अर्ज्याल देखिन्छन्। चिकित्सा क्षेत्रका नौजनामा नाक, कान घाँटीविद् डा. सोमनाथ अर्ज्याल (कपिलवस्तु) (जो केही समय वीर अस्पतालको निर्देशक पनि बनेका थिए र पछि स्वास्थ्य मन्त्रालयमा विशेष सचिव भएर काम गरे), सामान्य-चिकित्सामा डा. विमला अर्ज्याल (मोरङ), डा. दीपककुमार अर्ज्याल (काठमाडौं), डा. दीनानाथ अर्ज्याल, डा. नारायणराज अर्ज्याल (वानेश्वर), डा. निर्जला अर्ज्याल (काठमाडौं) डा. रामप्रसाद अर्ज्याल (मरभूङ-गुल्मी)हरू छन्। स्त्रीरोगविद् डा. शिलु अर्ज्याल, वालरोगविज्ञ डा. धनराज अर्ज्याल (काठमाडौं) तथा जनस्वास्थ्य विद् डा. प्रकाशप्रसाद अर्ज्यालको नामनमेसी पाइन्छ।[३२९] ई.सं. १९९५पछिको विवरण खोज्दा सन् २००२ मार्चमा प्रकाशित (सन् २००1 को) मेडिकल काउन्सीलको दर्ताअनुसार केही नामनमेसीहरू थप भएको पाइन्छ। डा. अरिना अर्ज्याल (झम्सिखेल), डा. गोपी अर्ज्याल (नलाङ), डा. कमलराज अर्ज्याल (धादिङ), डा. मोनालिसा अर्ज्याल (ज्ञानेश्वर), डा. शोभा अर्ज्याल, डा. अमीत अर्ज्याल (तौलिहवा), डा. समीर अर्ज्याल (दन्त विशेषज्ञ, नक्साल), अभिलाषा उपाध्याय अर्ज्याल, डा. मनिष अर्ज्याल आदि देखिन्छन्। काउन्सीलमा दर्ता नभएकाहरूको विवरण भने यसमा समावेश हुन सकेन।

चिकित्सा सेवाको महत्त्वपूर्ण हात वनेर रहेका नर्सिङ सेवामा पनि अर्ज्यालहरूको योगदान रहेको छ। स्टाफ नर्स पास गरेर देशका विभिन्न भागमा कार्यरत अर्ज्याल नर्सहरूमा सर्वश्री रमेश अर्ज्याल, कल्पना अर्ज्याल, भमरा अर्ज्याल, गीता अर्ज्याल, शशी अर्ज्याल, अर्चना अर्ज्याल, सविना अर्ज्याल, शारदाकुमारी अर्ज्याल, आर्या अर्ज्याल, सरस्वती अर्ज्याल, प्रभा अर्ज्याल, दिवा अर्ज्याल, सुमिता अर्ज्याल, अमृता अर्ज्याल, सुभद्रा अर्ज्याल र यशोदा अर्ज्याल छन्।[३३०] यशोदा अर्ज्यालले त वि.सं. २०५८ मा नेपालभरिका नर्सहरूमध्ये सर्वप्रथम भएर थप ख्याती आर्जन गरेकी छिन्। उनलाई नीजि तथा सरकारी क्षेत्रवाट विभिन्न सम्मान-पुरस्कार प्रदान गरिएको छ। स्वास्थ्य व्यवसायीका

३२९. नेपाली वैज्ञानिक तथा प्राविधिज्ञहरूको नामनमेसी, संयोजन डा. तुलसी पाठकसमेत (काठमाडौं : एन.सी.एस.टी. एम.जी. १९९५)

३३०. नर्सिङ काउन्सीलको अभिलेख २०५८ सम्मका आधारमा प्रस्तुत

रूपमा देखापर्ने– चिरञ्जीवी अर्ज्याल (दाङ), कृष्णहरि शर्मा अर्ज्याल (तनहूँ), राजेश्वर अर्ज्याल (गोर्खा) र रवीन्द्रकुमार अर्ज्याल (काठमाण्डू) मात्र स्थायी दर्ता भएको देखा पर्दछ। होमियोप्याथी, एकुपञ्चर जस्ता क्षेत्रमा अफैसम्म एकजनाको पनि नाम प्राप्त हुन सकेको छैन।[३३१]

सिभिल इन्जिनीयरिङतर्फ भने दुईजना पीएच्.डी. गरेका र अन्य सोह्र जनाको उपस्थिति देखिन्छ। यसरी विद्यावारिधि गर्नेमा डा. मोहनप्रसाद अर्ज्याल र डा. भुपेन्द्रकुमार अर्ज्याल देखापर्छन्। अन्यमा विनोदकुमार अर्ज्याल (२००१ मंसीर) जलस्रोतका क्षेत्रमा लामो समय काम गरी जल तथा शक्ति आयोगका कार्यकारी निर्देशकसम्म बन्न पुगेको पाइन्छ। इजराइलको हाइफा विश्वविद्यालयबाट जल व्यवस्थापनमा एम.ई. गरेका विनोदकुमारले वि.सं. २०२६ मा सिंचाई तथा खानेपानी विभागबाट सेवा प्रवेश गरेका थिए र २०५८ असारदेखि सकारी नोकरीवाट स्वेच्छिक अवकास लिएका छन्। सिभिल इन्जिनियरका रूपमा रहेका अर्ज्याल प्राविधिकहरूमा ज्ञानप्रसाद शर्मा अर्ज्याल (जन्म वि.सं. १९८२) उल्लेख्य व्यक्तित्व हुन्। उनी प्राविधिक क्षेत्रवाट सचिव बन्ने पहिलो इन्जिनियर हुन्। चिफ् इन्जिनियरबाट यातायात सचिव वनेका ज्ञानप्रसादले जुद्धोदय हाईस्कूलमा प्रवेशिकासम्म र त्रिचन्द्र कलेजबाट आई.एस्सी. अध्ययन गरे। त्यसपछि कलकत्ता विश्वविद्यालयबाट बी.ई. उत्तीर्ण गरेर २००८ सालमा सरकारी सेवामा प्रवेश भए। नेपालको यातायात विकासमा महत्त्वपूर्ण योगदान दिने ज्ञानप्रसादले राजा महेन्द्रलाई पूर्व-पश्चिम राजमार्गको अवधारणा निर्माण गर्न र परियोजना कार्यान्वयन गर्न सघाएका थिए र त्यसको हेटौंडा-नारायणगढ खण्डको कार्यसम्पादनसमेत गरेका थिए। महेन्द्र राजमार्गलगायत समग्र सडक हेर्ने प्रथम चिफ इन्जिनियरका रूपमा काम गरेका अर्ज्याल त्रि.वि. प्राज्ञ सभामा दुईपटक सदस्य भए। यिनले लुम्बिनी विकास गुरुयोजनामा सदस्य-सचिव भएर तथा दुर्गम क्षेत्र विकास समिति, साझा यातायात, एन्.सि.सि.एन्.मा रहेर पनि देशसेवा गरे। हवाई विभागको पहिलो महानिर्देशक र फोहर मैला व्यवस्थापन समितिको पहिलो अध्यक्ष हुन पुगेका ज्ञानप्रसादका कान्छा छोरा शशिप्रसाद अर्ज्याल त्रि.वि.मा प्राध्यापक छन्। प्राविधिक क्षेत्रवाट सचिव वनेका अर्को

इ. ज्ञानप्रसाद अर्ज्याल

---

३३१. स्वास्थ्य व्यवसायी काउन्सीलको अभिलेख २०५८ सम्मका आधारमा प्रस्तुत

अर्ज्याल प्रतिभा हुन्– किशोरवावु अर्ज्याल। यिनी वि.सं. २००३ असार २२ गते डिल्लीवजार काठमाडौंमा जन्मेका हुन्। माता भवानीदेवी तथा पिता नन्दीकेशरका छोरा किशोरले २०१५ मा दरवार हाईस्कूलवाट प्रवेशिका गरी २०१७ मा त्रिचन्द्र कलेजवाट आई. एस्सी. गरे। मस्कोवाट एम्.एस्सी. गरेपछि २०३४ मा त्यहींवाटै उनले विद्युतीय इन्जिनियरिङमा पी.एच्.डी. पनि गरे। २०५५ मा सरकारी सेवा प्रवेश गरेका डा. किशोरवावु हाल जलस्रोत सचिव छन् र उनका थुप्रै फुटकर रचनाहरू पत्रपत्रिकाहरूमा छरिएर रहेका छन्। श्रीमति उमा अर्ज्यालसँग विवाह भएपछि तीन सन्तान– रीमा, शमा र लूनाका पिता वन्न पुगे। यसरी नै इन्जिनियरिङ क्षेत्रका अन्य प्रतिभाहरूमा– राजेन्द्रकुमार अर्ज्याल, राजुकृष्ण अर्ज्याल (क्षेत्रपाटी), महेन्द्रनाथ अर्ज्याल (जनकपुर) उद्धव अर्ज्याल, दुर्गानाथ अर्ज्यालहरू रहेका छन्। दुर्गानाथ नेपाली सेनामा रथिसम्म भए। महेन्द्रनाथ अर्ज्याल हाल स्वास्थ्य मन्त्रालयमा सचिव छन्। अन्य सिविल इन्जिनीयरमा विनोप्रसाद अर्ज्याल (सामाखुशी) गुणनिधि अर्ज्याल (अमरभूमि-गुल्मी), किशोर अर्ज्याल (काठमाण्डू), कृष्णप्रसाद अर्ज्याल (कपिलवस्तु), राजेन्द्र अर्ज्याल, माधववहादुर अर्जेल (इनरुवा) महेश अर्ज्याल (गुल्मी) मनिष अर्ज्याल (नेपालगन्ज), प्रेमकृष्ण अर्ज्याल (काठमाण्डू), रामप्रसाद अर्ज्याल (मनकामना-गोर्खा) रामप्रसाद अर्ज्याल (वालिङ-स्याङ्जा) रमेशवावु अर्ज्याल (स्याङ्जा), रितेषकुमार अर्ज्याल (कलैया), शंकरकुमार अर्ज्याल (धादिङ) रहेका छन्।[३३२] महिला इन्जिनियरमा अर्ज्यालको उपस्थिति शून्य देखापर्दछ। साढे चारहजार भन्दा वढी संख्याका वीच अर्ज्याल इन्जिनीयरहरूको वर्तमान उपस्थितिलाई केही न्यून नै मान्नुपर्ने देखिन्छ। काउन्सीलमा दर्ता हुन वाँकी जयगोविन्द अर्ज्याल र रामगोविन्द अर्ज्याल आदि देखा पर्दछन्।

डा. किशोरबाबु अर्ज्याल

प्राध्यापकहरूतर्फ पनि अर्ज्यालको उपस्थिति न्यून पाइन्छ। त्रिभुवन विश्वविद्यालयवाट पी.एच्.डी. गर्ने अर्ज्याल प्राध्यापक पाइएनन् र विदेशवाट विद्यावारिधि गरेका अर्ज्यालविद्वान्हरूमा डा. इन्दीरा शर्मा अर्ज्याल (गृह विज्ञान विषयमा– पद्मकन्या कलेजमा कार्यरत), डा. मुकुन्दराज अर्ज्याल (संस्कृतिमा– केन्द्रीय संस्कृति विभाग, त्रिभुवन विश्वविद्यालयमा कार्यरत), डा. शेषकान्त

३३२. इन्जिनियरिङ काउन्सीलको अभिलेख- २०५८ अनुसार

अर्ज्याल र डा. मुकुन्दमणि अर्ज्याल (भौतिक शास्त्रमा– केन्द्रीय विज्ञान विभाग, त्रिभुवन विश्वविद्यालयमा कार्यरत) रहेको देखिन्छ।[३३३] यसैवीच रवि शर्मा अर्ज्याल र विनुवावा अर्ज्यालले पी.एच्‌डी गरी महेन्द्र विद्याभूषण प्राप्त गरेका छन्। श्रीमती सावित्री अर्ज्यालले पनि **चेपाङ जातिको रीति रिवाज** विषयमा विद्यावारिधि गरेकी छिन्। उनी पाटन क्याम्पसमा पढाउँछिन्। त्यस्तै डा. विष्णुराज आत्रेय संस्कृतमा (वनारसवाट), डा. हरिहर शर्मा अर्ज्याल संस्कृतमा (इलाहवादवाट), डा. वलराम अर्ज्याल भाषाशास्त्रमा (रुसवाट) तथा डा. दुर्गाप्रसाद अर्ज्याल (मसंविवाट) पी.एच्.डी. गरेका अर्ज्यालविद्वान् हुन्। पी.एच्.डी.को शोधकार्यमा संलग्न अर्ज्यालमा अच्युशरण, स्नेहप्रभा अर्ज्याल र विष्णु प्रभात पनि देखापर्दछन्। अच्युत नेपाली वाल साहित्यको इतिहासमा र प्रभात स्वर्गीय भैरव अर्ज्यालको हास्यव्यङ्ग्यचकारितावारे अध्ययनमा संलग्न छन्।

प्राध्यापन क्षेत्रमा संलग्न नभए पनि त्रिभुवन विश्वविद्यालयवाट स्नातकोत्तर तह पूरा गर्दा भागवत अर्ज्यालले 'हेटौडा कपडा उद्योगसम्वन्धी' शोध, खेमकुमार अर्ज्यालले 'अस्तित्व र जीवन' विषयक-सिर्जना, मृगेन्द्रकुमार अर्ज्यालले 'नेपालमा चिनियाँ तथा भारतीय सहयोग'को अवस्थाका वारे, गोकर्णराज अर्ज्यालले 'गुल्मी अमरपुरका कुमाल जन समुदायका सम्वन्धमा' (इ.सं. १९९९), डोरवहादुर अर्ज्यालले 'पोल्ट्री फार्मिङ व्यवसाय'का सम्वन्धमा (इ.सं. १९९९), दिनेश अर्ज्यालले 'नेपालमा कृषि कर्जाको माग' विषयक, शान्तनु अर्ज्यालले 'नेपालको निर्यात व्यापार' वारे (ई.सं. १९७५), जगदीशप्रसाद अर्ज्यालले 'नेपालको घरेलु उद्योग (ई.सं. १९७८) विषयमा, राजेन्द्रप्रसाद अर्ज्यालले 'धापाखेलको विविधता (ई.सं. १९७८), हरिराम अर्ज्यालले 'नेपाल अरव वैंक र ग्रिनल्यैन्ड वैंकको डिभिडेन्ट नीति' वारेमा (ई.सं. १९९९), भोजराज अर्ज्यालले 'लघु व्यवसाय प्रवर्द्धन कार्यक्रमवारे (ई.सं. १९९२), रामजीप्रसाद अर्ज्यालले 'नेपालका सरकारी विद्यालयका छात्र-छात्राको अङ्ग्रेजी लेखन' विषयक अध्ययन (ई.सं. १९९८), वालकुमार अर्ज्यालले पाँचौं-छैठौं पञ्चवर्षीय योजनाकालको विदेशी सहायता र नेपालको कृषि विकास (ई.सं. १९८६), रामहरिअर्ज्यालले 'नेपालमा चिनीयाँ सहायता' वारेमा (वि.सं. २०३५), मुक्ति अर्ज्यालले 'स्टक मार्केट प्राइस जेनरल विहेवियर' (१९९५), माधवप्रसाद अर्ज्यालले 'मातृकाप्रसाद कोइरालाको जीवनी व्यक्तित्व र कृतित्त्व'वारे (वि.सं. २०५५), विष्णुप्रसाद अर्ज्यालले 'धान उत्पादन : समस्या र सम्भावना (ई.सं. १९९७), सुनिता अर्ज्यालले 'चिडियाखानाका जीवहरूको उत्पादकत्व विषयक,

---

३३३. पुरुषोत्तमप्रसाद उपाध्याय, त्रिभुवन विश्वविद्यालय : विगतदेखि वर्तमानसम्म (काठमाडौंः श्रीमती विना उपाध्याय, दोस्रो संस्करण- २०५९), पृ. २४९-२६२

रामवहादुर अर्जेलले 'नेपालको कृषि विकास ऋणमा एडिवीको भूमिका' विपयमा, सरोजप्रसाद अर्ज्यालले 'नेपालको औद्योगिक विकासमा एन.आई.डि.सी.को भूमिका' विषयमा, भुवनप्रसाद अर्ज्यालले 'शाकुन्तल महाकाव्यको संक्षिप्त अध्ययन' (२०५३), विश्वकला अर्ज्यालले सेरोलोजिकल विश्लेषणका सम्वन्धमा (इ.सं. १९९६), कृष्णप्रसाद अर्ज्यालले 'नेपाली नारीको आर्थिक सामाजिक हैसियत' चितवनको पञ्चकन्या गाउँका आधारमा अध्ययन, साधुराम अर्ज्यालले वक्राङ गाउँ (गोर्खा)का विवाहित महिलाको ज्ञान अभिवृति र व्यवहारको अध्ययन : परिवार नियोजनका सन्दर्भमा (ई.सं. १९९४), दीपक अर्ज्यालले नेपालको पानी सन्तुलन एक अध्ययन (ई.सं. १९९५), सुशिलवावु अर्ज्यालले नेपालमा धानको वजार व्यवस्था (ई. १९७८), प्रकाश अर्ज्यालले 'टेलिकोवाल्ट ६० गामा रेडियशन डज मेजरमेन्ट फर थेरापुटिक पर्पोज (ई. १९९२), श्रीधर अर्ज्यालले नेपालमा पर्यटन : ट्रेकिङ सेवा र यातायात एजेन्सीका सन्दर्भमा (ई. १९७८) लीलादेवी अर्ज्यालले नेपालको विकासमा पर्यटन उद्योग, अच्युत अर्ज्यालले काठमाण्डू उपत्यकाको तरकारी वजार (ई. १९८५), विभा अर्ज्यालले शाही वर्दिया राष्ट्रिय निकुञ्जको भेजिटेशन व्यवस्था (ई. १९९७), विमल अर्ज्यालले उद्योगमा महिला सहभागिता : मिथिला पेन्टिङ्ग उद्योगका सन्दर्भमा (ई. १९९६), कलाधर अर्ज्यालले दिल शाहनीको जीवनी व्यक्तित्व र कृतित्व (२०५८), गणेशप्रसाद अर्ज्यालले नेपाल अधिराज्यको संविधान २०४७ : प्रधानमन्त्रीको भूमिका (२०५८), चिरञ्जीवी अर्ज्यालले नेपाली साहित्यमा 'रश्मी' पत्रिकाको योगदान (२०५९), ज्ञानराज अर्ज्यालले राजकुमारी वासवदत्ता खण्डकाव्यको कृतिपरक विवेचना (२०५७), ढुण्डिराज अर्ज्यालले सुसेलीमा वगेको मन (कवितासङ्ग्रह)-२०५६), नारायणप्रसाद अर्ज्यालले हरि श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्व (२०५७), प्रमिला अर्ज्याल 'टोफिकलका वलामीहरू एक अध्ययन (२०४९), रामविनोद अर्ज्यालले 'नेपाल-भारत-चीन सम्वन्ध : एक अध्ययन (ई. १९८२) जस्ता शोधपत्र एवं कृतिगत रचनाहरू तयार गरेका छन्। उदीयमान अर्ज्यालविद्वान्हरूवाट तयार गरिएका यी रचनाहरूले विपयगत विविधतासँगै ज्ञानको गहिराइतर्फ पनि सङ्केत गर्दछन् ।

१०. सैनिक तथा प्रहरीमा अर्ज्यालबन्धुहरू

नेपालको निर्माण र विकासमा अर्ज्यालहरूको योगदान सैनिक क्षेत्रमा पनि शुरूदेखि नै रहेको छ। एकीकरणअघिको यस ईस्माली राजघरानाले शुरूमा नेपालको सेन वंशलाई सघाएको थियो। त्यसबाट नेपालको एकीकरण सम्भव नभएपछि नयाँ राजघरानाका रूपमा शाह वंशको राज्य स्थापना गर्ने गराउने कामदेखि त्यसको सुप्रवन्ध, विस्तार र सवलीकरणका निम्ति आफूलाई समर्पित

गऱ्यो । सेन वंशबाट नेपाल राज्यको एकीकरण दीगो नहुने देखेपछि शाहवंशलाई साथ दिएको कुरा बूढापाका जानकार अर्ज्यालविद्वान्हरू अहिले पनि उल्लेख गर्दछन् । यद्यपि प्रारम्भमा हिंसा, काटमार र अशान्तिको बाटो छाडेर नीति, विधि र थितिका आधारमा सत्य र ज्ञानको समतासंस्कार अँगालेर अघि बढेका अर्ज्यालहरूले समाजको खाँचो अनुसार आफूलाई जुनसुकै क्षेत्रमा लगाउँदै आए । यही शृङ्खलामा रामशाहका पालामा नै जयभद्र अर्ज्यालहरूले कूटनीति प्रशासन, सैनिक सेवा र आर्थिक परिचालनको काम समेत हेर्न शुरू गरे । पृथ्वीनारायण शाहका दाहिने हात भानु जोशी अर्ज्याल यस क्षेत्रका सर्वाधिक कुशल व्यक्तित्व थिए । उनले राजा पृथ्वीनारायण शाहको पठन-पाठन र विवाह व्यवस्थादेखि हातहतियार किन्न, लडाइँको मोर्चामा सामेल भएर योजना बनाउन, भक्तपुरमा हमला गर्न साथ दिएका थिए । यिनका छोरा वालैपाध्या अर्ज्याल पृथ्वीनारायण शाहका कपर्दार थिए । त्यसवेला कपर्दारको काम राज्यको खर खजाना हेर्ने थियो । यिनलाई भानु जोशीको जेठा छोरा भनी चिनाउने बाबुराम आचार्य हुन् । बालै पाध्याको पूरा नाम बालकृष्ण अर्ज्याल थियो । बालकृष्ण अर्ज्यालको जन्म १७८२ वैशाख १३ गतेका दिन भएको थियो । नेपाल हान्ने अभियानमा यिनको चर्चा धेरै ठाउँमा पाइन्छ ।[३३४] उपत्यका विजयपछि कौशि तोशाखाना र कुमारी चोक अड्डा खडा गर्ने काममा पनि वालकृष्ण अर्ज्यालको नाम आउँछ । यिनी पूर्वी सेनराज्य चौदण्डी कब्जा गर्ने अभियानमा पनि सामेल भएका थिए ।[३३५] भानु जोशी अर्ज्याललाई **गोरखाली कौटिल्य**को रूपमा समेत हेरिन्थ्यो भन्ने कुरा माथि उल्लेख भइसकेको छ । पृथ्वीनारायणलाई गणित पढाउने पनि यिनै थिए । भनिन्छ भानु जोशी अर्ज्यालले नै पृथ्वीनारायण शाहको दिव्य उपदेश तयार गरिदिएका थिए र त्यसलाई परिस्कार गर्न अभिमान सिंह वस्नेतले सघाएका थिए ।

शक्तिवल्लभ अर्ज्याल सैनिक सेवामा संलग्न अर्ज्यालहरूका अर्का अगुवा हुन् । यिनी विद्वान् राजगुरु मात्र नभै रणकौशलका ज्ञाता पनि मानिन्छन् । नुवाकोटको लडाइँमा यिनी सामेल थिए र पछि कीर्तिपुरको लडाइँमा पनि सहभागी थिए । गोविन्द जोशी अर्ज्याल, रामकृष्ण अर्ज्याल बनारसमा हतियार किन्न जानेहरूमै थिए । त्यतिवेलाको सैनिक सेवामा संलग्न अन्य अर्ज्यालमा यज्ञश्वर अर्ज्याल, नारायण अर्ज्याल (राजगुरु समेत) चक्रपाणी अर्ज्याल, वैद्य महेश्वर अर्ज्याल, हरिहर जोशी अर्ज्याल र विरेश्वर अर्ज्यालहरू इतिहासमा अङ्कित एकीकरणकालका अर्ज्याल वीरयोद्धाहरू हुन् । त्यसो त यी

---

३३४. दिनेशराज पन्त, **गोरखाको इतिहास** भाग ३ (काठमाडौं : लेखक स्वयं २०४५), पृ. ८५६

३३५. रामजीप्रसाद अर्ज्याल, **नेपालको इतिहास र अर्ज्याल परिवार**, पूर्ववत्, पृ. १८९

मध्ये केही ज्योतिष शास्त्रका ज्ञाता पनि थिए। महेश्वर वैद्य सैनिक चिकित्सकका रूपमा कार्यरत थिए। विश्वेश्वरले चौदण्डी कव्जा गर्ने काममा सघाए। पृथ्वीनारायणको दिव्य उपदेश लेखेको नभने पनि सम्पादन गर्ने सिंगार्ने भनेर इतिहासकारहरूले भानु जोशी अर्ज्याल र अभिमान सिंह वस्नेतको नाम उल्लेख गर्ने गरेको पाइन्छ। यो कुरा यस प्रसङ्गमा स्मरणीय छ। त्यसो त राजा-मंन्त्रीहरूको वक्तव्य लेखिदिने विद्वान्हरू जो भए पनि त्यो वक्तव्य मन्त्री वा राजाकै हुने प्रचलन अहिले पनि छँदैछ। त्यसमाथि सैनिक सेवामा त झन् यस्तो नहुने कुरै भएन।

एकीकरणपछि अर्ज्यालहरूको सेवा यथावत् रहिआएको हो। राणाशासन कालसँगै यी अर्ज्यालहरूलाई गुरुघरानावाट हटाइयो। विभिन्न घटना क्रममा निष्पक्ष छानविन हुन नसक्दा कतिपय अर्ज्यालहरू अन्यायको शिकार वनेको भएपनि अर्ज्यालहरू नेपाल राष्ट्रको सेवामा सतत क्रियाशील रहिआएका छन्। वर्तमान समयमा पनि अर्ज्यालवन्धुहरूले शाही नेपाली सेनामा आफ्नो रगत-पसिना वगाइरहेकै छन्। राष्ट्रिय तहदेखि अन्तराष्ट्रिय तहसम्म शान्तिका निमित समर्पित भई रहेका छन्। खम्पा समस्यालाई समाधान गर्नमा होस् वा जनविद्रोह, युगोस्लाव अशान्ति अन्त्य गर्न होस् अथवा लेवनानको युद्ध, अर्ज्यालहरू सहभागी वन्न पुगकै पाइन्छ। यसरी नेपाली सेनालाई नेतृत्व दिने अर्ज्यालहरूमा दुर्गानाथ अर्ज्याल सवैभन्दा माथि पुगेको पाइन्छ। उनले पटक-पटक कार्यवाहक प्रधानसेनापति भएर पनि काम गरे। यद्यपि उनी रथिको रूपमा नै निवृतिभरणमा निस्किए।

रथि दुर्गानाथ अर्ज्यालको जन्म २००१ साल श्रावण १८ गते हाँडीगाउँमा भएको थियो। उनका पिता मुक्तिनाथ अर्ज्याल तथा माता हिमकुमारी अर्ज्याल हुन्। यिनले साधारण शिक्षा काठमाडौंको जुद्धोदय मा.वि. क्षेत्रपाटीवाट हासिल गरेपछि त्रि-चन्द्र कलेजवाट आई. एस्सी. पूरा गरेका हुन्।त्यसपछि उनी सैनिक सेवामा प्रवेश गरे। सहायक सेनानीवाट क्याडेट अफिसरको तालिम लिई (२०१८ वि.सं. देखि २०२२ सम्म) अघि वढेका दुर्गानाथले भारतको पूनावाट वी.ई. गरेका छन्। यिनको विवाह हरिप्रिया कार्की (भोजपुर)सँग २०२५ मा भएको हो। सलिल र समीर नामक दुई छोराका पिता दुर्गानाथले अन्तरजातीय विवाह गरेका छन्। सलिल इन्जिनीयर हुन् र अमेरिकामा कार्यरत छन् भने समिर डाक्टर छन् र नेपालको सैनिक अस्पतालमा डेन्टल सर्जन भई काम गरिरहेका छन्।

दुर्गानाथ अर्ज्यालले सन् १९८२ मा जर्मनीको ह्याम्वर्गस्थित कमाण्ड

एण्ड जनरल स्टाफ कलेजबाट विशेष तालिम हासिल गरेका छन्। उनी त्यसै वर्ष आठ सय नेपाली फौजको नेतृत्त्व गरेर लेवनानमा शान्ति स्थापना गर्न गएका थिए। इजराइली आक्रमणका बेला उनी त्यहाँ कार्यरत थिए। उनले युद्धको प्रत्यक्ष नेतृत्व गर्दा विदेशीहरूबाट प्रशंसा पाए। राष्ट्रसंघले पनि महासेनानी अर्ज्याललाई कदर गऱ्यो। त्यसैगरी ई.सं. १९९२-९३ मा पनि रथि दुर्गानाथ अर्ज्यालले युगोस्लाभियामा शान्ति स्थापनार्थ आठसय नेपाली सेनाको नेतृत्व गरे (महासेनानी छँदा)। उनी वि.सं. २०५० मा जर्नेल (सहायक रथि) भएका थिए र २०५२ मा वेलायतको नेशनल डिफेन्स कलेजबाट एक वर्षे तालिम पूरा गरी उपरथी (मेजर जनरल) भए। २०५६ मा उनी लेफ्टिनेन्ट जनरल (रथि) भएका हुन्। उनी गोदवा दोस्रो तथा त्रिशक्ति पट्ट तेस्रोद्वारा सम्मानित भएका छन्।

त्यस्तै वि.सं. १९८६ कार्तिक शुक्ल सप्तमीका दिन वीरगन्जको माईस्थानमा जन्मेका **शिवप्रसाद अर्ज्याल** पनि नेपाली सेनामा सहायक रथीसम्म

भएर सेवा पुऱ्याउने अर्का व्यक्ति हुन्। जुद्धोदय माविबाटै २००३ वि.सं.मा एस.एल.सी. गरेपछि चित्रन्द्र कलेजको छात्र भएर पटना विश्वविद्यालयबाट आई.एस्सी. र वी.एस्सी (२००७) गरेका शिवप्रसाद अर्ज्यालले भारतबाट वी.ई. गरेपछि नेपाल रेपवेबाट सरकारी सेवामा प्रवेश गरेका हुन्। त्यहीँ काम गर्दागर्दै पछि सेनामा 'प्राविधिक कप्तान' भएर सेवा परिवर्तन गरेका शिवप्रसाद अर्ज्याल सैनिक सामग्री उत्पादन निर्देशकका रूपमा चिफ इन्जिनियर भएर सहायक रथि दर्जामा छँदा अवकाश पाएका थिए। यिनी इतिहास लेखनमा रुची राख्ने प्रतिभा हुन्। **नेपालको सैनिक इतिहास** लेखनमा यिनको पनि योगदान छ। **सिपाही** पत्रिकाको विभिन्न अङ्कहरूमा शिवप्रसादका फुटकर रचनाहरू छरिएका छन्। दुई जना छोराहरूमध्ये पर्यटन विषयका स्नातक-राजीव अर्ज्याल, सिडनीमा पढ्दैछन् भने सञ्जीव अर्ज्याल आफ्नी पत्नीसहित संयुक्तराज्य अमेरिकामा वस्न गएका छन्। अहिले सैनिक सेवावाट अवकाश पाए पनि शिवप्रसाद अर्ज्याल इन्जिनियरिङ कलेज धोवीघाटको प्रिन्सिपल भएका छन्। उनकी पत्नी स्नेहप्रभा अर्ज्याल हुन् जसको रचनात्मकतावारे माथि चर्चा भइसकेको छ।

यसैगरी सैनिक सेवामा जिम्मेवारी वहन गर्ने अन्य अर्ज्याल प्रतिभाहरूमा सेनानी डा. नारायणराज अर्ज्याल, सहसेनानी खगेस्वर अर्ज्याल, उपसेनानी दीवाकर अर्ज्याल महासेनानी नीरेन्द्र अर्ज्याल, महासेनानी पुष्करराज अर्ज्याल, सुधीर अर्ज्याल सेनानी सम्पद अर्ज्याल, सहसेनानी समीर अर्ज्यालहरू

रहेका छन्। उनीहरूको योग्यता र कार्यकुशलतावाट देश लाभान्वित भइरहेको छ। यसभन्दा तल पनि थुप्रै अर्ज्यालहरू विभिन्न दर्जा र जवानमा कार्यरत रहेका छन्।

प्रहरी सेवातर्फ पनि अर्ज्यालहरूको योगदान उल्लेख्य रहेको छ। आफ्नो स्थापनाकालदेखि नै प्रहरीका सवै शाखाहरूमा धेरथोर अर्ज्यालहरू सहभागी भएका र यथोचित सेवा पुऱ्याउँदै आएका पाइन्छन्। आन्तरिक अशान्ति समन गर्न, सीमा सुरक्षा र भ्रष्टाचार निवारण गर्न अर्ज्याल प्रहरीहरूले गौरवमय भूमिका पूरा गरेका छन्। शसस्त्र प्रहरी, जनपद प्रहरी र ट्राफिक प्रहरीका आयाममा बाँडिएको प्रहरी सेवामा अर्ज्यालवन्धुहरू उच्च पदस्थ जिम्मेवारीदेखि सामान्य जवानसम्मनै कार्यरत छन्। राष्ट्रको उन्नतिका निम्ति समर्पित भएर जनसेवारत अर्ज्यालवन्धुहरू मध्ये प्रहरीको माथिल्लो तहको जिम्मेवारी बहन गर्ने व्यक्तित्वका रूपमा अहिले **अतिरिक्त महानीरिक्षक रविकान्त अर्ज्याल** छन्। उनी वि.सं. २००७ साल फागुन १७ गते गुल्मी सिमिचौरमा जन्मिएका हुन्। पिता शोभाखर तथा माता मीना कुमारी अर्ज्यालका सुपुत्र रविकान्त अर्ज्यालले त्रिचन्द्र कलेज काठमाडौंवाट २०२९ मा बी.एस्सी गरेका हुन्। यिनले त्रिभुवन विश्वविद्यालयवाट एम.ए. सम्मको अध्ययन गरेका छन् र कानुनमा पनि स्नातक छन्। वि.सं. २०३१ सालदेखि प्रहरी सेवामा प्रवेश गरी-

इन्स्पेक्टरवाट वढुवा हुँदै हाल अतिरिक्त महानीरिक्षक वन्न पुगेका हुन्। फुटकर लेख रचनाहरू लेखेका अर्ज्यालको विवाह भीमा पौडेलसँग भएको थियो र यिनका दुई छोरा गौरव तथा सुरज एवं दुई छोरी आश्रयता र सुजाता छन्।

प्रहरी सेवामा कार्यरत अर्को व्यक्तित्व हुन- उपेन्द्रकान्त अर्ज्याल। यिनी एस. पी. छन् र हाल विदेशमा कार्यरत रहेका छन्। यसैगरी डी. एस. पी. घनश्याम अर्ज्याल, तथा प्रकाश अर्ज्याल छन् भने इन्स्पेक्टरमा मोहनप्रसाद अर्ज्याल, नवीन्द अर्ज्याल र राजेन्द्र अर्ज्याल कार्यरत छन्। त्यसभन्दा तल सव इन्स्पेक्टर सात जना, असईमा अठार जना अर्ज्याल रहेका छन्। देशका विभिन्न भागमा कार्यरत अन्य प्रहरी अर्ज्यालहरूमा नौजना हवल्दार र एकतीस जना जवानहरूले यतिखेर देशसेवामा आफूलाई लगाइरहेका छन्।

११. राज्यप्रशासन र न्यायक्षेत्रमा अर्ज्यालहरू

राज्य प्रशासनका तीन मुख्य अङ्गहरूमा न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकालाई मानिँदै आएको छ। यसभित्र परराष्ट्र सम्वन्ध र सञ्चारलाई

अलग्गै महत्त्व दिने काम भइआएको छ। कूटनीतिलाई कार्यपालिकाको एउटा अङ्ग बनाइएको पनि पाइन्छ। राजा पृथ्वीनारायण शाहले पनि देशनीतिको चर्चा गर्दा विदेशनीतिलाई सँगै राखेका छन्। विदेशनीतिको सोझो सम्बन्ध कूटनीतिमा अडिएको हुन्छ। कूटनीतिक प्रयास विफल भएपछि राज्यहरूमाझ परस्पर वैमनस्य र तिक्तता पैदा हुन्छ। अन्तरविरोधले चरम रूप ग्रहण गर्दा युद्धको वातावरण बन्दछ। त्यसैले नेपालले आफ्नो ठोस अवस्था ठम्याएर दुई ढुङ्गाको तरुलसँग दाँज्दै स्वतन्त्र अस्तित्व जोगाउने सोच हुर्काएर आएको छ। नेपाल राज्य सुगौली सन्धिद्वारा संकुचनमा परेपछि यहाँको प्रशासन सुधार्ने काम राणाहरूद्वारा आवश्यक मात्रामा हुन सकेको थिएन। सातसालको क्रान्तिपछि राजा महेन्द्रले यसमा केही नवीनताका साथ प्रयासहरू अघि बढाएका हुन्। त्यसमा भौगोलिक अवस्थिति अनुरूप आञ्चलिकताको निर्धारणले विशेष महत्त्व राखेको छ। अञ्चल प्रशासनको त्यही सोचका आधारमा विकेन्द्रीकरणलाई समाविष्ट गर्दा क्षेत्रीय विकासको सोच हुर्किएको देखिन्छ। क्षेत्रीय विकास गर्ने सोचलाई देशको समग्र विकासका सन्दर्भमा हेर्दा विकासको गैरपूँजीवादी बाटो मान्ने विद्वान्हरू पनि देखिन्छन्। यद्यपि त्यो पृथ्वीनारायणकालीन नीतिभन्दा पर पुगेको देखिदैन। सुगौली सन्धिअघि नेपाली राज्य-प्रशासन आफ्नै राष्ट्रिय स्वार्थका कारणले भए पनि अङ्ग्रेजी उपनिवेशवादका विरुद्धमा उभिएको आभाष मिल्दछ। त्यसपछि लामो समय राजनैतिक अस्थिरता उत्पन्न हुँदा बेलायती आडमा नै राणाशासन शुरु भयो। सामन्ती-राष्ट्रवादको सट्टा अर्धसामन्ती पूँजीवादको आरम्भिक अवस्था देखा पऱ्यो र राज्य-प्रशासनले 'हुकुमी-शैली' अँगाल्यो।

राणाशासनको निरङ्कुता र अङ्ग्रेज-भक्तिले गर्दा नेपाली जनताको मानवीय अधिकार कुण्ठित हुँदै गयो। झट्ट हेर्दा प्रधानमन्त्रीय पद्धति जस्तो देखिने पारिवारिक राज्यप्रशासनभित्र सुविधा-स्वार्थ, सम्पत्ति र सम्मानको द्वन्द्व बढेपछि जनताको विरोध पनि चर्कियो। राणाशासन समाप्त पारेर जनताको लोकतन्त्र स्थापित गर्न मानिसहरू जुर्मुराए, आन्दोलनहरू भए। अन्याय-अत्याचारको विरोध बढ्यो। सातसालको क्रान्तिले राज्य प्रशासनको स्वरूप बदलियो र प्रजातन्त्रको नाममा टाठा-बाठा, साहूमहाजन, जमिन्दार-विर्तावालहरूको रजाइँ संस्थागत भयो। बहुदलीय व्यवस्थाको रूपमा चुनावी दलहरूको छनौटद्वारा सरकार बन्यो। तर पनि राज्य-प्रशासनका तीन अङ्गहरूमा वास्तविक सारको लोकतन्त्रीय व्यवहार देखापर्न सकेन। भ्रष्टाचार, नातावाद र विदेशभक्तिका कारण नेपाली कांग्रेस बदनाम हुन पुग्यो। कम्युनिष्टहरूले जनताको बहुमत हासिल गर्न सकेनन्। यस्तै स्थितिमा निर्दलीय पञ्चायती राज्य-प्रशासन शुरू भयो। गाउँफर्क राष्ट्रिय अभियान, भूमिसुधार र शान्ति क्षेत्रको प्रस्ताव अघि सारियो। असंलग्न परराष्ट्रनीति अवलम्बन गरियो। संयुक्त

राष्ट्रसंघको सदस्य बनेर विश्व-मानचित्रमा नेपाल चिनाउने प्रयत्न भयो। यी कामहरूमा तत्कालीन विश्वपरिवेश र राजा महेन्द्र एवं वीरेन्द्रको भूमिका सकारात्मक र महत्त्वपूर्ण रह्यो। राजा महेन्द्रको निधनपछि राजा वीरेन्द्रले वि.स. २०४६ मा पुनः वहुदलीय व्यवस्था प्रदान गरे। जनआन्दोलनकारी शक्ति-कम्युनिष्टहरूको संयुक्त वाममोर्चा र नेपाली कांग्रेससँग दरवारको सम्झौता भयो। त्रिपक्षीय शक्ति सन्तुलनको दस्तावेजका रूपमा नेपालको संविधान २०४७ जारी भयो र अहिलेसम्म त्यसैका आधारमा हाम्रो देशको राज्य-प्रशासन सञ्चालित छ। न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाहरू वनेका छन्। तिनीहरूमा जनताको पहुँच बढ्दै गएको छ। राणाशासनद्वारा राजगुरुको पुर्ख्यौली जिम्मेवारीवाट हटक गरिएका अर्ज्यालहरू भने राणाशाहीको समाप्तिका निम्ति राजा र जनतालाई साथ दिँदा अनेकौं प्रताडनाको शिकार भएको भए पनि राजगुरुमा पुनर्वहाल भएनन्, सवै नै जनताको पङ्क्तिमा झरे। त्यसैले सात सालपछिका अर्ज्यालहरू पुरानो राजगुरुघरानाका रूपमा होइन, नयाँ लोकतान्त्रिक चेतनाका देशभक्त सपूतका रूपमा राज्यका विभिन्न अङ्गमा आफ्नो सिप प्रदर्शन गर्दै अघि वढे।

यी सबै परिवर्तनका शृङ्खलाहरूवीच नेपालको कार्यपालिकामा पुग्ने पहिलो व्यक्तित्व कृष्णराज अर्ज्याल हुन पुगे। तत्कालीन राष्ट्रिय पञ्चायतमा अर्थात् विधायिकामा मनोनित भए। मन्त्रीपरिषद्को सदस्य तीनपटक भए। पछिल्लो चरणमा अर्थात् वहुदलीय व्यवस्थाको पुनःर्स्थापनापछि भने दीनवन्धु अर्ज्याल कार्यपालिकामा सहायकमन्त्री र श्रीमति उर्मिला अर्ज्याल (सांसद) व्यवस्थापिकामा पुगिन्। त्यस्तै राज्यप्रशासनको प्रशासकीय जिम्मेवारीमा विभिन्न मन्त्रालयका सचिव हुनेहरूमा नारायणप्रसाद अर्ज्याल, चक्रवन्धु अर्ज्याल, कृष्णप्रसाद अर्ज्याल, मुकुन्दप्रसाद अर्ज्याल, सोमनाथ अर्ज्याल, मदनप्रसाद अर्ज्याल, किशोरवावु अर्ज्याल र महेन्द्रनाथ अर्ज्यालहरू हुन्। उपसचिवमा विश्वनाथ अर्ज्याल, कविराज अर्ज्याल (प्रजिअ) विष्णुप्रसाद अर्ज्याल (प्रजिअ) टीकाराम अर्ज्याल (प्रजिअ) आदि देखा परे।



न्यायपालिकाको क्षेत्रमा भने **सर्वोच्च अदालतको प्रधानन्यायधिश बन्ने पहिलो अर्ज्याल प्रतिभा हुन् मोहनप्रसाद शर्मा (अर्ज्याल)**। यिनी त्यहाँ २०५४ साल चैत्रदेखि २०५६ साल मंसीरसम्म कार्यरत रहेका थिए। यद्यपि प्रधानन्यायधिश भने २०५५ वैशाखदेखि मात्र भएका हुन्।

मोहनप्रसाद अर्ज्यालको जन्म वि.सं. १९९० साल असौज शुक्ल तृतीया बुधबारका दिन नक्सालमा भएको हो। पिता टीकादत्त उपाध्याय तथा माता टीकाकुमारी लामिछानेका

सुपुत्र मोहनप्रसादको प्रारम्भिक साधारण शिक्षा भने कपिलवस्तुमा भएको थियो। त्यतिखेर उनका पिता त्यहीं लप्टन (अमीन) थिए। त्यसपछिको पढाइ काठमाडौंको पद्मोदय माविमा भयो र त्यसै विद्यालयवाट एस.एल.सी. दिने पहिलो समूहमा उनी पनि थिए। उच्चशिक्षा त्रिचन्द्र कलेजवाट अघि वढाउँदै पटना विश्वविद्यालयवाट एम.ए. गरे। उनले त्यहींवाट वी.एल. पनि गरे। वि.सं. २०१० मा कमलपोखरीकी डा. भैरवप्रसाद पौडेलकी छोरी शान्तिदेवीसँग विवाह गरेका मोहनप्रसादको एक छोरा र एक छोरी छन्। सगोत्री विहे गरेको भए पनि अहिले उनी आफ्नो अनुभव सुनाउँदै भन्छन्– **सन्तान असल बनाउने हो भने त अन्तरजातीय विवाह नै उचित जस्तो पो लाग्दैछ।** न्यायमूर्ति मोहनकी पत्नी शान्तिदेवी (वि.सं. १९९६) पनि लखनऊवाट एम.एस्सी. गरेकी सुशिक्षित नारी हुन्। अर्ज्याल प्राध्यापकमा उनी पनि स्मरणीय छिन्। उनले त्रिचन्द्र कलेजवाट वि.सं. २०१९ मा प्राध्यापन पेशा शुरू गरेर पद्मकन्या कलेज, वागवजारको क्याम्पस प्रमुख भई काम गरेकी थिइन्। अहिले आफ्नो संस्मरण लेखनमा संलग्न प्राध्यापक शान्ति शर्मालाई गएको मङ्सीर २० गते रोनाष्टले महिला वैज्ञानिकको रूपमा सम्मान गरेको थियो। अहिले अवकास जीवन व्यतित गरिरहेका मोहनप्रसादको न्यायसम्वन्धी फुटकर रचनाहरू मात्रै छन्, 'सैनिक द्रव्यकोश'का लेखक यी होइनन्।

सर्वोच्चमा न्यायधिश वन्ने पहिलो व्यक्ति भने त्रैलोक्यराज अर्ज्याल हुन्। त्यसपछि अर्का अर्ज्यालमा संसिवधानविद् लक्ष्मणप्रसाद देखापर्दछन्। लक्ष्मणप्रसाद अर्ज्याल नेपाल वार एशोशियसनका सभापति पनि भएका थिए।

यिनको जन्म वि.सं. १९९४ जेठ २३ गतेका दिन वौद्ध जोरपाटीमा भएको हो। पिता भैरवप्रसाद उपाध्या र माता उत्तराकुमारी अधिकारीका सुपुत्र लक्ष्मणको सामान्य शिक्षा पशुपति मा.वि. गौशालामा र उच्चशिक्षा नेशनल कलेज (हालको शंकरदेव क्याम्पस) त्रिविवाट भएको हो। वि.सं. २०१९ मा वी.एल्. तथा २०२१ मा त्रि.वि.वाट एम.ए. गरेका अर्ज्याल कानुनविदका रूपमा सर्वोच्चमा वकालत गर्न थाले। यसै क्रममा २०३१ मा सर्वोच्च वारको र २०४२ मा नेपाल वार एशोशियसनको अध्यक्ष भए। २०४७ को नयाँ संविधान निर्माणमा यी पनि सदस्यका रूपमा संलग्न थिए। २०४८।५।१४ मा सर्वोच्च अदालतमा न्यायधिश नियुक्ति भए र २०५९।२।२२ मा निवृत्त भए। सार्क स्तरीय कानुनविद र न्यायधिशहरूको संस्थामा दुई वर्ष (२०५७-२०५९) अध्यक्ष रहेका लक्ष्मणप्रसाद अर्ज्यालका थुप्रै फुटकर लेख-रचनाहरू **न्यायदूत**, **कानून** जस्ता पत्रिकाहरूमा छरिएका छन्। 'संवैधानिक एवं कानूनी इतिहास' लेखनमा लागिरहेका अर्ज्यालको विवाह सुष्मा भट्टराईसित भएको थियो। उनका

दुई छोरा सुशिल र विजय तथा तीन छोरी विद्या, पुष्पा र संगीता छन् । लक्ष्मणले वङ्गाली लेखक महर्षि देवव्रतको रचना **साधना सुमर**लाई नेपालीमा रूपान्तरण गर्ने कार्य गरिरहेका छन् । लक्ष्मणले रेडियो सगरमाथाको मानव अधिकार संचेतना प्रवर्धक कार्यक्रममा केही समयसम्म नित्य प्रवचन पनि दिएका थिए ।

न्यायपालिका तथा न्यायिक क्षेत्रमा कार्यरत अन्य अर्ज्यालहरू भने प्रशस्तै देखिन्छन् । नेपाल कानून व्यवसायी परिषद्को अभिलेख अनुसार वि.सं. २०५८ सम्मको तथ्याङ्कमा कुल एकसय छब्बीस पुरुष तथा सात जना महिला यस क्षेत्रमा कार्यरत रहेका छन् । वि.सं. २०१३ सालदेखिको यस विवरणमा काठमाडौंका अधिवक्ताहरूमा ज्ञानेन्द्रकुमार अर्ज्याल, रवीन्द्रनाथ अर्ज्याल, कपिल अर्ज्याल, नारायणराज अर्ज्याल, श्रीहरि अर्ज्याल, पुण्यप्रसाद अर्ज्याल, निरञ्जनराज अर्ज्याल, पुरेन्द्रकुमार अर्ज्याल, रमेशराज अर्ज्याल, गोपालप्रसाद अर्ज्याल, नोशराज अर्ज्याल, सुरेन्द्रकुमार अर्ज्याल, योगेन्द्रनाथ अर्ज्याल, निर्मलकुमार अर्ज्याल, भानुराज अर्ज्याल, मदनप्रसाद अर्ज्याल, शेखरकुमार अर्ज्याल, पुष्कररराज अर्ज्याल, मृग्रेन्द्रकुमार अर्ज्याल, राजेन्द्र अर्ज्याल रहेका छन् । यिनीहरूमध्ये कतिले प्राध्यापन, नीजामति सेवा र न्यायसेवामा छरिएर काम गरिरहेको पाइन्छ । अन्य जिल्लाका अधिवक्ता अर्ज्यालहरूमा चितवनका दिवाकर अर्ज्याल, केशवराज अर्ज्याल र विष्णुप्रसाद अर्ज्याल । रूपन्देहीका माधवप्रसाद शर्मा अर्ज्याल, केशरमणि अर्ज्याल, लक्ष्मीप्रसाद अर्ज्याल र श्यामअर्ज्याल । मोरङका विनयराज अर्ज्याल र अनिलकुमार अर्ज्याल । गुल्मीका रामप्रसाद अर्ज्याल, माधवप्रसाद अर्ज्याल (अमरभूमी), प्रेमनाथ अर्ज्याल, भगवान् अर्ज्याल, दिनेशकुमार अर्ज्याल, ईश्वरीप्रसाद अर्ज्याल, कृष्णप्रसाद अर्ज्याल र मानवहादुर अर्ज्याल । स्याङ्जाका एकनारायण अर्ज्याल (छाङछाङदी), ओमप्रसाद अर्ज्याल, पोतप्रसाद अर्ज्याल, राजेश्वर अर्ज्याल, दीनवन्धु अर्ज्याल, मुकुन्दराज अर्ज्याल, विनयवावु अर्ज्याल, विष्णुप्रसाद अर्ज्याल, लक्ष्मीप्रसाद अर्ज्याल, विश्वनाथ अर्ज्याल र वावुराम अर्ज्याल । गोरखाका शंकरप्रसाद अर्ज्याल, भुवनहरी अर्ज्याल, कमलप्रसाद अर्ज्याल । धनुषाका ज्ञानेन्द्रनाथ अर्ज्याल । मकवानपुरका अशोककुमार अर्ज्याल, कष्णप्रसाद अर्ज्याल । कपिलवस्तुका ओमप्रकाश अर्ज्याल (गँजेडा) । कास्कीका अशोक अर्ज्याल (पोखरा) र कमलप्रसाद अर्ज्याल । पाल्पाका गणेशप्रसाद अर्ज्याल र विष्णुप्रसाद अर्ज्याल । लमजुङका गुमानसिंह अर्ज्याल । कञ्चनपुरका चूडामणि अर्ज्याल । सुनसरीका कृष्णराज अर्ज्याल । धादिङ्गका दुर्गाप्रसाद अर्ज्याल । नुवाकोटका भीमवहादुर अर्ज्याल । झापाका उमेशकुमार अर्ज्याल । सिन्धुलीका सुरेशचन्द्र अर्ज्याल आदि देखिन्छन् । महिला अधिवक्तामा भने काठमाडौंकी प्रतिभा अर्ज्याल (महाराजगन्ज) र गीता अर्ज्याल (महादेवस्थान), मोरङकी निर्मला अर्ज्याल, वाँकेकी विजयालक्ष्मी अर्ज्यालहरू

देखिन्छन् ।

अभिवक्ताको रूपमा कानूनी क्षेत्रमा कार्यरत अन्य अर्ज्यालबन्धुहरूमा गुल्मीका जगदीश अर्ज्याल, वेदराज अर्ज्याल, राजकुमार अर्ज्याल, शेखरचन्द्र अर्ज्याल छन् भने काठमान्डूका साम्बराज अर्ज्याल, गोविन्द अर्ज्याल, सुमनकेशरी अर्ज्याल, लक्ष्मण अर्ज्याल (जितपुर) विमल अर्ज्याल, ज्ञानु अर्ज्याल, उपेन्द्रप्रसाद अर्ज्याल, कल्पना अर्ज्याल, रघुनाथ अर्ज्याल, रमेशप्रसाद अर्ज्याल, मधुसुदन अर्ज्याल (भक्तपुर) देखिन्छन् । त्यसैगरी चितवनका इन्द्रप्रसाद अर्ज्याल, टंकराज अर्ज्याल, पाल्पाका लेखनाथ अर्ज्याल, धर्मराज अर्ज्याल, रूपन्देहीका रामचन्द्र अर्ज्याल, पर्साका शैलेशकुमार अर्ज्याल, रामेश्वरराज अर्ज्याल, नवलपरासीका बालचन्द्र अर्ज्याल अभिवक्ता भई न्यायक्षेत्रमा कार्यरत छन् । अभिकर्ता एवं कानून व्यवसायी भएर काम गर्ने अन्य अर्ज्यालबन्धुहरूमा गोर्खाका सीताराम अर्ज्याल, स्याङ्जाका पूर्णचन्द्र र कृष्णप्रसाद, काठमाण्डूका उदय अर्ज्याल पनि रहेको देखिन्छ ।

अनुसूची-एक

श्रीपतिको वासस्थान

✍ **नयराज पन्त**

पण्डित गोपाल पाँडेले आफ्नो **व्यक्त-चन्द्रिकामा** श्रीपतिको एउटा श्लोक उद्धरण गरेका छन्– वृतान्तर्गत चतुर्भुजको क्षेत्रफल ल्याउन्या रीति श्रीपतिको।

सबै भुजका योगको आधालाई चारठाउँमा राख्नु। क्रमैसित सबै भुज घटाउनु फेरि तिनको घातको मूल लिनु त्यो त्रिभुजको र वृतान्तरगत चतुर्भुजको क्षेत्रफल हुन्छ।

भुज समानदलं हि चतुः स्थितं
निज भुजैः क्रमशः पृथगुर्नितम्।
अथ परस्परमेव समाहतं
कृतिपदं त्रि-चतुर्भुजयोः फलम्॥

जस्तै– यसमा सबै भुजको योगको आधा ८८ मानौं।

८८	८८	८८	८८	
-२५	-३९	-५२	-६०	∴ ६३×४९×३६×२८=३११६९६
६३	४९	३६	२८	

यसको मूल– १७६४ भयो।

यो रीतको उत्पत्ति गर्दा कोणको सम्वन्ध पर्दछ, त्रिकोणमितिको विषय हुन्छ। हाम्रा गुरुजीले बनायाको त्रिकोणमितिमा लेखेको छ– ('व्यक्तचन्द्रिका'को वि.सं. १९५२ को दोस्रो संस्करणको तृतीय खण्डका पृ. २१-२२)

आफ्नो १९ वर्षको उमेरसम्म श्रीपतिको विषयमा व्यक्त चन्द्रिकामा दिएको कुराभन्दा बढ्ता कुरा मलाई थाहा थिएन। वि.सं. १९८९ को हिउँदमा काशीमा राजकीय संस्कृत पाठशालामा श्रीगुरु पण्डित पद्माकर द्विवेदी कहाँ भरखर प्रकाशित भएको **सिद्धान्तशेखरको** पहिलो भाग उपहार स्वरूप आएको रहेछ। श्री गुरु सावधानीपूर्वक सो पुस्तक हेर्न लाग्नुभएको थियो। श्रीपतिको **सिद्धान्तशेखरको** चर्चा भाष्कर आदि ठूलाठूला गणितज्ञले गरेका थिए। सो पुस्तक अहिले दुर्लभ भइसकेको थियो। कलकत्ता विश्वविद्यालयले परिश्रमपूर्वक खोजेर यो पुस्तक प्रकाशित गरेछ। यसकारण यसको प्रकाशन हामीहरूको लेखा ठूलो कुरा हो भनी श्रीगुरुले भन्नुभयो।

त्यहाँ त्यस ग्रन्थ परिचयमा (पृ. ७) त्यस ग्रन्थका सम्पादक ववुआजी मिश्र (श्रीकृष्ण)ले लेखेको तलको वाक्य (यस्तो छ)– "त्रिस्कन्ध-ज्योतिःशास्त्र-पारावारपारीणः काव्यकलाकुशलमतिस्तत्र भवान् श्रीपतिः सार्धनवशत ९५० शालिवाहन शकाव्दासन्नसमयेऽत्रैव पुण्यभूमौ भारतवर्षे समासीदिति मात्रं सम्प्रत्यवधि ग्रन्थकृतः सम्वन्धेः विदितं भवति।" यद्यपि "भट्ट केशव पुत्रस्य नागदेवस्य नन्दनः श्रीपति रोहिणी खण्डे ज्योतिः शास्त्र मिदं व्यधात्।" इति श्रीपतिकृत 'ध्रुवमानसाख्यकरण' ग्रन्थोत्तमा श्रीपतेः पितुर्नाम 'नागदेव भट्ट' पितामहस्य नाम केशव भट्ट इति तथा ग्रन्थरचनास्थानं तज्जन्मस्थानं च **रोहिणी खण्ड** मिति च विदितं भवति। परमत्र श्रीपतेः पितृपितामहयोः प्रसिद्धचभावात् रोहिणीखण्डस्यापि साम्प्रतमनिश्चितत्त्वात् श्रीपति स्वनाम्नैव विदितो ज्योतिःशास्त्रस्य स्कन्धत्रयेऽपि सरस-कोमलपदपद्यानां वहूनांग्रन्थनां रचयिता इतः पूर्वं सहस्रवर्षासन्नसमये प्रादुर्वभूवेति मात्रं निःसंशय वक्तुं युज्जते।"

नेपाली अनुवाद

ज्योतिष शास्त्रको तीनै स्कन्धमा प्रवीण, राम्रो कविता गर्ने, श्रीपति शाके–९५० (वि.सं. १०८५) तिर यही पुण्यभूमि भारतवर्षमा हुनुहुन्थ्यो भन्ने मात्र अहिलेसम्म थाहा पाइएको छ। हुन त केशव भट्टका छोरा नागदेवका छोरा श्रीपतिले **रोहिणी खण्ड**मा यो ज्योतिषशास्त्र वनाए भनी श्रीपतिले वनाएको **ध्रुवमानस** नामको करणग्रन्थमा लेखिएकाले श्रीपतिका वाबुको नाम नागदेव भट्ट वाजेको नाम केशव भट्ट तथा श्रीपतिको ग्रन्थरचना स्थान अथवा जन्मस्थान रोहिणी खण्ड भनेर थाहा पाइन्छ। तर श्रीपतिका बाबु बाजे अप्रसिद्ध भएकाले तथा रोहिणी खण्ड पनि कहाँ पर्छ भनी अहिले निर्णय नभएकोले आफ्नै नामले प्रसिद्ध ज्योतिषशास्त्रका तीनै स्कन्धमा सरस पद भएका धेरै ग्रन्थहरूका रचयिता श्रीपति अहिलेभन्दा अन्दाजी हजारवर्ष अगाडि जन्मनुभयो भनेर मात्र ठोकेर भन्न सकिन्छ।

साभार : ज्योतिष दर्शन (पत्रिका)
(अङ्क ४ असोज २०२९ बाट)

अनुसूची-दुई

व्यक्तित्व परिचय

श्रीपति भट्ट

श्रीपति भट्टको जन्म १०५६ तिर भएको हो। नयराज पन्तले आफ्नो पुस्तक 'गोलबोध'मा दिएको परिचयअनुसार यिनको जन्म लुम्बिनी अञ्चलमा भएको हो। रोहिणी खण्ड भनिएको स्थान हालको रूपन्देही जिल्लामा पर्दछ। उनको मुख्य कृति सिद्धान्त-शेखर हो। यसमा उनले पृथ्वीको गुरुत्वाकर्षण शक्तिका बारेमा खगोल शास्त्रीय विवेचना अघि सार्दै सुमेरु पर्वतको धारणालाई खण्डन गरेका छन्। सरल शैली र सरस भाव उनको विशेषता हो। प्रस्तुत छ उनको सिद्धान्त-शेखरबाट चार श्लोक कविता त्यसैको गोल बासनाध्यायबाट :

धर्ता धरित्र्या यदि हन्त मूर्त-
स्तस्याऽपरस्तस्य परस्त तोऽऽन्यः
एवं हि तेषा मनवस्थितिः स्या-
दतोऽत्र युक्ता भुव एव शक्तिः ॥२०॥

पृथ्वीलाई अड्याउने कुनै आधार छ भने त्यो आधारलाई अड्याउने अर्को आधार चाहिएला। फेरि दोस्रो आधारलाई अड्याउने तेस्रो आधार पनि चाहिएला। यसरी यो क्रम कहिल्यै टुङ्गिदैन। त्यसकारण पृथ्वी आफैं नै अडेको छ भनेर मान्नु ठिक हुन्छ ॥२०॥ (सिद्धान्तशेखर-भाग २ पृ. १४५)

यथा गृहे भारतुलासु पल्लिका
स्थिता तलस्यथाऽहमितीहमन्यते
तथा धरागोलतलस्थिता जना-
स्त्वधो धरागोलकमामनन्ति ते ॥२८॥

जसरी घरका निदाल तथा दलिनमा बसेको माउसुलीले आफूलाई निदालको माथिल्लो भागमा बसेको भनी ठान्छ, त्यसरी नै पृथ्वीको डल्लोमा बसेका मानिसहरू पनि आफ्नो तल पृथ्वी छ भनी ठान्छन्। (२८) (ऐ. पृ. १५०)

मुकुरतलनिभा चेत् सर्वतो मेदिनीयं
कनकगिरिरयं चेत् दृष्टियोग्यो भवेन् नः।
इदमपि खलु मिथ्याऽऽच्छादकातशैला
सकल-कुलगिरिभ्यो नूनमुच्चैः सुमेरुः ॥९॥

पृथ्वी ऐनाको पेट जस्तै सम्म परेको भए हामीहरूले सुमेरु पर्वत देख्नुपर्ने। अरू पर्वतहरूले छेकिएको हुनाले सुमेरु पर्वत छेकिएको हो भन्ने कुरा पनि मिल्दैन। किनभने सबै पर्वतहरू भन्दा सुमेरु पर्वत अग्लो छ। (९) (श्रीपति सिद्धान्तशेखर सं. बबुआजी मिश्र, भाग २, पृ. १३९)

नभस्ययस्कान्तमहामणीनां
मध्ये स्थितो लोहगुडो यथाऽऽस्ते
आधारशून्योऽपि तथैव सर्वा
धारो धरित्र्या ध्रुवमेव गोलः ॥२२॥

चुम्बकको बीचमा पर्दा आकाशमै पनि फलामको डल्लो जसरी अड्छ, त्यसै गरी हाम्रो भूगोल पनि सबैतिरको आधार पाएर आकाशमा अडेको छ। (२२) (ऐ.- पृ. १४७)

(साभार : गोलबोधबाट)

अनुसूची-तीन

श्रीप्राप्तिः

गोरक्षसाम्राज्यस्थापक-द्रव्यशाह-सहायक प्रवरपण्डित-नारायण-दासार्ज्यालस्य ६ पुत्रा उद्धवदास विष्णुदासादयो दैवज्ञकेशरिकृत-कुलचन्द्रिकानुकूलाः। उद्धववंशजा बगालेपदवाच्याः। विष्णुदासवंशजा बिहारे पदवाच्याः। बिहारे वंशे राजपुरोहितो रमानाथो जातः। तस्यपुत्रो जयदेवः। तस्य द्वौ पुत्रौ ज्येष्ठो बुद्धिनाथः कनिष्ठो विद्यानाथः। विद्यानाथस्य जेष्ठ-पत्न्यां कुलप्रसाद-वेणिमाधवौ, कनिष्ठपत्न्यां विष्णुप्रसाद-कमलराजौ। कमलराजस्य पुत्र खटिका-धरत्रैलोक्यराजहस्तेन प्रशस्तिरत्नं मया प्राप्तम्। प्रकाशाय योगिने नरहरिनाथाय दत्तम्। मुदेऽस्तु विदुषामिदम्। कविपरिचयो नाधिको लब्धः।

गु.पु.पं. पद्मनाभकेशरिशर्माज्र्यालः

टिप्पणी

प्रशस्तिरत्नम्को आवरणमा **कवि रामभद्रकृत** भनी कोष्ठकमा उल्लेख छ। पुछारमा **सङ्ग्राहक** गु.पु.पं. पद्मनाभकेशरिशर्माज्र्यालः, **प्रकाशक** श्री चौ. सुन्दरप्रसाद शाह 'दुखी' र **सम्पादकमा** योगी नरहरिनाथ छापिएको पाइन्छ। माथिको उद्धरण **प्रशस्ति रत्नम्** पृ.क.मा रहेको छ। –प्रभात

अनुसूची-चार

अर्ज्यालवंशको विद्वत्परम्परा

✍ जगदीशचन्द्र रेग्मी

द्रव्य शाहलाई गोर्खा राज्य स्थापनामा सहयोग गर्नेहरूमध्ये एक नारायणदास अर्ज्याल थिए । यिनी र यिनका सन्तानलाई द्रव्य शाहले छ थरमध्येका एक थर अथवा गोर्खा राज्यका महत्वपूर्ण भारदार वंशको रूपमा मान्यता दिएको कुरा वंशावलिबाट थाहा पाइन्छ । नारायणदास र उनका छोरा उद्धवदास (धवलु) अर्ज्यालका साहिंला छोरा जयभद्र अर्ज्यालले राजा राम शाहको लागि वि.सं. १६७५ मा **मेघदूत** सारिदिएको प्रमाण पाइने कुराको चर्चा माथि परिसकेकै छ । यस प्रमाणबाट जयभद्र अर्ज्यालको राम शाहसँग घनिष्ठ सम्वन्ध रहेको बुझ्न सकिन्छ । यिनैले वि.सं. १६७८ मा **रुद्रानुष्ठानपद्धति** र वि.सं. १६८९ मा **देवदासप्रकाश** सारेको थाहा पाइन्छ । देवदासप्रकाश पुस्तकको पुष्पिकामा जयभद्रद्वारा आफ्ना पिता धवलु शर्मालाई राजा राम शाहका पुरोहित र ज्योतिषीका रूपमा परिचय दिइएकोले दरवारका पुरोहित र ज्योतिषीका रूपमा यो अर्ज्याल परिवारले राज्याश्रय पाई विद्यापरम्परा कायम गर्न थालेको अर्थ बुझ्न सकिन्छ ।

जयभद्रका एक छोरा वाचस्पतिले वि.सं. १६८८ मा सारेको **आचारदीप** नामको ग्रन्थ पाइएको हुनाले यो वंशमा विद्यापरम्परा कायमै रहेको बुझ्न सकिन्छ । यही वंशमा पैदा भएका वीरेश्वर अर्ज्यालले वि.सं. १७३७ मा पृथ्वीपति शाहको **प्रशस्ति** रचना गरेको थाहा पाइनु महत्वपूर्ण छ । एक त 'प्रशस्ति'का पद्य मौलिक रचना हुन् भने अर्कोतिर वीरेश्वर पृथ्वीपति शाहका सान्निध्य र आश्रयमा रहेका देखिन्छन् । यी वीरेश्वर अर्ज्याल जयभद्र अर्ज्यालका पनाति हुन् भन्ने थाहा पाइन्छ । हालसम्मको ज्ञानबाट अर्ज्यालवंशको विद्वतपरम्परामा मौलिक रचना गर्ने यिनी वीरेश्वर नै पहिला व्यक्ति पनि देखिन्छन् ।

वि.सं. १७८३ र १७८७ मितिमा दुइटा ग्रन्थ सार्ने व्यक्तिका रूपमा लक्ष्मीनारायण अर्ज्यालको नाउँ भेटिन्छ । शक्तिवल्लभजस्ता विद्वान्का पिताका रूपमा साहित्यिक इतिहासमा लक्ष्मीनारायणको महत्व छ र उनी स्वयं पनि विद्याव्यसनी रहेका देखिनु अर्ज्यालवंशको विद्वत्परम्पराका अनुकूल नै छ । नारायण अर्ज्यालको वंशमा लक्ष्मीनारायण कुनचाहिँ गूँडका हुन् यसवारेमा हाल खोजमेल गर्न सकिएको छैन ।

यही क्रममा हामी सत्यधर अर्ज्याललाई पाउँछौ जसले वि.सं. १७८६ मा काशीमा बसेर सारेको **कविकर्पटीकर**चना वि.सं. १७९० मा सारेको

अग्निस्थापनाविधि र वि.सं. १७९६ मा गोर्खामा बसेर सारेको **शब्दभेदप्रकाश** ग्रन्थ पाइन्छन् । यिनी जयभद्र अर्ज्यालका पनाति थिए भन्ने थाहा पाइन्छ । यिनले उच्च शिक्षा काशीमा पाएका थिए भन्ने अनुमान गरिएको छ । काशीमा शिक्षा पाएको कारणबाट यिनी स्वयं विद्वान् हुन सकेका थिए र राजदरवारका पण्डित र ज्योतिषीका रूपमा सम्मानित थिए भन्न सकिन्छ । वंशावलिमा सत्यधर जोसी आदिले पृथ्वीनारायण शाहलाई **याज्ञवल्क्यस्मृतिको व्यवहाराध्याय** सुनाएको उल्लेख पाइनाले पनि यो कुरो स्पष्ट हुन्छ ।

यिनै सत्यधर अर्ज्यालका छोरा चक्रपाणि अर्ज्याल थिए जो ज्योतिषका ठूला पण्डित, अनेक मौलिक ग्रन्थका लेखक र पृथ्वीनारायण शाहका सहयोगी व्यक्तिका रूपमा देखिएका छन् । यिनले लेखेको तीन मौलिक ज्योतिष ग्रन्थ **प्रश्नतत्त्व, जातकेन्दु** र **ग्रहणतत्त्व** ज्ञात भएका छन् ।[१] यस रूपमा चक्रपाणिको विशेष महत्त्व मान्नुपर्दछ, नत्र उनीवाहेक अर्ज्यालवंशमा मौलिक ग्रन्थ रचना गर्ने व्यक्ति अरू देखिएका छैनन् ।

चक्रपाणि नामका एक विद्वान्ले रचेको **श्रीगोरक्षवरस्तुतिः** का १३ श्लोकको प्रकाशन भएको पाइन्छ ।[२] यो स्तोत्रको अन्त्यमा 'श्री ५ मन्महाराजाधिराजपृथ्वीनारायणसिंहदेवपुरोहितः' उपाधिसाथ चक्रपाणिको नाम लेखिएको देख्दा यी चक्रपाणि अर्ज्याल नै हुन् कि भन्ने अनुमान गर्न सक्ने देखिन्छ । तर यसवारे विशेष अनुसन्धान पनि गर्नुपर्ने आवश्यकता देखिन्छ ।[३]

पृथ्वीनारायणशाहले यिनै चक्रपाणि अर्ज्याललाई आफ्ना गुप्तचरको रूपमा भक्तपुरका राजाकहाँ पठाउँदा यिनले त्यहाँ पुराण सुनाउने काम गरेका थिए भन्ने वावुराम आचार्यको भनाइ छ ।[४] पृथ्वीनारायण शाहको स्वर्गवास

---

१. पूर्णिमा ३२, पृ. २१२ ।

२. अवेद्यनाथ योगी–गोरक्षस्तुतिमञ्जरी, गोरखपुर पृ. ६१-६७ ।

३. यी चक्रपाणि अर्ज्याल नै हुन् भन्ने विश्वास प्रा. मुकुन्दराज अर्ज्यालको पनि छ । उहाँले आफ्नो संग्रहमा चक्रपाणि अर्ज्यालले लेखेको हठयोगप्रदीपिकाको ठूलो भाष्य पनि भएको सूचना दिनुभएको छ ।

४. श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी भाग दुई पृ. ३५५-५६ । संस्कृत सन्देश वर्ष एक अंक आठमा अर्ज्यालवंशावलि कुलचन्द्रिकाको गातामा चक्रपाणि अर्ज्यालले संस्कृतमा आफू नुवाकोटबाट पाटन र भक्तपुर आएको संक्षिप्त टिप्पन लेखेको पाइन्छ जसलाई प्रस्तुतकर्ताले 'चक्रपाणिचर्चा' शीर्षक दिएका छन् । डा. जयमन्त मिश्रले पृथ्वीनारायण शाहको पालाका चक्रपाणि शर्माले लेखेको 'चक्रपाणिचर्चा' नामको ऐतिहासिक र साहित्यिक महत्वको एक ग्रन्थको चर्चा गर्नुभएको छ (आर.एस. वर्मा-सम्पादक, कल्चरल हेरिटेज अफ नेपाल, किताव महल इलाहाबाद, सन् १९७२, पृ. ६७) । माथि चर्चित टिप्पनलाई नै मिश्रज्यूले ग्रन्थको रूपमा चर्चा गरेको हो कि जस्तो लाग्दछ ।

भएको केही दिनपछि प्रतापसिंह शाहवाट यिनै चक्रपाणि अर्ज्याललाई दरवार आउन वोलाहट भएको प्रमाण पाइन्छ– (श्री ५ प्रतापसिंह शाहको प्रशस्ति)

स्वस्ति श्री सर्वमंगलालयेषु. श्रीचक्रपाणिज्योतिर्वित्सु. प्रणामपूर्वक-पत्रमिदं ञहा कुसल तांहां कुसल चाहिये. आगे ञाहाको समाचार भलो छ. उप्रांत तिमिहरू भन्याका. एस घरका गुरु प्रोहित हौ. आज दैवगतिले मकरसंक्रान्तिका दिन श्रीदेवीघाटमहा जलयोग पाइकन श्रीवावाज्युको स्वर्ग भयो तपनि. संसार भन्याको सवै एस्तै छ. आज तिमिहरू जस्ता भला भला मानिस आयेर एस् घरको वंदोवस्त गर्न पर्न्या भयो. हिजोको कुरा तिमिले पनि न सम्झनु. हामीले पनि नसम्झनु यो घर भन्याको तिम्रो हो पत्र देषत आइजाउ. पेटपिठको षवर पनि गरौंला. उचोतिषो गरि राषौंला. संदेह नमानि चांडै आइ जाउ. विज्ञेषु. फाल्गुन वदि १३ रोज २ मुकाम काठमाडौं. शुभम्[५]

यो पत्रमा चक्रपाणिप्रति जुन आदर सम्मान र आत्मीयताको भाव व्यक्त भएको देखिन्छ, त्यसवाट उनको राजदरवारमा ठूलो सम्मान हुन्थ्यो भन्ने वुझ्न सकिन्छ । यो चिठ्ठीमा चाहिँ कुनै कारणले चक्रपाणि र पृथ्वीनारायण शाहवीच सम्वन्ध नराम्रो हुन गई अघिल्लाको दरवारसँग सम्वन्ध टुटेकोमा प्रतापसिंह शाहवाट उनलाई ससम्मान वोलाहट भएको वुझिन्छ । यति मात्र हैन चक्रपाणिका छोरा वैयाकरणकेसरीलाई प्रतापसिंह शाहले वि.सं. १८३२ मा वार्षिक पचास रुपियाँ दिई काशी पढ्न पठाएका थिए भन्ने कुरा तल उद्धृत चिठ्ठीबाट थाहा पाइन्छ ।

(श्री ५ प्रतापसिंह शाहको प्रशस्ति ।)

आगे. सत्यधर पण्डितका नाति. चक्रपाणि पण्डितका पुत्र. वैयाकरणकेसरीके श्रीकाशी वसि पढ्नन्ज्याल्सम्म वर्पासन् रूपैयाँ पचास् ५० मोहर गरिवक्स्यौं । आफ्ना षातिरजामासँग वर्षासिन षाउ, अहोरात्र मिहिनत् गरि पढ्- प्रतिदिन हाम्रो सुभ चिन्तना गरि आसिर्वाद दिन्या गर. इति सम्वत् १८३२ साल मकरशुदि १३ रोज शुभम्–

मार्फत् देवान सरूपसिंह[६]

सत्यधर अर्ज्यालका समकालिक अर्का विद्वान् मोक्षेश्वर जोसी अर्ज्याल पनि देखिन्छन् । यिनले वि.सं. १७९४ मा युवराज पृथ्वीनारायण शाहको आज्ञाले महाभारत उद्योगपर्वअन्तर्गतको **सनत्सुजातप्रकरण** सारेको पाइन्छ ।[७] यस वारेमा वावुराम आचार्यको भनाइ छ कि यो पुस्तक पृथ्वीनारायण शाहको विवाह

---

५. इतिहास प्रकाश १. पृ. ८०-८१ ।

६. इतिहास प्रकाश १, पृ. ८१ ।

७. उपदेश (वक्तव्य आदि खण्ड) पृ. ८९ ।

भएको करीब एक महीनापछि लेखिएको हो[८] र श्री ५ पृथ्वीनारायण शाहका पुरोहित र वेदगुरु भएका मोक्षेश्वर जोसी (अर्ज्याल)ले आफ्ना शिष्य र यजमान भएका श्री ५ पृथ्वीनारायण शाहको विवाह भइसकेको हुनाले यिनको चरित्र गठन गर्नाका निमित्त उनको आज्ञा लिई सनत्सुजातीय उपाख्यानको तत्त्वबोध गराउने प्रयत्न गरेका थिए ।[९] नरभूपाल शाहको वि.सं. १७९६ को एक तामापत्रमा 'लिखक साक्षी मोक्षेश्वर जैसि'को रूपमा पनि यिनको उल्लेख पाइनाले[१०] यिनको तत्कालीन प्रशासनमा पनि स्थान रहेको देखिन्छ । माथि चर्चित **सनत्सुजातप्रकरण**को सन्दर्भमा मोक्षेश्वरले आफूलाई 'धर्माधिकरण' भनेको देख्दा यिनी त्यस बेलामा 'धर्माधिकारी' (न्यायाधीश) थिए भन्ने पनि थाहा पाइन्छ। यी मोक्षेश्वर नारायणदासका खनाती (पाँचौं पुस्तापछिका) रहेछन् भन्ने अर्ज्यालवंशावलिवाट थाहा पाइन्छ ।[११]

अर्का अर्ज्याल शारङ्गधरको नाम पनि दुइटा पुस्तकका पुष्पिकावाक्यबाट थाहा पाइन्छ। यिनले वि.सं. १७९६ मा सारेको **नरपतिजयचर्यास्वरोदय** र वि.सं. १८०८ मा सारेको **भास्वती** पाइएका छन् । भास्वतीको ग्रन्थ उनले नरभूपाल शाहकी छोरी पद्मकुमारीका लागि सारेको उल्लेख सोही पुष्पिकामा भएको छ । यो प्रमाणबाट अर्ज्यालहरू राजपरिवारका सदस्यहरूका शिक्षकको रूपमा पनि प्रतिष्ठित थिए भन्ने कुरा अझ स्पष्ट हुन्छ ।[१२]

पृथ्वीनारायण शाहका ज्योतिषीहरूमा एक जना रामकृष्ण जोसी (अर्ज्याल) पनि देखिन्छन् । वंशावलिको एउटा सन्दर्भमा पृथ्वीनारायण शाहले पुरोहित रामकृष्ण जोसीलाई आफूले देखेको सपनाको फलाफल सोध्दा उनले दिएको जवाफमा चित्त नबुझी शक्तिवल्लभ अर्ज्याललाई सपनावारे सोधेको कुरा लेखिएको छ । शक्तिवल्लभले सपनाको सन्तोषजनक फल बताएको हुनाले

श्रीशाके १६५९ (वि.सं. १७९४) चैत्रशुक्ल १० शनिवासरे स्वस्ति श्रीगिरिराजचक्र-चूडामणि-नरनारायणेत्यादि विविधविरुदावलि विराजमानमानोन्नत-श्रीमन्महाराजाधिराज-कुमारयुवराज श्रीश्रीश्रीमत्नृपपृथ्वीनारायण-साहदेवाज्ञया लिखितमिदं पुस्तकं श्रीमोक्षेश्वर-शर्मणा धर्माधिकरणेन ।

८. श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी भाग–१, पृ. १४४ ।

९. ऐजन, पृ. १३० ।

१०. नुवाकोटको ऐतिहासिक रूपरेखा, पृ. २३ ।

११. दिनेशराज पन्त– गोरखाको इतिहास दोस्रो भाग, पृ. ४०५, ४२६ ।

१२. यहाँ चर्चित अर्ज्याल व्यक्तिहरूको पुस्तावली नारायणदास अर्ज्यालको वंशवृक्षमा कुन स्थान छ भन्नेबारे एक संक्षिप्त वंशवृक्ष लेखको पुछारमा छ जसको आधार गोर्खाका दण्डपाणि अर्ज्यालको वंशावलि हो । यसको उद्धरण दिनेशराज पन्तले गोरखाको इतिहास भाग– २, पृ. ४७३, ४८७, ४८९,, ४९१ मा दिनुभएको छ ।

रामकृष्णको ठाउँमा शक्तिवल्लभलाई पुरोहित पारेको कुरा पनि त्यहाँ लेखिएको छ ।[१३] कीर्तिपुरमा दोस्रो पल्ट आक्रमण गर्ने साइत हेर्ने सल्लाह गर्दा रामकृष्ण जोसीको पनि उल्लेख वंशावलिमा गरिएको पाइन्छ ।[१४]

नारायणदास अर्ज्यालदेखि राजालाई दीक्षा मन्त्र सुनाउने काम अर्ज्यालवंशले नै गरिआएको र यो क्रम नरभूपाल शाहको समयदेखि टुट्न गई उनीहरू वेदगुरु र पुरोहितको रूपमा मात्र कायम रहन सकेका हुन् भन्ने मूल्याङ्कन वावुराम आचार्यले गर्नुभएको छ ।[१५] यही परम्परावमोजिम मोक्षेश्वर पृथ्वीनारायण शाहका वेदगुरु र अन्य विषयका पनि गुरु रहेको तथ्य माथिको सन्दर्भवाट स्पष्ट हुन्छ । यही परम्परावमोजिम युवराज प्रतापसिंह शाहलाई मोक्षेश्वरका छोरा महेश्वर जोसी (अर्ज्याल)ले वेदारम्भ गराएका[१६] र भानु अर्ज्यालले चाहिं गणित आदिको शिक्षा दिएका होलान् भन्ने अनुमान वावुराम आचार्यले गर्नुभएको छ ।[१७] यी भानु जोसीको उल्लेख **दिव्य उपदेशमा** पनि भएकाले यिनी पृथ्वीनारायण शाहका विश्वासिला ज्योतिषी रहेछन् भन्ने वुझ्न सकिन्छ । यिनै भानु अर्ज्यालले नुवाकोट देवीघाट भैरवथानमा गुठी राखी लेखाएको वि.सं. १८०९ को पद्यमय अभिलेख पनि पाइनाले यिनको साहित्यप्रियता थाहा पाउन सकिन्छ । अभिलेखका पद्यको रचना यिनैले गरेको हुनु पनि धेरै सम्भव छ ।



---

१३ उपदेश पृ. ५०५ ।
१४ उपदेश, पृ. ८७० ।
१५ श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी भाग-१, पृ. १०२-३ ।
१६ ऐजन भाग-२, पृ. ३७९ ।
१७ ऐजन भाग-२, पृ. ११२ ।

यो अर्ज्याल वंशमा पृथ्वीनारायण शाहपछि पनि धेरै विद्वान् भएका हुन सक्छन् तर त्यस बारेमा चर्चा गर्नु यो लेखको क्षेत्रभन्दा बाहिर परेकाले यो छोटकरी चर्चा यहीं टुङ्ग्याइन्छ ।

स्रोत– यो अंश **श्री ५ पृथ्वीनारायण** शाहकालिक संस्कृत साहित्यनामक पुस्तकबाट 'उद्धरण' लिइएको हो । पृ. ३३९-३४४ ।

अनुसूची-पाँच

पृथ्वीनारायण शाहका पालाको नुवाकोट देवीघाटस्थित भैरवथानमा रहेको भानु अर्ज्यालको वि.सं. १८०९ को अभिलेख

१. श्रीशिवो विजयते ॥ ॥ शाके वेदागतर्कामृतकिरणमिते
२. १६७४ ज्येष्ठमासेऽब्जवारे नक्षत्रे सोमदैवे कमलजनिपतौ सत्ति-
३. थौ शुक्लपक्षे ॥ विख्याते भूमिलोके निजभुजविभवोद्धूतभूतारिव-
४. र्गे पृथ्वीनारायणाख्यक्षितिपकुलमणौ शासति क्षोणिपालान् ॥१॥
५. आत्रेयान्वयसारसव्रजरविर्नक्षत्रविद्यान्तगो विप्रः श्रीजमदग्निर-
६. ग्निसदृशो गोर्षानिवासी कृती ॥ तत्पुत्रो गणकाग्रणीर्नृपकुलैः सम्मा-
७. नितोऽतिष्ठिपद् भानुर्विप्रवरस्त्रिशूरसरितः श्रीभैरवेशं तटे ॥२॥ क्षे-
८. त्रं विंशतिमुरिकं निहितं देवालयस्य रक्षायै ॥ धर्मद्रवातट-
९. स्थं शिवस्वमेतन्न कस्यापि ॥३॥ यो नित्यमस्य परिलेपनमा-
१०. र्जनादि देवालयस्य कुरुतेऽनिशमत्र विप्रः लिंगाभिषेच-
११. (न) मपीह षडंगमंत्रैः क्षेत्रं प्रदेयमवनीपतिनापि तस्मै
१२. ॥ ॥ क्षेत्रं सागरिकं नाम पञ्चाशन्मुरिसम्मितम् । तद्देव-
१३. - - क विप्रस्य रक्षणीयं तु भूभुजा ॥५॥ देवालयचतुर्दिक्षु पं.
१४. (चा) शद्धस्तसम्मिता ॥ न कर्षणीया सा भूमिरंगणं भैरवेशितुः
१५. ॥६॥ न करोति पूर्वमुक्तं स महापापी शिवस्वचौरोपि ॥ परि-
१६. ... ... नंतु सर्वं कुर्यादेतन्महीपालः ॥१७॥ गंगायै नमः ॥

(स्रोत– शाहकालका अभिलेख, पृ. ५२-५३)

अनुसूची-छ

गायत्री गणेशको शैक्षिक प्रमाणपत्र

Form C No. ४५२

Government Sanskrit College Examinations, Benares

तमसो मा ज्योतिर्गमय ।

Roll No ६८३५

गणेशप्रसाद अर्ज्याल नाम्नो २३ वर्षवयस्को

श्री वेदशर्म नाम्नः पुत्रः श्री टेकनाथ

शर्म नाम्नो विदुषोऽन्तेवासी गोरखा नेपाल

मण्डलान्तर्गत दकाउ निवासी १९३४ वर्षे व्याकरण

मध्यमपरीक्षायां द्वितीय श्रेण्यामुत्तीर्ण इति प्रमाणीकरोति।

M.A., D.PHIL.
(Oxon.),
Registrar,
Govt. Sanskrit College Examinations,
United Provinces, Benares.

Dated Benares:

The____________193

अनुसूची-सात

काठमाडौंको बानेश्वर नारायणेश्वरमार्गस्थित शिवमन्दिरमा रहेको शाके १७१४ को शिलालेख

श्री गणेशाय नमः

मोक्षेश्वरः सूरिरभूत् क्षितीश कीरीटकोटि द्युति रञ्जिताङ्घ्रिः
यः सप्त सूनून् गुणगौरवाढ्यानृषीनिवाऽसूत यथा स्वयम्भूः ॥१॥

तेषांतुरीयो नृपतेः पुरोधा महेश्वरः पण्डित मण्डितोऽभूत्
यस्मिंञ्चतुषष्टि कलाः कलाज्ञेऽमला यथा नील गले लसन्ति ॥२॥

नारायणस्तत्तनयोऽपवर्गो-पायं शिवस्थापनमाततान
शाकेऽब्धिभू-सप्तधराभि रीड्ये (१७१४) मार्गे सिते नाग तिथौ सभार्यः ॥३॥

शिव प्रीत्यै शुभ्रं कनक कलशम्मन्दिर मनु,
गृहं रम्यं सम्यग्व्यरचयदसौ पूर्त विधिना ॥
न तल्लोका वाप्तिः प्रथिततर कामभ्रमभरा,
द्विशेषात्साधूनां प्रभवति मतिर्मोक्ष् विषया ॥४॥

चत्त्वारिंशन्मुरी परिमितां भूमिं शिव पूजार्थं. दशमुरी
परिमिताम् शिव मन्दिर गृहयोर्जिर्णोद्धारार्थञ्च स्थापितवान्. शिवमस्तु ॥

अत्र शिवस्वे ये लोभकारिणस्तेना पञ्चमहापातकिनो
रक्षकास्त्वाद्य क्रतु फल भागिनो भूया सुरिति ॥

मन्दिर जिर्णोद्धारपछि नेपालीमा राखिएको लेखौट–

यसमा राखिएको शाके १७१४ को शिलापत्र माटोमा पुरिएको फेला परेकोले श्री विश्वनाथको नाति कमलराजको सुपुत्र त्रैलोक्यराज अर्याल तथा धर्मपत्नी गेहेन्द्र राज्यलक्ष्मी अर्यालद्वारा पुनःस्थापित गरिएको छ। विक्रम सम्वत् २०४४ मंसीर ९ वुधवार ॥

नोट : प्रस्तुत अभिलेखले मोक्षेश्वर अर्ज्यालका नाति महेश्वरका छोरा नारायणद्वारा आफ्ना पितृको नाममा बनाएको मन्दिर एवं त्यसको पूजाकर्म सञ्चालनका निम्ति राखेको गुठी जग्गाको बारेमा समेत जानकारी दिन्छ।

अनुसूची - आठ

क) वामननाम कौमुदीको पृष्ठभाग

॥ श्रीः ॥

वामननामकौमुदी

भगवदभिधानवामनपदस्य द्विचत्वारिंशदधिकशतार्थ-

प्रकाशिका

नेपालदेशीयेन काशीनिवासिना अज्यालोपाद्-

श्रीमदुमानाथविदुषा

विरचिता ।

नेपालाभिजनपण्डितश्रीविष्णुप्रसादशर्मणा

संशोधिता ।

श्रीमता नेपालदेशीयपण्डितहर्षनाथोपाध्यायेन निजव्ययेन

काश्यां विद्याविलासनाम्नि यन्त्रालये मुद्रयित्वा

प्रकाशं नीता ।

१९३० विनामूल्यं ग्रन्थकर्तृसकाशात्

लभ्या ।

अनेन विदुषा निर्मिताः प्रबन्धाः ।

१ जागदीशपञ्चलक्षणीविवृत्तिर्व्याप्तिचन्द्रिकाभिधा ।
२ तदीयव्यधिकरणविवृतिः ।
३ तदीयावच्छेदकत्वनिरुक्तिविवृतिः ।
४ माथुरपञ्चलक्षणीविवृतिः (काश्यां विद्याविलासयंत्रे मुद्रिता
५ तदीयव्यधिकरणविवृतिः ।
६ तदीयाभासविवृतिः ।
७ सिंहव्याघ्रविवृतिः ।
८ अद्वर्धभागपर्यन्तं गादाधरसिद्धान्तलक्षणीविवृतिः ।
९ गादाधराभासविवृतिः ।
१० सार्वभौमविवृतिः ।
११ अनुमानखण्डान्तं मुक्तावलीविवृतिः ।
१२ प्रतियोगिताविचारः ।
१३ एकक्रियाधर्मितयेतिकारिकापर्यन्तं शब्दशक्तिप्रकाशिकाविवरणम् ।
१४ लघुशब्देन्दुशेखरविवृतिः कारकान्ता ।
१५ सम्पूर्णपरिभाषेन्दुशेखरविवृतिः ।
१६ ङःसिधुट्सूत्रपर्यन्तं शब्दरत्नविवृतिः ।
१७ द्वितीयाकारकपर्यन्तं व्युत्पत्तिवादविषमटिप्पणम् ।
१८ पद्मावतीचरणचारणचक्रवर्तीत्येकपदस्यार्थाः २२ ।
१९ श्रीरामगीतासंस्कृतटीकार्थप्रकाशिका भाषाटीका ।
२० श्रियःकुरूणामित्येकश्लोकार्थाः २२७ ।
२१ अथप्रज्ञानामित्येकश्लोकार्थाः ५२ ।
२२ पूर्वविद्वत्सम्प्रदायागतं दर्शनीयतमं नैषधविषमटिप्पणमनेक
२३ वामननामकौमुदी (वामनपदस्य १४२ अर्थाः । मुद्रिता
२४ गोपीगीतार्थकौमुदी । गोपिकास्तुतेर्व्याख्या ।

(मुद्रिता वर्तते)

एल् मणि एन्ड, को०

बनारस कयान्ट ।

इत्यत्र लभ्यते मू० १ मुद्रा ।

ख) त्रिलोचनले सारेको यजुर्वेदको पुष्पिका भाग





अनुसूची-नौ

वालकृष्णको हस्ताक्षरयुक्त पुष्पिका वाक्य


[illegible] मुक्तः सर्वान् कामानवाप्नुयात् ॥ ४ ॥ ॥ इति श्री वेदव्यासे [illegible]
॥ ८ ॥ [illegible] ॥ ॥ स्वस्ति सन्तु ते सकलमस्तु चिरायुरस्तु गोवाजि
हस्तिधनधान्यसमृद्धिरस्तु ॥ ऐश्वर्यमस्तु विजयोस्तु रिपुक्षयोस्तु कल्या
णमस्तु शततं हरिभक्तिरस्तु ॥ १ ॥ ॥ स्वस्ति श्री सम्वत् [illegible] भाद्र कृष्ण ॥ श्री ४ ॥
[illegible] वासरे लिखितमिदं पुस्तकं श्री वालकृष्ण शर्म्मणा [illegible]
[illegible] शुभम् ॥ ॥ ॥ ८ ॥

खड्गपाणिको हस्ताक्षर


ये नाम सा हस्रं प्राप्नुयात् साधकोत्तमः ४० संप्राप्य मन्त्रमेतस्मात् गुरुवक्त्रात् [illegible] सहस्रनाम
स्तोत्रं च पठनीयं प्रयत्नतः ४१ विना मन्त्रं पठित्वा तु रौरवं नरकं व्रजेत् तस्मात् सर्वं महेशानि मन्त्र
दीक्षां समाचरेत् ४२ [illegible] महामन्त्रं मालामन्त्रं शताक्षरम् [illegible] सर्वं मन्यथा
निष्फलं भवेत् ४३ [illegible] पठन्ति [illegible] श्वेतकाली
प्रसादतः ४४ इति श्री वाडवानलीये महातन्त्रे अष्टादशसाहस्रिकायां संहितायां श्री श्वेत
काली सहस्रनाम स्तोत्रं समाप्तम् ॥ ॥ शुभम् ॥ ॥ १८८६ मार्ग ७ रोज ६ खड्गपाणेरि
दं पुस्तकम् ॥
२५


'धर्माधिकारी श्री मोक्षेश्वर पर्ज्यालको हस्ताक्षर'
वि. सं. १७९४

नी· ६१ एते उद्योगपर्व्वणि सनत्सुजातीयसमाप्तेत्रयोदशः ॥ ॥ १३ ॥ ॥ श्री शाके
१६५९ चैत्रशुक्ल १० शनिवासरे । स्वस्ति श्री गिरिराजचक्रचूडामणिनरनारा
यणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत श्रीमन्महाराजाधिरा
जकुमारयुवराज श्री श्री श्री मन्नृपपृथ्वीनारायणसाहदेवाज्ञया लिखित
मिदं पुस्तकं श्री मोक्षेश्वर शर्म्मणा धर्म्माधिकरणेन ॥ श्री शेषो जयति ॥ ॥ राम ६१

अनुसूची - दस

श्री बालिंग:

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का - - - - -

आगे सक्तिवल्लभ पुरोहितले धिमठुंगामा - - - स्थाप

नागन्याका नित्य नैमित्तिक पुजा गर्नाके निमित्त धिमठुंगाको

आफनु छुन्ना खेत मुरि ५० डिहि रोप्नि ४ देवालयको जग

ना गर्नो निमित्त. गो जो छि छिंको सेराप ध्ये मुरि २०मा

मुरि ७० राधावल्लभ पुरोहितले संकल्प गरि गुठि रा.

ख्याकोरहेछ. हामिले पनि सो हि सहि थामि मोहर गरि

बक्स्यौं. ये सजगाको आम्दानिले नित्य नैमित्तिक पुजा

आरति गर्नु. इति सम्वत् १८६९ साल जेठ ब. ८ रोज ५ शुभम्

मार्फत बिरकेसर पांडे

मार्फत बालनरसिं कुंवर

राधावल्लभको लालमोहर (साभार : रामजीको पुस्तक, पृ. २४७)

अनुसूची-एघार

दैवज्ञकेशरीले गुरुपद्वी पाउँदाको लालमोहोर (सौजन्य : अनन्तकेशरी)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविवि
धविरुदावलीविराजमानमानोन्नत श्रीमन्महाराजाधिर
ाजश्रीश्रीश्रीमहाराजगीर्वाणयुद्धविक्रमसाहबहादुर
समसेरजङ्ग देवानाम् सदा समरविजयिनाम् — — —
आगे — — — — के — — — बा॰ तपाँईलाई गुरुपद
वी बक्सनुभयाकोहो॰ हामिले पनि॰ हाम्रा॰ तपाँईको स
मान पर्थ्यो जानि न्यायी भरि बक्स्यौं॰ हामिलाई पनि उ॰ अनु
शिक्षा गर्नु॰ प्रतिदिन हाम्रो शुभ चिन्तन गर्नु॰ दर्वार
का॰ बाड बाड काजमा॰ गुरुका मर्यादाको भाग पाउनु॰
रानी मैज्यां॰ भाई भैयाद॰ जो हित चौतारा काजी कप
र्दार द्वारा दृष्टाई पजनी चाप्या मुसाहेब था थोक बाट्
जादा बखम गर सबैले॰ हाम्रा काजमा॰ नेग भाग
दस्तुर सँग सर्वदा मानु॰ हामिले बक्स्याको मर्या
दामा॰ जो घटाउनन्॰ मान घटाउनको पातकी र॰ हा
म्रा संतानसँग को अख्तियार याहुनन्॰ आज्ञा बाति
जीमा सँग॰ हाम्रो जय मनाई॰ गुरुपदवीको भो
ग गर्नु होस॰ ॥ स्वदत्तां परदत्तां वा ब्रह्मवृत्तिं ह
रेच्च यः ॥ षष्टिवर्षसहस्राणि विष्ठायां जायते
क्रिमिः ॥१॥ इति संवत् १८५६ साल मिति वैशाख

प्रमुख सन्दर्भग्रन्थ सूची

१. श्रीपति भट्ट **सिद्धान्तशेखर** (भाग १) (कलकत्ता : कलकत्ता विश्वविद्यालय, संपादक– ववुआजी मिश्र, ई.सं. १९३२)
श्रीपति भट्ट **सिद्धान्तशेखर** (भाग २) ऐ.ऐ.सम्पादक तथा प्रकाशक, १९४७)
२. अमरनाथ सिंह, **अमरकोश** (दक्षिणात्य व्याख्या) (मद्राश : अड्यार पुस्तकालय तथा अनुसन्धान केन्द्र, ई.सं. १९७१)
३. इन्द्रनाथ अर्ज्याल, **गणिता** भाग १ (ललितपुर : विनादेवी अर्ज्याल, २०५०)
४. ईश्वर वराल **सुवानन्ददेखि शम्भुप्रसादसम्म** (ललितपुर : जगदम्वा प्रकाशन–२०५५)
५. उमानाथ अर्ज्याल, **गोपीगीता** (वनारस: एलमणि एण्ड कम्पनी–वि.सं. १९८६)
६. कमल दीक्षित (सं) **सयवर्षका १०१ कथा,** २०५८ (काठमाडौं गोरखापत्र संस्थान)।
७. कमला सांकृत्यायन, **प्रतिवेशी एशियाई साहित्य : नेपाली साहित्य** (कलकत्ता: भारतीय भाषा परिषद्, ई.सं. १९८६)
८. कशघ, **बुईगलको एउटा वाकस** (ललितपुर : जगदम्वा प्रकाशन– २०५३)
९. केशवराज अर्ज्याल, **कौटिल्यको अर्थशास्त्र** (काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान–२०२४)
१०. गणेशवहादुर प्रसाईं, **सुवानन्ददासदेखि राजीवलोचनसम्म** (ललितपुर : साभा प्रकाशन– २०४४)
११. गायत्री गणेश अर्जेल, **रामभक्तमाला** (गोरखा : लेखक स्वयं, २०१५)
१२. गृष्मवहादुर देवकोटा, **नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास** (ललितपुर साभा प्रकाशन दोस्रो, २०५१)
१३. गोविन्द टण्डन, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन** (भाग १ र २)
१४. गोपालप्रसाद भण्डारी, **प्राग् भानुभक्तीय नेपाली काव्य** (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान– २०५३)
१५. घटराज भट्टराई/शरदचन्द्र शर्मा भट्टराई, **प्राचीन नेपाली पद्य** (ललितपुर : साभा प्रकाशन, द्वितीय संस्करण, २०४८)
घटराज भट्टराई, **नेपाली लेखक कोश,** (काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६)
घटराज भट्टराई, **माध्यमिककालीन कवि र कविता** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४५)
१६. घनप्रसाद शर्मा, **भक्त अम्बरीष** (काठमाडौं: सुन्दरप्रसाद शाह दु:खी–२०१३)
१७. जयदेव भट्टराई, **साहित्यकार परिचय र अभिव्यक्ति** (काठमाडौं नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान– २०५४)
१८. ठाकुर पराजुली, **नेपाली साहित्यको परिक्रमा** (काठमाडौं : नेपाली विद्या प्रकाशन, २०४५)
१९. डिल्लीरमण शर्मा अर्ज्याल, **गङ्गाजमुना,** (धादिङ : रमेश अर्ज्याल, २०५८

२०. डिल्लीराज अर्ज्याल, **रातमा सूर्य दिनमा तारा** (पाल्पा : वाङ्मय प्रज्ञा प्रतिष्ठान, २०५७)
२१. तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास** (काठमाडौं : संकल्प प्रकाशन, दोस्रो संस्करण, २०३९)
तारानाथ शर्मा, **भानुभक्तदेखि तेस्रो आयामसम्म** (ललितपुर : साझा प्रकाशन, पाँचौं संस्करण, २०४१)
२२. दयाराम श्रेष्ठ/मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास** (ललितपुरः साझा प्रकाशन– २०४९)
२३. दिनानाथ शरण शर्मा, **नेपाली साहित्यका इतिहास** (पटना : विहार हिन्दी ग्रन्थ एकेडेमी– ई १९७४)
२४. दिनेशराज पन्त, **गोरखाको इतिहास** भाग १-४ (काठमाडौं : दिनेशराज पन्त, २०४३)
२५. दैवज्ञकेशरी अर्ज्याल, **कुलचन्द्रिका** (बनारस : योग प्रचारिणी– २०१३)
२६. धनवज्र बज्राचार्य/टेकबहादुर श्रेष्ठ, **शाहकालका अभिलेख** (काठमाडौं : एशियाली अनुसन्धान केन्द्र, २०३०)
२७. नयराज पन्त, **गोलबोध** (पहिलो भाग) (काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय, २०३४)
२८. पुष्कर लोहनी, **सुन्दरीकालीन ऋतुवर्णन तथा समस्या पूर्ति** (काठमाडौं : प्रजेन्द्र प्रकाशन, २०४७)
पुष्कर लोहनी, **चहकदार मइन्टोल र पिलपिले लालटिन**, (काठमाडौँ : प्रजेन्द्र प्रकाशन, २०३७)
२९. पूर्णप्रकाश नेपाल यात्री, **सिजापतिवाला** (विराटनगर : हिमाली सौगात प्रकाशन, २०५७)
३०. प्रेरणा खरेल केसी. **वीरेन्द्रकेशरी अर्ज्यालका व्याकरणको परिचय** (काठमाडौं : लक्ष्मण खराल, २०५८)
३१. बाबुराम आचार्य, **मेचीदेखि महाकालीसम्म** भाग ३ (काठमाडौं सूचना विभाग, ललितपुर, साझा प्रकाशन, २०३१
बाबुराम आचार्य, **अब यस्तो कहिल्यै नहोस्** (काठमाडौं : श्रीकृष्ण आचार्य–२०६०)
बाबुराम आचार्य, **पुराना कवि र कविता** (ललितपुर : साझा प्रकाशन, तेस्रो संस्करण २०३५)
३२. बालकृष्ण पोखरेल समेत (सं.) **नेपाली बृहद् शब्दकोश** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४०)
बालकृष्ण पोखरेल, **पाँचसय वर्ष** (ललितपुर : साझा प्रकाशन, तेस्रो संस्करण– २०५०)
३३. बालचन्द्र शर्मा, **नेपाली साहित्यको इतिहास**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३९)

३४. भूपिहरि पौडेल, **नेपालको विद्वत् परम्परा** (काठमाडौं : नेपाल साहित्य केन्द्र–२०५१)
३५. मदनप्रसाद अर्ज्याल, **एभरेष्ट गीता** (काठमाडौं श्रीमती रमादेवी अर्ज्याल, २०५२)
३६. यज्ञराज शर्मा, **स्वरताल परिचय** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३६)
३७. यज्ञराज सत्याल, **नेपाली साहित्यको भुमिका** (काठमाडौं : प्रकाशन विभाग–२०१७)
३८. योगी नरहरीनाथ, **इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह**, भाग-१ (रोल्पा : वालाराम घर्तिमगर दोस्रो संस्करण, २०५५)
३९. राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (वाराणसी : भूमिका प्रकाशन, २०५३)
राजेन्द्र सुवेदी, **सुक्ति सिन्धु फेरी** (काठमाडौं : पाठ्यसामग्री प्रकाशन, २०५५)
४०. राजेश्वर देवकोटा, **हाम्रा पुर्खाहरू** (ललितपुर : साझा प्रकाशन, २०२५)
४१. राणाप्रसाद शर्मा, **पौराणिक कोश,** हिन्दीसंस्करण– १९८६ (वाराणाशी : ज्ञानमण्डल लिमिटेड)
४२. रामकुमार पाँडे, **नेपाल परिचय** (काठमाडौं आठराई प्रकाशन, २०४५)
४३. रामजीप्रसाद अर्ज्याल, **नेपालको इतिहास र अर्ज्याल परिवार** (काठमाडौं : श्रीमती विन्दु अर्ज्याल, २०४७)
४४. रामप्रसाद दाहाल, **सिंगो नेपाली भाषा, साहित्यको इतिहास र साहित्यकारहरूको परिचय**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५४)
४५. रामशरण दर्नाल, **नेपाली सङ्गीत साधक** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३८)
४६. रामेश्वरप्रसाद अर्ज्याल, **दैनन्दिनीका केही पृष्ठ** (काठमाडौं : डा. प्रकाश अर्ज्यालसमेत, २०४८)
४७. रामेश्वरराज अर्ज्याल, **विस्मृतिका पानाहरू** (वीरगन्ज : श्रीमती उषा अर्ज्याल, २०५७)
४८. रोचक घिमिरे, **सम्झनामा फक्रिएका थुँगाहरू** (ललितपुर साझा प्रकाशन २०५६)
४९. ललिताबल्लभ अर्ज्याल, **भक्तविजयकाव्यम्** (काठमाडौं : फत्तेजङ्ग पराक्रम शाह–२००८)
५०. विष्णुराज आत्रेय, **अर्ज्याल वंशावली र कुलवृत्त** (वाराणाशी : अलका प्रकाशन, २०४२)
५१. सविता अर्ज्याल, **सविताका कविता** (विराटनगर : ध्रुवप्रसाद अर्ज्याल, २०५८)
५२. सिद्धिवावु अर्ज्याल, **संघर्ष** (काठमाडौं : स्वयं २०२५)
५३. सुधाकर द्विवेदी, **गणितका इतिहास** (पहला भाग) (वनारस : प्रभाकर प्रेस, वी. नारायण, हिन्दी– १९१० ई.सं.)
५४. सुन्दरप्रसाद शाह दुःखी, **त्रिफट** (काठमाडौं : सुकशंक प्रकाशन २०४२)

५५. शरदचन्द्र शर्मा भट्टराई, **नेपाली वाङ्मय केहीखोज केहीव्याख्या** (काठमाडौं नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४४)
शरदचन्द्र शर्मा भट्टराई, **ओझेलमा परेकाहरू** (ललितपुर : साझा प्रकाशन, ०५६)
शरदचन्द्र शर्मा भट्टराई, **प्राचीन गद्य आख्यान** ((ललितपुर : साझा प्रकाशन, २०४२)

५६. शिवराज आचार्य कौडिन्यायन, **कतिपय नैपालसंस्कृतग्रन्थकार परिचय** (काठमाडौं: देवी आचार्यानी स्वाध्यायशाला, २०४८)

५७. शेषराज रेग्मी, **पृथ्वीनारायण शाहकालीन संस्कृत साहित्य** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४९)

५८. हरिहर शर्मा अर्ज्याल, **तपस्वीकृषिवलम्** (दिल्ली : संस्कृत एकेडेमी, २००० ई.सं.)

५९. हंसपुरे सुवेदी, **संस्कृत वाङ्मय : संक्षिप्त अध्ययन** (काठमाडौं : पाठ्यक्रम-विकासकेन्द्र, त्रिभुवन विश्वविद्यालय, २०३७)

६०. ज्ञानमणि नेपाल, उदयानन्द रचित बेताल पच्चिसी (काठमाडौं : मकालु प्रकाशन, २०५८)
ज्ञानमणि नेपाल, **नेपाल निरुक्त** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४०)

६१. ज्ञानु ढुङ्गेल, **मुख्तियार भिमसेन थापा र तत्कालीन नेपाल**, (काठमाडौं : चित्रकुमारी थापा, २०५६)

पत्रपत्रिका

१. **प्रज्ञा**, विभिन्न अङ्कहरू ।
२. **नेपाल**, संपादक तीर्थ कोइराला, कान्तिपुर पब्लिकेशन, अङ्क ५, असोज २०५९ ।
३. **रोलम्ब**, वर्ष ३ अङ्क ३ ।
४. **संस्कृत सन्देश**, वर्ष १ भाग ८ ।
५. **पूर्णिमा**, विभिन्न अङ्कहरू ।
६. उदयानन्द स्मारिका, २०५३ ।
७. **हाम्रो पुरुषार्थ**, विभिन्न अङ्कहरू ।
८. **सम्झना** (भैरव अर्ज्याल विशेषाङ्क) ।
९. **गोरखापत्र**, (विभिन्न शनिवाशरीय अङ्क) ।
१०. प्रेसकाउन्सीलका विभिन्न प्रतिवेदनहरू ।
११. साझा प्रकाशनको **सूचीपत्र**, २०५९ ।
१२. **मदन पौरख**, २०४० ।
१३. **सूचीपत्र** २०५८-५९, रत्नपुस्तक भण्डार ।
१४. **सूचीपत्र**, पैरवी बुक्स एण्ड स्टेशनरी, २०५९ ।
१५. **गरिमा**, समालोचना विशेषाङ्क ।
१६. **भानु**, विभिन्न विशेषाङ्क ।
१७. **प्रलेस**, विभिन्न अङ्कहरू ।

विष्णु प्रभात

जन्म

वि.सं. २००९ वैशाख १०, मदनपोखरा-१, पाल्पा

शिक्षा

वी.ए. (दर्शनशास्त्र), वी.एड्. (इतिहास), एम.ए. (नेपाली)

सम्पर्क

मखमली गल्ली-१०८, पुतलीसडक, काठमाडौं, फोन: ४४३०३२६

प्रकाशित कृति

- चिन्तन र सौन्दर्य (साहित्यशास्त्र-२०४६)
- मार्क्सवादी सिद्धान्त र व्यवहार (दर्शन-२०४७)
- खुर्सानी पुराण (हास्यव्यङ्ग्य-२०५१)
- संस्कृतिमा विकल्पवाद (संस्कृति-२०५२)
- मातृत्व (समाजशास्त्र-२०५३)
- खुच्चिङ (हास्यव्यङ्ग्य-२०५३)
- खुल्दुली (हास्यव्यङ्ग्य-२०५६)
- खुलैखुला कुरा (हास्यव्यङ्ग्य-२०५७)
- कलममाथिको कलम (समालोचना-२०५८)
- एघारौं अवतार (हास्यव्यङ्ग्य समीक्षा-२०५९)
- खुराक (हास्यव्यङ्ग्य-२०६०)
- खुसखुस कम्पनी (हास्यव्यङ्ग्य-२०६०)
- अर्ज्यालवंशीय विद्वत्परम्परा (अनुसन्धान-२०६०)

सम्पादन

- नवयुग: नेकपा (एमाले) को मुखपत्र (२०४६-२०४९)
- नेपाली पत्रकारहरु (परिचयग्रन्थ-२०५१)
- पुष्पलालका छानिएका रचनाहरु (भाग १-२०५१)
- साप्ताहिक समाचारपत्रहरु-छलफल, दृष्टि, प्रकाश, समदृष्टि र विकल्प (पाक्षिक)
- साहित्यिक पत्रिकाहरु-कर्मठ, लहर, सङ्कल्प, संस्कृति, प्रलेस, मुक्तिमोर्चा।

ISBN 99933-913-0-1